ऐतिहासिक-कुण्डली



ग्रन्थकर्ता

शङ्करमान राजवंशी

राष्ट्रिय अभिलेखालय

रामशाहपथ, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरातत्त्व प्रकाशनमाला ७४

ऐतिहासिक-कुण्डली

ग्रन्थकर्ता

शङ्करमान राजवंशी

प्रकाशक

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शीर्षक	:	ऐतिहासिक-कुण्डली
प्रकाशक	:	नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पुरातत्त्व विभाग राष्ट्रिय अभिलेखालय
प्रथम संस्करण	:	विक्रम संवत् २०३३ घटस्थापना
द्वितीय संस्करण	:	२०७४ आषाढ
प्रकाशित प्रति	:	(५०० प्रति)
मूल्य	:	रू. ४००।–
मुद्रक	:	सूर्योदय छापाखाना हाँडिगाउँ, काठमाडौं,
फोन	:	०१४४३४९७१
ईमेल	:	suryodayapress@gmail.com

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशकीय

द्वितीय संस्करण

राष्ट्रिय अभिलेखालय देशको इतिहास, धर्म, दर्शन तथा साँस्कृतिक स्रोतको रूपमा रहेका अभिलेख तथा दुर्लभ हस्तलिखित ग्रन्थहरूको संकलन, संरक्षण व्यवस्थापन गर्ने उद्देश्यले वि.सं. २०२४ सालमा स्थापना भएको कार्यालय हो । नेपालको इतिहास र संस्कृतिको अकाट्य स्रोतको रूपमा रहेका अभिलेखात्मक सम्पदाका थुप्रै विधासँग सम्बन्धित अभिलेखहरू, सातौं-आठौं शताब्दीदेखि बीसौं शताब्दीसम्मका ज्योतिष, आयुर्वेद, योग, धर्मशास्त्र, पुराण, दर्शन, तन्त्र, कर्मकाण्ड, साहित्य, व्याकरण, इतिहास आदि विषयसँग सम्बन्धित महत्त्वपूर्ण हस्तलिखितग्रन्थका मूलप्रतिहरू राष्ट्रिय अभिलेखालयमा सुरक्षितरूपमा रहेका छन् । यस्ता महत्त्वपूर्ण ग्रन्थहरूको अध्ययन-अनुसन्धान गरी यहाँबाट विभिन्न विधाका ग्रन्थहरू सम्पादन तथा प्रकाशन गर्दै आइएको छ ।

प्राचीनकाल देखि नै जन्मकुण्डलीको आधारमा मानिसहरूको जीवनीको विश्लेषण गरिन्छ । ऐतिहासिक-कुण्डली प्राचीनकालका पाराशरहोरा शास्त्र, वृहज्जातक शास्त्रहरूबाट जन्मकुण्डली हेर्ने र विश्लेषण गर्ने तरिकाहरू समेटिनुको साथै ४३ वटा ऐतिहासिक व्यक्तित्वका कुण्डलीहरू उदाहरणको रूपमा प्रस्तुत गरी श्री शंकरमान राजवंशीज्यूले तयार गर्नु भएको पुस्तक हो । वि.सं. २०३३ सालमा राष्ट्रिय अभिलेखालयबाट प्रकाशन भएको इतिहास तथा ज्योतिष विज्ञानमा रूचि राख्ने शिक्षक, विद्यार्थी तथा विद्वान्हरूको लागि उपयोगी यस ऐतिहासिक-कुण्डली पुस्तक सबै प्रति बिक्री भई थप माग भएकोले पुनःप्रकाशन गरिएको हो । यो पुस्तक पुनःप्रकाशन गर्ने क्रममा पहिलेका त्रुटि तथा अशुद्धीहरूलाई निराकरण गर्ने प्रयास गरिएको छ । यसले इतिहास तथा ज्योतिष विज्ञान सम्बन्धी अध्ययन गर्ने अध्येताहरूमा सरल तथा सहज पहुँच पुग्नुको साथै भरपुर सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । यसको पुनःप्रकाशन गर्दा भाषा सम्पादकका रूपमा सहयोग पुऱ्याउनु हुने वाल्मीकि विद्यापीठका उपप्राध्यापक श्री उपेन्द्र भट्टराईलाई विशेष धन्यवाद दिन चाहन्छु । यसको साथै यस कार्यमा सहयोग गर्नुहने कर्मचारी साथीहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा इतिहास, ज्योतिष विज्ञान र समयको जानकारीमूलक प्रस्तुत पुस्तकले विद्वान् तथा पाठकवर्गलाई लाभान्वित गराउने छ भन्ने आशाका साथ पुनःप्रकाशन गर्न पाएकोमा खुशी प्रकट गर्दछु ।

मिति : २०७४ आषाढ

सौभाग्य प्रधानाङ्ग
प्रमुख
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशकीय वक्तव्य

इतिहासलाई हामीले वर्गीकरण गरी सूक्ष्मरूपले केलाउने हो भने विभिन्न थरीमा पाउन सक्छौं । तिनमा ऐतिहासिक पुरुषहरूको जीवनी वृत्तान्त पनि एउटा महत्त्वपूर्ण इतिहास हो । त्यस इतिहासमा घटेका घटनालाई पुष्टिको रूपमा देखाउने वैज्ञानिक ज्योतिष हो । जुन ज्योतिष आर्षहरूको उपज हो । ज्योतिष पनि मानो भ्काँगिएर विभिन्न शाखामा विभाजित छन् । तिनमा होरा ज्योतिषको जुन तत्त्व हो त्यो कुण्डली हो । त्यस कुण्डलीले नै मानिसको जीवनी वृत्तान्तको फोटो खिच्दछ । त्यसरी जीवनीको चित्र खिच्न सामर्थ्य भएको कुण्डलीको तत्त्वलाई उपपत्तिपूर्ण विश्लेषण गरी ऐतिहासिक कुण्डलीहरूको उदाहरणसहित तयार भएको ऐतिहासिक कुण्डली नामक नयाँ किसिमको यो ज्योतिषको पुस्तक हो ।

यस पुस्तकमा श्री शङ्करमान राजवंशीजीले आफ्नो अनुसन्धानको उपलब्धि देखाउनुभएको छ । ज्योतिषको अभिरूचि भएकाहरूका निमित्त तुलानात्मक अध्ययन गर्न यो पुस्तक उपयोगी हुनेछ । आशा छ जनसमक्ष ल्याइएको यो पुस्तकलाई रूचाउने छन् ।

अन्तमा यस्तो पुस्तक परिश्रम पूर्वक तयार गरी प्रस्तुत गर्ने श्री शङ्करमान राजवंशीलाई राष्ट्रिय अभिलेखालयले धन्यवाद ज्ञापन गर्दछ ।

का.मु. प्रधान अनुसन्धान अधिकारी
सानीमैंया राणा
राष्ट्रिय अभिलेखालय
२०३३-५-१८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमिका

अतीत कुराहरूको संकलनबाट इतिहास बन्दछ । इतिहास विभिन्न थरीका हुन्छन् । राजनीति सम्बन्धी कुराको इतिहासलाई राजनीतिक इतिहास, अर्थ सम्बन्धी कुराको इतिहासलाई आर्थिक इतिहास, धर्मसम्बन्धी कुराको इतिहासलाई धार्मिक इतिहास, समाजसम्बन्धी कुराको इतिहासलाई सामाजिक इतिहास इत्यादि । त्यस्तै मानिसहरूको जीवनीवृत्तान्त पनि एउटा इतिहासै हो । मानिसहरूले आफ्ना आफ्ना जीवनीका मूलतत्त्व गर्भैदेखि लिएर आएका हुन्छन् । त्यस कारण शास्त्रकारहरूले भनेका छन्–

आयुः कर्म च वित्तं च विद्यानिधनमेव च ।
पञ्चैतानि हि सृज्यन्ते गर्भस्थस्यैव देहिनाम् ॥

(आयु, कर्म अर्थात् भाग्य, धनसम्पत्ति, विद्या, मृत्यु यति पाँच थोक मानिसहरूले गर्भैदेखि लिएर आएका हुन्छन् ।)

मानिसहरूले गर्भदेखि लिएर आएको उपर्युक्त पाँच तत्त्वको विकास नै मानिसहरूको जीवनी हो । ब्रह्माण्डभित्र उत्पत्ति भएका मानिसहरूको जीवनीमा ब्रह्माण्डका ग्रहहरूबाट बीजरूपले असर पर्ने विषयमा प्राचीन ऋषिमुनिहरूले आफ्नो तपस्याद्वारा आर्जन गरी सार्वजनिक हितका निमित्त आफ्नो अनुभवको भण्डार छोडेर गएका छन् त्यो हो ज्योतिष । ज्योतिषका तीन हाँगा छन् सिद्धान्त, संहिता, होरा । सिद्धान्त ज्योतिषमा गणित सम्बन्धी कुरा छन् । त्यसले समयको निर्धारण गर्दछ ।[1] संहिता ज्योतिषले शकुन तथा मौसमको निर्धारण गर्दछ । होरा ज्योतिषले चाहिँ मानिसहरूको जीवनीलाई ग्रहको शुभाशुभद्वारा विश्लेषण गर्दछ । यी शास्त्रीय कुरा हुन् ।

प्राचीन ऋषिमुनिहरूले शास्त्र बनाउँदा तत्त्व निर्णय गरेर नै बनाएका हुन्छन् । त्यसैले तत्त्व निर्णय दिई बनाएको ग्रन्थलाई शास्त्र भन्ने भयो । होरा शास्त्रले मानिसहरूको जीवनीको विश्लेषण गर्दा जन्मकुण्डलीबाट गरिन्छ । जीवनी मानिसको अमूल्य चीज हो । जन्मकुण्डलीबाट जीवनको विश्लेषण गर्दा जीवनमा पर्न आउने सुखदुःखादिको रूपरेखाङ्कन हुन्छ । त्यस कारण जन्मकुण्डली भनेको मानिसहरूको सुखदुःखादिफलपरिपूर्ण भएको जीवनरूपी भण्डारीको साँचो (फोटोग्राफर) अर्थात् भाग्यचक्र हो भन्नुमा अत्युक्ति हुँदैन । दुःख पीर पर्दा जन्मकुण्डली हेराउने, विवाह व्रतबन्ध गर्दा जन्मकुण्डली जुराउने, मर्दा उसको जन्मकुण्डली समेत चीतामा संस्कार गर्ने अद्यापि चलन छ । यदि त्यस प्रति विश्वास तथा आस्था नहुँदो हो ता त्यो चलन चल्ने थिएन होला । त्यस कारण जन्मकुण्डली मानिसको जीवनको सारतत्त्व हो भन्नामा शंका हुँदैन । सामान्यरूपले विचार गर्ने हो भने जन्मकुण्डली भनेको मानिसको जन्ममिति

---

१ समयको निर्धारण गरेको कुरा मेरो लिच्छविसंबतको निष्कर्ष नामकमा हेर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थाहा पाउने साधन हो । तर त्यसमा के कति सार तत्त्व छ भन्ने कुराको विश्लेषण होराशास्त्रले गर्ने हुँदा त्यसको तरिका यस पुस्तकमा वर्णन गरेको छु ।–

६ साल अघि मैले सिद्धान्त ज्योतिषको अध्ययन गर्दै थिएँ । त्यसै बेला साथी श्री देवीप्रसाद भण्डारीबाट पात्रो गन्ने र चिना लेख्ने तरिका सिकैं र वि.सं. २००६ मा पात्रो तयार गरी छपाएँ पनि । यसै सिलसिलाबाट चिनाको फल हेर्ने पट्टि पनि मेरो ध्यान आकर्षित भयो र ग्रहफलका केही श्लोक पढैं पनि । तर शुभग्रहको दशामा पनि अशुभफल भएको अनुभव भयो र उदाहरणार्थ प्रसिद्ध मानिसहरूको जन्मकुण्डलीहरू संकलन गरी हेर्ने अभिलाषा भयो । यत्तिकैमा श्री गुरू नयराज पन्तज्यूको प्रेरणाबाट संशोधनमण्डलको गठन भयो र त्यसमा सम्मिलित भइयो । त्यस सिलसिलामा गुरूको साथमा रही नेपालको पञ्चाङ्ग संशोधन गर्ने अवसर प्राप्त भयो । त्यस कामका लागि गुरूकहाँ रहेको लक्ष्मीपतिसंग्रह प्राचीन पञ्चाङ्गहरू हेर्दा ठाउँठाउँमा टिपिएका शाहकालका केही ऐतिहासिक जन्मकुण्डलीहरू अध्ययनार्थ संग्रह गर्न थालियो । पछि संशोधनमण्डलमा संग्रह भएका ठ्यासफुबाट पनि मल्लकालका केही ऐतिहासिक जन्मकुण्डलीहरू संग्रह गरियो । सरकारी नोकरी गरेपछि वीरपुस्तकालय घण्टाघरमा छँदा त्यस पुस्तकालयमा रहेका जन्मकुण्डलीसंग्रहबाट पनि केही जन्मकुण्डली संग्रह गरियो । पछि सहयोगी जनहरूबाट फाटफुट संग्रह गर्न पाइयो । ती संकलन भएपछि उदाहरण हेरी होरा शास्त्रमा अनुसन्धान गरियो । आखिर ऋषि व्यासजीका पिता मुनि पराशरले बताएको पाराशरहोराशास्त्रबाट जन्मकुण्डली हेर्ने युक्ति मलाई खुल्यो र त्यसै सिलसिलाबाट यो पुस्तक निर्माण गरियो ।

यस पुस्तकमा पाराशरहोराशास्त्र अनुसार जन्मकुण्डली हेर्ने तरिका, वृहज्जातक अनुसार जन्मकुण्डलीबाट मानिसको सुखदुःखादि जीवनी हेर्ने तरिका, मुनि जैमिनिले बताएको आयुर्दा हेर्ने तरिका दिएको छु । मेरो अनुसन्धान अनुसार आयुर्दा हेर्ने तरिकामा केही आफ्नो विचार दिएको छु र त्यसै अनुसार ऐतहासिक कुण्डलीमा आयुर्दाको तुलना गरी देखाएको छु साथै ती कुण्डलीवाला ऐतिहासिक व्यक्तिको संक्षिप्त परिचय पनि दिएको छु । त्यसैले यो पुस्तकको नाम ऐतिहासिककुण्डली भन्ने राखियो ।

यस पुस्तकको पहिलो अध्यायमा ग्रह तथा भावको शुभाशुभ, दोस्रो अध्यायमा दशा र दशाफलविचार, तेस्रो अध्यायमा आयुविचार, चौथो अध्यायमा कुण्डली परीक्षा त्यसपछि सारणी, अन्त्यमा ४३ ओटा ऐतिहासिककुण्डलीहरूका उदाहरण दिइएका छन् । त्यसकारण यो पुस्तक फलितको तुलनात्मक अध्ययन गर्न तथा सर्वसाधारण व्यक्तिले पनि ज्योतिषतत्त्व थाहा पाउन उपयुक्त होला भन्ने ठानेको छु । अहिले यो पुस्तक राष्ट्रिय अभिलेखालयबाट प्रकाशित भई जनसमक्ष प्रस्तुत हुन सकेकोमा म आफूलाई कृतार्थ सम्झन्छु ।

शङ्करमान राजवंशी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयसूची

विषय	पृष्ठ
पहिलो अध्याय–	१–२२

ग्रह र जीवनीमा ग्रहको प्रभाव १ पृ. राशि र कुण्डलीप्रकार २ पृ. द्वादशभाव र त्यसको युक्ति ३-४ पृ. ग्रहको पदाधिकार ५ पृ. राशिका मालिक र त्यसको युक्ति ५-६ पृ. ग्रहको दृष्टि र त्यसको युक्ति ७-८ पृ. भावकारक र त्यसको युक्ति ८-१० पृ. ग्रहको शुभाशुभ र त्यसको युक्ति १०-११ पृ. ग्रहको उच्च ११ पृ. ग्रहको मित्रादि र त्यसको युक्ति १२-१८ पृ. ग्रह तथा भावको बलविचार १८-१९ पृ. मानिसको आयु र जीवनी विचार १९-२२ पृ.

दोस्रो अध्याय– २३-६४

दशा र त्यसको युक्ति २३-२७ पृ. त्रिकोणेश त्रिषदायेश केन्द्रेशमा फल एवं बलविचार २७-२८ पृ. द्वितीयेश र अष्टमेश विचार २९-३० पृ. भावेश तथा राहुकेतुको शुभाशुभयुक्ति ३०-३२ पृ. मारक तथा केन्द्राधिपत्यदोष र दशाभेद ३२-३३ पृ. दशाफलसमय र सम्बन्ध ३४-३६ पृ. पापी तथा मारक र राजयोग विचार ३७-३८ पृ. दशाभुक्तभोग्य ३९-४४ पृ. ग्रहको अवस्था र फल ४५-६४ पृ.

तेस्रो अध्याय– ६५-७६

आयुसाधन ६५-६८ पृ. होरालग्न ६९–७१ पृ. आयुको कक्षा र त्यसको वृद्धि तथा ह्रास ७१-७४ पृ. आयुविवरण ७५-७६ पृ.

चौथो अध्याय– ७७-८६

कुण्डलीपरीक्षामा महिना पक्ष तिथि इष्टकाल दिन रात ज्ञान ७७ पृ. ग्रहपरीक्षामा नक्षत्र राशि ग्रहका ध्रुव र ग्रहचक्र परिचय ७८-८१ पृ. लग्नपरीक्षा ८२-८४ पृ. नक्षत्र तथा चन्द्रपरीक्षा ८४-८६ पृ.

सारणीप्रकरण– ८७-१५६

भौमचक्र ८७-९४ पृ. बुधचक्र ९५-१०१ पृ. गुरुचक्र १०२-१०८ पृ. शुक्रचक्र १०९ पृ. शनिचक्र ११०-११४ पृ. राहुचक्र ११५-१२२ पृ. नक्षत्र राश्यादिचक्र १२३-१२५ पृ. लग्नचक्र १२६-१४१ पृ. प्रत्यन्तरदशाचक्र १४२-१५० पृ. विशोत्तरीदशाभुक्तसारणी १५१-१५२ पृ. योगनीदशाभुक्तसारणी १५३-१५६ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय	पृष्ठ
मल्ल राजा रानीका जन्मकुण्डली–	१५९-१७७
सिद्धिनरसिंह मल्लको १५७-१५८ पृ. प्रतापमल्लको १५९-१६० पृ. श्रीनिवास मल्लको १६१-१६२ पृ. जगत्प्रकाश मल्लको १६३-१६४ पृ. योगनरेन्द्र मल्लको १६५-१६६ पृ. भूपतीन्द्र मल्लको १६७-१६८ पृ. भूपालेन्द्र मल्लको १६९-१७० पृ. योगमती देवीको १७१-१७२ पृ रणजित मल्लको १७३-१७४ पृ. हेमकर्णसेनको १७५ पृ.	
शाहराजाका जन्मकुण्डली–	१७८-१९८
श्री ५ पृथ्वीनारायण शाहको १७६-१७७ श्री ५ प्रतापसिंह शाहको १७८-१७९ पृ. श्री ५ रणबहादुर शाहको १८०-१८१ पृ. श्री ५ गीर्गाणयुद्धविक्रम शाहको १८२-१८३ पृ. श्री ५ राजेन्द्रविक्रम शाहको १८४-१८५ पृ. श्री ५ सुरेन्द्रविक्रम शाहको १८६-१८७ पृ. श्री ५ युवराज त्रैलोक्यविक्रम शाहको १८८-१८९ पृ. श्री ५ पृथ्वीवीरविक्रम शाहको १९०-१९१ पृ. श्री ५ त्रिभुवनवीरविक्रम शाहको १९२-१९४ पृ. श्री ५ महेन्द्रवीरविक्रम शाहको १९५-१९६ पृ.	
मन्त्रीभारदारका जन्मकुण्डली–	१९७-२३९
अभिमानसिंह बस्नेतको १९७ पृ. दामोदर पाँडेको १९८-१९९ पृ. राजकुमार बहादुर शाहको २००-२०१ पृ. दैवज्ञ शिरोमणि लक्ष्मीपति पाँडेको २०२-२०३ पृ. रणजित कुँवरको २०४ पृ. कीर्तिमानसिंह बस्नेतको २०५-२०६ पृ. भीमसेन थापाको २०७-२०८ पृ. बालनरसिंह कुँवरको २०९-२१० पृ. उजीरसिंह थापाको २११ पृ. माथवरसिंह थापाको २१२-२१३ पृ. चौतरिया फत्यजङ्ग शाहको २१४-२१५ पृ. कवि भानुभक्तको २१६-२१७ पृ. श्री ३ जङ्गबहादुरको २१८-२२० पृ. श्री ३ रणदीप सिंहको २२१-२२२ पृ. संग्रामसुर विष्टको २२३-२२४ पृ. श्री ३ श्री ३ वीरशमशेरको २२५-२२६ पृ. श्री ३ देवशमशेरको २२७-२२८ पृ. श्री ३ चन्द्रशमसेरको २२९-२३० पृ. श्री ३ भीमशमसेरको २३१-२३२ पृ. श्री ३ जुद्धशमशेरको २३३-२३४ पृ. श्री ३ पद्मशमशेरको २३५-२३६ पृ. श्री ३ मोहनशमशेरको २३७-२३८ पृ. महाकवि लक्ष्मीप्रसाद देवकोटाको २३९ पृ.	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐतिहासिक कुण्डली

पहिलो अध्याय

ग्रह –

जन्मकुण्डलीमा ग्रह नौ ओटा लेखिएका हुन्छन् । ती ग्रह क्रमैले सूर्य, चन्द्र, मंगल, बुध, बृहस्पति, शुक्र, शनि, राहु, केतु हुन् । यिनलाई नवग्रह भन्दछन् । यी नवग्रहमा राहु र केतु दृश्यग्रह होइनन् तापनि जन्मकुण्डलीमा राहु र केतुले पनि फल दिने हुनाले राहु र केतु पनि ग्रहमा लिइएका छन् । राहु र केतुको फलको विचार दोस्रो अध्यायमा गरिएको छ । यस अध्यायमा दृश्य ग्रहको मात्र विशेष विचार गरिएको छ ।

प्राचीन ऋषिमुनिहरूले यी ग्रहहरूका विषयमा अनुसन्धान तथा अनुभव गरी मानिसहरूको जन्म मरण सुख दुःखको कारण यी ग्रहहरूबाट थाहा पाउन सकिने कुरा पत्ता लगाई ज्योतिष ग्रन्थहरूमा वृत्तान्त वर्णन गरेका छन् ।

जीवनमा ग्रहको प्रभाव –

ती नवग्रहमा मुख्य ग्रह चन्द्र सूर्यलाई मानेका छन् । हुन पनि सूर्यको तापकिरण र चन्द्रमाको अमृतकिरण पृथ्वीमा नपर्दो हो ता पृथ्वीमा प्राणीहरूको सृष्टि नै हुने थिएन होला । सूर्यबाट जीवन र चन्द्रबाट भरणपोषण यावत् प्राणीले पाएका हुन्छन् । त्यसैले ज्योतिषशास्त्रमा सूर्यलाई बाबु र चन्द्रमालाई आमा मानेका छन् ।[१] त्यस्तै ग्रहहरू विभिन्न विषयका कारण छन् । ती यसरी बताएका छन्–

सूर्य-आत्मा, चन्द्र-मन, मंगल-बल, बुध-बोली ।
बृहस्पति-ज्ञान, शुक्र-कामबासना, शनि-दुःखका कारण छन् ॥

---

(१) पिता रविर्मातृकर : शशाङ्को.....
(लघुपाराशरी मिश्रकाध्याय श्लोक ४० को विवृत्तिव्याख्या टीकापृष्ठ १३३)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जति प्राणी सृष्टि भएका छन् ती प्राणीले सूर्यबाट आत्मा अर्थात् जीवन, चन्द्रमाबाट मन, मंगलबाट बल, बुधबाट बोली, बृहस्पतिबाट ज्ञान, शुक्रबाट कामवासना, शनिबाट दुःखका अंश पाएर आएका हुन्छन् ।[1] मानिसहरूको जीवनमा कुन कुन ग्रहबाट कति कति अंश प्राप्त छन् भन्ने कुरा मानिसहरूको जन्मकुण्डलीमा रहेका ग्रहका विन्यासबाट थाहा हुन सक्छ ।

राशि –

जन्मकुण्डलीमा बाह्र कोठा हुन्छन् । बाह्र कोठामा बाह्र राशि क्रमैले रहेका हुन्छन् । ती राशिका नाम यस प्रकारका छन् ।

मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धनु, मकर, कुम्भ, मीन,

कुण्डलीप्रकार –

जन्मकुण्डलीमा कोठाका क्रम तल लेखिए बमोजिम आफ्नो बायाँतिरबाट हुन्छ । राशिचक्र घुम्ने दिशा चाहिँ बाणले संकेत गरिएको छ ।



(१) कालात्मा दिनकृन्मनस्तु हिमगुः सत्वं कुजो ज्ञो वचो
जीवो ज्ञानसुखे सितश्च मदनो दुःखं दिनेशात्मजः
(वृहज्जातक ग्रहयोनिप्रभेदाध्याय श्लोक १ पृ. २४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाह्र राशिहरू पूर्वमा उदय भयी पश्चिममा अस्त हुन्छन् । जन्मसमयमा जुन राशि पूर्वक्षितिजमा (पृथ्वीको घेरामा) लागी उदय भएको हुन्छ त्यो राशिलाई जन्मलग्न भन्दछन् । जन्मलग्नको राशि प्रथम कोठामा लेखी बाँकी राशि क्रमैले बाह्रै कोठामा लेखिन्छन् । ती राशिहरूलाई जन्मकुण्डलीमा लेख्दा अङ्कबाट लेख्ने चलन छ । जस्तै–

राशि–

मेषलाई १, वृषलाई २, मिथुनलाई ३, कर्कटलाई ४, सिंहलाई ५, कन्यालाई ६, तुलालाई ७, वृश्चिकलाई ८, धनुलाई ९, मकरलाई १०, कुम्भलाई ११, मीनलाई १२,

द्वादश भाव –

तनुधनसहजसुहृत्सुतरिपुजायामृत्युधर्मकर्माय ।
व्यय यति लग्नैदेखिन् बाह्र नै छन् क्रमैसँग जान्नू ॥

कुण्डलीमा बाह्र कोठामा बाह्र भाव[1] हुन्छन् । ती भावका नाम यस प्रकारका छन्–
तनु, धन, सहज, सुहृत्, सुत, रिपु, जाया, मृत्यु, धर्म, कर्म, आय, व्यय ।

यी बाह्र भाव पनि क्रमैले लग्नकोठादेखि लिएर कोठाका क्रमले प्रथम कोठाको नाम तनु अर्थात् शरीरभाव, द्वितीय कोठाको नाम धनभाव, तृतीय कोठाको नाम सहज अर्थात् दाजुभाइभाव, चतुर्थ कोठाको नाम सुहृत अर्थात् मित्रभाव, पञ्चम कोठाको नाम सुत अर्थात् पुत्रभाव, षष्ठ (छैटौं) कोठाको नाम रिपु अर्थात् शत्रुभाव, सप्तम कोठाको नाम जाया अर्थात् "पत्नीभाव", अष्टम कोठाको नाम मृत्युभाव, नवम कोठाको नाम धर्मभाव, दशम कोठाको नाम कर्मभाव, एकादश कोठाको नाम आय अर्थात् आम्दानी भाव, द्वादश कोठाको नाम व्यय अर्थात् खर्च वा नाशभाव भन्ने व्यवहार गरिएका छन् ।

द्वादश भाव कल्पना गर्नाको युक्ति –

राशि उदय हुनलाई क्षितिजमा नलागी उदय हुँदैन । त्यस्तै अस्त हुनलाई पनि क्षितिजमा नलागी अस्त हुँदैन । क्षितिजमा हरसमय राशि दुई ठाउँमा लागिरहने हुनाले लग्न दुई थरी भए । जुन राशि पूर्वक्षितिजमा लागेको हुन्छ त्यसको ठीक सातौं राशी पश्चिमक्षितिजमा लागेको हुन्छ ।

मानिस जन्म लिँदा पृथ्वीमा उत्रन्छ । त्यस बखत जुन राशि उदयलग्नमा स्पर्श भएको हुन्छ त्यो एउटा शरीर र जुन राशि अस्तलग्नमा स्पर्श भएको हुन्छ त्यो अर्को

---

(१) तनुधनसहजसुहृत्सुनरिपुजामामृत्युधर्मकर्मायाः
व्यय इति लग्नाद्भावा.....................
(लघुजातक राशिचलाध्याय श्लोक १५ पृष्ठ ८)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शरीर हुनाले उदयलग्नपट्टिको शरीर आफ्नो र अस्तलग्नपट्टिको शरीर पत्नीको (स्वास्नीको) (स्वास्नी मानिसको जन्म भए लोग्नेको) हुने भयो । किन भने स्वास्नी आफ्नो अर्धाङ्गिनी हुन् । त्यस कारण प्रथम स्थानलाई तनुभाव र सप्तम स्थानलाई जायाभाव भनेको हो ।

ग्रहहरू ऊर्ध्वखस्वस्तिकमा पुग्दा अत्यन्त तेजिला हुन्छन् । त्यस कारण दशम स्थानलाई कर्मभाव भनेको हो । कर्मद्वारा राज्य पाउने हुनाले कर्मभावलाई राज्य भाव पनि भन्दछन् । कर्म बाबुद्वारा पाउँछ । त्यस कारण कर्मभावलाई पितृभाव पनि भन्दछन् ।

त्यस्तै ग्रहहरू अधखस्वस्तिकमा पुग्दा आफ्नो तेजलाई विश्राम गर्दछन् । त्यस कारण चतुर्थ स्थानलाई सुहृद्भाव भनेको हो । सुहृद्भावमा सुख पाइने हुनाले सुहृद्भावलाई सुखभाव पनि भन्दछन् । सुख आमाद्वारा पाउँछ । त्यस कारण सुहृद्भावलाई मातृभाव पनि भन्दछन् । १।४।७।१० भाव मुख्य हुनाले यी चार ओटा भावलाई केन्द्र[१] भनेर व्यवहार गरिएको छ । बितिसकेकोलाई व्यय, प्राप्त हुनेलाई धन भन्ने कुरा स्वयंसिद्ध छ । त्यस कारण लग्नबाट बाह्रौं स्थानको राशि उदय भएर बितिसकेको हुनाले बाह्रौं स्थानलाई व्ययभाव भनेको हो । शरीरको व्यय आयु हुनाले व्ययभावलाई आयुभाव पनि भन्दछन् । त्यस्तै लग्नबाट दोस्रो स्थानको राशि उदय हुनलाई आउने हुनाले दोस्रो स्थानलाई धनभाव भनेको हो ।

सुखको व्यय पराक्रम हो । पराक्रम अथवा उद्योग गर्दा सुख हुँदैन, दु:खै हुन्छ । उद्योग वा पराक्रम दाजुभाइको सहयोगबाट हुन्छ । सुखभाव भनेको चतुर्थस्थान हो । चतुर्थस्थानको व्यय तृतीयस्थान हुन्छ । त्यस कारण तृतीयस्थानलाई सहजभाव भनेको हो । सहजभावलाई पराक्रम वा उद्योगभाव पनि भन्दछन् ।

सुखको लाभ विद्या बुद्धि तथा छोराबाट हुन्छ । चतुर्थस्थानको लाभ हुने स्थान पञ्चमस्थान हो । त्यस कारण पञ्चमस्थानलाई सुतभाव भनेको हो । सुतभावलाई विद्या तथा बुद्धिभाव पनि भन्दछन् ।

---

[१]अथ द्वादश भावकल्पना ॥ सर्वे ग्रहाः पूर्वक्षितिजे उदयं पश्चिमक्षितिजेऽस्तं उपरितनायां याम्योत्तररेखायां सुप्रसिद्धमेव । अत एव द्वादशभावानां मध्ये एषामेव मुख्यत्वेन केन्द्रसंज्ञा कृता । स्वसंमुखे विभागे सप्तमराशौ स्वकिरणप्राप्तेरारंभात् ते सर्वे ग्रहाः पूर्णदृशा पश्यन्तीत्यपि च । अथ क्षितिजसंलग्नराशिविभागे एव सर्वेषां व्यक्तेरवगमनात् तल्लग्नं शरीरमित्युच्यते एवमपरलग्नमस्तस्थानमपरशरीरमिति जाया (दम्पत्योरर्द्धाङ्गीभूतत्वात्) पदेन व्यवहृयते । दैवज्ञैः परमामोजस्वितास्थानं राज्यं स्वाम्यं वा तेन दशमभावस्य राज्येति संज्ञा । ओजस्वतानिष्ठैव निद्रायाः सुखकल्पनावत् सुखमित्युच्यते । अत एव लग्नं शरीरं सप्तं जाया, दशमं राज्यं, चतुर्थं सुखमिति व्यवहृयते । त्यक्तं व्ययं लभ्यं धनमिति युक्त्या द्वादशं व्ययो द्वितीयं धनं च । सुखव्यय पराक्रमं (पराक्रमे सुखनाशात्) सुखलाभो बुद्धिः । इति तृतीयं पराक्रमं उद्योगो वा । बुद्धिः पञ्चमं च । जायाव्ययो क्लेश इति षष्ठं रोग शत्रुर्वा । भाग्यस्य लाभो राज्य इति नवमस्य भाग्यसंज्ञा । भाग्यव्ययो मृत्युरिति अष्टमं मृत्युरायुर्वा । राज्यलभ्यं लाभ : वा व्ययस्य व्ययमपि लाभ इति द्वादश भावकल्पना । (लघुपाराशरी शुभाशुभनिरूपणाव्याय श्लोक ४ को विवृत्तिव्याख्या टीका पृष्ठ ३५)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वास्नीको नाश शत्रुबाट हुन्छ । स्वास्नीको नाश भएमा दुःख ग्लानी हुन्छ । दुःख ग्लानी रोगबाट पनि हुन्छ । स्वास्नी अर्थात् जायाभाव भनेको सप्तम स्थान हो । सप्तम स्थानको व्यय षष्ठस्थान हो । त्यस कारण षष्ठस्थानलाई रिपुभाप भनेको हो । रिपुभावलाई रोगभाव पनि भन्दछन्–

राज्य प्राप्त हुनलाई धर्म वा भाग्य चाहिन्छ । विना धर्म वा भाव्यले राज्य कसरी पाइन्छ । राज्यभाव भनेको दशमस्थान हो । नवमस्थानको लाभ दशमस्थान हुन्छ । त्यस कारण नवमस्थानलाई धर्मभाव तथा भाग्यभाव पनि भन्दछन् ।

जब मानिसको धर्म नाश हुन्छ अर्थात् सिद्धिन्छ, तब मानिसको मृत्यु हुन्छ । धर्मभाव भनेको नवमस्थान हो । नवमस्थानको नाश अर्थात् व्यय अष्टमस्थान हो । त्यस कारण अष्टमस्थानलाई मृत्युभाव भनेको हो । मृत्यु हुँदा आयु समाप्त हुने हुनाले मृत्युभावलाई आयुभाव पनि भन्दछन् ।

राज्यको लाभ आमदानी हो, व्ययको नाश पनि आमदानी नै हो । राज्यको लाभस्थान अथवा व्ययको व्ययस्थान भनेको एकादशस्थान हो । त्यस कारण एकादशस्थानलाई आयभाव भनेको हो ।

ग्रहको पदाधिकार–

ग्रहहरू आफ्ना आफ्ना स्वभाव अनुसार पदाधिकारमा रहेका हुन्छन् ।* ग्रहहरूमा मुख्य ग्रह सूर्य र चन्द्र हुनाले ती दुवैलाई राजा भन्ने पदवीमा लिएका छन् । पृथ्वीका छोरा मंगलबाट बलको काम देखिनाले तिनलाई नेता अर्थात् सेनापति भन्ने पदवीमा लिएका छन् । चन्द्रमाका छोरा बुधलाई राजकुमार भन्ने पदवीमा गणना गरेका छन् । बृहस्पति देवताका गुरू र **शुक्र दानवका गुरू हुनाले ती दुबैलाई मन्त्री भन्ने पदवीमा लिएका छन् । सूर्यका छोरा शनिबाट दुःखको काम अर्थात् सेवकको काम देखिनाले तिनलाई दूत अर्थात् सेवक भन्ने पदवीमा गणना गरेका छन् । किन भने सेवकलाई सधैं दुःखै हुन्छ । त्यस कारण शनि दुःखी स्वभाव भएको हो ।

राशिका मालिक –

मेषवृश्चिकका स्वामी भौम हुन् अनि शुक्र ता ।
तुला र वृषका स्वामी भएका छन् यहाँ यता ॥
कन्या मिथुनका स्वामी सौम्य✰ हुन् अनि चन्द्रमा ।
कर्कटै राशिका स्वामी भनी जान्नू यथाक्रम ॥

---

*राजानौ रविशीतगू क्षितिसुतो नेता कुमारो बुधः
सूरिर्दानवपूजितश्च सचिवौ प्रेष्यः सहस्रांशुज
(वृहज्जातक ग्रहयोनिप्रभेदाव्या १ श्लोक २४ पृष्ठ)

**भएको– छुट, हुनुपर्ने– शुक्र दानवका गुरू

✰सौम्यः = बुधः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मीन वा धनुका स्वामी बृहस्पति भए अनि ।
कुम्भ मकरका स्वामी शनैश्चर भए अनि ॥
सिंहका सूर्य हुन् स्वामी भनी जान्नू यहाँ यति ।
पूर्वाचार्यहरू भन्छन् राशिका पति हुन् त्यति ॥

दृश्यग्रहहरू बाह्र राशिका मालिक[1] छन् । तिनमा सिंहराशिको मालिक सूर्य, कर्कट राशिको मालिक चन्द्रमा, मेष र वृश्चिक राशिका मालिक मंगल, मिथुन र कन्या राशिका मालिक बुध, धनु र मीन राशिका मालिक बृहस्पति, वृष र तुला राशिका मालिक शुक्र, मकर र कुम्भ राशिका मालिक शनि छन् ।

ग्रहहरू राशिका मालिक हुनामा युक्ति–

चन्द्र सूर्य प्राणीमात्रका आमा बाबु हुन् । सूर्य अन्यन्त तेजिला पराक्रमी छन् । त्यस कारण आफू सुहाउँदो स्थान सिंह राशिमा रहेर[2] राशिचक्रको अङ्गमध्ये आधा अङ्ग ६ राशिसम्म सूर्यले लिए । बाँकी ६ राशिसम्मको आधा अङ्ग चन्द्रमाले लिए । त्यस कारण सूर्य र चन्द्रले लिएका राशि यस प्रकारका छन् ।

सूर्यको भाग– सिंह कन्या तुला वृश्चिक धनु मकर
चन्द्रको भाग– कर्कट मिथुन वृष मेष मीन कुम्भ

अब बुध राजकुमार हुनाले त्यसलाई सुहाउँदो राशि सूर्यले कन्या र चन्द्रले मिजुन दिए । त्यस कारण मिथुन र कन्याका मालिक बुध भए ।

---

(१) क्षितिजसितज्ञचन्द्ररविसौम्यसितावनिजाः सुरगुरूमन्दसौरिगुरवश्चगृहांशकपाः
(वृहज्जातक राशिप्रभेदाध्याय ६ श्लोक ८ पृष्ठ)

(२) अथ राशिस्वामिकल्पना । तदुक्तं होरामकरन्दे–
कण्ठीरवं विक्रमिणं विलोक्य स्वीयं पदं तत्र चकार सूर्यः ।
मैत्र्या तदासन्नतया कुलीरे निजं बबन्धालयमेणलक्ष्मा ॥
अन्ये ग्रहा गृहयियाचिषया क्रमेण शीतांशुतिग्ममहसोः सदनं* समीयुः ॥
प्राप्तक्रमेण ददतुर्भवनानि तौ तु ताराग्रहाद्विभवनास्तत एव जाताः ॥

रविविधू राजानौ । सिंहादिमकरान्तराशीनामधिपो रविः । कुंभादिकर्कान्तानामधिपो विधुः । कर्कटसिंहो स्वस्वस्वभावानुरूपौ राशी चन्द्रादित्यावङ्गिकृतौ । ततस्ताभ्यां यथाधिकारवशाद्ग्रहेभ्यो राशयो दत्ताः । राजकुमाराय बुधाय चन्द्रमा मिथुनं रविः कन्यां च दत्तवान् । एवं बुधो द्विराशिपः ततो मन्त्रि शुक्रः बृषतुलाधीशः । अस्मादनन्तरं सेनानी कुजो मेषवृश्चिकयोरधिपः ततो **गुरूर्धनुर्मीनयोरधिपः ततो भृत्यःशनिः मकरकुंभयोरीशः । इति
(लघुपाराशरी शुभाशुभनिरूपणाध्याय ४ श्लोकको विवृत्तिव्याख्याटीका ३६ पृष्ठ)

---

*भएको– सधनं, हुनुपर्ने – सदनम्, **भएको धनमीनयो– हुनुपर्ने– धनुर्मीनयो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुक्र मन्त्री हुनाले त्यसलाई सुहाउँदो राशि सूर्यले तुला र चन्द्रले वृष दिए । त्यस कारण वृष र तुलाका मालिक शुक्र भए ।

मंगल सेनापति हुनाले त्यसलाई सुहाउँदो राशि सूर्यले वृश्चिक र चन्द्रले मेष दिए । त्यस कारण मेष र वृश्चिकका मालिक मंगल भए ।

बृहस्पति पनि मन्त्री हुनाले त्यसलाई सुहाउँदो राशि सूर्यले धनु र चन्द्रले मीन दिए । त्यस कारण धनु र मीन राशिका स्वामी बृहस्पति भए ।

शनि सेवक हुनाले त्यसलाई सुहाउँदो राशि सूर्यले मकर र चन्द्रले कुम्भ दिए । त्यस कारण मकर कुम्भ राशिका मालिक शनि भए । बाँकी सिंह राशिको मालिक सूर्य र कर्कट राशिको मालिक चन्द्र भए । यसरी ग्रहहरू राशिका मालिक भएका छन् ।

ग्रहहरूको दृष्टि पर्ने स्थान–

देख्छन् ग्रह सबै आफ्नो सातौं स्थानविषे अनि ।
दश तीन पाँच नौ र चार आठ क्रमैसँग ॥
शनि जीव[1] तथा भौम देख्छन् राम्रो गरी तहाँ ।
अरू ता देख्दछन् खाली पादवृद्धि गरी उहाँ ॥

सबै ग्रहहरू आफू बसेको ठाउँदेखि ३ र १० स्थानमा एक पाउले, ५ र ९ स्थानमा दुई पाउले, ४ र ८ स्थानमा तीन पाउले, ७ स्थानमा चारै पाउले अर्थात् पूर्ण दृष्टिले देख्दछन् ।[2] किन भने जुन जुन ठाउँ आफ्नो आँखाको सोझासोझ पर्न आउँछ, त्यस त्यस ठाउँमा पूरापूर देख्दछन् जति जति आँखाको अगल वगल छेउछाउमा पर्न आउँछ त्यति त्यति कम कम देखिन थाल्छ, यो कुरो स्वयंसिद्ध छ । त्यस कारण ३ र १० स्थानमा आँखाको ज्यादै अगल बगलमा पर्ने हुनाले ती ठाउँमा एक पाउले मात्र देख्दछ भनेको हो । ४ र ८ स्थानमा आँखाको तेर्सो पर्ने हुनाले ती ठाउँमा दुई पाउले देख्दछ भनेको हो । ५ र ९ स्थानमा चाहिँ आँखाको अलि सोझो पर्ने हुनाले ती ठाउँमा तीन पाउले देख्दछ भनेको हो । ७ स्थानमा चाहिँ आँखाको ठीक सोझासोझ पर्ने हुनाले त्यस ठाउँमा चारै पाउले देख्दछ भनेको हो । यो भयो सामान्य तरिका ।

ग्रहहरूको विशेष दृष्टि पर्ने स्थान–

३ र १० स्थानमा शनिले पूर्ण दृष्टिले देख्दछन् । ५ र ९ स्थानमा बृहस्पतिले पूर्ण दृष्टिले

---

(१) जीव= बृहस्पति
(२) पश्यन्ति सप्तमं सर्वे शनिजीवकुजाः पुन ॥
विशेषतश्चत्रिदशत्रिकोणचतुरष्टमान् ॥५॥
(लघुपाराशरि शुभाशुभनिरूपणाध्याय ३८ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देख्तछन् । ४ र ८ स्थानमा चाहिँ मंगलले पूर्ण दृष्टिले देख्तछन् । ७ स्थानमा चाहिँ सबै ग्रहले पूर्ण दृष्टिले देख्तछन् ।

यसको युक्ति–

आफू बसेको स्थानदेखि सातौँ स्थान आफ्नो जाया स्थान हुन्छ । जाया अर्थात् स्वास्नीको रक्षा गर्नु सबैलाई अत्यन्त आवश्यक छ । किनभने आफ्नो सन्तानलाई, आफ्नो चरित्रलाई, आफ्नो कुललाई तथा आफूलाई र धर्मलाई रक्षा गर्ने स्वास्नीको रक्षा गरेर नै रक्षा हुन्छ भनेर मनुस्मृति धर्मशास्त्रमा बताएको छ । त्यस कारण सबै ग्रह आफ्नो सप्तमस्थानलाई पूर्ण दृष्टिले देख्तछन् ।

शनि सेवक हुनाले राज्यस्थान र पराक्रम स्थानमा पहरा दिनु सेवकको मुख्य धर्म हो । त्यस कारण शनिले आफू बसेको स्थानदेखि ३ र १० स्थानमा पनि पूर्णदृष्टिले देख्तछन् ।

बृहस्पति विद्या र धर्मको उपदेश गर्ने हुनाले विद्यास्थान र धर्मस्थानको रक्षा गर्न उसको परम कर्तव्य हो । त्यस कारण बृहस्पतिले आफू बसेको स्थानदेखि ५ र ९ स्थानमा पनि पूर्णदृष्टिले देख्तछन् ।

मंगल सेनापति हुनाले सुखस्थान र मृत्युस्थानलाई रक्षा गर्नु सेनापतिको परम कर्तव्य हो । त्यस कारण मंगलले आफू बसेको स्थानदेखि ४ र ८ स्थानमा पनि पूर्णदृष्टिले देख्तछन् ।[1]

भावकारक–

सूर्यपूज्य अनि मंगल चन्द्र देवपूज्य[2] बुध शुक्र र मन्द[3]
देवपूज्य रवि पूज्य[4] र मन्द भावकारक भए क्रमसाथ ॥

---

(१) अर्थात्र युक्तिरूच्यते– सर्वे ग्रहाः सप्तमं पूर्ण पश्यन्तीति मया प्रागेवोपपादितम् । सप्तमं जायास्थानं तद्रक्षणं चातीवावश्यकम् । तेन सप्तमस्थानोपरि पूर्णदृष्टिः समुचितैव । मनुनाप्येवमेवमुक्तं–
स्वां प्रसूतिं चरित्रं च कुलमात्मानमेव च । स्वं च धर्मं प्रयत्नेन जायां रक्षन् हि रक्षति ॥
शनिस्तु भृत्यः । तृतीयं पराक्रमस्थानं । दशमं राज्यस्थानं । राज्यरक्षणपराक्रमोद्योगरक्षढाञ्चापि भृत्यस्य मुख्यो धर्मः । अतः तुतीय–दशमस्थानयोरूपरि शनेदृष्टिः युक्ता । गुरूस्तु विद्याधर्मोपदेशकः । विद्यास्थानं पञ्चमम् । धर्मस्थानं नवमम् । तेन गुरूः नवमं पञ्चमं च पूर्णदृशावलोकयति । भौमस्तु सेनानायकः । चतुर्थ सुखस्थानं । अष्टममरिस्थानम् । तद्रक्षणं च सेनापतेरावश्यकं । एतेन भौमः चतुरष्टमं पूर्णदृशा पश्यति ।

(लघुपाराशरी शुभाशुभनिरूपणाध्याय ५ श्लोकको विवृत्तिव्याख्याटौका ३९ पृष्ठ)

(२) देवपूज्य=बृहस्पति (३) मन्द=शनि (४) पूज्य=बृहस्पति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूर्यादि ग्रहहरू द्वादश भावका पनि कारक[1] छन् । ती निम्न प्रकारका छन् ।



भावकारक हुनामा युक्ति–

सूर्य– मानिसको जीवनमा आत्मकारक हुनाले शरीरस्थानको रक्षा सूर्यबाट हुन्छ । त्यसकारण सूर्य लग्नकारक भए । फेरि सूर्य प्राणीमात्रका बाबु हुनाले पितृस्थानको पनि रक्षा सूर्यबाटै हुन्छ । त्यस कारण सूर्य दशम भावका पनि कारक भए ।

चन्द्र– आमा र मनकारक हुनाले मातृस्थान अर्थात् चतुर्थस्थानको रक्षा चन्द्रमाबाट हुन्छ । त्यस कारण चन्द्रमा चतुर्थभावका कारक भए ।

मंगल– सेनापति हुनाले पराक्रमस्थान अर्थात् तृतीयस्थानको रक्षा मंगलबाट हुन्छ ।

---

(१) तरणिरमरमन्त्री मङ्गलश्चन्द्रसौम्यौ
गुरूरथ शनि-भौमौ शुक्र आर्किः क्रमेण
अमरगुरूदिनेशौ मन्दभानुज्ञजीवाः
सुरूगुरूरपि मन्दः कारका स्युर्विलग्नात्
(जीवनाथकृत भावप्रकाश भावविचाराध्याय ३ श्लोक ३५ पृष्ठ)

सूर्य	गुरू	मं.	चं.बु	गु	श.मं.	शु	श	गु.सू.	श.सू.वु.गु.	वृ	श
१	२	३	४	५	६	७	८	९	१०	११	१२

सूर्यो गुरूः कुजः सोमो गुरूर्ज्ञश्च सितः शनिः
गुरूश्चेन्द्रेज्यमन्दाश्च कुजश्च भावकारकाः
(लघुपाराशरी मिश्रकाध्याय ४० श्लोकको वितृत्तिव्याख्या १३२ पृष्ठ)

सू	गु	मं.	चं	गु	वु	शु	श	गु	गु.	श	मं.
१	२	३	४	५	६	७	८	९	१०	११	१२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सेनापतिले किल्लाको रक्षा गर्नु उसको कर्तव्य हो । त्यस कारण मंगल तृतीय भावका कारक भए ।

बुध— राजकुमार हुनाले शत्रुस्थानको रक्षा बुधबाट हुन्छ । राजकुमारले शत्रुविजय गर्नु उसको कर्तव्य हो । त्यस कारण पृष्ठभावका विशेष कारक बुध भए ।

बृहस्पति—धर्मको उपदेश गर्ने न्यायमन्त्री हुनाले विद्या तथा धर्म र आमदानी एवं धनको रक्षा बृहस्पतिबाट हुन्छ । त्यस कारण द्वितीय पञ्चम नवम एकादश भावका कारक बृहस्पति भए ।

शुक्र— गृहमन्त्री हुनाले अन्तपुरको रक्षा शुक्रबाट हुन्छ । त्यस कारण सप्तम भावका कारक शुक्र भए ।

शनि— दूत तथा सेवक हुनाले आयुको रक्षा शनिबाट हुन्छ । आयुको रखबार गर्नु सेवकको परम कर्तव्य हो । त्यसकारण अष्टम भाव र द्वादश भावका कारक शनि भए । क्रूर शनि पनि आयुको रक्षक कसरी होला भन्ने शंका हुन्छ । तर विना सेवकले आत्मरक्षा कसरी हुन्छ । त्यस कारण आत्मरक्षाका लागि सेवकको अत्यन्त आवश्यक हुनाले शनि आयुकारक भएकको हो ।

अशुभ तथा शुभ ग्रह—

क्षीणचन्द्र अनि सूर्य र भौम पापयुक्त बुध राहु र केतु ।
सूर्यपुत्र पनि हुन् यति पापी शेषता शुभ भनी अनि जान्नू ॥

सूर्यादि नव ग्रहमा अशुभ ग्रहहरू सूर्य, क्षीणचन्द्र, मंगल, पापयुक्त बुध, शनि, राहु केतु हुन् । शुभ ग्रह चाहिँ पूर्णचन्द्र, शुभयुक्त बुध, बृहस्पति, शुक्र हुन् । केवल बुध शुभ पनि अशुभ पनि हुन्छन् ।[1] । चन्द्रमा कृष्णपक्षको पञ्चमीदेखि शुक्लपक्षको पञ्चमीतकक्षीण अर्थात् दुब्ला हुन्छन् ।

यसको युक्ति—

सूर्य— अत्यन्त तेजिला तथा प्राणीमात्रका बाबु हुनाले त्यसले शरीरको उन्नतिका निमित्त हरप्रकारले उद्योग गराउनामा जोड दिन्छ । उद्योगमा लाग्दा शरीरलाई दुःखै हुन्छ । त्यस कारण सूर्य अशुभ ग्रहमा लिइएको हो ।

चन्द्र— प्राणिमात्रका आमा हुन् । तर चन्द्रमा क्षीण अर्थात् दुब्ला भएमा तिनबाट सन्तानको पालपोषण कसरी होला । भनेको पनि छ "क्षीणा जना निष्करूणा भवन्ति" क्षणी मानिसमा करूणा हुँदैन । किन भने खान नपाएर हलनृटट्टी भएको मानिसले पहिले आफै खान खोज्छ, अरूलाई खुवाउन खोज्दैन । त्यस्तै क्षीण चन्द्र पनि अशुभ ग्रहमा लिइएको हो । पूर्णचन्द्र चाहिँ शुभ ग्रहमा लिइएको छ ।

(१) *क्षीर्णोद्वर्कयमाराहुशिखिनः पापा बुधस्तैर्युतः (महूर्तमार्तण्ड नक्षत्रप्रकरण ३ श्लोक ६ पृष्ठ)
*भएको— क्षीणेन्द्वर्कयमाराहुशिखिनः, हुनुपर्ने— क्षीणेन्द्वर्कयमारराहुशिखिनः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मंगल— सेनापति हुन् । उसको काम पराक्रम गर्ने तथा किल्ला रक्षा गर्ने हुनाले पराक्रम गर्दा किल्ला रक्षा गर्दा दुःखै हुन्छ । त्यस कारण मंगल पनि अशुभ ग्रहमा लिइएको हो ।

बुध— राजकुमार हुन् । यसको स्वभाव दोधारे छ । यसले शुभ ग्रहसँग रहँदा शुभ गर्ने र अशुभ ग्रहसँग रहँदा अशुभ गर्ने हुन्छ । एक्लै रहँदा यो किंकर्तव्यविमूढ हुन्छ । त्यसैले बुधलाई नपुंसक[१] पनि भनेको छ ।

बृहस्पति—न्यायमन्त्री हुन् । यसले अन्याय गर्दैन । त्यस कारण बृहस्पति शुभ ग्रह भएको हो ।

शुक्र— कामवासनाका कारक तथा अन्तपुरको हेरविचार गर्ने मन्त्री हुन् । यसबाट सुख पाइने हुनाले शुक्र शुभग्रह भएको हो ।

शनि — परोपकार गर्ने सेवक हुन् । यसको स्वभाव दुःखी छ । त्यसकारण शनि अशुभ ग्रह भएको हो ।

राहु र केतु— यी दैत्य हुन् । दैत्यको स्वभाव दुःख दिने हुन्छ । त्यस कारण राहु र केतु अशुभ ग्रह भएका हुन् ।

ग्रहको उच्चादि स्थान —

सूर्यको उच्च हो मेष तुला नीच भनी अनि ।
मूलत्रिकोण हो सिंह भनी जान्नू यहाँ तिमी ॥
वृष ता चन्द्रको उच्च नीच वा वृश्चिकै अनि ।
वृष नै मूलकोणै हो भनी जान्नू यहाँ पनि ॥
भौमको उच्च हो गोही नीच ता कर्कटै अनि ।
मूल त्रिकोण हो मेष भनी जान्नू यहाँ पनि ॥
सौम्यको उच्च हो कन्या नीच मीन भनी अनि ।
मूलत्रिकोण हो कन्या भनी जान्नू यहाँ पनि ॥
गुरू[२] को उच्च गंगटो[३] नीच गोही[४] भनी अनि ।
मूलत्रिकोण ता जान्नू धनु राशि भनी तिमी ॥
शुक्रको उच्च हो मीन कन्या नीच भनी अनि ।
तुला ता मूलकोणै हो भनी जान्नू यहाँ पनि ॥
तुला हो मन्दको उच्च मेष नीच भनी अनि ।
मूलत्रिकोण हो कुम्भ भनी जान्नू यहाँ पनि ॥

(१) बुधसूर्यसुतौ नपुंसकाख्यौ (वृहजातक ग्रहयोनिप्रभेदाध्याय ६ श्लोक २६ पृष्ठ)
(२) गुरू = बृहस्पति (३) गंगटो = कर्कटराशि, (४) गोही= मकरराशि (स्पष्टार्थ दिइएको)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रहहरूका कक्षा भिन्नाभिन्नै छन् । ग्रहहरू आफ्ना आफ्ना कक्षामा घुम्दै १२ राशि भोग गर्छन् । आफ्नो कक्षाको सबभन्दा अग्लो ठाउँलाई उच्च स्थान भन्दछन् ।[1] त्यसको ठीक सातौं राशि नीचस्थान हुन्छ । ग्रहका मूलस्थानलाई मूलत्रिकोण भन्दछन् । हेर्न सजिलोका लागि चक्र तल दिइन्छ ।

ग्रह	सूर्य	चन्द्र	मंगल	बुध	बृहस्पति	शुक्र	शनि
उच्च राशि	मेष	वृष	मकर	कन्या	कर्कट	मीन	तुला
नीच राशि	तुला	वृश्चिक	कर्कट	मीन	मकर	कन्या	मेष
मूलत्रिकोण राशि	सिंह	मेष	मेष	कन्या	धनु	कुम्भ	तुला

ग्रहहरूको परस्पर शत्रुता र मित्रता—

सूर्यका मित्र हुन् च.म.गु[2] ता.बु.ता समै भै गए ।
द्वेषी हुन् शु श. ता भनी बुझ यहाँ संकेत मात्रै भए ॥
चन्द्रका मित्र हुन् र.बु. तथा द्वेषी छँदै छैन है ।
यस्तै नै क्रमले अरू ग्रह सबै समै भनी संझ है ॥
भौमका मित्र हुन् र.च.गु.ता.बु.ता महाशय नै ।
बुझ्नू यो क्रमले अरू शु.श. भने समै भनी संझ है ॥
सौम्यका मित्र हुन् र.शु.तथा च.ता महाशत्रु नै ।
बुझ्नू यो क्रमले अरू म.गु.श.ता समै भनी संझ है ॥
पूज्यका मित्र हुन् र.च.म.ता.श.ता समै भै गए ।

---

(१) अजवृषभमृगाङ्गनाकुलीरा झषवणिजौ च दिवाकरादितुङ्गाः
.... तेऽस्त नीचाः
(बृहजातक राशिप्रभेदध्याय १३ श्लोक १५ पृष्ठ)

धार्मिक कार्यका निमित्त निरयण* पञ्चाङ्गलाई अपनाए जस्तै फलितविचारमा ग्रहको उच्चादि स्थान स्थिर मानिएको छ । किन भने अयन तथा उच्च विस्तार विस्तार सर्दै गइरहेको छ । त्यस कारण गणितमा सूर्यको उच्च मेषराशि हुँदैन । त्यो उच्चस्थान सर्दै वृष राशिको १८ अंशमा पुगेको छ । त्यस्तै अरू ग्रहको पनि उच्चस्थान सरिसकेको छ । तर फलितमा ग्रहहरूको उच्चादिस्थान सधैं उही नै हुन्छन् ।

(२) गु=गुरू (बृहस्पति)

---

*भएको– निरयन, हुनुपर्ने– निरयण ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वेषी हुन् बु.शु.ता भनी बुझ यहाँ संकेत मात्रै भए ॥

शुक्रका मित्र हुन् बु.श. तथा गु.भौ. समै भै गए ।

द्वेषी हुन् र.च.ता भनी बुझ यहाँ संकेत मात्रै भए ॥

मन्दका मित्र हुन् बु.शु. तथा* गु. ता समै सम्झनू ।

यस्तै नै क्रमले अरू र.च.म. ता द्वेषी भनी संझनू ॥

यसरी ग्रहहरूको परस्परमा शत्रुता र मित्रता बताएका छन् ।[१] हेर्न सजिलोको लागि चक्र तल दिइन्छ ।

ग्रहहरूको शत्रुमित्रचक्र

ग्रह	सूर्य	चन्द्र	मंगल	बुध	बृहस्पति	शुक्र	शनि
मित्र	चं.मं. बृ	सू.ब.	सू.चं. बृ	शू.शु.	सू.चं मं	बु.श	बु.शु.
सम	बु**	मं.बृ, शु.श	शु.श.	मं.बृ. श	श	मं.बृ.	बृ
शत्रु	शु.श	X	बु	चं.	बु.शु.	सू.चं.	सू.चं. मं.

यसको युक्ति—

शनि सूर्यका छोरा हुन्, शुक्र सूर्यको नजिक कक्षामा बस्ने ग्रह हो, त्यस कारण

(१) चन्द्रेज्यक्षितिजा रवीन्दुतनयौ गुर्विन्दुसूर्याः क्रमा.
च्छुक्रार्की रविचन्द्रभूमितनया ज्ञार्की सितज्ञौ मताः ।
अर्कादेः सुहृदः समा अथ बुधः सर्वे हि शुक्रार्कजौ
भौमाचार्ययमा यमः कुजगुरू पूज्यः परे वैरिणः ॥१०॥

(जातकालंकार संज्ञाध्याय)

*भएको– शु., हुनुपर्ने – गु, **भएको बृ– हुनुपर्ने– बु.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूर्यका शनि र शुक्र कसरी शत्रु भए भन्ने शंका हुन्छ । यसको युक्ति[1] यसरी बताएका छन् ।

जुन ग्रह आफ्नो मूलत्रिकोणस्थानबाट २,१२,५,९ तथा ८,४ स्थानमा पर्ने राशी र आफ्नो उच्चस्थानको राशिमध्ये कुनै राशिका पनि मालिक भएन भने त्यो ग्रह आफ्नो शत्रु हुन्छ । यदि उक्त स्थानका राशिमध्ये कुनै राशिका मालिक भएमा त्यो ग्रह आफ्नो मित्र हुन्छ । सूर्य र चन्द्र बाहेक अरू ग्रह २,२ राशिका मालिक छन् । त्यस कारण सूर्य र चन्द्र बाहेक अरू ग्रह विहित ठाउँका पनि मालिक अविहित ठाउँका पनि मालिक हुन सक्छन् । त्यस्तो भएमा त्यो ग्रह आफ्नो समय अर्थात् सामान्य हुन्छ ।

यो कुरो मनासिव देखिन्छ । किन भने मूलत्रिकोण भनेको आफ्नो मूलस्थान हो । उच्च भनेको आफ्नो असल ठाउँ हो । द्वितीय स्थान आफ्नो धन स्थान भयो । द्वादशस्थान आफ्नो व्ययस्थान हो । आफ्नो व्ययस्थान भनेको आफ्नो आयु स्थान हो । त्यस्तै अष्टमस्थान पनि आफ्नो आयुस्थान नै हो । त्यस कारण धनस्थान र आयुस्थान आफ्नै स्थान भए । चतुर्थ स्थान सुखस्थान हो । पञ्चम स्थान विद्यास्थान हो । नवम स्थान धर्मस्थान हो । यी अति असल स्थान हुन् । त्यस कारण यति विहित स्थान आफ्नो स्थान र आफ्नो असल स्थान हुनाले त्यस ठाउँका राशिका मालिक हुने ग्रह मित्र हुनु ठीक देखिन्छ । अरू अविहित ३,६,७,१०,११ स्थानका राशिका मालिक हुने ग्रह आफ्ना शत्रु हुनु ठीक देखिन्छ । जुन ग्रह आफ्ना शत्रु पनि मित्र पनि हुन्छ भने त्यो ग्रह सामान्य हुनु स्वाभाविकै हो ।

---

(१) सूर्यस्य शनिः पुत्रस्तथा शुक्रः सर्वदासन्नवर्त्येव तर्हि कथमेतौ शत्रू बुधश्च समोऽन्ये मित्राणीत्यत्र युक्तिः प्रदर्श्यते='सत्योक्ते सुहृदस्त्रिकोणभवनात् स्वात् स्वान्त्यधीधर्मपाःस्वोच्चायुः सुखपा' इति वचनेन यो ग्रहो यस्य मूलत्रिकोणादुक्तस्थानाना (२।१२।५।९। उच्च ।८।४) मेतेषाम्मध्ये कस्यचिदपि स्थानस्या धिपतर्न स्यात् स तस्य शत्रुरिति सिद्धम् । अथ च यो ग्रहो राशिद्वयाधिपः स यद्युक्तस्थानद्वयस्याधिपतिस्तदा मित्रमेव । यदि चैक एव ग्रह उक्तैकस्थानाधिपत्येन मित्रन्तथाऽनुक्तैकस्थानाधिपत्येन शत्रुरपि स्यात् तदा स मित्रशत्रुत्वेन समो भवतीत्यपि समुचितमेव । अत एव *'द्वयेकानुक्तभपान् सुहृत्समरिपून् सञ्चिन्त्यनैसर्गिकान्' इत्यग्रिमश्लोके कथित मिति । बालाबबोधार्थमुदाहरणम्–

रवेर्मूलत्रिकोणात् सिंहादनुक्तयोः षष्ठसप्तमयोर्मकरकुम्भयोरधिपतिः शनिरतोऽयं रवेः शत्रुरेव । तथा सिंहातृतीयदशमयोरनुक्तयोस्तुलावृषयोरधिपत्वेन शुक्रोऽपि रवेः शत्रुरेव । अथ सिंहाद् द्वितीयस्योक्तस्य कन्याख्यस्याधित्वेन बुधो रवेर्मित्रन्तथा सिंहादेकादशस्यानुक्तस्थानस्य मिथुनस्याधिपत्येन शत्रुरप्यतो मित्रशत्रुत्वेन बुधो रवेः समो जातः । तथा सिंहाद्द्वादशस्य (उक्तस्य) कर्कस्याधिपत्वेन चन्द्रो रवेर्मित्रमेव । अनुक्तस्थानाधिपत्याभावादेकराश्यधिपत्वेऽपि चन्द्रार्कयोर्मित्रत्वं स्यात् । एवं सिंहाच्चतुर्थनवमयो (उक्तयो) वृश्चिकमेषयोरधिपत्वात् कुजोऽपि रवेर्मित्रमेव । तथा च सिंहात्पञ्चमाष्टमयो (उक्तस्थानयो) धनुर्मीनयोरधिपत्वाद् बृहस्पतिरपि रवेर्मित्रम् । एवञ्चन्द्रादीनामपि सुधिया स्वधिया विचार्यमिति दिक् ।

(बृहज्जातक ग्रहयोनिप्रभेदाध्याय १६ श्लोकको टिप्पणी ३६-३७ पृष्ठ)

---

*भएको– द्वयेकानुक्तपान्, हुनुपर्ने– द्वयेकानुक्तभपान्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूर्यको–

मूल त्रिकोण सिंहराशि हो । सिंहराशिदेव बाह्रौ राशि कर्कट, कर्कट राशिको मालिक चन्द्रमा हो । विहित स्थानको मालिक हुनाले सूर्यको चन्द्रमा मित्र भयो ।

सिंह राशिदेखि पाँचौं राशि धनु, आठौं राशि मीन, यो दुवै राशिका मालिक बृहस्पति हो । यो विहित स्थानकै मालिक हुनाले सूर्यको बृहस्पति मित्र भयो ।

सिंह राशिदेखि नवौं राशि मेष, यो राशि सूर्यको उच्च स्थानको राशि हो । सिंहदेखि चारौं स्थानको राशि वृश्चिक, यी दुवै राशिका मालिक मंगल हो । यो पनि विहित स्थान कै मालिक हुनाले सूर्यको मंगल मित्र भयो ।

सिंहराशिदेखि दोस्रो स्थानको राशि कन्या, एघारौं स्थानको राशि मिथुन, यी दुवै राशिका मालिक बुध हो । बुध विहित स्थानको पनि मालिक अविहित स्थानको पनि मालिक हुनाले सूर्यको बुध सम भयो ।

सिंह राशिदेखि तेस्रो राशि तुला, दशौं राशि वृष, यी दुवै राशिका मालिक शुक्र हो । यो अविहित स्थानका मालिक हुनाले सूर्यका शुक्र भयो ।

सिंहराशि देखि छैटौं राशि मकर, सातौ राशि कुम्भ, यी दुवै राशिका मालिक पनि हो । यो पनि अविहित स्थानका मालिक हुनाले सूर्यको शनि शत्रु भयो ।

चन्द्रको–

मूलत्रिकोण वृष राशि हो । वृषराशिबाट चौथो राशि सिंह, सिंह राशिको मालिक सूर्य हो । यो विहिंतस्थानको मालिक हुनाले चन्द्रमाको सूर्य मित्र भयो ।

वृष राशिदेखि दोस्रो राशि मिथुन, पाँचौं राशि कन्या, यी दुवै राशिका मालिक बुध हो । यो विहित स्थानका मालिक हुनाले चन्द्रमाको बुध पनि मित्र भयो ।

वृषराशिदेखि सातौं राशि वृश्चिक, बाह्रौ राशि मेष, यी दुवै राशिका मालिक मंगल हो । यो मंगल विहित स्थानको पनि मालिक अविहित स्थानको पनि मालिक हुनाले चन्द्रमाको मंगल सम भयो ।

वृष राशिदेखि आठौं राशि धनु, एघारौं राशि मीन, यी दुवै राशिका मालिक बृहस्पति हो । बृहस्पति अविहित र विहित दुवै स्थानका मालिक हुनाले चन्द्रमाको बृहस्पति सम भयो । बृषराशिदेखि छैटौं राशि तुला, वृष राशि चन्द्रमाको उच्च, यी दुवै राशिका मालिक शुक्र हो । शुक्र पनि अविहित र विहित दुवै स्थानका मालिक हुनाले चन्द्रमाको शुक्र सम भयो । वृषराशिदेखि नवौं राशि मकर, दशौं कुम्भ, यी राशिका दुवै मालिक शनि हो । शनि पनि विहत र अविहित दुवै स्थानका मालिक हुनाले चन्द्रमाको शनि पनि सम नै भयो । यस कारण चन्द्रमाका शत्रु नभएका हुन् ।

मङ्गलको–

मूलत्रिकोण मेष राशि हो । मेष राशिदेखि चौथो राशि कर्कट, कर्कटको मालिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चन्द्रमा हो । यो विहितस्थानको मालिक हुनाले मंगलको चन्द्रमा मित्र भयो ।

मेषराशिदेखि पाँचौं राशि सिंह हो । सिंह राशिको मालिक सूर्य हो । यो विहित स्थानको मालिक हुनाले मंगलको सूर्य मित्र भयो ।

मेष राशिदेखि नवौं राशि धनु, बाह्रौं राशि मिन यी दुवै राशिका मालिक बृहस्पति हो । यो विहितस्थानका मालिक हुनाले मंगलको बृहस्पति मित्र भयो ।

मेष राशिदेखि दोस्रो राशि वृष, सातौं राशि तुला यी दुवै राशिका मालिक शुक्र हो । यो विहित स्थानको पनि मालिक अविहित स्थानको पनि मालिक हुनाले मंगलको शुक्र सम भयो ।

मेशराशिदेखि दशौं राशि मकर, एघारौं राशि कुम्भ यी दुवै राशिका मालिक शनि हो । यो विहित स्थानको पनि मालिक अविहित स्थानको पनि मालिक हुनाले मंगलको शनि सम भयो ।

मेष राशिदेखि तेस्रो राशि मिथुन छैटौं राशि कन्या यी दुवै राशिका मालिक बुध हो । यो अविहित स्थानका मालिक हुनाले मंगलको बुध शत्रु भयो ।

बुधको–

मूल त्रिकोण कन्या राशि हो । कन्या राशिदेखि बाह्रौं राशि सिंह, सिंहको मालिक सूर्य हो । यो विहित स्थानको मालिक हुनाले बुधको सूर्य मित्र भयो ।

कन्या राशिदेखि दोस्रो राशि तुला, नवौं राशि वृष, यी दुवै राशिका मालिक शुक्र हो । यो विहित स्थानका मालिक हुनाले, बुधको शुक्र मित्र भयो ।

कन्याराशिदेखि तेस्रो राशि वृश्चिक, आठौं राशि मेष, यी दुवै राशिका मालिक मंगल हो । यो विहित स्थानको पनि मालिक अविहित स्थानको पनि मालिक हुनाले बुधको मंगल सम भयो ।

कन्या राशिदेखि चौथो र सातौं राशि धनु र मीन हुन् । यी दुवै राशिका मालिक बृहस्पति हो । यो विहित स्थानको पनि मालिक अविहित स्थानको पनि मालिक हुनाले बुधको बृहस्पति सम भयो ।

कन्या राशिदेखि पाँचौं र छैटौं राशि मकर र कुम्भ हुन् । यी दुवै राशिका मालिक शनि हो । यो विहित स्थानको पनि मालिक अविहित स्थानको पनि मालिक हुनाले बुधको शनि सम भयो ।

कन्या राशिदेखि एघारौं राशि कर्कट, कर्कटको मालिक चन्द्रमा हो । यो अविहित स्थानको मालिक हुनाले बुधको चन्द्रमा शत्रु भयो ।

बृहस्पतिको–

मूलत्रिकोण धनु राशि हो । धनुराशिदेखि नवौं राशि सिंह, सिंहको मालिक सूर्य हो । यो विहित स्थानको मालिक हुनाले बृहस्पतिको सूर्य मित्र भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धनु राशिदेखि आठौं राशि कर्कट, कर्कटको मालिक चन्द्रमा हो । यो विहित स्थानको मालिक हुनाले बृहस्पतिको चन्द्रमा मित्र भयो ।

धनु राशिदेखि पाँचौं र बाह्रौं राशि मेष र वृश्चिक हुन् । यी दुवै राशिका मालिक मंगल हो । यो विहित स्थानका मालिक हुनाले बृहस्पतिको मंगल मित्र भयो ।

धनु राशिदेखि दोस्रो र तेस्रो राशि मकर र कुम्भ हुन् । यी दुवै राशिका मालिक शनि हो । यो विहित स्थानको पनि मालिक अविहित स्थानको पनि मालिक हुनाले बृहस्पतिको शनि सम भयो ।

धनु राशिदेखि सातौं र दशौं राशि मिथुन र कन्या हुन् । यी दुवै राशिका मालिक बुध हो । यो अविहित स्थानका मालिक हुनाले बृहस्पतिको बुध शत्रु भयो ।

धनु राशिदेखि छैटौं र एघारौं राशि वृष र तुला हुन् । यी दुवै राशिका मालिक शुक्र हो । यो अविहित स्थानका मालिक हुनाले बृहस्पतिको शुक्र शत्रु भयो ।

शुक्रको–

मूलत्रिकोण तुला राशि हो । तुला राशिदेखि नवौं र बाह्रौ राशि मिथुन र कन्या हुन् । यी दुवै राशिका मालिक बुध हो यो विहित स्थानका मालिक हुनाले शुक्रको बुध मित्र भयो । तुला राशिदेखि चारौं र पाँचौं राशि मकर र कुम्भ हुन् । यी दुवै राशिका मालिक शनि हो । यो विहित स्थानका मालिक हुनाले शुक्रको शनि मित्र भयो ।

तुला राशिदेखि दोस्रो र सातौं राशि वृश्चिक र मेष हुन् । यी दुवै राशिका मालिक मंगल हो । यो विहित स्थानको पनि मालिक अविहित स्थानको पनि मालिक हुनाले शुक्रको मंगल सम भयो ।

तुला राशिदेखि तेस्रो र छैटौं राशि धनु र मीन हुन् । यी दुवै राशिका मालिक बृहस्पति हो । मीन राशि शुक्रको उच्च हो । त्यस कारण यो अविहित स्थानको पनि मालिक विहित स्थानको पनि मालिक हुनाले शुक्रको बृहस्पति सम भयो ।

तुला राशिदेखि दशौं राशि कर्कट, कर्कटको मालिक चन्द्रमा हो । यो अविहित स्थानको मालिक हुनाले शुक्रको चन्द्रमा शत्रु भयो ।

तुला राशिदेखि एघारौं राशि सिंह, सिंहको मालिक सूर्य हो । यो अविहित स्थानको मालिक हुनाले शुक्रको सूर्य सत्रु भयो ।

शनिको–

मूलत्रिकोण कुम्भ राशि हो । कुम्भ राशिदेखि पाँचौं र आठौं राशि मिथुन र कन्या हुन् । यी दुवै राशिको मालिक बुध हो । यो विहित स्थानका मालिक हुनाले शनिको बुध भित्र भयो ।

कुम्भ राशिदेखि चारौं र नवौं राशि वृष र तुला हुन् । यी दुवै राशिका मालिक शुक्र हो । यो विहित स्थानका मालिक हुनाले शनिको शुक्र मित्र भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुम्भ राशिदेखि दोस्रो र एघारौँ राशि मिन र धनु हुन् । यी दुवै राशिका मालिक बृहस्पति हो । यो विहित स्थानको पनि मालिक अविहित स्थानको पनि मालिक हुनाले शनिको बृहस्पति सम भयो ।

कुम्भ राशिदेखि छैटौं राशि कर्कट, कर्कटको मालिक चन्द्रमा हो । यो अविहित स्थानको मालिक हुनाले शनिको चन्द्रमा शत्रु भयो ।

कुम्भ राशिदेखि सातौं राशि सिंह, सिंहको मालिक सूर्य हो । यो अविहित स्थानको मालिक हुनाले शनिको सूर्य शत्रु भयो ।

कुम्भ राशिदेखि तेस्रो र दशौं राशि मेष र वृश्चिक हुन् । यी दुवै राशिका मालिक मंगल हो । यो अविहित स्थानको मालिक हुनाले शनिको मंगल शत्रु भयो ।

ग्रहको बलाबल–

ग्रहहरू आफ्नो उच्चमा, आफ्नो मूलत्रिकोणमा, आफ्नो राशिमा, आफ्नो मित्रको राशिमा रहँदा बलवान् हुन्छन् । ग्रहहरू आफ्नो नीचमा, आफ्नो शत्रुको राशिमा रहँदा निर्बल हुन्छन् । राहु र केतु चाहिँ अशुभ ग्रहका राशिमा रहँदा बलवान् हुन्छन्, शुभ ग्रहका राशिमा रहँदा निर्बल हुन्छन् ।[१]

भावको बलाबल–

जुन जुन भाव आफ्नो मालिकले वा शुभग्रहले देखेको छ, अथवा त्यस भावमा आफ्नो मालिक वा शुभ ग्रह बसेको छ भने त्यो भाव बलियो हुन्छ र त्यस भावको वृद्धि हुन्छ । जुन भावमा पापग्रहले देखेको छ वा पापग्रह बसेको छ भने त्यो भाव निर्बल हुन्छ र त्यस भावको क्षय हुन्छ ।[२]

भावविचार–

लग्नको मालिक शत्रुभावमा, मृत्युभावमा, व्ययभावमा बसेमा अथवा लग्नको मालिक

---

(१) मित्रक्षेत्रे स्वोच्चे स्वहोरायां स्वभवनत्रिकोणे च ।
स्वद्रेष्काणे स्वांशे स्वदिने च बलान्विताः सर्वे ॥११॥

(लघुजातक ग्रहबलाध्याय ७६ पृष्ठ)

(२) यो यो भावः स्वामिदृष्टो युतो वा सौम्यैर्वा स्वात्तस्य स्यात्तस्य वृद्धिः ।
पापैरेवं तस्य भावस्य हानिर्निर्देष्टव्या पृच्छतां जन्मतो वा ॥३॥

(षट्पञ्चाशिका प्रथमाध्याय ५ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निर्बल भएमा त्यो मानिस दुःखी हुन्छ ।[१] किन भने लग्न भनेको शरीर हो, शरीरको मालिक शत्रुस्थानमा, मृत्युस्थानमा, व्ययस्थानमा बसेमा अथवा शरीरको मालिक निर्बल भएमा त्यस मानिसले दुःख पाउनु स्वाभाविकै हो । यदि लग्नको मालिक केन्द्रमा बसेमा अथवा लग्नको मालिक बलवान् भएमा त्यो मानिस सुखी हुन्छ । यसै गरी अरू भावको पनि जान्नू ।

भावको फलांश—

भाव तथा भावका मालिक र भावकारक ग्रह तीन ओटै बलिया भएमा त्यस भावले पूर्णफल पाउँछ । तीन ओटा मध्ये दुई ओटा मात्र बलिया भए त्यस भावले आधा फल पाउँछ । तीन ओटा मध्ये एउटा मात्र बलियो भए त्यस भावले तृतीयांश फल पाउँछ । यदि भाव निर्बल भए त्यस भावले फल पाउँदैन र त्यो भाव क्षय हुन्छ ।[२]

मानिसको आयुमा विशेष विचार—

आयुको अधिकारी शनि हुनाले शनि बलवान् भए मानिसको आयु बलियो हुन्छ । यदि शनि निर्बल भए मानिसको आयु बलियो हुँदैन । शनि आफ्नो राशिमा आफ्नो उच्चमा, आयुस्थानमा रहँदा अत्यन्त हर्षित हुने हुनाले शनिको स्वभाव क्रूर भए तापनि शनिले आफ्नो स्वभावलाई बिर्सेर शुभ गर्ने हुन्छ र आयुको रक्षा गर्छ । सेवकले मान पदवी पाएमा उत्साही तथा हर्ष भई राम्रो काम गर्ने हुन्छ । निरूत्साही भएमा लगाएको काम पनि सेवकले राम्ररी नगरी विगारिदिने हुन्छ । यदि शनि निर्बल भए त्यसले झन उल्टो आयुको नाश गर्ने हुन्छ । त्यस कारण होराशास्त्रमा शनिको फल विपरीत (विपरीतः शनिः स्मृतः) छ भनेर बताएको छ ।

आयुको कारण पुण्य पनि हो । विना पुण्यले आयु कसरी अड्छ । पुण्य अर्थात् धर्मको अधिकारी बृहस्पति हो । बृहस्पति बलवान् भएमा पुण्य पनि बलियो हुन्छ र आयु बढ्छ । बृहस्पति निर्बल भएमा पुण्य पनि निर्बल हुन्छ र आयु घट्छ । त्यस

---

(१) देहाधीशः सपापो व्ययरिपुमृतिगश्चेत्तदा देहसौख्यं
न स्याज्जन्तोर्निजर्क्षे व्ययरिपुमृतिपस्तत्फलस्यैव कर्ता ।
मूर्तौ चेत्क्रूरखेटस्तदनु तनुपतिः स्वीयवीर्येण हीनो
नानातङ्काकुलः स्याद् व्रजति हि मनुजा व्याधिमाधिप्रकोपम् ॥२॥
(जातकालंकार भावाध्याय १३ पृष्ठ)

(२) भवन्ति भावभावेशकारका बलसंयुताः
तदा पूर्णे दलं द्वाभ्यामेकेनाल्पं फलं वदेत् ॥११॥
(जीवनाथकृत भावप्रकाश भावविचाराध्याय २७ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कारण आयुकारक केवल शनि मात्र छैनन्, बृहस्पति पनि आयुकारक छन् । आयुका निमित्त पुण्य नै मुख्य छ । पुण्य नै छैन भने आयु नै हुँदैन त शनिले के आयुको रक्षा गर्ला । भनेको पनि छ "क्षीणे पुण्ये मर्त्यलोकं विसन्ति" पुण्य सिद्धिए पछि मर्दछ ।

ग्रहबाट मानिसको जीवनी विचार–

जन्मकुण्डलीमा सूर्य बलवान् हुन्छ भने त्यो मानिसको आत्मा बलियो हुन्छ । त्यो मानिस आरोग्य तथा अभिमानी भोगी हुन्छ । यदि सूर्य निर्बल भएमा त्यो मानिस अनारोग्य तथा दुःखी हुन्छ ।

जन्मकुण्डलीमा चन्द्रमा बलवान् छ भने त्यो मानिसको मन बलियो हुन्छ । त्यो मानिस धैर्यशाली मन मर्यादाले युक्त, दयवान् सुखी हुन्छ । यदि चन्द्र निर्बल भएमा त्यो मानिसको मन कमाजोर हुन्छ । त्यसैले जस नपाउने हुन्छ ।

जन्मकुण्डलीमा मंगल वलवान् छ भने त्यो मानिस साहसी पराक्रमी युद्धप्रेमी नाइके हुन्छ । यदि मंगल निर्बल भएमा निरूत्साही अपवाद सहनु पर्ने हुन्छ ।

जन्मकुण्डलीमा बुध बलवान् छ भने त्यो मानिस वाक्चतुर ढीटो विनयले युक्त कलाप्रेमी हुन्छ । यदि बुध निर्बल भएमा डरछेरूवा विनयहीन हुन्छ ।

जन्मकुण्डलीमा बृहस्पति बलवान् छ भने त्यो मानिस ज्ञानवान् राजमान्य दीर्घजीवी हुन्छ । यदि बृहस्पति निर्बल भएमा कपटी बुद्धिहीन अल्पायु हुन्छ ।

जन्मकुण्डलीमा शुक्र बलवान् छ भने त्यो मानिस विलासी स्त्रीमा प्रेम गर्ने तथा साहित्यिक हुन्छ । त्यसको संगीत नृत्यमा अभिरूचि हुन्छ । यदि शुक्र, निर्बल भएमा त्यो मानिस स्त्रीबाट निरस्कृत तथा उपहासयुक्त हुन्छ ।

जन्मकुण्डलीमा शनि बलवान् छ भने त्यो मानिस परोपकारी दीर्घजीवी हुन्छ । यदि शनि निर्बल छ भने लोभी दुर्बुद्धि दीन दुःखी तथा अल्पायु हुन्छ । यसरी ग्रहबाट मानिसको जीवनमा[१] शुभाशुभ विचार हुन्छ ।

लग्नको मालिक अरू भावमा र अरू भावका मालिक लग्नमा जाँदा मानिसको जीवन विचार–

लग्नको मालिक धन भावमा र धन भावको मालिक लग्नमा बसेमा त्यो मानिस धनी तथा भोगी हुन्छ ।

लग्नको मालिक सहज भावमा र सहज भावको मालिक लग्नमा बसेमा त्यो मानिस बन्धुहरूले युक्त तथा कुलजनलाई सुख दिने मातृकुलमा रहने हुन्छ ।

(१) आत्मादयो गगनगैर्बलिभिर्बलवत्तरा ।
*दुर्बलैदुर्बला ज्ञेया विपरीतः शनिः स्मृतः ॥२॥

(लघुजातक ग्रहबलाध्याय)

*भएको– दर्बला, हुनुपर्ने दुर्बला

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लग्नको मालिक चतुर्थ भावमा र चतुर्थ भावको मालिक लग्नमा बसेमा त्यो मानिस क्षमावान् पितृभक्त तथा पितृकुलमा रहने हुन्छ ।

लग्नको मालिक पञ्चम भावमा र पञ्चम भावको मालिक लग्नमा बसेमा त्यो मानिस विद्वान् तथा कुलमा प्रख्यात हुन्छ ।

लग्नको मालिक षष्ठ भावमा र षष्ठ भावको मालिक लग्नमा बसेमा त्यो मानिस निरोगी द्रोही तथा संग्रहशील हुन्छ ।

लग्नको मालिक सप्तम भावमा र सप्तम भावको मालिक लग्नमा बसेमा त्यो मानिस स्त्रीमा आसक्त शालाको सेवक हुन्छ ।

लग्नको मालिक अष्टम भावमा र अष्टम भावको मालिक लग्नमा बसेमा त्यो मानिस जुवारे ठगी हुन्छ ।

लग्नको मालिक नवम भावमा र नवम भावको मालिक लग्नमा बसेमा त्यो मानिस धर्मात्मा तीर्थाटन गर्ने हुन्छ ।

लग्नको मालिक दशम भावमा र दशम भावको मालिक लग्नमा बसेमा त्यो मानिस लोकमान्य तथा चञ्चल हुन्छ ।

लग्नको मालिक एकादश भावमा र एकादश भावको मालिक लग्नमा बसेमा त्यो मानिस ठूला महाजन सुकर्म गर्ने हुन्छ ।

लग्नको मालिक द्वादश भावमा र द्वादश भावको मालिक लग्नमा बसेमा त्यो मानिस हीनबुद्धि द्रव्यनाशी हुन्छ । यसरी लग्नको मालिकबाट मानिसको जीवनमा[1] शुभाशुभ विचार हुन्छ ।

---

(१) लग्नाधीशेऽर्थगे चेद्भनभवनपतौ लग्नयातेऽर्थवान् स्यात्
बुद्ध्याचारप्रवीणः परमसुकृतकृत्सारभृद्भोगशील : ।
भ्रातृस्थानेऽङ्गनाथे सहजभवनपे लग्नयातेऽल्पशक्तिः
सद्बन्धूराज्यपूज्यः कुलजनसुखदो मातृपक्षेण युक्तः ॥१॥
तुर्येशे लग्नयाते तदनु तनुपतौ तुर्यगे स्यात् क्षमावान्
ताताज्ञाराजकार्यप्रगुणमतियुतः सद्गुरूः स्वीयपक्षः ।
लग्नस्थे सूनुनाथे तनुजपदगते लग्ननाथे मनस्वी
विद्यालंकारयुक्तो निजकुलविदितो ज्ञानवान्मानसक्तः ॥२॥
षष्ठेशे लग्नयाते तदनु तनुपतौ षष्ठगे व्याधिहीनो
नित्यं द्रोहादिसक्तो वापुषि स बलवान् द्रव्यवान् संग्रहौ स्यात् ।
मूर्तीशे कामयाते मदनसदनपे मूर्तिगे तालसेवी
लोलस्वान्तोऽङ्गनायां भवति हि मनुजः सेवकः शालकस्य ॥३॥
अङ्गेशे रन्ध्रयाते निधनगृहपतावङ्गगे द्यूतबुद्धिः
शूरश्चौर्यादिसक्तो निधनपदमियाद्भूपतेर्लोकतो वा ।
देहाधीशे शुभस्थे शुभभवनपतौ देशसंस्थे विदेशी
धर्मासक्तो नितान्तं सुरगुरुभजने तत्परो राजमान्यः ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अरिष्ट विचार–

सूर्यबाट पाँचौं स्थानमा पापग्रह बसेमा त्यो ग्रह पिताको अरिष्टकारक अर्थात् पिर्ने हुन्छ । चन्द्रमाबाट चतुर्थ स्थानमा पाप ग्रह बसेमा त्यो ग्रह आमाको अरिष्टकारक हुन्छ । मंगलबाट तृतीय स्थानमा पाप ग्रह बसेमा दाजुभाइको त्यो ग्रह अरिष्टकारक हुन्छ । बुधबाट चतुर्थ स्थानमा पाप ग्रह बसेमा त्यो ग्रह आमाको अरिष्टकारक हुन्छ । बृहस्पतिबाट पञ्चम स्थानमा पाप ग्रह बसेमा त्यो ग्रह पुत्रको अरिष्टकारक हुन्छ । शुक्रबाट सप्तम स्थानमा पाप ग्रह बसेमा त्यो ग्रह स्त्रीको अरिष्टकारक हुन्छ ।

शनिबाट अष्टम स्थानमा पाप ग्रह बसेमा त्यो ग्रह आफ्नो अरिष्ककारक हुन्छ । यसरी अरिष्टको[1] विचार हुन्छ ।

यो केवल जन्मकुण्डलीबाट विचार गर्ने सामान्य तरिका मात्र भयो । यसबाट जीवनीको मोटामोटी रूपरेखासम्म ज्ञान हुन सक्तछ । जन्मकुण्डलीका द्रेष्काण होरा नवांश त्रिशांश सप्तमांश द्वादशांश आदि धेरै अङ्ग छन् जसलाई सप्तवर्ग भन्दछन् । ती सप्तवर्गबाट प्राप्त बल र ग्रहहरूको शयनादि अवस्था बाल्यादि अवस्था चेष्टादि अवस्था आदि धेरै भेद छन् । ती सबैतिरबाट सूक्ष्म विचार हुन सक्तछ ।

कर्मस्थे लग्ननाथे गगनभवनपे लग्नगे भूपतिः स्यात्
ख्यातो लाभे च रूपे गुरूभजनरतो लोलुपःद्रव्यनाथः ।
लाभेशे लग्नयाते तनुभवनपतौ लाभसंस्थे सुकर्मा
दीर्घायुः क्षोणिनाथाः शुभविभवयुतः कोविदो मानवः स्यात् ॥५॥
लग्नेशे रिःफयाते व्ययसदनपतौ लग्नगे सर्वशत्रु –
*बुंद्ध्या हीनो नितान्तं कृपणतरमतिर्द्रव्यनाशी विलोलः ।
इत्थं तातादिकानामपि जनुषि तथा खेचराणां हि योगा –
द्वाच्यं होरागमज्ञैस्तदनु तनुपयुग्भार्गवे राजपूज्यः ॥६॥

(जातकालंकार भावाध्याय)

(१) दिवाकरात्पञ्चमगो हि पापः पितुः कृतेऽरिष्टकरो जनन्याः ।
चन्द्राच्चतुर्थःसहजस्य भौमात्तृतीयगो मातुलकस्य सौम्यात् ॥१॥
चतुर्थगः पुत्रकृते गुरोश्च पुत्रस्थितः सप्तमगः स्त्रियःस्यात् ।
भृगोस्तथैवं शनितोऽष्टमस्थो मृत्युपदः स्वस्य कृते विचिन्त्यः ॥२॥

(प्राचीन संग्रह)

इति प्रथम अध्याय

---

*भएको- बुद्धचा, हुनुपर्ने- बुद्ध्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दोस्रो अध्याय

मानिसहरूको जीवनमा सुख दुःखका फल दिने ग्रहहरू छन् । ती ग्रहहरू मानिसको जन्मकुण्डलीमा ठाउँठाउँमा अङ्कित गरिएका हुन्छन् । ती ग्रहहरूले कुन समयमा कसरी फल दिन्छन् भन्ने कुराको ज्ञान दशाबाट हुन्छ । दशा विभिन्न थरीका छन् । कलियुगमा प्रत्यक्ष फल दिने नक्षत्रदशा नै हुन् भनी बताएका छन् । नक्षत्रदशा २७ छन् । ती क्रमैले यस प्रकार छन् ।

नक्षत्रदशा –

अश्विनी, भरणी, कृत्तिका, रोहिणी, मृगशिरा, आर्द्रा, पुनर्वसु, तिष्य,
अश्लेषा, मघा, पूर्वफाल्गुनी, उत्तरफाल्गुनी, हस्त, चित्रा, स्वाती
विशाखा, अनुराधा, ज्येष्ठा, मूल, पूर्वाषाढा, उत्तराषाढा, श्रवण,
धनिष्ठा, शतभिषा, पूर्वभाद्रपद, उत्तरभाद्रपद, रेवती

यी २७ नक्षत्रदशामा सूर्यादि ९ ग्रहहरू कृत्तिकादेखि आरम्भ गरी नक्षत्रदशाका मालिक हुन्छन ।[1] ती दशामालिक तल लेखिए बमोजिम छन् ।

दशामालिक –

ग्रह	आ	चं.	भौ	रा	बृ	श	बु	के	शु
	कृ	रो.	मृ.	आ	पु	ति	ऽश्ले	म	पू.फा
नक्षत्र	उ.फा.	ह	चि	स्वा	वि	ऽनु*	ज्ये	मू	पू.षा
	उ.ष	श्र	ध.	श	पू. भा.	उ.भा.	रे	ऽश्वि	भ

(१) कृत्तिकादिषु यथोत्तरं सूर्यचन्द्रकुजराहुमन्त्रिणः ।
सौरिसोमसुतकेतुभार्गवाः प्राक्तनैर्निगदिता दशाधिपा : ॥

(लघुपाराशरी नक्षत्रदशा प्रकरण संज्ञाध्यायको)

कृत्तिकादिस्त्रिरावृत्या दशा विशोत्तरी मता ।
अष्टोत्तरी न संग्राह्या मारकार्थे विचक्षणै : ॥५३॥

(भावकुतूहल दशागणनाकम १८६ पृ.)

*भएको- नुऽ, हुनुपर्ने – ऽनु (चक्र भित्रको नक्षत्र संकेत)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दशगणनाको युक्ति –

९ ओटा ग्रहहरूमा सूर्य र चन्द्र राजा हुन् । राजाले आफूलाई सुहाउँदो स्थान उच्चस्थान लिएका छन् । सूर्यको उच्च मेषराशि र चन्द्रको उच्च वृश राशि हुन् । सूर्य बाबु तथा चन्द्रमा आमा हुनाले सूर्यले आफू र आफ्नो अर्धाङ्गिनीलाई समेत हुने उच्चस्थान कृत्तिका लिएका हुन् । किन भने कृत्तिकाको पहिलो पाउ मेष राशि र अरू तीन पाउ वृष राशि हुन्छन् । यो कुरो ज्योतिषशास्त्रमा नक्षत्रहरूको राशिविभाजनप्रकरणमा बताएको छ ।[1] त्यस कारण कृत्तिकादेखि दशाको आरम्भ भएको हो ।

दशामालिकको क्रममा युक्ति –

सूर्य राजा हुनाले दशगणनामा पहिले सूर्यको पालो भयो । त्यसपछि चन्द्रमा रानी हुनाले चन्द्रमाको पालो भयो । त्यस पछि मंगल सेनापति हुनाले मंगलको पालो भयो । किन भने सेनापतिलाई राजाले आफ्नो नजिकै राख्नु आवश्यक छ । त्यस कारण तेस्रो पालो मंगलको भयो । सेनापतिले आफूलाई सुहाउँदो सहायक राहुलाई लिएकोले मंगलबो पछिको पालो राहुको भयो । बृहस्पति राजाको सल्लाहकारक मन्त्री हुनाले त्यस पछि बृहस्पतिको पालो भयो । शनि सेवक हुनाले त्यस पछि शनिको पालो भयो । किन भने राज तथा राजाका नजिक रहेका सबैको राम्रो प्रबन्ध मिलाउन सेवकको आवश्यक छ । त्यस कारण बृहस्पति पछि शनिको पालो भयो । राजकुमार बुधले परराष्ट्रसम्बन्धी काम गर्ने हुनाले त्यस पछि बुधको पालो भयो । राजकुमारलाई अंगरक्षक सहायक हरबखत चाहिने हुनाले बुधको पछिको पालो केतुको भयो । परराष्ट्रसम्बन्धी कामको सल्लाहकारक शुक्र हुनाले त्यसको पछिको पालो शुक्रको भयो । यसरी दशामालिकहरूको क्रम हुन गएको हो ।

मानिसको जन्मसमयको दशारम्भ –

मानिसको जन्मसमयमा जुन नक्षत्र, हुन्छ त्यस नक्षत्रको दशामालिक जुन ग्रह हुन्छ, त्यस ग्रहदेखि मानिसको दशा आरम्भ हुन्छ । मानिसको जीवनमा त्यस ग्रहको दशादेखि आरम्भ भएर उपर्युक्त क्रमले पालैसित अरू ग्रहका दशा हुन्छन् ।

दशावर्ष –

कुन कुन ग्रहका दशा कति कति वर्षको अधिकार हुन्छ भन्ने कुरा यसरी दिएका छन् ।

---

(१) चौथो अध्यायमा दिइएको राशिविभाजन चक्र हेर्नु होस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूर्य ६ वर्ष, चन्द्र १० वर्ष, मंगल ७ वर्ष, राहु १८ वर्ष, बृहस्पति १६ वर्ष, शनि १९ वर्ष, बुध १७ वर्ष, केतु ७ वर्ष, शुक्र २० वर्ष, अधिकारी छन् ।[१]

दशावर्षको उपपत्ति –

शिवजीको ताण्डव नृत्य हुँदा डमरूको ध्वनिबाट दशावर्षको संकेत भयो । सो ध्वनि यस प्रकारको छ ।

तनु नय* सिन जाया तोपि धन्या सटा सा नख

(लघुपाराशरी नक्षत्रदशाप्रकरण ३ श्लोकको टीका)

यस ध्वनि बमोजिम क्रमैले सूर्यादि ग्रहहरूको दशावर्षको संकेत भयो ।[२] सो संकेत वर्णबाट भएको छ । वर्ण २ प्रकारका छन्, स्वर वर्ण र हल वर्ण । अ आ इ ई उ ऊ ....इत्यादि वर्णलाई स्वर वर्ण भन्दछन् । क ख ग घ ङ .... इत्यादि वर्णलाई हल वर्ण भन्दछन् । यहाँ हल वर्णको प्राधान्य छ । हल वर्ण २ भागमा विभाजित छन्– क देखि म सम्मको एक भाग र य देखि ह सम्मको एक भाग । ती हल वर्णहरूको संख्यामा परिणत यसरी गरिएको छ ।

दशावर्षसंख्या –

क देखि ९ ओटा वर्णका संख्या यसरी भए–

क= १ ख=२ ग=३ घ=४ ङ=५ च=६ छ=७ ज=८ झ=९ ञ=०

---

(१) रसदशाद्रिपुराणमहीभृतो बिधुविहीननखा अगभूमयः ।

गिरिनखा रविचंद्रकुजागुयुग्गुरुशनिज्ञ च केतु सिताब्दका ॥

(लघुपाराशरी नक्षत्रदशाप्रकरण ३ श्लोकको बिवृत्तिव्याख्यांटीका)

(२) अत्र कादि नव । टादि नव । पादि पंच । याद्यष्टाविति वर्गचतुष्टयं तथा न ञ स्वरवर्णतश्च शून्यमिति शिवतांडवादिषु प्रसिद्धं । तथा च– ।

कटपयवर्गभवैरिह पिण्डान्त्यैरक्षरै रङ्काः ।

न ञचि शून्यं ज्ञेयं तथा स्वरे केवले कथितम् ॥

तदनुसरणात्तनु= ६ । नय= १० । सिन*= ७ । जाया= १८ तोपि= १६ । धन्या= १९ । सटा= १७ । सा= ७ । नख= २० । एते क्रमेण भास्करादीनां वर्षाणि भवन्ति ।

(लघुपाराशरी नक्षत्रदशाप्रकरण संज्ञाध्यायको ३ श्लोकको विवृत्तिव्याख्या टीका)

---

*भएको– सित, हुनुपर्ने सिन ।
**भएको– सित, हुनुपर्ने सिन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ट देखि ९ ओटा वर्णका संख्या यसरी भए –

ट= १ ठ= २ ड= ३ ढ= ४ ण= ५ त= ६ थ= ७ द= ८ थ= ९ न= ०

प देखि ५ ओटा वर्णका संख्या यसरी भए–

प= १ फ= २ ब= ३ भ= ४ म= ५

यो पहिलो भागमा परेका हल् वर्णको भयो । त्यस्तै दोस्रो भागमा परेका हल् वर्णको पनि संख्यामा परिणत गर्दा य देखि ८ ओटा वर्णका संख्या यसरी भए–

य= १ र= २ ल= ३ व= ४ श= ५ ष= ६ स= ७ ह= ८

यहाँ संख्या ९ सम्म मात्र किन लिइयो भन्ने शंका हुन्छ । तर संख्याको संकेत चिह्न ९ ओटा सिवाय छैन । त्यसैमा शून्य मिलाएर अनन्त संख्या बनेका छन् । त्यस कारण ९ सम्म संख्याको न्यास गरी त्यस पछि शून्य राखिएको हो । यो एउटा गणित शास्त्रको वैज्ञानिक तरिका हो ।

ग्रहहरूले दशावर्षको अधिकार पाउनामा युक्ति –

सूर्यको– वर्षसंकेत 'तनु'बाट भएको छ । त= ६, नं.= ० हुनाले तनु= ०६ संख्या बन्यो, ६० बनेन । किन भने अंकको गति बायाँ तिरबाट हुन्छ । भनेको पनि छ "अङ्कानां वामतो गति" । त्यस कारण सूर्यको दशाधिकार ६ वर्षको भयो ।

चन्द्रको– वर्षसंकेत 'नय' बाट भएको छ । न= ० य= १ हुनाले नय= १० संख्या बन्यो । त्यस कारण चन्द्रमाको दशाधिकार १० वर्षको भयो ।

मंगलको– वर्षसंकेत 'सिन' बाट भएको छ । स= ७ न= ० हुनाले सिन= ०७ संख्या बन्यो । त्यस कारण मंगलको दशाधिकार ७ वर्षको भयो ।

राहुको– वर्षसंकेत "जाया" बाट भएको छ । ज= ८ य= १ हुनाले सिन= ०७ संख्या बन्यो । त्यस कारण राहुको राहुको दशाधिकार १८ वर्षको भयो ।

बृहस्पतिको– वर्षसंकेत "तोपि" बाट भएको छ । त= ६ प= १ हुनाले तोपि= १६ संख्या बन्यो । त्यस कारण बृहस्पतिको दशाधिकार १६ वर्षको भयो ।

शनिको– वर्षसंकेत "धन्या" बाट भएको छ । ध= ९ य= १ हुनाले धन्या; १९ संख्या बन्यो । त्यस कारण शनिको दशाधिकार १९ वर्षको भयो ।

बुधको– वर्षसंकेत "सटा" बाट भएको छ । स= ७ ट= १ हुनाले सटा= १७ संख्या बन्यो । त्यसकारण बुधको दशाधिकार १७ वर्षको भयो ।

केतुको – वर्षसंकेत "सा"बाट भएको छ । स= ७ हुनाले केतुको दशाधिकार ७ वर्षको भयो । त्यसकारण शुक्रको दशाधिकार २० वर्षको भयो । यसरी ग्रहहरू दशावर्षका अधिकारी भए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विंशोत्तरी दशा–

नक्षत्रदशाप्रकारैले दशा भन्छु क्रमैसँग ।
विंशोत्तरी दशा मान्नु नलिनू है अरू दशा[1] ॥

यी ग्रहहरूको दशावर्ष जम्मा गर्दा १२० वर्ष हुन्छ । जस्तै–

६+१०+७+१८+१६+१९+१७+७+२०= १२०

यस कारण यस नक्षत्रदशालाई विशोत्तरी दशा भनेको हो । ज्योतिषशास्त्रमा प्राचीन आचार्यहरूले षोडशोत्तरी, अष्टोत्तरी, त्रिभागी, आदि गरिएका धेरै दशा बताएका छन् । तिनमध्ये कलियुगमा प्रत्यक्ष फल दिने विंशोत्तरी दशा नै हो, मानिसहरूको जीवनमा मरिक निर्णय गर्नाका लागि विंशोत्तरी दशा नै लिनुपर्छ, अष्टोत्तरी दशा लिनु हुँदैन भन्ने वृद्ध आचार्यको भनाइ छ ।

दशामालिक भएका ९ ओटा ग्रहमा शुभ ग्रहले शुभ फल दिने र अशुभ ग्रहले अशुभ फल दिने उनीहरूको स्वभाव हो । तर जन्मकुण्डलीमा द्वादश भावका मालिक हुँदा भावको अधिकार अनुसार ग्रह फल दिने हुन्छन् । त्यस कारण शुभ ग्रह पनि अशुभ फल अर्थात् कृष्ट फल दिने र अशुभ ग्रह पनि शुभ फल अर्थात् आनन्द फल दिने हुन आउँछन् ।

त्रिकोणेश तथा त्रिषडायेशफल विचार–

त्रिकोणस्थानका स्वामी शुभ दिन्छन् सबै गृह ।
दिन्छन् अशुभ तीन छ र एघारस्थानमा पति[2] ॥

नवौं र पाँचौं स्थानलाई त्रिकोण भन्दछन् । त्यस कारण त्रिकोणस्थानका मालिक अशुभ ग्रह

---

(१) फलानि नक्षत्रदशा प्रकारेण विवृण्महे ।
दशा विंशोत्तरी चात्र ग्राह्या नाष्टोत्तरी मता ॥३॥

(लघुपाराशरी नक्षत्रदशाप्रकारण संज्ञाध्याय)

कलौ प्रत्यक्षफलदा दशा विशोत्तरी स्मृता ।
अष्टोत्तरी न संग्राह्या मारकार्थे विचक्षणै : ॥
गुर्जरे कच्छसौराष्ट्रे पाञ्चाले सिन्धुपर्वते ।
देशेष्वष्टोत्तरी ज्ञेया विशेषफलदायिनी ॥

(प्राचीनसंग्रह बृद्धवचन)

(२) सर्वे त्रिकोणनेतारो ग्रहाः शुभफलप्रदाः ।
पतयस्त्रिषडायानां यदि पापफलप्रदाः ॥३॥ ।

(लघुपाराशरी शुभाशुभनिरूपणाध्याय)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भए तापनि शुभ फल दिन्छन् । शुभ ग्रहले ता झन् शुभ फल दिन्छन् । किन भने त्रिकोणस्थान शुभ स्थान हो । ३, ६, ११ स्थानका मालिक शुभ ग्रह भए तापनि अशुभ फल दिन्छन् । अशुभ ग्रहले ता झन् अशुभ फल दिन्छन् । किन भने ३, ६, ११ स्थान अशुभ स्थान हुन् । शरीरका लागि ती स्थान आरामदायक स्थान होइनन् । ती स्थान तकलीफ हुने स्थान हुन् ।

केन्द्रेशफल विचार–

केन्द्रका स्थानका स्वामी शुभ ग्रह भए पनि ।
शुभ दिन्न, तथा पाप पाप दिन्न त्यसै गरी[1] ॥

जुन शुभ ग्रह केन्द्र अर्थात् लग्न, चतुर्थ, सप्तम, दशम स्थानका मालिक छन् भने शुभ ग्रह भए तापनि शुभ फल दिँदैनन् । शरीरस्थान, सुखस्थान, जायास्थान, व्यवसायस्थानका मालिक भएर पनि कसरी शुभ फल दिँदैनन् भन्ने शंका हुन्छ । यसको युक्ति यस प्रकारको छ, यदि शुभ ग्रह केन्द्रका मालिक छन् भने त्यसले तत् तत् भावको उन्नति गर्दा गर्दै अशुभ फल दिने हुन्छ । किन भने व्यवसायको परम उन्नति गर्दा सुख हुँदैन, तकलिफै हुन्छ । जुन पाप ग्रह केन्द्रका मालिक हुँदा हर्षले गर्दा आफ्नो पापी स्वभावलाई बिर्सने हुन्छ र शुभ फलै दिन्छ । त्यस कारण केन्द्रका मालिक पाप ग्रहले पापी भए तापनि अशुभ फल दिँदैन ।

त्रिकोणेश त्रिषडायेश केन्द्रेशमा बलविचार–

त्रिकोण त्रिषडायै र केन्द्रस्थान क्रमैसँग ।
बलवान् हुन्छ त्यो भन्दा अर्को त्यो उत्तरोत्तर[2] ॥

---

(१) न दिशन्ति शुभं नृणां सौम्याः केन्द्राधिपा यदि ।
क्रूराश्चेदशुभं ह्येते.................................. ॥७॥

(लघुपाराशरी शुभाशुभनिरूपणाध्याज)

भावेशग्रहाणां शुभाशुभसंख्या–
त्रिकोणभवनाधिपाः शुभफलास्तु सर्वे ग्रहा–
स्त्रिवैरिभवभावपाः खलफला निरुक्ता बुधैः ।
भवन्ति यदि केन्द्रपाः शुभखगा न शस्ता नृणा–
मतीव शुभदायकः खलखचारिणो जन्मनि ॥७१॥

(भावकुतूहल)

(२) त्रिषडायाधिपानां मध्ये तृतीयेशापेक्षया षष्ठेशस्य प्रबलत्वं तथा षष्ठेशापेक्षया लाभेशस्य प्रबलत्वम् । शुभानां शुभत्वे पापानां पापत्वे प्रबलत्वमिति च बोध्यम् । केन्द्रेशानां मध्ये लग्नेशापेक्षया चतुर्थेशः प्रबलः । चतुर्थेशापेक्षया सप्तमेशस्य सप्तमेशापेक्षया दशमेशस्य प्रबलत्वम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूर्य र चन्द्र बाहेक अरू ग्रह दुइटा राशिका मालिक छन् । त्यस कारण केन्द्र वा त्रिकोणका मालिक भएका मंगल आदि ग्रह अरू स्थानका पनि मालिक हुन्छन् ।

त्यस कारण त्रिकोणेश, त्रिषडायेश, केन्द्रेशमा त्रिकोणेशभन्दा त्रिषडायेश, त्रिषडायेश भन्दा केन्द्रेश बलवान् हुन्छ । यसमध्ये त्रिकोणेशमा पञ्चमेश भन्दा नवमेश बलवान् हुन्छ । त्रिषडायेशमा तृतीयेश भन्दा षष्ठेश, षष्ठेश भन्दा लाभेश बलवान् हुन्छ । केन्द्रेशमा लग्नेश भन्दा चतुर्थेश, चतुर्थेश भन्दा सप्तमेश, सप्तमेश भन्दा दशमेश बलवान् हुन्छ ।

यहाँ उत्तरोत्तर बलवान् हुन्छ भन्नाले सुल्टोबाट पनि हुनसक्छ तथा उल्टोबाट पनि हुन सक्छ । त्यस कारण पाप ग्रह मालिक हुँदा त्रिकोणेश भन्दा त्रिषडायेश, त्रिषडायेश भन्दा केन्द्रेश बलवान् हुन्छ । तथा शुभ ग्रह मालिक हुँदा चाहिँ केन्द्रश भन्दा त्रिषडायेश, त्रिषडायेश भन्दा त्रिकोणेश बलवान् हुन्छ ।

द्वितीयेश र द्वादशेश विचार–

द्वितीयद्वादशस्थानका हुने पतिले अनि ।
अर्काको संसर्गले र स्थानान्तरानुगुण्यले ॥
फल दिने तिनै हुन्छन् शुभ वा अशुभै पनि ।
भनी जान्नू फलादेश बारेमा इनको अनि[1] ॥

लग्नदेखि दोस्रो र बाह्रौं स्थानका मालिक माथि जस्तै दुई राशिका मालिक हुँदा विभिन्न फल दिने हुँदैनन् । तिनले अरूको साथमा रहँदा र अरू स्थानका पनि मालिक हुँदा त्यसैको अनुसारले फल दिन्छन् । द्वितीयेश र द्वादशेश जुन भावका मालिकसँग आफ्ना स्थानमा बसेका हुन्छन् त्यस भावको मालिकले शुभव वा अशुभ जस्तो फल दिन्छ द्वितीयेश र द्वादशेश पनि त्यस्तै फल दिने हुन्छन् । फेरि द्वितीयश र द्वादशेश अरू जुन भावमा र द्वादशेश पनि त्यस्तै फल दिने हुन्छन् । फेरि द्वितीयेश र द्वादशेश अरू जुन भाममा बसेका छन् र त्यस भावको मालिकले शुभ वा अशुभ जस्तो फल दिन्छ ।

शुभानां शुभत्वनिषेधे पापानां पापत्वनिषेधे प्रबलत्वमित्यपि बोध्यम् । अथवा त्रिकोणेशास्त्रिषडायपतयः केन्द्रेशाश्चोक्तास्तेषु त्रिकोणेशेभ्यस्त्रिष्डायपतीनां त्रिष्डायपतिभ्यः केन्द्रेशानां पापत्वेन शुभत्वेन च प्रबलत्बम् । यद्वा पापत्वेन प्रबलत्वं तु पूर्वोक्तप्रकारेणैव । केन्द्रेशेभ्यस्त्रिषडायपतीनां त्रिषडायाधिपतिभ्यस्त्रिकोणेशानां शुभत्वेन प्रबलत्वम् । इत्यपि प्रबला उत्तरोत्तरमित्यास्यार्थः सम्भवति । क्रमेणेत्क्रमेण वोत्तरोत्तरत्योभयत्रांक्षतत्वात् ।

(लघुपाराशरी शुभाशुभनिरूपणाध्याय ७ श्लोकको वितृत्तिव्याख्या टीका)

(१) लग्नाद् व्ययद्वितीयेशौ परेषां साहचार्यतः ।
स्थानान्तरानुगुण्येन भवतः फलदायकौ ॥८॥

(लघुपाराशरी शुभाशुभनिरूपणाध्याय)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वादशेश पनि त्यस्तै फल दिने हुन्छन् । यदि द्वितीयेश र द्वादशेश एक्लै द्वितीय र द्वादशस्थानमा छन् भने ता शुभ पनि दिँदैनन्, अशुभ पनि दिँदैनन्, सम हुन्छन् ।

यदि द्वितीयश र द्वादशेश अरू स्थानका पनि मालिक छन् भने अरू स्थान जुन भाव हुन्छ, त्यो भावको मालिकले शुभ वा अशुभ जस्तो फल दिन्छ, द्वितीयश र द्वादशेश त्यस्तै फल दिने हुन्छ । द्वितीयश र द्वादशेशको अरू धेरै सँग सम्बन्ध छ भने जुनसँग सम्बन्ध सब भन्दा बलियो हुन्छ, त्यही अनुसार द्वितीयश र द्वादशेश फल दिने हुन्छन् ।

अष्टमेश विचार–

भाग्यनाश भएकोले अष्टमस्थानका पति ।
पाप फल दिने हुन्छ यदि त्यो लग्नको पनि ॥
अधीश्वर भएदेखि दिन्छन् शुभ फलै पनि ।
लग्नस्थान अरू भन्दा ज्यादै शुभ हुँदा अनि[१] ॥

भाग्यस्थानको व्ययस्थान अष्टमस्थान हुनाले अष्टमस्थानको मालिकले शुभफल दिँदैन यदि अष्टमेश लग्नको पनि मालिक हुन्छ भने शुभफल दिन्छ । किन भने लग्नेशले अत्यन्त शुभ फल दिन्छ । त्यस्तै अष्टमेश त्रिकोणेश समेत हुन्छ भने पनि शुभ फल दिन्छ अथवा अष्टमेश अष्टमस्थान मै बसे पनि शुभ फल दिन्छ ।

द्वादशभावका मालिकहरूको शुभाशुभमा युक्ति–

ग्रहहरूमा शुभ ग्रहले शुभ फल र अशुभ ग्रहले अशुभ फल दिनु उनीहरूको स्वाभाविक हो ।[२]

---

(१) भाग्यव्ययाधिपत्वेन रन्ध्रेशो न शुभप्रदः ।
स एव शुभसन्धाता लग्नाधीशोऽपि चेत्स्वयम् ॥९॥

(लघुपाराशरी शुभाशुभनिरूपणाध्याय)

(२) अथ ग्रहाणां शुभत्वपापत्वरूपः स्वभावः सिद्धः । तेषां शुभानां पापानां धर्मस्य बुद्धेश्च स्वाम्ये शुभत्वमुचितमेवेत्यनेन त्रिकोणेशौ शुभावित्युवपन्नम् । स्वाम्याभावे तत्स्थानगते शुभानां शुभत्वं पापानां पापत्वं युक्तम् । पराक्रम, शत्रु, लाभस्वाम्ये पापानां पापकर्मावसरेण पापोत्कर्षः शुभानां तत्र स्वाभाविकशुभत्वेन स्वभावानुरोधेत्यनेन त्रिषडायेशा न शुभाः इत्यप्युपपन्नम् । स्वाम्याभावे तत्रस्थत्वे पापानां स्वातन्त्र्यस्वभावात् तत्स्थानसंयोगहर्षाच्छुभत्वं, शुभानां तत्र विचारावश्यन्तया पारतन्त्र्याच्छुभाल्पता । शरीरसुखजायाराज्याधिपत्ये सर्वेषां तन्मनस्कतया स्वभावो नस्यतीति तत्रोभयेषां स्वभावहानिः । शुभानां च तत्र स्वभावनाशात् पापत्वं पापानां च शुभत्वमेव । स्वाम्याभावे तत्रस्थितौ पापानां पापत्वं शुभानां चाशुभत्वमिति निर्विवदम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसमा पनि सबै ग्रह धर्मस्थान र बुद्धिस्थानको मालिक हुँदा शुभ फल दिने हुनाले त्रिकोणका मालिक शुभ भएका हुन् । मालिक नभएर त्यस स्थानमा बसेमा त्यस भावका निमित्त शुभ ग्रहले शुभै, अशुभ ग्रहले अशुभै फल दिन्छन् ।[1]

३, ६, ११ स्थानका मालिक हुँदा पापी ग्रहले पाप कर्म गर्नामा अवसर पाउने हुनाले अत्यन्त पाप फल दिने हुन्छ । शुभ ग्रह स्वाभाविक शुभ हुनाले त्यस स्थानका मालिक हुँदा आफ्नो स्वभावको रोकावट हुन्छ । त्यस कारण त्रिषडायेश अशुभ भएका हुन् । मालिक नभएर त्यस स्थानमा बसेमा पापीहरू स्वतन्त्र तथा हर्ष हुने हुनाले शुभ फल दिन्छन् । शुभ ग्रहहरू विचार गर्नुपर्ने तथा परतन्त्र हुनाले कम शुभ फल दिन्छन् ।

शरीर सुख जाया व्यवसायका मालिक हुँदा सबै ग्रह त्यस प्रति तल्लीन हुने हुँदा आफ्नो स्वभाव नाश हुन्छ । शुभ ग्रह त्यस स्थानका मालिक हुँदा अत्यन्त शुभ फल दिनामा तल्लीन हुने हुनाले स्वभाव नाश हुन्छ र पाप फल दिने हुन्छ । किन भने "अति सर्वत्र वर्जयेत्" भनेको पनि छ, ज्यादा हुँदा अमृत पनि विष हुन्छ । पाप ग्रह त्यस स्थानका मालिक हुँदा हर्षले स्वभाव नाश हुन्छ र शुभ फल दिने हुन्छ । मालिक नभएर त्यस स्थानमा बस्दा पाप ग्रहले पाप फल, शुभ ग्रहले शुभ फल दिन्छन् ।

व्ययस्थान र धनस्थानका मालिक हुँदा स्वभावको व्यवहार हुँदैन । त्यसले अरूको संसर्गबाट र स्थानान्तरानुगुण्यबाट फल दिने हुन्छ । त्यस कारण त्यहाँ शुभ पाप सबैको स्वभावनाश हुन्छ । मालिक नभएर त्यस स्थानमा बस्दा पापग्रहले पाप फल दिन्छ । शुभ ग्रहले धनस्थानमा बस्दा केही शुभ फल, व्यवस्थापनमा बस्दा केही अशुभ फल दिन्छ ।

सबै ग्रह लग्नको मालिक हुँदा अत्यन्त शुभ र अष्टमस्थानको मालिक हुँदा अत्यन्त पाप फल दिन्छन् । मालिक नभएर लग्नमा बस्दा शुभ ग्रहले शुभ फल र पाप ग्रहले पाप फल दिने हुन्छन् । मृत्युस्थानमा बस्दा चाहिँ सबै ग्रह पाप फल दिन्छन् ।

व्ययधनस्वाम्ये न स्वभावो व्यवहृयते किन्तु साहचर्ये स्थानान्तरानुगुण्यं वा तत्र प्रभवतीति लोकसिद्धं तेन तत्र शुभानां पापानां च स्वभावत्यागः । स्वाम्याभावे तत्र स्थितौ पापानां पापत्वेन तद्विनियोगाद्दुष्टं फलं, शुभानां धनस्थत्वे शुभत्वं सद्व्ययभयादल्पं, व्ययस्थत्वेऽतिव्ययभयात् किंचिदशुभत्वमेव । लग्नेशत्वे । परमशुभत्वमष्टमेशत्वे परमपापत्वं सर्वेषामिति मूलग्रन्थे तट्टीकायां चोक्तम् । स्वाम्याभावे देहस्थत्वे शुभानां शुभत्वं, पापानां पापत्वं स्फुटं । मृत्युस्थत्वे सर्वेषां पापत्वमिति चेति द्वादशभावस्वाम्यस्थित्योः शुभाशुभकल्पना ।

(लघुपाराशरी शुभाशुभनिरूपणाव्याय ९ श्लोकको विवृत्तिव्याख्या टीका ५४ पृष्ठ)

(१) तल दिइएका लज्जितादि अवस्थाशयनादि अवस्थाका ग्रहबाट भाव फल विचार गर्नु होस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राहु र केतुको फलविचार–

भावमा ती जहाँ बास राहु केतु भए तथा ।
भावैका लौ जहाँ स्वामी सँगसँगै भए पनि ॥
त्यही प्रकारले दिन्छन् शुभ वा अशुभै फल ।
भनी जान्नू यहाँ यस्तो बारेमा इनको अनि ॥[१]

राहु र केतु जुन भावको मालिक सँग बसेका हुन्छन् अथवा जुन भावमा बसेका हुन्छन्, त्यही अनुसार फल दिने हुन्छन् । त्यस्तै त्रिषडायस्थानमा भए पाप फल, त्रिकोणस्थानमा भए शुभ फल, व्यय द्वितीयं तथा केन्द्रस्थानमा भए सम फल, अष्टमस्थानमा भए अति पाप फल, लग्नमा भए शुभ फल दिन्छन् । यसै गरी शुभ ग्रह साथ भए शुभ फल, पापे ग्रह साथ पाए पाप फल, समभावका ग्रह साथ सम फल दिन्छन् । भाव र भावको मालिक मिल्दो भए प्रबल, रूपले फल दिन्छन्, नमिल्दो भए कम फल दिन्छन् ।

मारकस्थान–

अष्टमस्थान हो आयु त्यसैको अष्टमै पनि ।
दुवैदेखि व्यवस्थान मारकस्थान हुन्छ है ॥
दुवै व्ययस्थानमध्ये द्वितीयस्थान नै अति ।
बलियो मारकै हुन्छ भनी जान्नू यहाँ यति ॥[२]

लग्नदेखि अष्टम र अष्टमदेखि अष्टम अर्थात् तृतीयस्थान पनि आयुस्थान हुन्छन् । यी दुवै आयुस्थानको व्यवस्थान अर्थात् लग्नदेखि सप्तम र द्वितीयस्थान मारकस्थान हुन्छन् । यी दुई मारकस्थानमध्ये पहिलो भन्दा दोस्रो अर्थात् सप्तमस्थान भन्दा द्वितीयस्थान बलवान् हुन्छ ।

---

(१) यद्यद्भावगतौ वापि यद्यद्भावेशसंयुतौ ।
तत्तत्फलानि प्रबलौ प्रदिशेतां तमोग्रहौ ॥१३॥

(लघुपाराशरी शुभाशुभनिरूपणाध्याय)

(२) अष्टमं ह्यायुषः स्थानमष्टमादष्टमं च यत् ।
तयोरपि व्ययस्थानं मारकस्थानमुच्यते ॥२३॥
तत्राप्याद्यव्ययस्थानाद्द्वितीयं बलवत्तरम् ॥

(लघुपाराशरी आयुर्दाध्याय)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केन्द्राधिपत्यदोष –

केद्राधिपत्यदोषै ता बलियो गुरूशुक्रको ।
यदि मारक नै हुन्छ मारकस्थानमा भए ॥
बुध ग्रह तथा चन्द्र ग्रह हुन्छन् त्यसै गरी ।
अष्टमस्थानको दोष हुन्न है चन्द्र सूर्यको ॥[१]

केन्द्रको मालिक हुँदा अरू ग्रह भन्दा गुरू र शुक्र अधिक पापी हुन्छन् । त्यसमध्ये मारकस्थानका मालिक हुँदा त प्रबल मारक समेत हुन्छन् । यी दुई ग्रह भन्दा केही कम केन्द्रेश बुध ग्रह पापी हुन्छ । केन्द्रेश बुध भन्दा केही कम केन्द्रेश चन्द्र ग्रह पापी हुन्छ । अष्टमेश हुँदाको प्रबल दोष चन्द्र र सूर्यमा हुँदैन । किन भने चन्द्र र सूर्य एउटा एउटा राशिका मात्रै मालिक छन् । त्यस कारण अष्टमेश भइकन फेरि त्रिकोणेश हुन सक्तैनन् ।

दशाभेद –

दशा अन्तर्दशा त्यस्तै प्रत्यन्तरदशा अनि ।
विदशा र सूक्ष्मभुक्ति पाँच छन् भेद नै पनि ॥[२]

ग्रहहरू आफ्नो दशावर्षमा आफैदेखि क्रमैले सबै ग्रह दामासाहीले भोग गर्दछन् । यसलाई अन्तर्दशा भन्दछन् । अन्तर्दशाका प्राप्त वर्षमा पनि ग्रहहरू आफैदेखि क्रमैले सबै ग्रह दामासाहीले भोग गर्दछन् । यसलाई प्रत्यन्तरदशा भन्दछन् । यसै गरी विदशा र सूक्ष्मभुक्तिदशा हुन्छन् । यसरी पाँच प्रकारका दशाभेद छन् ।

---

(१) केन्द्राधिपत्यदोषस्तु बलवान् गुरूशुक्रयो : ।
मारकत्वेपि च तयोर्मारकस्थानसंस्थितिः ॥१०॥
बुधस्तदनु चन्द्रोपि भवेत्तदनु तद्विधः ।
नरन्ध्रेशत्वदोषस्तु सूर्याचन्द्रमसोर्भवेत् ॥११॥
(लघुपाराशरी शुभाशुभनिरूपणाध्याय)

(२) दशा चान्तर्दशा चैव प्रत्यन्तरदशा तथा ।
सूक्ष्मभुक्ति*: प्राणदशाप्येवं पंच दशाः स्मृताः ॥
(लघुपाराशरी आयुर्दाध्याय २८ श्लोकको विवृत्ति व्याख्या टीका १०४ पृष्ठ)

---

*भएको सूक्ष्ममुक्ति, हुनुपर्ने सूक्ष्मभुक्तिः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दफाफलसमय –

दिन्नन् सबै ग्रह आफ्नो दशामा स्वदशान्तर ।
हुँदामा फलको सार आत्मभावानुरूपले ॥
आत्मसम्बन्ध छन् जो जो, जो जो निजसमान छन् ।
त्यही अन्तर्दशामा नै दिन्छन् आफ्नो दशाफल ॥[१]

जुनसुकै ग्रहले पनि आफ्नो दशामा आफ्नै अन्तर्दशामा शुभाशुभ फल दिदैन, जो आफ्नो संबन्ध छ अथवा जो आफू समान छ उसैको अन्तर्दशामा आफ्नो दशाको फल दिन्छ । जो ग्रह आफू दशामालिक छ र त्यस दशाको अवधिभित्र दामासाहिले भाग गर्ने ग्रहहरूमा जुन ग्रह आफ्नो संबन्ध वा आफू समान छ त्यस ग्रहले भोग गर्दा अर्थात् त्यसैको अन्तर्दशामा सो ग्रहले आफ्नो शुभाशुभ फल दिन्छ । त्रिकोणेश-त्रिकोणेश तथा त्रिषडायेश-त्रिषडायेश र केन्द्रेश-केन्द्रेश समान जाति छन् ।

ग्रहहरूको दशा अन्तर्दशामा दीप्तादि अथवा तथा लज्जितादि अवस्था अनुसार ग्रहले विशेष प्रकारले फल दिन्छन् । किन भने ग्रह शुभ वा शुभस्थानकै मालिक भए तापनि सो ग्रहको अवस्था खराब छ भने त्यसले शुभ फल दिन सक्तैन 'आफू त महादेव उत्तान्तान् त्यसले के देला वरदान' भन्ने उखानै छ । त्यसैले झन् उल्टो खराब फल दिन्छ, पाप ग्रह वा अशुभस्थानका मालिक भएमा ता के चाहियो अत्यन्तै खराब फल दिन्छ ।

संबन्ध –

पहिलो स्थानसंबन्ध दोस्रो दृष्टि भए अनि ।
तेस्रो ता एकको दृष्टि चतुर्थ संसर्ग नै पनि ॥[२]

ग्रहहरूको संबन्ध चार प्रकारका छन् । परस्पर ऊ उसको, ऊ उसको राशिमा बसेमा

---

(१) न दिशेयुर्ग्रहाः सर्वे स्वदशासु स्वभुक्तिषु ।
शुभाशुभफलं नृणामात्मभावानुरूपतः ॥२९॥
आत्मसम्बधिनो ये च ये वा निजसधर्मिणः ।
तेषामन्तर्दशास्वेव दिशन्ति स्वदशाफलम् ॥३०॥
(लघुपाराशरी दशाफलाध्याय)

(२) प्रथमः स्थानसम्बन्धी दृष्टिजस्तु द्वितीयकः ।
तृतीयस्त्वेकतो दृष्टिः स्थित्येकत्र चतुर्थकः ॥
(लघुपाराशरी योगाध्याय १४ श्लोकको विवृत्तिव्याख्या टीका ६४ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो पहिलो स्थानसम्बन्ध भयो । उसले जसलाई, उसले उसलाई परस्पर देखेमा यो दोस्रो दृष्टिसंबन्ध भयो । दुइटामा एउटाले मात्र देखेमा यो तेस्रो एकदृष्टि संबन्ध भयो । कुनैराशिमा दुबै एकै ठाउँमा सँगसँगै बसेमा यो चौथो संसर्ग संबन्ध भयो । चार प्रकारको संबन्धमध्ये चतुर्थ संबन्ध सबभन्दा बलवान् छ । जस्तै–

मेष लग्न हुँदा सिंह राशिमा र कर्कट राशिमा सूर्य बस्दा चतुर्थेश र पञ्चमेशको परस्पर स्थानसम्बन्ध भयो (१) । वृष लग्न हुँदा सप्तमेश मंगल मिथुनमा र नवमेश शनि कन्यामा बस्दा सप्तमेश र नवमेशको परस्पर दृष्टिसंबन्ध भयो । किन भने ती दुवै परस्परमा उसले उसलाई, उसले उसलाई पूर्ण दृष्टिले देख्तछन् (२) । मिथुन लग्न हुँदा शुक्र धनु राशिमा र बृहस्पति मेष राशिमा बस्दा पञ्चमेश र दशमेशको एक दृष्टि संबन्ध भयो । यहाँ बृहस्पतिले शुक्रलाई पूर्ण दृष्टिले देख्तछ, शुक्रले चाहिं बृहस्पतिलाई पूर्ण दृष्टिले देख्तैन (३) । कर्कट लग्न हुँदा मंगल र बृहस्पति कुनै राशिमा सँगसँगै बसेमा नवमेश र दशमेशको संसर्गसम्बन्ध भयो (४) ।

योगकारकसंबन्ध –

केन्द्रत्रिकोणका स्वामी संबन्धैले परस्पर ।
अरूको संपर्क छैन भने दिन्छन् फलाधिक ॥[1]

केन्द्रेश र त्रिकोणेशमा परस्पर संबन्ध भएमा योगकारक हुन्छ । यदि उनको संबन्ध त्रिषडायेश सँग छैन भने विशेष योगकारक अर्थात् शुभफल दिने हुन्छ ।

केन्द्रत्रिकोणका स्वामी दोषयुक्त भए पनि ।
संबन्धमात्रले हुन्छ बलवान् योगकारक ॥[2]

केन्द्रेश र त्रिकोणेशमा दुवै अथवा दुइमा एउटा स्वयं दोषयुक्त अर्थात् त्रिषडायेश भए पनि बलियो सम्बन्धले बलवान् योगकारक हुन्छ ।

योगकारकसंबन्धमध्ये धर्म र कर्मको ।
संबन्ध बलियो हुन्छ विशेषफलदायक ॥[3]

---

(१) केन्द्रत्रिकोणपतयः सम्बन्धेन परस्परम् ।
इतरैरप्रसक्ताश्चेद्विशेषफलदायकाः ॥१४ ॥

(२) केन्द्रत्रिकोणनेतारौ दोषयुक्तावपि स्वयम् ।
सम्बन्धमात्राबलिनौ भवेतां योगकारकौ ॥१५॥

(३) निवसेतां व्यत्ययेन तावुभौ धर्मकर्मणोः ।
एकत्रान्यतरो वापि वसेच्चेद्योगकारकौ ॥१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केन्द्रेश र त्रिकोणेशको योगकारक संबन्धहरूमध्येमा धर्मेश र कर्मेशको संबन्ध प्रबल योगकारक हुन्छ ।

योगकारकको साथ यदि संबन्ध भो भने ।
दिन्छन् फल योगको भैँ पापी ग्रहहरू पनि ॥[1]

योगकारक ग्रहसँग संबन्ध हुँदा पापी ग्रह अर्थात् त्रिषडायेश पनि आफ्नो दशामा शुभ ग्रहको अन्तर्दशामा शुभ फल दिन्छन् ।

धर्मका कर्मका स्वामी मृत्युको लाभको पनि ।
स्वामी यदि भए त्यो ता संबन्ध योग हुन्न है ॥[2]

यदि धर्मेश अष्टमेश पनि भए, अथवा कर्मेश लाभेश पनि भए उनको संबन्ध योगकारक हुँदैन ।

केन्द्रमा वा त्रिकोणैमा बसेका राहु केतुको ।
केन्द्रत्रिकोणका स्वामी सँग संबन्ध भो भने ॥
राहु केतु तथा बन्छन् विशेषयोगकारक ।
भनी राम्रो गरी जान्नू संबन्ध योगकारक ॥[3]

यदि राहु केन्द्रमा भयी त्रिकोणेशको साथमा छन् भने अथवा त्रिकोणमा भयी केन्द्रेशको साथमा छन् भने योगकारक हुन्छन् । यदि दुवै सँग संबन्ध छ भने ता प्रबल योगकारक पनि हुन्छन् ।

---

(१) योगकारकसंबन्धात् पापिनोऽपि ग्रहाः स्वतः ।
तत्तद्भुक्त्यनुसारेण दिशेयुर्योगजं फलम् ॥१९॥

(२) धर्मकर्माधिनेतारौ रंध्रलाभाधिपौ यदि ।
तयोः सम्बन्धमात्रेण न योगं लभते नरः ॥२२॥

(३) यदि केन्द्रे त्रिकोणे वा निवसेतां तमोग्रहौ ।
नाथेनान्यतरेणापि सम्बन्धाद्योगकारकौ ॥

(लघुपाराशरी योगाध्याय)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पापी दशाफल विचार –

पाप ग्रह अर्थात् त्रिषडायेशको दशामा त्यस संग संबन्ध नभएको शुभ ग्रह अर्थात् केन्द्रेश वा त्रिकोणेशको अन्तर्दशामा पाप फल दिने हुन्छ ।[1]

पाप ग्रहको दशामा त्यस सँग संबन्ध भएको शुभ ग्रहको अन्तर्दशामा मिश्रफल अर्थात् पाप पनि शुभ पनि फल दिने हुन्छ ।

पाप ग्रहको दशामा त्यस सँग संबन्ध नभएको योगकारक ग्रहको अन्तर्दशामा अत्यन्त पाप फल दिने हुन्छ । यदि योगकारक ग्रहको दशामा उससँगको संबन्धी योगकारक ग्रहको अन्तर्दशामा ती दुवै सँग संबन्ध नभएको शुभ ग्रहको अत्यन्तरदशामा भने योगकारक फल हुन्छ ।

मारकविचार –

जुन ग्रह मारकस्थानको मालिक हुन्छ त्यो ग्रह मारकेश हुन्छ । मारकेशको दशामा मारकस्थानमा बस्ने ग्रहको अन्तर्दशामा यदि आयुको समाप्ति छ अथवा आयुको अन्तिम चरणमा पुगेको छ भने मानिसको मृत्यु हुने हुन्छ । अथवा मारकेशसँग बस्ने त्रिषडायेशको अन्तर्दशामा पनि मानिसको मृत्यु हुने हुन्छ ।[2]

---

(१) पापाः यदि दशानाथा : शुभानां तदसंयुजाम् ।
भुक्तयः पापफलदास्तत्संयुक्शुभुक्तयः ॥३७॥
भवन्ति मिश्रफलदा भुक्तयो योगकारिणाम् ।
अत्यन्तपापफलदा भवन्ति तदसंयुजाम् ॥३८॥

(लघुपाराशरी मिश्रकाध्याय)

दशास्वपि भवेद्योगः प्रायशो योगकारिणोः ।
दशाद्वयीमध्यगतस्तदयुक्शुभकारिणाम् ॥८॥

(लघुपाराशरी योगाध्याय)

(२) तदीशितुस्तत्र गताः पापिनस्तेन संयुता : ।
तेषां दशाविपाकेषु सम्भवे निधनं नृणाम् ॥२४॥
सम्भवे सति आयुषः समाप्तौ नृणां निधनं स्यात् । अत्र सम्भवे– इति कथनात्सम्भवाभावे तद्दशाविपाके न मरणं न मरणं स्यादित्यनुमीयते ।

(लघुपाराशरी आयुर्दाध्याय २४ श्लोकको विवृत्तिव्याख्या ढीका)

तेषामसंभवे साक्षाद्वययाधीशदशास्वपि ।
अलाभे पुनरेतेषां सम्बन्धेन व्ययेशितुः ॥२५॥
कचिच्छुभानां च दशा ह्यष्टमेशदशासु च ।
केवलानां च पापानां दशासु निधनं क्वचित् ॥२७॥
आयान्त्यपौ खपश्चैव चन्द्रार्क्रान्तगृहाधिपः ।
जातके मारकाः प्रोक्ताः कालविम्दिर्मनीषिभिः ॥

(लघुपाराशरी विवृत्तिव्याख्या टीका)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसको संभव नभएमा व्ययेशको दशामा मारकस्थानमा बस्ने ग्रहको अन्तर्दशामा अथवा मारकेशसँग बस्ने त्रिषडायेशको अन्तर्दशामा पनि मानिसको मृत्यु हुने हुन्छ ।

यसको पनि संभव नभएमा व्ययेशसँग सम्बन्ध भएको शुभ ग्रहकै दशामा त्रिषडायेशको अन्तर्दशामा अथवा अष्टमेशको दशामा त्रिषडायेशको अन्तर्दशामा पनि मानिसको मृत्यु हुने हुन्छ ।

यसको पनि संभव नभएमा त्रिषडायेशको दशा र अन्तर्दशामा मारकेशसँग संबन्ध नभए तापनि मानिसको मृत्यु हुने हुन्छ । १०, ११, १२ स्थानका मालिक र चन्द्रमा बसेको राशिको मालिक पनि मारक हुन्छ भनी बताएको छ ।

मारकमा शनिको विशेषता –

पाप ग्रह तथा मारकेश ग्रहसँग शनिको संबन्ध छ भने शनि सबै मारक भन्दा मारक हुन्छ ।[1] त्यस कारण यसको दशा र अन्तर्दशामा मानिस बाँच्नु गाह्रो हुन्छ ।

राजयोग विचार –

त्रिकोणेश अर्थात् नबमेश र पञ्चमेशमा जुनसुकै एउटा बलवान् केन्द्रेशसँगको अर्थात् दशमेशको संबन्ध छ भने राजयोग हुन्छ । यदि राजयोगकारक ग्रह स्वगृह उच्च मूलत्रिकोणमा भए प्रबल राजयोग हुन्छ ।[2]

अत्र प्रथममुड्डुदायप्रदीप इत्यस्य ग्रन्थस्य नाम्ना नक्षत्रदशाप्रकारेणैवायुर्विचारस्य बोधितत्वादल्पाद्यायुकल्पनं न युक्तियुक्तम् ।

(लघुपाराशरी आयुर्दाध्याय २४ श्लोकको विवृत्तिव्याख्या टीका ९९ पृष्ठ)

(१) मारकैः सह सम्बन्धान्निहन्ता पापकृच्छनिः ।
अतिक्रम्येतरान् सर्वान् भवत्येव न संशयः ॥२८॥

(लघुपाराशरी आयुर्दाध्याय)

(२) त्रिकोणाधिपयोर्मध्ये सम्बन्धो येन केनचित् ।
केन्द्रनाथस्य बलिनो भवेद्यदि सुयोगकृत् ॥२७॥

(लघुपाराशरी योगाध्याय)

अथानुक्तत्वादपि स्वोच्चस्वर्क्षमूलत्रिकोणास्ववर्गगतत्वादिबलानि च योगस्योत्तमता मूलानीत्यत्राप्यूहनीयम्

(विवृत्तिव्याख्या टीका ७२ पृष्ठ)

केन्द्रत्रिकोणाधिपयोरेकत्वे योगकारकौ ।
अन्यत्रिकोणपतिना सम्बन्धो यदि किं परम् ॥२०॥

(लघुपाराशरी योगाध्याय)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केन्द्रेश र त्रिकोणेश एउटै छ अर्थात् दुवैको मालिक एउटै छ र अर्को त्रिकोणेशसँग संबन्ध छ भने प्रबल राजयोग हुन्छ ।

लग्नको मालिक कर्मस्थानमा र कर्मस्थानको मालिक लग्नमा बसेमा पनि प्रबल राजयोग हुन्छ ।

धर्मस्थानको मालिक कर्मस्थानमा र कर्मस्थानको मालिक धर्मस्थानमा बसेमा पनि प्रबल राजयोग हुन्छ ।

यहाँ नवम र पञ्चम स्थान संपत्तिस्थान, दशम र चतुर्थ स्थान सुखस्थान, द्वितीय र सप्तम स्थान मारकस्थान, षष्ठ अष्टम व्यय स्थान अशुभ अर्थात् अरिष्ठस्थान, प्रथम तृतीय एकादश स्थान समस्थान जान्नुपर्छ । यो पाराशरशास्त्रानुसार शुभाशुभ विचार गर्ने तरिका हो ।

भुक्तभोग्यदशा –

नक्षत्रको जति घडी भोग छ त्यति घडीलाई भभोग भन्दछन् । मानिस जन्मँदा नक्षत्रको जति घड़ी बितिसकेको हुन्छ त्यति घडीलाई भयात भन्दछन् । नक्षत्रले पाएको दशावर्षलाई भयातले गुनी भभोगले भाग लिनू आएको वर्षादि लब्धि भुक्त दशावर्ष हुन्छ । दशाको अधिकारप्राप्त वर्षमा भुक्त दशावर्ष घटाई बाँकी रहेको वर्षादि आफ्नो भोग्य दशावर्ष हुन्छ ।[१] भोग्य दशावर्षमा अरू ग्रहका दशावर्ष जोड्दै जानू प्रत्येक दशाका भोग्य दशा हुन्छन् । नक्षत्रका चार पाउ हुन्छन् । प्रत्येक पाउका भुक्त वर्षादि निम्नलिखित चक्रमा दिइएको छ । नक्षत्रको पादभुक्त अडकल गर्नुपर्छ ।

लग्नकर्माधिनेतारावन्योन्याश्रयसंस्थितौ ।
राजयोगाविति प्रोक्तौ विख्यातो विजयी भवेत् ॥४१॥
धर्मकर्माधिनेनारावन्योन्याश्रयसंस्थितौ ।
राजयोगाविति प्रोक्तौ विख्यातो विजयी भवेत् ॥४२॥

(लघुपाराशरी मिश्रकाध्याय)

अथा ऽस्मिन्ग्रन्थे पंचमनवमयोः धनसंज्ञा । दशमचतुर्थयोः सुखसंज्ञा । द्वितीयसप्तमयोर्मारकस्थानसंज्ञा । षडष्टव्यया नेष्टस्थानानि । प्रथमतृतीयैकादशानि समस्थानानि बोद्धव्यानीति ।

(लघुपाराशरी मारकाध्याय २८ श्लोकको विवृत्तिव्याख्या टीका १०९ पृष्ठ)

(१) गतर्क्षघटिका खाङ्गशुद्धा स्वेष्टघटीयुता ।
भयातं स्याद्भभोगस्तु निजर्क्षघटिकायुता ॥५॥
भयातमानेन हता दशाब्दा भभोगमानेन हृताः फलं स्यात् ।
समादिकं भुक्तमनेन हीना दशामितिर्भोग्यमितिः स्फुटा स्यात् ॥
तत प्रभृत्येव दशाफलानि प्रकल्पनीयानि बुधैर्ग्रहाणाम् ॥६५ ॥

(विन्ध्येश्वरीप्रसादको जन्मपत्रदीपक)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दशाभुक्तचक्र

ग्रह		सूर्य	चन्द्र	भौम	राहु	गुरू	शनि	बुध	केतु	शुक्र
दशावर्ष		६	१०	७	१८	१६	१९	१७	७	२०
१ पाउ भुक्त	व	१	२	१	४	४	४	४	१	५
	म	६	६	९	६	०	९	३	९	०
२ पाउ भुक्त	व	३	५	३	९	८	९	८	३	१०
	म	०	०	६	०	०	६	६	६	०
३ पाउ भुक्त	व	४	७	५	१३	१३	१४	१२	५	१५
	म	६	६	३	६	६	३	९	३	०

उदाहरण – कृत्तिकाको दोस्रो पाउमा जन्मेको मानिसको कुन दशाको कति भोग्य वर्ष हुन्छ । यहाँ कृत्तिकाको दशामालिक सूर्य हुन्छ । सूर्यको प्राप्त दशा ६ वर्ष हो । कृत्तिकाको पहिलो पाउको भुक्त १ वर्ष ६ महिनालाई आफ्नो प्राप्त दशा ६ वर्षमा घटाउँदा बाँकी ४ वर्ष ६ महिना सूर्यको भोग्य भयो । यस्तै गरी सबै ठाउँमा जान्नू ।

दशावर्षयोगचक्र

ग्रह	आ	चं.	भौ	रा	बृ	श	बु	के	शु
दशावर्षयोग	(६)	१६	२३	४१	५७	७६	९३	१००	१२०
	*१२०	(१०)	१७	३५	५१	७०	८७	९४	११४
	११०	१२०	(७)	२५	४१	६०	७७	८४	१०४
	१०३	११३	१२०	(१८)	३४	५३	७०	७७	९७
	८५	९५	१०२	१२०	(१६)	३५	५२	५९	७९
	६९	७९	८६	१०४	१२०	(१९)	३६	४३	६३
	५०	६०	६७	८५	१०१	१२०	(१७)	२४	४४
	३३	४३	५०	६८	८४	१०३	१२०	(७)	२७
	२६	३६	४३	६१	७७	९६	११३	१२०	(२०)

विशेषः भुक्तभोग्यानयने सूत्रम् – (१) $\frac{\text{मूलदशावर्षम् X भयातम्}}{\text{भभोगः}}$ = भुक्तदशावर्षादि

(२) मूलदशावर्षादि– भुक्तवर्षादि = भोग्यवर्षादि

भयातनाडी निहतादशाब्दैर्भभोगनाड्या विहृतं फलं तत् । वर्षादिकं भुक्तमिहप्रवीणै र्भोग्यं दशाब्दान्तरितं निरूक्तम् ॥

प्रतिपादं भुक्तवर्षादिकम्= $\frac{\text{ग्रहस्यमूलदशावर्षम् X पादसंख्या}}{\text{४}}$

*भएको– १०२, हुनुपर्ने– १२०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूर्यको दशामा जन्मेको मानिस शुक्रको दशामा पुग्दा १२० वर्ष हुन्छ । चन्द्रको दशामा जन्मेको मानिस सूर्यको दशामा पुग्दा १२० वर्ष हुन्छ । उवं रीतले सबै दशाबाट जान्नू । यी प्रत्येक दशावर्षयोगमा आफ्नो भुक्त वर्ष घटाउनू, प्रत्येक दशाका भोग्य वर्ष हुन्छन् ।

उदाहरण–कृत्तिकाको दोस्रो पाउमा जन्मेको मानिसको सूर्यादि दशाका भोग्यवर्ष लेख ।

दशा	सू	चं	भौ	रा	वृ	श	बु	के	शु
वर्ष	४	१४	२१	३९	५५	७४	९१	९८	११८
मास	६	६	६	६	६	६	६	६	६

यस्तै गरी अन्यत्र पनि जान्नू । प्राप्त दशावर्षमा सबै दशाले क्रमैसँग भोग गर्दा अन्तर्दशा हुन्छन् । अन्तर्दशाका वर्षयोग तल चक्रमा दिइएको छ । यसै गरी अन्तर्दशामा सबै दशाले भोग गर्दा प्रत्यन्तरदशा हुन्छ । यस किसिमले दशा ५ प्रकार१ले विभाजित हुन्छ । यस प्रकार क्रमैले दशा, अन्तर्दशा, प्रत्यन्तरदशा, सूक्ष्मदशा, प्राणदशा हुन्छन् । प्रत्यन्तरदशावर्ष*योगचक्र परिशिष्टमा दिइएको छ ।

अन्तर्दशावर्षयोगचक्र

सूर्यको दशामा अन्तर्दशा

ग्रह	आ	चं.	भौ	रा	वृ	श	बु	के	शु
वर्ष	०	०	१	२	२	३	४	५	६
मास	३	९	१	०	१०	९	७	०	०
दिन	१८	१८	२४	१८	६	१८	२४	०	०

चन्द्रको दशामा अन्तर्दशा

ग्रह	चं	भौ	रा	वृ	श	बु	के	शु	आ
वर्ष	०	१	२	४	५	७	७	९	१०
मास	१०	५	११	३	१०	३	१०	६	०
दिन	०	०	०	०	०	०	०	०	०

(१) माथि गएको दशाभेदको टिप्पणी हेर्नुहोस् ।

*भएको– दशार्षव, हुनुपर्ने– दशावर्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दशाभुक्तचक्र

ग्रह		सूर्य	चन्द्र	भौम	राहु	गुरू	शनि	बुध	केतु	शुक्र
दशावर्ष		६	१०	७	१८	१६	१९	१७	७	२०
१ पाउ भुक्त	व	१	२	१	४	४	४	४	१	५
	म	६	६	९	६	०	९	३	९	०
२ पाउ भुक्त	व	३	५	३	९	८	९	८	३	१०
	म	०	०	६	०	०	६	६	६	०
३ पाउ भुक्त	व	४	७	५	१३	१३	१४	१२	५	१५
	म	६	६	३	६	६	३	९	३	०

उदाहरण – कृत्तिकाको दोस्रो पाउमा जन्मेको मानिसको कुन दशाको कति भोग्य वर्ष हुन्छ । यहाँ कृत्तिकाको दशामालिक सूर्य हुन्छ । सूर्यको प्राप्त दशा ६ वर्ष हो । कृत्तिकाको पहिलो पाउको भुक्त १ वर्ष ६ महिनालाई आफ्नो प्राप्त दशा ६ वर्षमा घटाउँदा बाँकी ४ वर्ष ६ महिना सूर्यको भोग्य भयो । यस्तै गरी सबै ठाउँमा जान्नू ।

दशावर्षयोगचक्र

ग्रह	आ	चं.	भौ	रा	बृ	श	बु	के	शु
दशावर्षयोग	(६)	१६	२३	४१	५७	७६	९३	१००	१२०
	*१२०	(१०)	१७	३५	५१	७०	८७	९४	११४
	११०	१२०	(७)	२५	४१	६०	७७	८४	१०४
	१०३	११३	१२०	(१८)	३४	५३	७०	७७	९७
	८५	९५	१०२	१२०	(१६)	३५	५२	५९	७९
	६९	७९	८६	१०४	१२०	(१९)	३६	४३	६३
	५०	६०	६७	८५	१०१	१२०	(१७)	२४	४४
	३३	४३	५०	६८	८४	१०३	१२०	(७)	२७
	२६	३६	४३	६१	७७	९६	११३	१२०	(२०)

विशेषः भुक्तभोग्यानयने सूत्रम् – (१) $\frac{\text{मूलदशावर्षम् X भयातम्}}{\text{भभोगः}}$ = भुक्तदशावर्षादि

(२) मूलदशावर्षादि– भुक्तवर्षादि = भोग्यवर्षादि

भयातनाडी निहतादशाब्दैर्भभोगनाड्या विहृतं फलं तत् । वर्षादिकं भुक्तमिहप्रवीणै र्भोग्यं दशाब्दान्तरितं निरूक्तम् ॥

प्रतिपादं भुक्तवर्षादिकम्= $\frac{\text{ग्रहस्यमूलदशावर्षम् X पादसंख्या}}{४}$

*भएको– १०२, हुनुपर्ने– १२०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूर्यको दशामा जन्मेको मानिस शुक्रको दशामा पुग्दा १२० वर्ष हुन्छ । चन्द्रको दशामा जन्मेको मानिस सूर्यको दशामा पुग्दा १२० वर्ष हुन्छ । उवं रीतले सबै दशाबाट जान्नू । यी प्रत्येक दशावर्षयोगमा आफ्नो भुक्त वर्ष घटाउनू, प्रत्येक दशाका भोग्य वर्ष हुन्छन् ।

उदाहरण—कृत्तिकाको दोस्रो पाउमा जन्मेको मानिसको सूर्यादि दशाका भोग्यवर्ष लेख ।

दशा	सू	चं	भौ	रा	वृ	श	बु	के	शु
वर्ष	४	१४	२१	३९	५५	७४	९१	९८	११८
मास	६	६	६	६	६	६	६	६	६

यस्तै गरी अन्यत्र पनि जान्नू । प्राप्त दशावर्षमा सबै दशाले क्रमैसँग भोग गर्दा अन्तर्दशा हुन्छन् । अन्तर्दशाका वर्षयोग तल चक्रमा दिइएको छ । यसै गरी अन्तर्दशामा सबै दशाले भोग गर्दा प्रत्यन्तरदशा हुन्छ । यस किसिमले दशा ५ प्रकार१ले विभाजित हुन्छ । यस प्रकार क्रमैले दशा, अन्तर्दशा, प्रत्यन्तरदशा, सूक्ष्मदशा, प्राणदशा हुन्छन् । प्रत्यन्तरदशावर्ष*योगचक्र परिशिष्टमा दिइएको छ ।

अन्तर्दशावर्षयोगचक्र

सूर्यको दशामा अन्तर्दशा

ग्रह	आ	चं.	भौ	रा	वृ	श	बु	के	शु
वर्ष	०	०	१	२	२	३	४	५	६
मास	३	९	१	०	१०	९	७	०	०
दिन	१८	१८	२४	१८	६	१८	२४	०	०

चन्द्रको दशामा अन्तर्दशा

ग्रह	चं	भौ	रा	वृ	श	बु	के	शु	आ
वर्ष	०	१	२	४	५	७	७	९	१०
मास	१०	५	११	३	१०	३	१०	६	०
दिन	०	०	०	०	०	०	०	०	०

(१) माथि गएको दशाभेदको टिप्पणी हेर्नुहोस् ।

*भएको– दशार्षव, हुनुपर्ने– दशावर्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भौमको दशामा अन्तर्दशा

ग्रह	भौ	रा	बृ	श	बु	के	शु	आ	चं
वर्ष	०	१	२	३	४	४	६	६	७
मास	४	५	४	६	५	१०	०	५	०
दिन	२७	१५	२१	०	२७	२४	२४	०	०

राहुको दशामा अन्तर्दशा

ग्रह	रा	वृ	श	बु	के	शु	आ	चं	भौ
वर्ष	२	५	७	१०	११	१४	१५	१६	१८
मास	८	१	११	६	६	६	५	११	०
दिन	१२	६	१२	०	१८	१८	१२	१२	०

बृहस्पतिको दशामा अन्तर्दशा

ग्रह	बृ	श	बु	के	शु	आ	चं.	भौ	रा
वर्ष	२	४	६	७	१०	११	१२	१३	१६
मास	१	८	११	१०	६	४	८	७	०
दिन	१८	०	६	१२	१२	२	०	६	०

शनिको दशामा अन्तर्दशा

ग्रह	श	बु	के	शु	आ	चं.	भौ	रा	वृ.
वर्ष	३	५	६	९	१०	१२	१३	१६	१९
मास	०	८	९	११	११	६	७	५	०
दिन	३	१२	२१	२१	३	३	१२	१८	०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुधको दशामा अन्तर्दशा

ग्रह	बु	के	शु	आ	चं	भौ	रा	वृ	श
वर्ष	२	३	६	७	८	९	१२	१४	१७
मास	४	४	२	१	६	५	०	३	०
दिन	२७	२४	२४	०	०	२७	१५	२१	०

केतुको दशामा अन्तर्दशा

ग्रह	के	शु	आ	चं	भौ	रा	वृ	श	बु
वर्ष	०	१	१	२	२	३	४	६	७
मास	४	६	११	६	११	११	१०	०	०
दिन	२७	२७	३	३	०	१८	२४	३	०

शुक्रको दशामा अन्तर्दशा

ग्रह	शु	आ	चं.	भौ	रा	वृ	श	बु	के
वर्ष	३	४	६	७	१०	१२	१६	१८	२०
मास	४	४	०	२	२	१०	०	१०	०
दिन	०	०	०	०	०	०	०	०	०

उदाहरण –

कृत्तिकाको दोस्रो पाउमा जन्मेको मानिसको सूर्यको भुक्त दशावर्ष १ वर्ष ६ महिनालाई सूर्यको दशामा अन्तर्दशा दिइएको चक्रमा राहुको अन्तर्दशा वर्ष २।०।१८ मा घटाउँदा ० वर्ष ६ महिना १८ दिन भयो । यो सूर्यको दशामा राहुको भोग्य अन्तर्दशा भयो । यसै गरी बृहस्पति शनि बुध केतु शुक्रका अन्तर्दशावर्षमा भुक्त वर्ष घटाउँदा सूर्यको दशामा अन्तर्दशा यस प्रकारका भए । जस्तै–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूर्यको दशामा अन्तर्दशा

दशा	आ	चं	भौ	रा	वृ	श	बु	के	शु
वर्ष	०	०	०	०	१	२	३	३	४
मास	०	०	०	६	४	३	१	६	६
दिन	०	०	०	१८	६	१८	२४	०	०

सूर्यको भोग्य दशावर्ष ४।६ मा चन्द्रमाको दशामा दिइएका अन्तर्दशाचक्रमा रहेका अन्तर्दशाका वर्षहरू *अलग अलग जोड्दै जानू चन्द्रमाको दशमा अन्तर्दशाहरू हुन्छन् । जस्तै–

चन्द्रमाको दशामा अन्तर्दशा

दशा	चं.	भौ	रा	वृ	श	बु	के	शु	आ
वर्ष	५	५	७	८	१०	११	१२	१४	१४
मास	४	११	५	९	४	९	४	०	६
दिन	०	०	०	०	०	०	०	०	०

एवं रीतले चन्द्रमाको भोग्य दशावर्षमा भौमको दशाको अन्तर्दशावर्षहरू जोड्दा भौमको दशामा अन्तर्दशाहरू हुन्छन् । यसै गरी सबै ठाउँमा गर्नु आफूलाई चाहिएको भोग्य अन्तर्दशा हुन्छ । उपर्युक्त दशा अन्तर्दशाका वर्ष आफ्नो उमेरसँग सम्बन्ध छन् । कुन उमेरमा कुन दशा अन्तर्दशा हुन्छ भन्ने कुरो तुरुन्त ज्ञान गर्न माथिका चक्रबाट हुन्छ । सो चक्रमा वर्षहरू जोडेर राखिएका छन् । त्यस कारण हिसाब गरी जोडिरहनु पर्ने प्रयास यहाँ गर्नु पर्दैन । प्रत्यन्तरदशा जान्नु पर्दा परिशिष्टमा दिइएको प्रत्यन्तरदशाका वर्षयोगचक्रबाट तुरुन्त थाहा पाउन सकिन्छ । जस्तै–

१५ वर्ष उमेर लागेको मानिसको दशा चन्द्रमा भई त्यस दशामा १४ वर्ष पछि शुक्रको अन्तरदशा समाप्त भएर सूर्यको अन्तरदशा भइरहेछ भने त्यस बेला कसको प्रत्यन्तरदशा परेको होला भरी जान्नु पर्दा १४ वर्षमा चन्द्रमाको दशामा सूर्यको अन्तरमा प्रत्यन्तरदशाचक्रको मासादि जोड्दै जाँदा प्रत्यन्तरदशा यस प्रकार भए ।

चन्द्रको दशामा सूर्यको अन्तरमा प्रत्यन्तर

दशा	आ	चं	भौ	रा	वृ	श	बु	के	शु
वर्ष	१४	१४	१४	१४	१४	१४	१४	१४	१४
मास	०	०	१	२	२	३	४	५	६
दिन	९	२४	४	१	२५	२४	१९	०	०
घडी	०	०	३०	३०	३०	०	३०	०	०

*भएको– लअग, हुनुपर्ने– अलग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रहको दीप्तादि अवस्था –

उच्चमा छन् भने दीप्त स्वस्थ हुन्छ स्वराशिमा ।
मित्रको राशिमा हर्ष शान्त ता समराशिमा ॥
नीचमा छन् भने दीन दुःखित शत्रुराशिमा ।
कोपी हुन्छ भनी जान्नू सूर्यले यदि युक्तमा ॥
पापयुक्त भए जान्नू विकलै भो भनी अनि ।
पापीको राशिमा जान्नू खलावस्था भनी तिमी ॥[1]

ग्रहको दीप्तादि अवस्थाफल –

दीप्त – अवस्थामा रहेको ग्रहको दशामा राज्य उत्साह शौर्य धन वाहन स्त्री पुत्र बन्धु राजमान आदि प्राप्त हुने हुन्छ ।[2]

स्वस्थ –अवस्थामा रहेको ग्रहको दशामा स्वस्थ धन सौख्य विद्या यश प्रीति धर्म आदि प्राप्त हुने हुन्छ ।[3]

हर्ष – अवस्थामा रहेको ग्रहको दशामा वस्त्र भूमि भूषण पुत्र धन धर्मश्रवण आदि प्राप्त हुने हुन्छ ।[4]

शान्त – अवस्थामा रहेको ग्रहको दशामा भूमी स्त्री पुत्रबाट सुख विद्याविनोद धन मान प्राप्त हुने हुन्छ ।[5]

---

(१) उच्चस्थः खेचरो दीप्तः स्वस्थः स्वक्षेऽधिमित्रभे ।
मुदितः मित्रमे शान्तः * समभे दीन उच्यते ॥४८॥
शत्रुभे दुःखितोऽतीव विकलः पापसंयुतः ।
खलः खलगृहे ज्ञेयः कोपी स्यादर्कसंयुतः ॥४९॥ (जन्मपत्रदीपक)
*(नीचभे दीन) यो पाठान्तर लघुपाराशरी विवृत्तिव्याख्याटीका ३८ पृष्ठमो दिइएको छ ।

(२) पाके प्रदीप्तस्य धराधिपत्यमुत्साहशौर्यं धनवाहने च ।
स्त्रीपुत्रलाभं शुभबन्धुपूज्यं क्षितीश्वरान्मानमुपैति विंद्यात् ॥१॥

(३) स्वस्थस्य खेटस्य दशाविपाके स्वस्थो नृपाल्लब्धघनादिसौख्यं ।
विद्यां यशः प्रीतिमहत्वमाराद्वारार्थभूम्यादिजधर्ममेति ॥२॥

(४) मुदान्वितस्यापि दशाविपाके बस्त्रादिभूगंधसुतार्थधैर्यम् ।
पुराणधर्मश्रवणादिलाभं यस्त्रादिस्यानाम्बरभूषणाप्तिम् ॥३॥

(५) दशाविपाके सुखधैर्यमेति शांतस्य भूपुत्रकलत्रपानम् ।
विद्याविनोदान्वितधर्मशास्त्रं बह्वर्थदेशाधिपपूज्यताञ्च ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दीन – अवस्थामा रहेको ग्रहको दशामा स्थानच्युत बन्धुविरोध रोगपीडित असहाय हीनवृत्ति हुने हुन्छ ।[१]

दुःखित –अवस्थामा रहेको ग्रहको दशामा नानाप्रकारको दुःख बन्धुहीन विदेशमा रहनुपर्ने राजभय चौरभय अग्निभय हुने हुन्छ ।[२]

कोप – अवस्थामा रहेको ग्रहको दशामा अनेक प्रकारको पाप, विद्या धन स्त्री पुत्र आदिको नाश नेत्ररोग हुने हुन्छ ।[३]

विकल– अवस्थामा रहेको ग्रहको दशामा मनमा विकार बैकल्यता मित्रको मरण, स्त्री पुत्र चोरबाट पीडित बस्त्रले दुःख हुने हुन्छ ।[४]

खल– अवस्थामा रहेको ग्रहको दशामा पितृवियोग कलह शत्रुबाट धन भूमि नाश, स्वजनबाट दिन्द हुने हुन्छ ।[५]

ग्रहको लज्जितादि अवस्था –

पुत्रको[६] घरमा बस्दा पापयुक्त भयो भने
सूर्यको र चन्द्रमाको अवस्था हुन्छ लज्जित
मूलत्रिकाण वा उच्चस्थानमा यदि छन् भने
ग्रह सूर्यादि सबको अवस्था हुन्छ गर्वित
शत्रुको घरमा बस्दा शत्रुयुक्त भयो भने
अवस्था क्षुधितै जान्नू शत्रुदृष्ट भए पनि

---

(१) स्थानच्युतिर्बंधुविरोधता च दीनस्य लेटस्य दशाविपाके ।
जीवत्यसौ कुत्सितहीनवृत्या त्यक्तो जनै रोगनिपीडितः स्यात् ॥५॥

(२) दुःखार्दितस्यापि दशाविपाके नानाविधं दुःखमुपैति नित्यम् ।
विदेशगो बंधुजनैविहीनश्चौराग्निभूपैर्भयमातनोति ॥६॥

(३) कोपान्वितस्यापि दशाविपाके पापाः समायांति बहुप्रकारैः ।
विद्याधनस्त्रीसुतबन्धुनाशं पुत्रादि कृच्छं त्वथ नेत्ररोगम् ॥९॥

(४) वैकल्यखेटस्य दशाविपाके वैकल्यमायाति मनोविकारं ।
मित्रादिकानां मरणं विशेषात्स्त्रीपुत्रयानांबरचौरपीडा ॥७॥

(५) दशाविपाके कलहं वियोगं खलस्य खेटस्य पितुर्वियोगं ।
शत्रोर्जनानां धनभूमिनाशमुपैति नित्यं स्वजनैश्च निन्दां ॥८॥

(लघुपाराशरी विवृत्ति व्याख्या टीका ४६ पृष्ठ)

(६) सूर्यको पुत्र शनि, चन्द्रको पुत्र बुध

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जलराशी[1] स्थित जो छ शत्रुदृष्ट भए यदि
शुभको दृष्टिले शून्य भए तृषित हुन्छ है
मित्रको घरमा बस्दा मित्रले युक्त भो भने
अवस्था हर्षितै जान्नू गुरुयुक्त भए पनि
सूर्ययुक्त भई फेरि पापी देख्तछ राम्ररी
भने ता क्षोभितै जान्नू शत्रूदृष्ट भए पनि ।[2]

ग्रहको लज्जितादि अवस्थाफल –

लज्जित–अवस्थामा रहेको ग्रहको दशामा मतिविकार आरामरहित शुभमा अरूचि, पुत्रपीडा गमन व्यर्थको कलह हुने हुन्छ ।[3]

गर्वित –अवस्थामा रहेको ग्रहको दशामा नयाँ घरको आराम कलाचतुर अर्थलाभ, व्यवहारवृद्धि हुने हुन्छ ।[4]

---

(१) कर्कट, मकर, कुम्भ, मीन

(२) पुत्रगेहगतः खेटो राहुकेतुयुतो भवेत् ।
रविमन्दकुजैर्युक्तो लज्जितो ग्रह एव च ॥१॥
तुंगस्थानगतो वापि त्रिकोणेऽपि भवेत्पुनः ।
गर्वितःसोऽपि गदितो निर्विशंको द्विजोत्तम ॥२॥
शत्रुगेही शत्रुयुक्तो रिपुदृष्टो भवेद्यदि ।
क्षुधितः स च विज्ञेयः शनियुक्तो यथा तथा ॥३॥
जलराशौ स्थितः खेटः शत्रुणा चावलोकितः ।
शुभग्रहा न पश्यन्ति तृषितः स उदाहृतः ॥४॥
मित्रगेही मित्रयुक्तो मित्रेण चावलोकितः ।
गुरूणा सहितो यश्च मुदितः स प्रकीर्तितः ॥५॥
रविणा सहितो यश्च पापाः पश्यन्ति सर्वथा ।
क्षोभितं तं विजानीयाच्छत्रुणा यदि विक्षितः ॥६॥

(३) दिशति लज्जित भाववशाद्रतिं विगतराममति कुमतिं क्षयम् ।
सुतगदागमनं गमनं वृथा कलिकथाभिरूचिं न रूचिं शुभे ॥१५॥

(४) नवालयारामसुखं नृपत्वं कलापटुत्वं विदधाति पुंसाम् ।
सदार्थलाभं व्यवहारवृद्धिफलं विशेषादिह गर्वितस्य ॥१३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्षुधित– अवस्थामा रहेको ग्रहको दशामा शोक मोह परजनबाट दुःख, कलह, खेदबाट वलको निरोध बुद्धिहीन हुने हुन्छ ।[१]

तृषित – अवस्थामा रहेको ग्रहको दशामा स्त्रीद्वारा रोग, दुष्टकाममा प्रवृत्ति, स्वजनबाट अर्थहानि, दुष्टजनबाट पीडा, मानहानि हुने हुन्छ ।[२]

हर्षित – अवस्थामा रहेको ग्रहको दशामा ठूलो घरमा बास, असल बस्त्र भूषण भूमिद्वारा सौख्य, स्वजनमा विलास, शत्रुनाश, बुद्धि तथा विद्याको विकाश हुने हुन्छ ।[३]

क्षोभित– अवस्थामा रहेको ग्रहको दशामा दारिद्र्य कुमति कष्ट धननाश राजभय हुने हुन्छ ।[४]

लज्जितादिग्रहबाट भावविचार –

जुन जुन भावमा लज्जित तृषित *क्षुधित क्षोभितग्रह बसेका हुन्छन् त्यो त्यो भाव उपर्युक्त फल अनुसार दुःख हुने हुन्छ ।[५] जुन जुन भावमा गर्वित तथा हर्षित ग्रह बसेका हुन्छन् त्यो त्यो भाव उपर्युक्त फल अनुसार सुख हुने हुन्छ । यदि दुःख दिने र सुख दिने ग्रह मिश्रण भएमा फल पनि मिश्रण हुन्छ । ती मिश्रण ग्रहहरूमा बलहीनको कम फल हुन्छ, बलवान् ग्रहको ठूलो फल हुन्छ । ग्रहहरूको बलाबल विचार गरेर फलको निर्णय गर्नुपर्छ ।

---

(१) क्षुधितग्रहवशाद्वै शोकमोहादितापः परिजनपरितापादाधिभीत्या कृशत्वम् ।
कलिरपि रिपुलोकैरर्थवाधा नराणामखिलबलनिरोधो बुद्धिरोधो विषादात् ॥१७॥

(२) तृषितखगभवे स्यादंगनासंगमध्ये भवति दमविकारो दुष्टकार्याधिकारः ।
निजजनपरिवादादर्थहानिः कृशत्वं खलकृतपरितापो मानहानिः सदैव ॥१८॥

(३) भवति मुदितयोगे वासशालाविशालाविमलवसनभूषाभूमियोगासु सौख्यम् ।
स्वजनजनविलासो भूमिपागारबासी रिपुनिवहविनाशो बुद्धिविद्याविकाशः ॥१४॥

(४) संक्षेमितस्यापि फलं विशेषाद्दरिद्रजातं कुमतिं च कष्टम् ।
करोति वित्तक्षयमंघ्रिबाधां धनाप्तिबाधामवनीशकोपात् ॥१६॥
(लघुपाराशरी शुभाशुभनिरूपणाध्याय ८ श्लोकको विवृत्ति व्याख्याटीका ४७-४८ पृष्ठ)

(५) येषु येषु च भावेषु ग्रहास्तिष्ठन्ति सर्वथा ।
*क्षुधितः क्षोभितो वापि स नरो दुःखभाजनः ॥७॥
एवं क्रमेण बोद्धव्यं सर्वभावेषु पंडितैः ।
बलाबलविचारेण वक्तव्यः फलनिर्णयः ॥८॥

---

*भएको– सुधितः, हुनुपर्ने– क्षुधितः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रहको बाल्यादि अवस्था –

ग्रह बिजोर राशिमा छ भने त्यो राशिको ६ अंश[१] सम्म बाल्य अवस्था[२], १२ अंशसम्म कुमार अवस्था, १८ अंशसम्म युवा अवस्था, २४ अंशसम्म वृद्ध अवस्था, ३० अंशसम्म मृत अवस्था हुन्छन् । यदि ग्रह जोर राशिमा छ भने ६ अंशसम्म मृत अवस्था, १२ अंशसम्म वृद्ध अवस्था, १८ अंशसम्म युवा अवस्था, २४ अंशसम्म कुमार अवस्था, ३० अंशसम्म बाल्य अवस्था हुन्छन् । यसको तालिका यस प्रकारको छ –

बिजोर राशिमा	अवस्था	जोर राशिमा
६°	बाल्य	३०°
१२°	कुमार	२४°
१८°	युवा	१८°
२४°	वृद्ध	१२°
३०°	मृत	६°

अन्योन्य च मुदा युक्तं फलं मिश्रं वदेत्पुनः ।
बलहीने तदा हानिः सबले च महाफलम् ॥९॥

यथा–

कर्मस्थानस्तितो यस्य लज्जितस्तृषितस्तथा ।
क्षुधितः क्षोभितो वापि स नरो दुःखभाजनः ॥१०॥
सुतस्थाने भवेद्यस्य लज्जितो ग्रह एव च ।
सुतनाशो भवेत्तस्य एकस्तिष्ठति सर्वदा ॥११॥
सक्षोभितस्तृषितश्चैव सप्तमे यस्य या भवेत् ।
म्रियते तस्य नारी च सत्यमाहुर्द्विजोत्तमः ॥१२॥

(लघुपाराशरी शुभाशुभनिरूपणाध्याय ८ श्लोकको विवृत्तिव्याख्याटीका ४७ पृष्ठ)

(१) ग्रहचक्रबाट ग्रहस्थित नक्षत्र ल्याएपछि नक्षत्रको राश्यादिचक्रबाट अंश थाहा पाउन सकिन्छ ।

(२) बालो रसांशैरसमे प्रदिष्टस्ततः कुमारो हि युवाऽथ वृद्धः ।
मृतः क्रमादुत्क्रमतः समर्क्षे बालाद्यबस्थाः कथिता ग्रहाणाम् ॥

(भावकुतूहल)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाल्यादि अवस्थाफल –

बाल्य अवस्थाको ग्रहले अलिकता मात्र फल दिन्छ । कुमार अवस्थाको ग्रहले आधा फल दिन्छ । युवा अवस्थाको ग्रहले सम्पूर्ण फल दिन्छ । वृद्ध अवस्थाको ग्रहले खराब फल दिन्छ । मृत अवस्थाको ग्रहले मरणतुल्य फल दिन्छ ।[1]

ग्रहको शयनादि अवस्था –

ग्रहस्थित नक्षत्रको संख्यालाई ग्रहको संख्याले गुनी आएको गुणणफललाई ग्रहस्थित राशिको अंशले गुन्नू जति हुन्छ, त्यसमा जन्मनक्षत्रको संख्या, इष्टघडीको संख्या जन्मलग्नको संख्या जोडी आएको योगफललाई १२ ले भाग लिनू, जति शेष रहन्छ त्यसको क्रमैले १ शेष भए शयन, २ शेष भए उपवेशन, ३ शेष भए नेत्रप्राणि, ४ शेष भए प्रकाशन, ५ शेष भए गमन, ६ शेष भए आगमन, ७ शेष भए सभावसति, ८ शेष भए आगम, ९ शेष भए भोजन, १० शेष भए नृत्यलिप्सा, ११ शेष भए कौतुक, १२ अर्थात् ० शेष भए निद्रा अवस्था हुन्छन् ।[2]

ग्रहको दृष्ट्यादि अवस्था –

पूर्वोक्त शयनादि अवस्थाको शेषलाई वर्ग गरी त्यसमा आफ्नो नामको अगाडिको अक्षरको स्वरको संख्या (अ=१, इ=२, उ=३, ए=४, ओ=५) जोड्नु योगफललाई १२ ले भाग लिनू शेषमा सूर्यको, ५, चन्द्रको २, मंगलको २, बुधको ३, वृहस्पतिको ५, शुक्रको ३, शनिको ३, राहुको ४, केतुको ४, क्षेपकाङ्क जोडी ३ ले भाग लिनू जति शेष रहन्छ त्यसको क्रमैले १ शेष भए दृष्टि २ शेष भए चेष्टा, ० शेष भए विचेष्टा अवस्था हुन्छन् ।[3]

---

(१) फलं तु किञ्चिद्वितनोति बालश्चार्द्ध कुमारो यतते च पुंसाम् ।
युवा समग्रं खचरोऽथ वृद्धः फलं च दुष्ट मरणं मृताख्यः ॥

(भावकुतूहल)

(२) खेटर्क्षसंख्या *खेटघ्नी खेटांशगुणिता पुनः ।
जन्मर्क्षाङ्गेष्टयुक्ताऽर्कतष्टाऽवस्था क्रमाद्भवेत् ॥
शयनं चोपवेशं च नेत्रपाणिः प्रकाशनम. ।
गमनागमने चैत्र सभावसतिरागमः ॥
भोजनं नृत्यलिप्ता च कौतुकं निद्रितेति च ।

(३) शेष वर्ग स्वराङ्काढ्यं भानुना शेषितं तत ।
भान्वादिषु क्रमात्पञ्चग्मनेत्राग्निसायका : ॥
रामरामाब्धिवेदाश्च क्षेप्यास्तष्टास्त्रिभिस्ततः ।
एकादिशेषे खेटानामवस्था त्रिविधा भवेत् ॥
दृष्टिचेष्टा विचेष्टा च कथिता पूर्वपण्डितैः ।

(विन्ध्येश्वरीप्रसादको जन्मपत्रदीपक ३२ पृष्ठ)

---

*भएको–खेटघनी, हुनुपर्ने– खेटघ्नी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उदाहरण–श्री ५ *पृथ्वीनारायणशाह जन्मदाको ग्रह यस प्रकार छन् ।

सू	चं	मं	बु	बृ	शु	श	रा	के
८	९	८	८	८	९	८	२	८
२७	४	२	१५	५	१४	३	१	१
२०	२३	५५	३	१८	१७	३९	३१	३१

यसका शयनादि अवस्था ल्याउँदा सूर्य बसेको नक्षत्र २१ लाई ग्रहको संख्या १ ले गुन्दा २१ भयो । यसलाई सूर्यस्थित राशिको अंश २७ ले गुन्दा ५६७ भयो । यसमा जन्मनक्षत्रको संख्या २१, इष्टघडीको संख्या ३६, जन्मलग्नको संख्या ५ जोड्दा ६२९ भयो । ६२९ लाई १२ ले भाग लिंदा ५ शेष रह्यो । तब सूर्य गमन अवस्थाको भयो ।

अब दृष्ट्यादि अवस्था ल्याउन शेष ५ को वर्ग गर्दा २५ भयो । यसमा नाउँको अगाडिको अक्षरको स्वरसंख्या २ जोड्दा २७ भयो । यसलाई १२ ले भाग लिंदा शेष ३ भयो । ३ मा सूर्यको क्षेपक ५ जोड्दा ८ भयो । ८ लाई ३ ले भाग लिंदा २ शेष रह्यो । तब सूर्य चेष्टा अवस्थाको भयो । यसै गरी सबै ग्रहको अवस्था ल्याउँदा यस प्रकार भए–

अवस्थाबोधक चक्र

सू	चं	मं.	बु	बृ	शु	श	रा	के
गमन	उपवेशन	आगम	उपवेशन	भोजन	उपवेशन	गमन	आगमन	गमन
चेष्टा	चेष्टा	चेष्टा	विचेष्टा	दृष्टि	विचेष्टा	विचेष्टा	विचेष्टा	दृष्टि

अब बाल्यादि अवस्था ल्याउँदा सूर्य बिजोर राशिमा छन् । बिजोर राशिको २७ अंशमा हुँदा सूर्य मृत अवस्थाको भयो । यसै गरी सबै ग्रहको बाल्यादि अवस्था यस प्रकार भए–

सू	चं	मं.	बु	बृ	शु	श	रा	के
मृत	मृत	बाल्य	युवा	बाल्य	युवा	बाल्य	बाल्य	मृत

*भएको– पृथ्वीनारायण, हुनुपर्ने– पृथ्वीनारायण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूर्यको शयनादि अवस्थाफल –

[1]शयनको –	मंदाग्निरोग, पित्तप्रकोप, घाउ, पेटमा शूल
उपवेशनको–	दरिद्र, विवाद, विद्यानिरत, कठोरचित्त
नेत्रपाणिको–	आनन्द, विवेकी, परोपकारी, राजकृपा, धनी
प्रकाशनको–	उदारचित्त, धनी, समाभा बोल्ने, धर्मकर्म गर्ने, बलवान्, रूपवान्
गमनको –	दुःखी, असली, डरछेरूवा, क्रोधी
आगमन –	परस्त्रीगमन, कृपण, दुष्टा, कुबुद्धि, मलीन
सभाको –	परोपकारी, धनी, गुणी, मित्रता, वस्त्रादियुक्त
आगम –	शत्रुद्वारा क्षोभ, चंचल, कुबुद्धि, दुर्बल, उद्धत,
भोजन –	परस्त्रीगमन, वायुरोग, शिररोग, धननाश, बलहीन, कुमार्गी
नृत्यलिप्सा –	पण्डितको संगत, बुद्धिमान्, राजकृपा, विद्याध्यन,
कौतुक –	आनन्द, ज्ञानी, शत्रुनाश, विद्याध्यन, राजकृपा
निद्रा –	परदेशी, धननाश, स्त्रीवियोग

---

(१) मंदाग्निरोगो बहुधा नराणां स्थूलत्वमंध्रेरपि पित्तकोपः ।
व्रणं गुदे शूलमुरःप्रदेशे यदोष्णभानौ शयनं प्रयाते ॥१॥
दरिद्रता भारविहारशाली विवादविद्याभिरतो नरः स्यात् ।
कठोरचित्तः खलु नष्टवित्तः सूर्यो यदा चेदुपवेशनस्थ : ॥२॥
नरः सदानन्दधरो विवेकी परोपकारी बलवित्तयुक्तः ।
महासुखी राजकृपाभिमानी दिवाधिनाथो यदि नेत्रपाणी ॥३॥
उदारचित्तः परिपूर्णवित्तः सभासु वक्ता बहुपुण्यकर्ता ।
महाबली सुन्दररूपशाली प्रकाशने जन्मनि पद्मनीशे ॥४॥
प्रवासशाली किल दुःखमाली सदालसी धीधनवर्जितश्च ।
भयातुरः कोपपरो विशेषाद्दिबाधिनाथे गमने मनुष्यः ॥५॥
परदाररतो जनतारहितो बहुधागमने गमनाभिरूचिः ।
कृपणः खलताकुशलो मलिनो दिवसाधिपतिः मनुजः कुमतिः ॥६॥
सभागते हिते नरः परोपकारतत्परः सदार्थरत्नपूरितो दिवाकरे गुणाकरः ।
वसुंधरानवांवरालयान्त्रितो महाबली विचित्रमित्रवत्सलः कृपाकलाधरः परः ॥७॥
क्षोभितो रिपुगणैः सदा नरश्चंचलः खलमतिः कृशस्तथा ।
धर्मकर्मरहितो मदोद्धतश्चागमे दिनपतौ यदा तदा ॥८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चन्द्रको शयनादि अवस्थाफल –

[1]शयनको –	अभिमानी, कामी, धननाश
उपवेशनको–	रोगी, मन्दबुद्धि, दरिद्र, चोर
नेत्रपाणिको–	रोगी, धूर्त, कुकर्मी,
प्रकाशनको–	गुणी, राजसंबन्ध, गृहवाहनादियुक्त, स्त्रीसुख, तीर्थाटन
गमनको –	पापी, क्रूर, नेत्ररोगी
आगमन –	अभिमानी, गुप्तपापी, असन्तोषी, दीनबुद्धि, पादरोग
सभाको –	सत्यवक्ता, राजमान, स्त्रीसुख, गुणी
आगम –	बोलैया, धर्मात्मा, स्त्रीसंगम,
भोजन –	मान, स्त्रीवाहनादियुक्त,
नृत्यलिप्सा –	बलवान्, गानविद्या,
कौतुक –	धनी, कामकुशल, वेश्यागमन,
निद्रा –	संचितधननाश, देवस्तुति गर्ने,

सदांगसंधिवेदना परांगनाधनक्षयो *बलक्षयः पदेपदे यदा तथा हि भोजने ।
असत्यता शिरोव्यथा तथा वृथान्नभोजनं रवावसत्कथारतिः कुमार्गगामिनी मति ॥९॥
विज्ञलोकैः सदामंडितः पंडितः काव्यविद्यानवद्यप्रलापान्वितः ।
राजपूज्यो धरामण्डले सर्वदा नृत्यलिप्सागते पद्मिनीनायके ॥१०॥
सर्वदानंदधर्ता जनो ज्ञानवान्यज्ञकर्ता धराधीशसद्मस्थितः ।
पद्मवंधावरातेर्मयं स्वाननः काव्यविद्याप्रलापो मुदा कौतुकः ॥११॥
निद्राभरारक्तनिमे भवेतां निद्रागते लोचनपद्मयुग्मे ।
रवौ विदेशे वसतिर्जनस्य कलत्रहानिः कतिधार्थनाशः ॥१२॥

(१) जनुः काले क्षपानाथे शयनं चेदुपागते ।
मानी शीतप्रधानश्च कामी वित्तस्य नाशक ॥१॥
रोगार्दितो मंदमतिर्विशेषाद्वित्तेन हीनो मनुजः कठोरः ।
अकार्यकारी परवित्तहारी क्षपाकरे चेदुपवेशनस्थे ॥२॥
नेत्रपाणौ क्षपानाथे महारोगी नरो भवेत् ।
अनल्पजल्पको धूर्तः कुकर्मनिरतः सदा ॥३॥
यदाराकानाथे गतवति विकाशं च जनने विकाशः संस्कारे विमलगुणराशेरवनिपात् ।
नवाशामाला स्यात्करितुरगलक्ष्म्या परिवृता विभूषा योषाभिः सुखमनुदिनं तीर्थगमनम् ॥४॥
सितेतरे पापरते निशाकरे विशेषतः क्रूरतरो नरो भवेत् ।
सदाक्षिरोगै परिपीड्यमानो वलक्षपक्षे गमने भयातुरः ॥५॥

---

*भएको– धलक्षय, हुनुपर्ने– बलक्षयः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मंगलको शयनादि अवस्थाफल –

[1]शयन –	दादरोग, लूतो
उपवेशन–	बलवान्, पापी, असत्यवादी, ढीतो, धनी,
नेत्रपाणि–	दरिद्र (लग्नगत नभए भूस्वामी)
प्रकाशन–	परदेशी, राजमान, (चोटपटक भय, पुत्रस्त्रीवियोग राहुयुक्त भएमा)
गमन –	गमन, घाउ, स्त्रीकलह, दादरोग
आगमन –	गुणी, शत्रुनाश, कुलसुख, मणिमालययुक्त, बाहनयुक्त
सभा –	(युद्धप्रवीण, धर्मरहित, विद्यारहित, १२ भावमा भए) अन्यत्र भए धनी मानी, दानी
आगम –	दुःखी, कर्णशूल, दुष्टसंगत, कातर, धर्मरहित
भोजन –	नीच, मानरहित, भोजन
नृत्यलिप्सा–	राजद्वारा धन, वस्त्रादियुक्त, गृहयुक्त,
कौतुक –	मित्रादियुक्त, गुणी, बुद्धिमान् राजमान
निद्रा –	क्रोधी, धूर्त, रोगी, बुद्धि र धर्मरहित,

विधवागमनो मानी पादरोगी नरो भवेत् ।
गुप्तपापरतो दीनो मतितोषविवर्जितः ॥६॥
सकलजनवदान्यो राजराजेन्द्रमान्यो रतिपतिसमकान्तिः शान्तिकृत्त्कामिनीनाम् ।
सपदि सदसि याते चारुविम्बे शशांके भवति परमरीतिप्रीतिविज्ञो गुणज्ञः ॥
विधवागमनो मर्त्यो वाचालो धर्मपूरितः ।
कृष्णपक्षे द्विभार्या स्याद्रोगी दुष्टतरो हठी ॥८॥
भोजने जनुषि पूर्णचन्द्रमा मानयानजनतासुखं नृणाम् ।
आतनोति बनितासुतासुखं सर्वमेव न सितेतरे शुभम् ॥९॥
नृत्यलिप्सागते चन्द्रे सबले बलवान्नंरः ।
गीतज्ञो हि रसज्ञश्च कृष्णो पापकरो भवेत् ॥१०॥
कौतुक भवनं गतवति चन्द्रे भवति नृपत्वं वा धनपत्वम् ।
कामकलामु सदा कुशलत्वं बारबधूरतिरमणपटुत्वम् ॥११॥
निद्रागते जन्मनि मानवानां कलाधरे जीवयुते महत्त्वम् ।
यदांगनासंचितवित्तनाशः शिवालयं रौति विचित्रमुच्चैः ॥१२॥

(१) शयने बसुधापुत्रे जंतुरंगे जनो भवेत ।
बहुना कंडुना युक्तो दद्रुणा च विशेषतः ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुधको शयनादि अवस्थाफल –

[१]शयन – क्षुधातुर, खञ्ज, लालनेत्र, लम्पट, धूर्त

उपवेशन– गुणी, पापयुक्तभए, दरिद्र, मित्रक्षेत्र वा उच्चमा भए धनी

बली सदा पापरतो नरः स्यादसत्यवादी नितरां प्रगल्भः ।
धनेन पूर्णो निजधर्महीनो धरासुतश्चेदुपवेशनस्थः ॥२॥
यदा भूमिसुते लग्ने नेत्रपाणिमुपागते ।
दरिद्रता सदा पुंसामन्यभे नगरेशता ॥३॥
प्रकाशो गुणस्यापि वासः प्रकाशे धराधीशभर्तुः सदा मानबृद्धिः ।
सुते भूसुते पुत्रकांतावियोगो भवेद्राहुणा दारूणो वा निपातः ॥४॥
गमनागमने कुरूतेऽनुदिनं व्रणजालभयं वनिताकलहः ।
बहुदद्रुककण्डुभयं बहुधा वसुधातनयो वसुहानिकरः ॥५॥
आगमने गुणशाली मणिमाली करालकरवाली ।
गजगान्ता रिपुहन्ता परिजनसंतापहारको भौमे ॥६॥
तुंगे युद्धकलाकलापकुशलो धर्मध्वजो बित्तपः
कोणे भूमिसुते सभामुपगते विद्याविहीनः पुमान् ।
अंतेऽपत्यकलत्रमित्ररहितः प्रोक्तेतरस्थानगेऽवश्यं
राजसभाबुधो बहुधनीमानी च दानी जनः ॥७॥
आगमे भवति भूमिजे जनो धर्मकर्मरहितो गदातुरः ।
कर्णमूलगुरूशूलरोगवानेव कातरमतिः कुसंगमी ॥८॥
भोजने मिष्टभोजी च जनने सबले कुजे ।
नीचकर्मकरो नित्यं मनुजो मानवर्जितः ॥९॥
नृत्यलिप्सागते भूसुते जन्मनामिंदिराराशिरायाति भूमीपतेः ।
स्वर्णरत्नप्रवालैः सदा मंडितो वासशाला नराणां भवेत्सर्वदा ॥१०॥
कौतुकी भवति कौतुके कुजे मित्रपुत्रपरिपूरितो जनः ।
उच्चगे नृपतिगेहमंडितः पूजितो गुणवरैर्गुणाकरै : ॥११॥
निद्रावस्थां गते भौमे क्रोधी धीधनवर्जितः ।
धूर्तो धर्मपरिभ्रष्टो मनुष्यो गदपीडितः ॥१२॥

(१) क्षुधातुरो *भवेदङ्गे खञ्जो गुंजानिभेक्षणः ।
अन्यभे लम्पटो धूर्तो मनुजः शयने बुधे ॥१॥

---

*भएको– भवेदगे, हुनुपर्ने– भवेदङ्गे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेत्रपाणि –	विद्याविवेकरहित, मित्रसन्तोषरहित, अभिमानी, पञ्चमस्थानमा भए पुत्रस्त्रीहीन, राजपंडित, श्रेष्ठपुरूष
प्रकाशन–	दाता, ज्ञानी, पुण्यकर्ता, दुष्टनाश, विद्यापारंगत,
गमन –	देशान्तरचारी, भूमिपति, धनी
आगमन –	देशान्तरचारी, भूमिपति, धनी
सभा –	उच्चमा भए धनी, पुण्यात्मा, भागवत्भक्ति, राजमंत्री
आगम–	हीनसेवा, पुत्रपुत्रीयुक्त
भोजन –	मुद्दामा धनखर्च, राजभय, चंचलबुद्धि, स्त्रीसुखरहित
नृत्यलिप्सा -	मान, सवारी, मित्रपुत्रयुक्त, प्रतापी, सभाचतुर, यदि पापयुक्त भए बेश्यागामी ।
कौतुक –	गानविद्या जान्ने, नवमस्थानमा भए पुण्यात्मा, सप्तम अष्टममा भए वेश्यागामी ।
निद्रा –	चिता, रोगी, विकल, विवाद, माननाश,

शशांकपुत्रे जनरंगगेहे यदोपवेशे गुणराशिपूर्णः ।
पापेक्षिते पापयुतो दरिद्रो हिते शुभे वित्तसुखी मनुष्य ॥२॥
विद्याविवेकरहितो हिततोषहीनो मानी जनो भवति चन्द्रसुतेऽक्षपाणौ ।
पुत्रालये सुतकलत्रसुखेन हीनः कन्याप्रजो नृपतिगेहबुधो परार्थः ॥३॥
दाता दयालुः खलु पुण्यकर्ता विकाशने चद्रसुते मनुष्यः ।
अनेकविद्यार्णवपारगन्ता विवेकपूर्णः खलु वर्गहन्ता ॥४॥
गमनागमने भवतो गमने बहुधा बसुधाधिपतेर्भवने ।
भवनं च विचित्रमल रमया विदिनुश्च जनुः समये नितराम् ॥५॥
सपदि जनानामुच्चगे जन्मकाले सदसि धनसमृद्धिः सर्वदा पुण्यवृद्धिः ।
धनपतिसमता वा भूपता मंत्रिता वा हरिहरपदभक्तिः सात्विकी मुक्तिलब्धिः ॥६॥
आगमे जनुषि जन्मिनां यदा चन्द्रजे भवति हीनसेवया ।
अर्थसिद्धिरपि पुत्रयुग्मता बालिका भवति मानदायिका ॥७॥
भोजने चन्द्रजे जन्मकाले यदा जन्मिनामर्थहानिः सदा बादतः ।
राजभीत्या कृशत्वं चलत्व मतेरंगसंगो न जाया न मायासुखम् ॥८॥
नृत्यलिप्सागते चन्द्रजे मानवो मानयानप्रवालब्रजैः संयुतः ।
*मित्रपुत्रप्रतापैः सभापण्डितः पापमे वाग्वामारते लम्पटः ॥९॥
कौतुके चन्द्रजे जन्मकाले नृणामंगभे गानविद्याऽनवद्या भवेत् ।
सप्तमे नैधने वारवध्वा रतिः पुण्यभे पुण्ययुक्ता मतिःसद्गतिः ॥१०॥
निद्राश्रिते चन्द्रसुते न निद्रासुखं सदा व्याधिसमाधियोगः ।
सहोत्थवैकल्यमनल्पतापो निजेन वादो धनमाननाशः ॥११॥

---

*भएको– मित्रतुत्र, हुनुपर्ने– मित्रपुत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बृहस्पतिको शयनादि अवस्थाफल –

[१]शयन –	बलवान् भए तापनि हीनवाक्, शत्रुदेखि डरपोक
उपवेशन–	कटुवाक, गर्वी, राजा, शत्रुबाट दुःखी, अंगमा व्रण
नेत्रपाणि–	रोगी, कामी, नृत्यप्रिय, नीचजनमा प्रीति,
प्रकाशन–	उच्चको भए धनी, गुणी, सुखी, प्रख्यात
गमन–	विचारवान, पंडित, धनी, मित्रपुत्रादि सुख
आगमन–	धन स्त्री सुख
सभा –	वक्ता, धनवाहनादि, सुख, विद्यायुक्त
आगम –	धनवाहनादि सुख, मान, विद्यावान, प्रतापी, स्त्रीपुत्रादियुक्त
भोजन -	धन भोजन बाहनादि सुख
नृत्यलिप्सा –	व्याकरणादिशास्त्रवेत्ता, धनी, अभिमानी, मित्रादियुक्त
कौतुक –	धनी, कुलका झण्डा, दयालु, सुखी, भूमिपति, पुत्रयुक्त
निद्रा –	पुण्यरहित, काममा मूर्खता, दरिद्र ।

(१) वचसामधिपे तु जनु समये शयने बलवानपि हीनरव ।
अतिगौरतनुः खलु दीर्घहनुः *सुतरामारिभीतियुतो मनुजः ॥
उपवेशं गतवति यदि जीवे वाचालो वहुगर्वपरीतः ।
क्षोणीपतिरिपुजनपरितप्तः पदजङ्घास्यकरब्रणयुक्तः ॥२॥
नेत्रपाणिं गते दैवतैरर्चिते रोगयुक्तो वियुक्तो वरार्थश्रिया ।
गीतनृत्यप्रियः कामुकः सर्वदा गौरवर्णो विवर्णोद्भवः प्रीतियुक् ॥३॥
गुणानामानंदं विमलसुखकन्दं वितनुते सदा तेजः पुंजं व्रजपतिनिकुंजं प्रतिगमम् ।
प्रकाशं चेदुच्चे द्रुतमुपगतो वासवगुरूर्गुरूत्वं लोकानां धनपतिसमत्वं तनुभृताम् ॥४॥
साहसि भवति मानवः सदा मित्रवर्गसुखपूरितो मुदा ।
पण्डितो विविधवित्तमण्डितो वेदविद्यदि गुरौ गमं गते ॥५॥
आगमने जनता वरजाया यस्य जनुः समये हरिमाया ।
मुञ्चति नालमिहालयमद्धा देवगुरौ परितः परिवद्धा ॥६॥
सुरगुरूसमवक्ता शुभ्रमुक्ताफलाढ्यः सदसि सपदि पूर्णो वित्तमानैक्यः मानै : ।
गजतुरगरथाढ्यो देवताधीशपूज्यो जनुषि विविधविद्यागर्वितो मानवः स्यात् ॥७॥
नानावाहनमानयानपटलीसौख्यं गुरावागमे ।
भृत्यापत्यकलवमित्रजसुखं विद्याऽनवद्या भवेत् ।
क्षोणीपालसमानतानवरतं चातीव हृद्या मतिः
काव्यानन्दरतिः सदाहितगतिः सर्वत्र मानोन्नतिः ॥८॥

*भएको– सुतरामरि, हुनुपर्ने– सुतरामरि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुक्रको शयनादि अवस्थाफल –

[1]शयन –	दन्तरोग, रोषयुक्त, धनहीन, स्त्रीलम्पट, धर्मरहित,
उपवेशन–	वस्त्राभरणसुख, शत्रुनाश, राजमान
नेत्रपाणि–	नेत्ररोग, धननाश, गृहनाश, केन्द्रमा भएमा उक्त फल हुन्छ
प्रकाशन–	बाहनादिसुख, काव्यकलाप्रवीण, यदि उच्च स्वक्षेत्री मित्रक्षेत्री भए उक्त फल
गमन–	माताको निमित्त अरिष्ट, शत्रुभय
आगमन–	धनपति, तीर्थाटन, उत्साही, हस्तपादरोग,
सभा –	विनापरिश्रम राजमान, गुणी, शत्रुनाश, यदि उदय भए उक्त फल
आगम –	शत्रुबाट धनक्षति, पुत्रको लागि अरिष्ट, रोगभय, निन्दा, पत्नीबाट भोगरहित
भोजन -	क्षुधातुर, रोगी, शत्रुभय, धनी, विद्वत्संगम,
नृत्यलिप्सा –	काव्यशास्त्रवाद्यनिपुण, बुद्धिमान्, धनी
कौतुक –	ऐश्वर्यवान्, विद्यावान्, सभामा प्रतिष्ठा
निद्रा –	सेवक, निन्दा, भ्रमण, कुत्सितबोली,

भोजने भवति देवगुरौ यत्य यस्य सततं सुभोजनम् ।
नैव मुञ्चति रमालयं तदा वाजिवारणरथैश्च पण्डितम् ॥९॥
नृत्यलिप्सागते राजमानी धनी देवताधीशबन्धः सदा धर्मवित् ।
तंत्रविज्ञो बुधैर्मडितः पंडितः शब्दविद्यानवद्यो हि सद्यो जनः ॥१०॥
कुतूहली सकौतुके महाधनी जनः सदा निजान्वये च भास्करः कृपाकलाधरः सुखी ।
निर्लिपराजपूजिते सुतेन भूनयेन वा युतो महाबली धराधिपेन्द्रसद्मपंडितः ॥११॥
गुरौ निद्रागते यस्य मूर्खता सर्वकर्मणि ।
दरिद्रता परिक्रान्तं भवनं पुण्यवर्जितः ॥१२॥

(१) जनो बलीयानपि दंतरोगी भृगौ महारोगसमन्वितः स्यात् ।
धनेन हीनः शयनं प्रयाते बारांगनासंगमलंपटश्च ॥ ॥
यदि भवेदुशना उपवेशने नवमणिव्रजकांचनभूषणैः ।
सुखमजस्रमरिक्षय आदरादवनिपादपि मानसमुन्नतिः ॥२॥
नेत्रपाणिं गते लग्नगेहे कवौ सप्तमे मानभे यस्य तस्य ध्रुवम् ।
नेत्रयाते निपातो धनानामलं चान्यभे वासशाला विशाला भवेत् ॥३॥
स्वालये तुंगमे मित्रभे भार्गवे तुंगमातंगलीलाकलापी जनः ।
भूपतेस्तुल्य एव प्रकाशं गते काव्यविद्याकलाकौतुकी गीतवित् ॥४॥
गमने जनने शुक्रे तस्य माता न जीवति ।
अधियोगो वियोगश्च जनानामरिभीतितः ॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शनिको शयनादि अवस्थाफल –

[1]शयन –	भोक प्यास, श्रमी, रोग,
उपवेशन–	शत्रुवाधा, धनवस्तुनाश, दाद, अभिमानी, राजदण्ड
नेत्रपाणि–	परस्त्रीसँग, राजमित्रबाट प्रशंसा, कलाविज्ञ, निर्दोषवक्ता,
प्रकाशन–	गुणी, बुद्धिविनोद, प्रतापी, दयालु, भगवद्भक्ति,
गमन–	धनी, पुत्रसुख, खर्चालु, शत्रुनाश, राज्यका कामदार, पंडितमा प्रशंसा
आगमन–	पादरोग, पुत्रस्त्रीबाट सुखरहित, अर्काको आश्रय, भूमिभ्रमण,
सभा –	रत्नसुवर्णादिसुख, नीतिज्ञ, पुरुषार्थ
आगम –	रोगी, मन्दगति, याचनाको इच्छाविरहित
भोजन -	नेत्रकमजोर, भोजनेच्छा, ताप, मोह,
नृत्यलिप्सा –	धर्मात्मा, धनी, राजमान, धीर, रणभूमिमा वीर,
कौतुक –	धनी, सुखी, दिव्यस्त्रीसुख, काव्यकला जान्ने,
निद्रा –	धनवान्, दिव्यगुणयुक्त, पराक्रमी, शत्रुनाश, दिव्यस्त्रीसुख

आगमनं भृगुपुत्रे गतवति वित्तेश्वरो मनुजः ।
सत्तीर्थभ्रमशाली नित्योत्साही करांघ्रिरोगी च ॥६॥
अनायासेनालं सपदि महसा याति सहसा प्रगल्भत्वं राज्ञः सदसि गुणविज्ञः किल कवौ ।
सभायापायाते रिपुनिवहहन्ता धनपतेः समत्वं वा दाता वलतुरगगन्ता नरवरः ॥७॥
आगमे भार्गवे नागमो जन्मिनामर्थराशेररातेरतीव क्षतिः ।
पुत्रपातो निपातो जनानामपि व्याधिभीतिः प्रिया भोगहानिर्भवेत् ॥८॥
क्षुधातुरो व्याधिनिपीडितः स्यादनेकधारातिभयार्दितश्च ।
कवौयदा भोजनगे युवत्या महाधनी पंडितमंडितश्च ॥९॥
काव्यविद्यानवद्या च हृद्या मतिः सर्वदा नृत्यलिप्सागते भार्गवे ।
शंखवीणामृदंगादिगानध्वनिब्रातनैपुण्यमेतस्य वित्तोन्नतिः ॥१०॥
कौतुकभवनं गतवति शुक्रे शकेशत्वं सदसि महत्वम् ।
हृद्या विद्या भवति च पुंसः पद्मा निवसति सद्मादरतः ॥११॥
परसेवारतो नित्यं निद्रामुपगते कवौ ।
परनिंदापरो वीरो वाचालो भ्रमते महीम् ॥१२॥

(१) क्षुत्पिपासापरिक्रान्तो विश्रान्तः शयने शनौ ।
बयसि प्रथमे रोगी ततो भाग्यवतां वरः ॥१॥
भानोः सुते चेदुपवेशनस्थे करालकारातिजनानुतप्तः ।
अपायशाली खलु दद्रुमाली नरोऽभिमानी नृपदंडयुक्तः ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राहुको शयनादि अवस्थाफल –

[1]शयन –	रोग, क्लेश, मेष वृष मिथुनमा भए धनी, समाजमा प्रतिष्ठा,
उपवेशन–	दाद, अभिमानी, धनसुखरहित
नेत्रपाणि–	रोगी, चोरभय, शत्रुभय, धननाश
प्रकाशन–	मिथुन कन्यामा भए धनोन्नति, राज्याधिकारी,
गमन–	सन्तानयुक्त, धनवान्, पण्डित, दानी, राजमान
आगमन–	क्रोधी, धनहीन कुटिल, कामी

नयनपाणिगते रविनंदने परमया रमया रमया युतः ।
नृपतितो हि ततो मतितोषकृद्‌बहुकलाकलितो विमलोक्तिकृत् ॥३॥
नानागुणग्रामधनाधिशाली सदा नरो बुद्धिविनोदमाली ।
प्रकाशने भानुसुते सुभानुः कृपानुरक्तो हरपादभक्तः ॥४॥
महाधनी नन्दननंदितः स्यादपायकारी रिपुभूमिहारी ।
गमे शनौ पण्डितराजभावं धरापतेरायतने प्रयाति ॥५॥
आगमने पदगर्दभयुक्तः पुत्रकलत्रसुखेन विमुक्तः ।
भानुसुते भ्रमते भुवि नित्यं दीनमना विजनाश्रयभावम् ॥६॥
रत्नावलीकाञ्चनमौक्तिकानां वातेन नित्यं व्रजति प्रमोदम् ।
सभागते भानुसुते नितान्तं नयेन पूर्णो मनुजो महौजाः ॥७॥
आगमे गदसमागमो नृणामब्जबन्धुतनये यदा तदा ।
मन्दगमे गमनं धरापतेर्याचनाविरहिता मतिः सदा ॥८॥
सङ्गते जनुषि भानुनंदने भोजनं भवति भोजनं रसैः ।
संयुतं नयनमंदता ततो मोहतापपरितापिता मतिः ॥९॥
नृत्यलिप्सागते मन्दे धर्मात्मा वित्तपूरितः ।
राजपूज्यो नरो धीरो महावीरो रणांगणे ॥१०॥
भवति कौतुकभावमुपागते रविसुते वसुधावसुपूरित : ।
अतिसुखी सुमुखिसुखपूरितः कवितयामलया कलया नरः ॥११॥
निद्रागते वासरनाथपुत्रे धनी सदा चारुगुणैरूपेतः ।
पराक्रमी चंडविपक्षहन्ता सुवारक्रान्तारतिरीतिविज्ञः ॥१२॥

(१) गदागमो जन्मनि यस्य राहौ क्लेशाधिकत्वं शयनं प्रयाते ।
वेषेऽथ युग्मेऽपि च कन्यकायामजे समाजो धनधान्यराशेः ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सभा –	पण्डित, कृपण, गुणी, धनसुख
आगम –	शत्रुद्वारा व्याकुल, बन्धुमा विवाद, धननाश, दुर्बल, शठ
भोजन -	मंदबुद्धि, काममा डरपोक, स्त्रीपुत्रबाट मुखरहित, क्षुधातुर
नृत्यलिप्सा –	व्याधी, नेत्ररोग, शत्रुभय, धनधर्मरहित,
कौतुक –	परस्त्रीगमन, अर्काको धन हर्ने, स्थानभ्रष्ट,
निद्रा –	गुणी प्यारासन्तानयुक्त, धीर, गर्व, धनी

उपवेशनमिह गतवति राहौ दद्रुगणेन जनः परितप्तः ।
राजसमाजयुतो बहुमानी बित्तसुखेन सदा रहितः स्यात् ॥२॥
नेत्रपाणावगौ नेत्रे भवती रोगपीडिते ।
दुष्टव्यालारिचौराणां भयं तश्य धनक्षयः ॥३॥
प्रकाशने शुभासने स्थितिः कृतिः शुभा नृणां
धनोन्नतिर्गुणोन्नतिः सदा विदामगाविह ।
धराधिपाधिकारिता यशो लता तता भवे–
न्नवीननीरदाकृतिर्विदेशतो महोन्नतिः ॥४॥
गमने च यदा राहौ बहुसन्तानवान्नरः ।
पण्डितो धनवान् दाता राजपूज्य नरो भवेत् ॥५॥
राहावागमने क्रोधी सदा धीधनवर्जितः ।
कुटिलः कृपणः कामी नरो भवति सर्वथा ॥६॥
सभागते यदा राहौ पण्डितः कृपणो नरः ।
नानागुणपरिक्रान्तो वित्तसौख्यसमन्वितः ॥७॥
चेदगावानमं यस्य याते तदा व्याकुलं सर्वदाऽराति भीत्या महत् ।
बन्धुवादो जनानां निपातो भवेद्वित्तहानिः शठत्वं कृशत्वं तथा ॥८॥
भोजने भोजनेनालं विकलो मनुजो भवेत् ।
मन्दबुद्धिः क्रियाभीरूः स्त्रीपुत्रसुखवर्जितः ॥९॥
नृत्यलिप्सागते राहौ महाव्याधिविबर्द्धनम् ।
नेत्ररोगं रिपोर्भीतिर्धनधर्मक्षयो नृणाम् ॥१०॥
कौतुके च यदा राहौ स्थानहीनो नरो भवेत् ।
परदाररतो नित्यं परवित्तापहारकः ॥११
निद्रावस्थागते राहौ गुणग्रामयुतो नरः ।
कान्तसन्तानवान् धीरो गर्वितो बहुवित्तवान् ॥१२॥
(भावकुतूहल)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केतुको शयनादि अवस्थाफल –

[1]शयन –	मेष, वृष, मिथुन, कन्यामा भए धनवृद्धि, अन्यत्र भए रोगवृद्धि
उपवेशन–	दाद, चोरभय, शत्रुभय, राजभय
नेत्रपाणि–	नेत्ररोग, शत्रुभय, राजमय
प्रकाशन–	धनवृद्धि, राजमान, यश, परदेशसुख,
गमन–	धनपुत्रयुक्त, पण्डित, राजमान,
आगमन–	दुर्बुद्धि, धनरहित, कामी, धर्महीन, क्रोधी
सभा –	कुत्सितवचन, गर्व, कृपण, कामी, धूर्त
आगम –	पापी, बन्धुविवाद, रोग, शत्रुबाधा
भोजन -	क्षुधातुर, दरिद्र, रोग, भ्रमण
नृत्यलिप्सा –	व्याधी, खेद, धूर्त, अनर्थकाम गर्ने,
कौतुक –	नर्तकस्त्रीरमण, स्थानभ्रष्ट, दुराचार, दरिद्र, भ्रमण
निद्रा –	धनसुख, गुणयुक्त

---

(१) मेषे वृषेऽथवा युग्मे कन्यायां शयनं गते ।
केतौ धनसमृद्धिः स्यादन्यभे रोगवर्द्धनम् ॥१॥
उपवेशं गते केतौ दद्रुरोगविबर्द्धनम् ।
अरिव्रातनृपव्यालचौरशङ्का समन्ततः ॥२॥
नेत्रपाणिं गते केतौ नेत्ररोगः प्रजायते ।
दुष्टसर्पादिभीतिश्च रिपुराजकुलादपि ॥३॥
प्रकाशने गते केतौ धनधान्यसमुन्नतिः ।
राजमानं यशोलाभं विदेशे सौख्यमाप्नुयात् ॥४॥
गमने तु यदा केतौ पुत्रसंपत्तिमान्नरः ।
पण्डितो राजमानी च धनेन परिपूरितः ॥५॥
केतोरागमने दुष्टमतिः श्रीरहितः पुमान् ।
कामी धीधर्महीनश्च जायते क्रोधनः शठ ॥६॥
सभावस्थागते केतौ बाचालो बहुगर्वितः ।
कृपणो लम्पटश्चैव धूर्तविद्याविशारदः ॥७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शयनादि अवस्थाका ग्रहबाट भावविचार –

जुन जुन भावमा निद्रावस्थाका ग्रह बसेका हुन्छन्, त्यस त्यस भाव उपर्युक्त फल अनुसार[१] दुःख हुने हुन्छन् । जस्तै निद्रावस्थामा रहेको पाप ग्रह सप्तमस्थानमा भएर पापग्रहयुक्त भयो वा शत्रुको घरमा भयो वा शत्रुले देख्यो भने त्यसको स्त्रीनाश हुन्छ । शुभग्रहयुक्त वा शुभग्रहले देख्यो भने एक स्त्रीको नाश हुन्छ । शुभ अशुभको तुल्यता भए कष्ट हुन्छ ।

यस किसिमले भावविचार गर्दा ग्रहको बालबलबाट फल निर्णय गर्नुपर्छ । यसकारण बलाबलका लागि दीप्तादि अवस्थासँग विशेषसम्बन्ध हुन्छ र केन्द्र त्रिकोणस्थानमा छ वा छैन भन्ने विचार पनि गर्नुपर्छ । जस्तै उच्चमा वा स्वगृहमा

यदागमे भवेत्केतुः केतुः स्यात्पापकर्मणाम् ।
बन्धुवादरतो दुष्टो रिपुरोगनिपीडित ॥८॥
भोजने तु जनो नित्यं क्षुधया परिपीडितः ।
दग्द्रिो रोगसन्तप्तः केतौ भ्रमति मेदिनीम् ॥९॥
नृत्यलिप्सागते केतौ व्याधिना विकलो भवेत् ।
बुद्‌चुदाक्षो दुराधर्षो धूर्तोऽनर्थकरो नरः ॥१०॥
कौतुकी कौतुके केतौ नटवामारतिप्रियः ।
स्थानभ्रष्टो दुराचारो दरिद्रो भ्रमते महीम् ॥११॥
निद्रावस्थागते केतौ धनधान्यसुखं महत् ।
नानागुणविनोदेन कालो गच्छति जन्मिनाम् ॥१२॥

(भावकुतूहल)

(१) यदि निद्रागतः पापः सप्तमे पापपीडितः ।
तदा जायाविनाशः स्याच्छुभयोगे क्षणान्नहि ॥१॥
निद्रितो रिपुगेहस्थो रिपुयुक्तेक्षितो मदे ।
भार्या विनश्यति क्षिप्रं बिधिना रक्षितोपि चेत् ॥२॥
शुभयोगे क्षणादेका विनश्यति परा नहि ।
शुभाशुभदृशा भार्या कष्टयुक्ता नृणां भवेत् ॥३॥
अपत्यभावे यदि तुङ्गगेहे निजालये पापयुतेक्षितश्चेत् ।
निद्रागतोऽपत्यविनाशकारी शुभेक्षितश्चैकसुतस्य हन्ता ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रहेको गृह सन्तानभावमा रहेर निद्रा वस्थामा भयो भने सन्तान नाश हुन्छ । यदि मृत्यु भावमा भए स्वयं त्यसको गंगामा मृत्यु हुन्छ । नेत्रपाणि अवस्थाको सूर्य त्रिकोण वा दशममा भए शुभ फल, प्रकाश अवस्थाको सूर्य पञ्चम वा सप्तममा भए स्त्रीपुत्रनाश, गमन अवस्थाको सूर्य द्वादशस्थानमा भए पनि उक्त फल हुन्छ । भोजन अवस्थाको सूर्य धर्म स्थानमा भए पुण्यबाधा, कौतुक अवस्थाको सूर्य रिपुभावमा भए वैरिनाश हुन्छ ।

यदा निद्रायुको निधनभवनं पापमिलितः
शयानो वा मृत्युं व्रजति रिपुकोपेन मनुजः ।
शुभैर्दृष्टो युक्तो निजपतियुतो वान्तसमये
नरो गंगामेत्य व्रजति हरिसायुज्यपदवीम् ॥५॥
त्रिकोणं वा कर्मण्यपि नयनपाणौ दिनमणेः
फलं शस्तं ज्ञेयं मदनसदने नन्दनपदे ।
प्रकाशे मार्तण्डे मृतिपदमपत्यं जनिमतां
तथा जायायाति व्ययसदनमाने च गमने ॥६॥
पुण्यबाधाकरः पुण्यभे भोजने कौतुके वैरिभे वैरिहन्ता रविः ।
सप्तमे पञ्चमे तत्रगो वा भवेदङ्गहा पुत्रहा लिङ्गरोगप्रदः ॥७॥

(भावकुतूहल)

इति द्वितीय अध्याय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेस्रो अध्याय

मानिसहरू जन्मन्छन् मर्छन् यो प्रकृतिको स्वभाव हो । संसार अनित्य छ । जुनसुकै पनि सृष्टि भएपछि त्यसको नाश हुनु पनि अवश्यंभावि छ । नाश हुनु पनि त्यसको अवधि हुन्छ । त्यसलाई आयु भन्दछन् । काल आएर मानिसको मृत्यु भयो भन्ने चलन छ । त्यसको अर्थ हो अवधि पुगेर मृत्यु भयो भन्ने हो । त्यसकारण पहिले आयु विचार गरेर मात्र फलविचार गर्नु युक्ति हुन्छ* ।

प्राचीन ऋषिमुनिहरूले मानिसको आयुको विषयमा विभिन्न तरिकाले लक्षण अनुसन्धान गरेका छन्** । अहिले यहाँ मुनि जैमिनिको विचार अनुसार आयु विचारको केही भाग यहाँ वर्णन गरिन्छ ।

आयुसाधनप्रकार –

जैमिनिको रीतबाट आयुसाधन भन्दछु ।
लग्न र लग्नको आठौं स्थानका पतिबाट र ॥
लग्न र चन्द्रमाबाट हेर्नू आयु त्यसै गरी ।
लग्न र लग्नहोराले हेर्नू आयु उसै गरी[1] ॥
तीन प्रकारका आयु यदि भिन्नै थरी भए ।
लग्न र लग्नहोराको आयु ग्राह्य हुने भयो ॥
दुई थरी मात्र आयु यदि एकै भयो भने ।
त्यही आयु ग्राह्य हुन्छ यदि त्यस्तो भयो भने ॥

---

*पूर्वमायुः परीक्षेत पश्चाल्लक्षणमेव च ।
नोचेत्तु लक्षणज्ञाने ह्यायाशो व्यर्थमाप्नुयात् ॥१०॥
(मध्यपराशरी)

**सत्ये लग्नदशा प्रोक्ता त्रेतायां योगिनीदशा ।
द्वापरे हरगौरी च नक्षत्रायुः कलौ युगे ॥
(प्राचीन संग्रह वृद्धवश्चन)

(१) लग्नेशरन्ध्रपत्योश्च लग्नेन्द्वोर्लग्नहोरयोः ।
सूत्राण्येवं प्रयुञ्जीयात्संवादादायुषां त्रये ॥८७॥
(जन्मपत्रदीपक)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुनि जैमिनिले मानिसको आयु विचार गर्दा तीन तिरबाट विचार गर्ने युक्ति बताएका छन् । (१) लग्नेश र अष्टमेशबाट (२) लग्न र चन्द्रमाबाट (३) लग्न र होरालग्नबाट यी तीन प्रकारबाट आयुको विचार गर्दा तीनै थरी भिन्ना भिन्नै आयु आए लग्न र होरालग्नबाट आएको आयु त्यही ग्राह्य हुन्छ । दुई थरीबाट एउटा आयु आए त्यही ग्राह्य हुन्छ तीनै थरीबाट एउटै आयु आए त भन्नै परेन ।

आयुसाधनमा चन्द्र विचार –

लग्न वा लग्नको सातौं स्थानमा चन्द्रमा[1] भए ।
लग्न र चन्द्रमाबाट हेर्नू आयु त्यसो भए ॥
चन्द्रमा नभएमा ता अमि लौ आयुसाधन ।
मन्द र चन्द्रमाबाट हेर्नू शान्त गरी मन ॥

माथिको दोस्रो प्रकारको आयुसाधनमा यदि चन्द्रमा लग्नमा वा सप्तम स्थानमा बसे मात्र लग्न र चन्द्रमाबाट आयुसाधन गर्नू । यदि चन्द्रमा लग्नमा वा सप्तमस्थानमा छैन भने ता शनि र चन्द्रमाबाटै आयुसाधन गर्न ।

आयुको भेद –

आद्य चर भए दोस्रो चर स्थिर द्विभाव र ।
आद्य स्थिर भए दोस्रो द्वन्द्व चर स्थिरै अनि ॥
आद्य द्वन्द्व भए दोस्रो स्थिर द्वन्द्व चरै पनि ।
दीर्घ मध्य अल्प आयु भनी जान्नू यसै गरी[1] ॥

---

(१) लग्ने वा मदने चन्द्रे चिन्तयेल्लग्नचन्द्रतः ।
अन्यथा शनिचन्द्राभ्यां चिन्तनीयं विचक्षणैः ॥८॥
(जन्मपत्रदीपक)

(२) चरे चरस्थिरद्वन्द्वाः स्थिरे द्वन्द्वचरस्थिराः ।
द्वन्द्वे स्थिरोभयचरा दीर्घमध्याल्पकायुषः ॥८९॥
(जन्मपप्रदीपक)

झट्टै आयु अडकल गर्ने तरिका चाहिँ यस प्रकार छ–
चेदङ्गपो यदि *रवेररिरेव हीनं पूर्ण सुहृद्यदि समः सममायुराहुः ।
लग्नाधिपो हितसमारिपदेऽपि पूर्ण मध्यं च हीनमिह जातकतत्वविज्ञाः ॥७५॥
(भावकुतूहल)

यदि लग्नको मालिक सूर्यको शुत्रु भएं अल्पायु, मित्र भए दीर्घायु, सम भए मध्यायु, हुन्छ । अथवा लग्नको मालिक आफ्नो मित्रको घरमा भए दीर्घायु समको घरमा भए मध्यायु, शत्रुको घरमा भए अल्पायु हुन्छ ।

---

*भएको– छुट, हुनुपर्ने– ररिरेव

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन दुइटा ग्रह अथवा लग्न र होरालग्नबाट आयु हेर्नु छ ती दुइमा एउटा चर राशिमा दोस्रो चर अथवा* स्थिर अथवा द्विस्भाव राशिमा भए क्रमैले दीर्घ मध्य अल्प आयु हुन्छन् ।

यदि एउटा स्थिर राशिमा भई दोस्रो द्विस्वभाव अथवा चर अथवा स्थिर राशिमा भए क्रमैले दीर्घ मध्य अल्प आयु हुन्छन् ।

यदि एउटा द्विस्भाव राशिमा भई दोस्रो स्थिर अथवा द्विस्भाव अथवा चर राशिमा भए क्रमैले दीर्घ मध्य, अल्प आयु हुन्छन् ।

१।४।७।१० राशी चर २।५।८।११ राशि थिर ३।६।९।१२ राशि द्विस्वभाव हुन् । सजिलोको लागि आयुको प्रकार तल चक्रमा दिइन्छ ।

पहिलो प्रकारबाट

दीर्घायु	मध्यायु	अल्पायु
चरमा लग्नेश चरमा अष्टमेश	चरमा लग्नेश स्थिरमा अष्टमेश	चरमा लग्नेश द्विस्वभावमा अष्टमेश
स्थिरमा लग्नेश द्विस्वभावमा अष्टमेश	स्थिरमा लग्नेश चरमा अष्टमेश	स्थिरमा लग्नेश स्थिरमा अष्टमेश
द्विस्वभावमा लग्नेश स्थिरमा अष्टमेश	द्विस्वभावमा लग्नेश द्विस्वभावमा अष्टमेश	द्विस्वभावमा लग्नेश चरमा अष्टमेश

चन्द्रमा लग्न सप्तममा नहुँदा

दीर्घायु	मध्यायु	अल्पायु
चरमा शनि चरमा चन्द्रमा	चरमा शनि स्थिरमा चन्द्रमा	चरमा शनि द्विस्वभावमा चन्द्रमा
स्थिरमा शनि द्विस्वभावमा चन्द्रमा	स्थिरमा शनि चरमा चन्द्रमा	स्थिरमा शनि स्थिरमा चन्द्रमा
द्विस्वभावमा शनि स्थिरमा चन्द्रमा	द्विस्वभावमा शनि द्विस्वभावमा चन्द्रमा	द्विस्वभावमा शनि चरमा चन्द्रमा

*भएको– स्थित, हुनुपर्ने– स्थिर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दोस्रो प्रकारबाट

दीर्घायु	मध्यायु	अल्पायु
लग्न चरराशिमा चरमा चन्द्रमा	लग्न चरराशिमा स्थिरमा चन्द्रमा	लग्न चरराशिमा द्विस्वभावमा चन्द्रमा
लग्न स्थिरराशिमा द्विस्वभावमा चन्द्रमा	लग्न स्थिरराशिमा चरमा चन्द्रमा	लग्न स्थिरराशिम स्थिरमा चन्द्रमा
लग्न द्विस्वभावराशिमा स्थिरमा चन्द्रमा	लग्न द्विस्वभावराशिमा द्विस्वभावमा चन्द्रमा	लग्न द्विस्वभावराशिमा चरमा चन्द्रमा

तेस्रो प्रकारबाट

दीर्घायु	मध्यायु	अल्पायु
लग्न चरराशिमा होरालग्न चरमा	लग्न चरराशिमा होलालग्न स्थिरमा	लग्न चरराशिमा होरालग्न द्विस्वभावमा
लग्न स्थिरराशिमा होरालग्न द्विस्वभावमा	लग्न स्थिरराशिमा होरालग्न चरमा	लग्न स्थिरराशिमा होरालग्न स्थिरमा
लग्न द्विस्वभावमा होरालग्न स्थिरमा	लग्न द्विस्वभावमा होरालग्न द्विस्वभावमा	लग्न द्विस्वभावमा होरालग्न चरमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

होरालग्न साधन सारणी

घडीफल

घडी	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५
राशि	०	०	१	१	२	२	२	३	३	४	४	४	५	५	६
अंश	१२	२४	६	१८	०	१२	२४	६	१८	०	१२	२४	६	१८	०
घडी	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
राशि	६	६	७	७	८	८	८	९	९	१०	१०	१०	११	११	०
अंश	१२	२४	६	१८	०	१२	२४	६	१८	०	१२	२४	६	१८	०
घडी	३१	३२	३३	३४	३५	३६	३७	३८	३९	४०	४१	४२	४३	४४	४५
राशि	०	०	१	१	२	२	२	३	३	४	४	४	५	५	६
अंश	१२	२४	६	१८	०	१२	२४	६	१८	०	१२	२४	६	१८	०
घडी	४६	४७	४८	४९	५०	५१	५२	५३	५४	५५	५६	५७	५८	५९	६०
राशी	६	६	७	७	८	८	८	९	९	१०	१०	१०	११	११	०
अंश	१२	२४	६	१८	०	१२	२४	६	१८	०	१२	२४	६	१८	०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

होरालग्न साधन सारणी

पलाफल

पला	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५
अंश	०	०	०	०	१	१	१	१	१	२	२	२	२	२	३
कला	१२	२४	३६	४८	०	१२	२४	३६	४८	०	१२	२४	३६	४८	०
पला	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०
अंश	३	३	३	३	४	४	४	४	४	५	५	५	५	५	६
कला	१२	२४	३६	४८	०	१२	२४	३६	४८	०	१२	२४	३६	४८	०
पला	३१	३२	३३	३४	३५	३६	३७	३८	३९	४०	४१	४२	४३	४४	४५
अंश	६	६	६	६	७	७	७	७	७	८	८	८	८	८	९
कला	१२	२४	३६	४८	०	१२	२४	३६	४८	०	१२	२४	३६	४८	०
पला	४६	४७	४८	४९	५०	५१	५२	५३	५४	५५	५६	५७	५८	५९	६०
अंश	९	९	९	९	१०	१०	१०	१०	१०	११	११	११	११	११	१२
कला	१२	२४	३६	४८	०	१२	२४	३६	४८	०	१२	२४	३६	४८	०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

होरालग्नसाधनरीति –

जन्मसमयको इष्टघडीपला जति छ त्यति दृष्टघडीतुल्य घडीफलसारणीको कोठाबाट राश्यादिफल लिनू, त्यस्तै इष्टपलातुल्य पलाफलसारणीको कोठाबाट अंशादिफल लिनू, राश्यादिफल र अंशादिफल यथास्थानमा जोड्नू आएको योगफल विषम लग्न भए सूर्यको राश्यादिमा जोड्नूसम लग्न भए लग्नको राश्यादिमा जोड्नू राश्यादि होरालग्न हुन्छ ।१

उदाहरण –

इष्टघडी ३६।१५ मा मानिस जन्मदा लग्न ४।२२।२१।२२ सूर्य ८।२७।२०।२६ भए होरालग्न कति होला ।

यहाँ इष्टघडी ३६ ले तुल्य घडीफलसारणीको कोठाबाट राश्यादिफल लिँदा २।१२ भयो । त्यस्तै पला १५ ले तुल्य पलाफलसारणीको कोठाबाट अंशादिफल लिँदा ३।० भयो । यी दुवैलाई यथास्थानमा जोड्दा राश्यादि २।१५।० भयो । यहाँ लग्न विषम हुनाँले सूर्यको राश्यादि ८।२७।२०।२६ मा राश्यादिफल २।१५।० जोड्दा राश्यादि होरालग्न ११।१२।२०।२६ भयो ।

आयुकोकक्ष्याखण्डप्रमाण –

छयानब्बे, आठअधिकशय नै, बीसअधिक ।
शयै, दीर्घै आयु भनिकन गरे कक्ष्य त्यसरी ॥
भए चौसठ्ठी र बहतर, असी, कक्ष्य यसरी ।
भए मध्यै आयु भनिकन गरे कक्ष्य त्यसरी ॥
भए दोब्बर्सोह्व, त्रिगुणित तथा द्वादश अनि ।
भए अल्पै आयु द्विगुणित तथा बीस पनि ता ॥२

---

(१) द्विघ्नेष्टनाड्यः पञ्चाप्तो भं शेषं च पलीकृतम् ।
दशाप्तमंशास्ते योज्या रवौ होरोदयं भवेत् ॥
विषमेऽङ्के रवौ योज्यं समेऽङ्के लग्नभादिषु ॥८६॥
(जन्मपत्रदीपक)

(२) रसाङ्कै ९६ गजाभ्रेन्दुभिः १०८ शून्यमासै १२०
स्त्रिधा दीर्घमायुः कलौ सम्प्रदिष्टम् ।
चतुःषष्टि ६४ बाह्वद्रय ७२ शीति ८० प्रमाणै
र्मतं मध्यमायुर्नृणां वत्सरैः स्यात् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कलियुगमा यहाँ दीर्घायुकक्ष्याखण्डप्रमाण ९६,१०८,१२० वर्षतक, मध्यायुकक्ष्याखण्ड प्रमाण ६४,७२,८० वर्षतक, अल्पायुकक्ष्याखण्डप्रमाण ३२,३६,४० वर्षतक बताएका छन् ।

अब उपर्युक्त आयुसाधनप्रकार तीनैतिरबाट दीर्घायु आए १२० वर्ष, दुई प्रकारबाट दीर्घायु आए १०८ वर्ष, एकप्रकारबाट दीर्घायु आए ९६ वर्ष आयुप्रमाण जान्नू ।

यस्तै तीनैतिरबाट मध्यायु आए ८० वर्ष, दुईप्रकारबाट मध्यायु आए ७२ वर्ष, एक प्रकारबाट मात्र मध्यायु, आए ६४ वर्ष आयुप्रमाण जान्नू ।

यस्तै तीनैप्रकारबाट अल्पायु आए ३२ वर्ष, दुईप्रकारबाट अल्पायु आए ३६ वर्ष, एकप्रकारबाट मात्र अल्पायु आए ४० वर्ष आयुप्रमाण जान्नू ।

आयुको कक्ष्यावृद्धियोग –

लग्न वा लग्नको सातौं स्थानमा देवतागुरू ।
भएमा वा सौम्यदृष्टि परेमा गुरुमा पनि ॥
कक्ष्यावृद्धि भनी जान्नू अल्पको मध्यमा अनि ।
मध्यको दीर्घमा जान्नू दीर्घको अतिदीर्घ नै ॥[१]

लग्नमा वा सप्तमस्थानमा बृहस्पति भएमा अथवा बृहस्पतिलाई शुभग्रहले देखेमा आयुको कक्ष्यावृद्धि हुन्छ ।

तथा द्विति ३२ षड्वन्हि ३६ शून्याब्धि ४० वर्षै
र्भवेदल्पमायुर्नराणां युगान्ते* ॥९॥ (जन्मपत्रदीपक)

"नक्षत्रायुः कलौयुगे" भन्ने उक्ति पनि छ । नक्षत्रायु ल्याउनेप्रकार यसरी दिइएको छ–

नक्षत्रस्य गता नाड्यो वेदघ्ना रामभाजिताः ।
लब्धं परायुषि त्याज्यं स्फुटायुः परिकीर्तितम् ॥७॥ (भावप्रकाश)

भयातघडीलाई ४ ले गुनी ३ ले भाग लिनू आएको लब्धि परमायु १२० मा घटाउनू जति बाँकी रहन्छ त्यति नै स्पष्ट नक्षत्रायु हुन्छ ।

यसको उपपत्ति–परमाधिक आयु=१२०, परमाल्प आयु = ३२, यी दुईको अन्तर १२०–३२=८८ । नक्षत्रको परमाधिक घडी ६६ सम्म हुन्छ । नक्षत्रको भयातघडी जति जति बढ्छ अन्तरायु पनि त्यही अनुपातले बढ्छ । तब ६६:८८:१ कति भन्दा $\frac{८८}{६६}=\frac{४}{३}$ हुन्छ । यस कारण उक्त श्लोकको उक्ति चरितार्थ हुन्छ । यसरी ल्याएको यो नक्षत्रायु ३२ बाट घट्दैन १२० बाट पनि बढ्दैन ।

(१) गुरौ विलग्ने मदनस्थिते वा शुभेक्षिते तत्परिवृद्धिरूक्ता ।
दीर्घस्य बृद्धिस्तु ततोऽधिकायुर्हीने निपातस्तदभाव एव ॥ (प्राचीन संग्रह)

यहाँ शुभग्रहले देखेमा आयुवृद्धि हुन्छ भन्नाले पापग्रहले देखेमा आयुक्षय हुन्छ भन्ने अभिप्राय हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कक्ष्यावृद्धिमा विशेष –

बृहस्पति लग्नमा र सप्तमस्थानमा भएमा तथा बृहस्पतिमा शुभग्रहको दृष्टि परेमा पनि कक्ष्यावृद्धि हुन्छ भनी बताइएको हुनाले यदि बृहस्पति लग्नसप्तममा भएर त्यसमा शुभदृष्टि वा शुभको योग समेत पर्‍यो र पापदृष्टि वा पापयोग परेन भने बृहस्पतिले दोब्बर कक्ष्यावृद्धि गर्ने हुन्छ । यदि बृहस्पति लग्न सप्तममा भएर उच्चमा वा स्वगृहमा भए त्यसले ४ पाउ, मित्रको घरमा भए ३ पाउ, शत्रुको घरमा भए १ पाउ, नीचमा भए ० कक्ष्यावृद्धि गर्ने हुन्छ ।[1] यदि त्यसमा शुभ पाप दुवैको दृष्टि पर्‍यो वा दुवैको योग पर्‍यो भने वालबलको विचार गर्नुपर्ने हुन्छ ।

कक्ष्यावृद्धि यस प्रकार हुन्छ –

दीर्घ १२० । १०८ ।९६
मध्य । ।६४
अल्प । ।३२

३२ बाट ६४, ६४ बाट ९६, ९६ बाट १०८, १०८ बाट १२० मा कक्ष्यावृद्धि हुन्छ ।

दीर्घ १२० । १०८
मध्य । ७२
अल्प । ३६

३६ बाट ७२, ७२ बाट १०८, १०८ बाट १२० मा वृद्धि

दीर्घ १२०
मध्य ८०
अल्प ४०

पितृलाभगे गुरौ केवलशुभदृग्योगिनि च कक्ष्यावृद्धिः ॥१४॥

वि.– पितृलाभग इति । गुरौ = बृहस्पतौ, पितृलाभगे= लग्नसप्तमगे सति कक्ष्यावृद्धिर्भवति । तथा केवलशुभदृग्योगिनि च = केवल शुगदृग्योगविशिष्टै च गुरौ, कक्षावृद्धिर्भवति, अर्थादल्पायुर्योगे दीर्घायुः, दीर्घायुर्योगे ततोऽधिकायुर्भवति ॥१४॥

(जेमिनिसूत्र २ अध्याय १ पाढ)

(१) स्वर्क्षे तुङ्गे फलं पूर्णे पादोनं मित्रमे समे ।
अर्ध रिपुगृहे पादं नीचे खं यच्छति ग्रहः ॥१३॥

(जीवनाथकृत भावप्रकाश ग्रहभावफलाध्याय २)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४० बाट ८०, ८० बाट १२० मा वृद्धि, यदि १२० बाट पनि कक्ष्यावृद्धियोग परेमा कक्ष्याको जुन अनुपातले बढेर गएको छ त्यही अनुपातले बढ्ला ।[1] परमायुबाट नाघेर बाँचेका पनि पाइन्छन् । तर यस्तो हजारमा १ हुन पनि गाहो छ ।

आयुको कक्ष्याह्रासयोग –

शनैश्चरबाट आयु आएको यदि भो भने ।
कक्षाह्रास भनी जान्नू दीर्घको मध्यमा अनि ॥
मध्यको अल्पमा जान्नू अल्पको अति अल्प नै ।
स्वर्क्षतुङ्ग भए हुन्न कक्ष्याह्रास त्यहाँ जसै ॥[2]

शनैश्चर आयुको कारक हुन आएमा आयुको कक्ष्याह्रास हुन्छ । शनैश्चर आफ्नो राशिमा वा उच्चमा भएमा त कक्ष्याह्रास हुँदैन । शनैश्चरमा पापग्रहको दृष्टि वा योग भए पनि कक्ष्याह्रास हुँदैन भन्ने जैमिनिको भनाइ छ । सो ह्रास यस प्रकारले हुन्छ–

दीघ १२०		
मध्य ८०		
अल्प ४०	३६	३२

१२० बाट ८०, ८० बाट ४०, ४० बाट ३६, ३६ बाट ३२ मा ह्रास ।

दीर्घ	१०८	
मध्य	७२	
अल्प	३६	३२

१०८ बाट ७२, ७२ बाट ३६, ३६ बाट ३२ मा ह्रास

---

(१) परमायु नाघेर बाच्ने मानिसको विंशोत्तरी दशा फेरि दोहोरिन्छ । त्यस्तो मानिसको केटा केटीको जस्तो साना साना दाँत फेरि उम्रन्छ ।

(२) एतत्प्रसङ्गे बहवो हि भेदा निरूपिताः सन्ति विचारमार्गे ।
शनैश्चरे योगकरे स्वगेहतुङ्गान्यगे श्रेणिनिपात एवम् । (प्राचीनसंग्रह)
शनौ योगहेतौ कक्ष्याह्रासः ॥११॥

वि–शनाविति । शनौ=शनैच्चरे, योगहेतौ= योगहेतुभूतराशौ स्थिते सति, कक्ष्याह्रासः= पूर्वप्रतिपादितदीर्घमध्यायुर्योगत्रयात्मककक्ष्यायाः हानिः स्यात्, तथा हि शनौ योगहेतौ दीर्घ चेन्मध्यं, मध्यं चेदल्पं, अल्पं चेत्ततोऽल्पायुर्भवति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दीर्घ	।	। १०८
मध्य	।	। ६४
अल्प	।	। ३२

यहाँ ९६ बाट ६४, ६४ बाट ३२= मा ह्रास हुन्छ । यदि ३२ बाट पनि ह्रासयोग परेमा आयु अभाव हुन्छ । कोही जन्मनासाथ मर्ने पनि हुन्छ । कोही जन्मेर २, ४ वर्षमै मर्ने हुन्छ । त्यसैले "हीन निपातस्तदभाव एव[१]" भन्नाको यही तात्पर्य हुन्छ ।

आयुविवरण —

यहाँ आयु बढीमा १२० वर्ष र कममा ३२ वर्षसम्म दिइएको छ । कक्ष्याह्रास र वृद्धिबाट उक्त आयुमा घटी बढी हुन सक्छ । ग्रहहरूको दृष्टिबल, स्थानबल, उच्चबल आदि धेरै भेद छन् । ग्रहहरूको बलाबलको तारतम्यबाट स्पष्टायुको निर्णय हुन सक्छ । ज्योतिषशास्त्रमा दिइएका आयुको विभिन्न तरिकाहरूमध्ये यो एउटा तरिका हो ।

मानिसको जीवन भनेको बालेको दीयो जस्तै हो । दीयो बाल्दा धागोरूपी बत्ती र तेल राखेर बालिन्छ । दीयो भन्नु शरीर हो, धागोरुपी बत्ती भन्नु आयु, तेल भन्नु पुण्य, बत्तीबलेको भन्नु जीवन हो । मानिसको जीवन पनि त्यही बत्तीकै अनुरूप जस्तै चल्दछ । बलेको दीयोमा हावाको झोक्का पऱ्यो भने सो दीयो निम्नसक्छ । त्यस्तै अनाचार पापबाट तथा अरिष्टबाट मानिस मर्न सक्छ । दीयोमा तेल सिद्धियो भने पनि सो दीयो निम्न सक्छ । त्यस्तै मानिसको पूण्य सिद्धियो भने पनि मानिस मर्दछ । पुण्य भन्नु सदाचार हो । त्यसको उपकरण औषधि पनि हो[२] दीयोमा सावधान पूर्वक तेल थप्न सके सो दीयो धेरै बेर बल्न सक्छ । त्यस्तै पुण्य थप्न सके मानिस अरिष्ट काटेर धेरै काल बाँच्न सक्छ । यदि दीयोमा धागोबत्ती नै सिद्धियो भने ता दीयो किमार्थ बल्न सक्दैन । त्यस्तै मानिसको आयु नै सिद्धियो भने ता मानिस बाँच्न सक्दैन र अवश्य मर्दछ । यदि दीयोमा अर्को धागोबत्ती थपेर बत्ती बालेमा फेरि त्यो दीयो बल्न सक्छ । त्यस्तै मानिसमा पनि अर्कै जीवनपूर्जा थप्न सके मानिस बाँच्नसक्छ । जस्तै मार्कण्डेय

न स्वर्क्षतुङ्गे सौरे ॥१२॥ केवलपापदृग्योगिनी च ॥१३॥

वि–न स्वर्क्षतुङ्ग इति । सौरे=शनैश्चरे, स्वर्क्षतुङ्गे= स्वराशिस्वोच्चगे सति, न=कक्षाह्रासो न स्यात । केवलेति । केवलपापदृग्योगिनि च = केवलपापदृग्योगविशिष्टे शनौ च न कक्ष्याह्रासः ॥१२–१३॥ (जैमिनिसूत्र)

यहाँ 'केवल पापदृग्योगिनि' केवल पाप र पापदृष्टि परेमा भन्नाले शुभ तथा अशुभदृष्टि परेमा त कक्ष्याह्रासै हुन्छ भन्ने अर्थ हुन्छ ।

(१) आयुको कक्ष्यावृद्धियोगको टिप्पणीमा दिइएको प्राचीन संग्रहको श्लोक हेर्नुहोस् ।

(२) औषधं जाह्नवीतोयं वैद्यो नारायणो हरिः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुनि, तथा सत्यवान् अर्को जीवनपूर्जा पाएर बाँचेका थिए । वैज्ञानिकहरूले पनि मानिसको पूर्जा फेरेर मानिसलाई बचाएको कुरा सुनिन्छ । त्यस्ता मानिसको जन्मसमयमा लिएर आएको आयुसँग सम्बन्ध हुन्छ वा हुँदैन, त्यसको आयु कति टिकाउ हुन्छ भन्ने कुरा थाहा छैन । योगाभ्यासद्वारा पनि आयु थप्छन् । त्यसरी थपेको आयु धेरै टिकाउ हुन्छ भन्ने कुरो तपस्वी ऋषि मुनिहरूको जीवनीबाट थाहा हुन्छ । किन भने योगाभ्यास गर्नेहरूले इन्द्रियलार्य नियन्त्रण गर्दछन् र इन्द्रीयहरूको सञ्चालन हुँदैन । जस्तै घडीलाई दम नदिएर थपक्क राखिछोड्यो भने त्यो घडी धेरै टिकाउ हुनु स्वाभाविकै हो । योगाभ्यासद्वारा थपेको आयुको निर्णय गर्ने तरिका थाहा छैन । प्राकृतिक मानिसको मात्र यहाँ आयुको विचार गरिएको छ ।

ज्योतिषबाट आयुको विचार गर्दा आयुसँग विंशोत्तरीदशाको अत्यन्त संबन्ध हुन्छ । त्यसैले मारकनिर्णय गर्न विंशोत्तरीदशा नै लिनुपर्छ भनी शास्त्रले बताएको छ । जहाँ कडा (अरिष्ट) दशा भएको हुन्छ, त्यहाँ त्यस दशाको प्रभावले मानिसलाई विषयान्तरमा धकेलिदिन्छ र त्यसले पुण्यरुपी तेलको शोषण गर्दछ । त्यस्तो ठाउँमा याद राख्नु नसकेको खण्डमा आयुशेष भए तापनि मृत्यु हुने संभव हुन्छ । त्यसैकारणले मारकनिर्णयमा धेरैथरी मारक बताएको छ । पहिलोबाट संभव नभए दोस्रो, दोस्रोबाट संभव नभए तेस्रो, तेस्रोबाट संभव नभए चौथो इत्यादि बताउनाको तात्पर्य यही हुन सक्छ । कोही जन्मनासाथ मर्ने कोही जन्मेर २, ४ वर्षमै मर्ने हुन्छन् । बालकहरूको पुर्जा ज्यादै कमजोर हुन्छ । तिनीहरूलाई अलिकता कडा दशा मात्र लागे पनि तिनीहरूको मृत्यु हुने हुन्छ । जुन दशा युवककालमा मामुलिक हुन्छ । त्यसै कारण मारकेशसंबन्ध नभए तापनि केवल त्रिषडायेशको दशामा पनि मर्ने हुन्छ भनी बताउनाको तात्पर्य यही हुन्छ । हुर्केका मानिसको लेखा आयुको अन्तिम चरणमा पुग्दा मारकनिर्णयमा बताएको दशामा मानिस मर्ने हुन्छ । कतिपय ज्योतिषग्रन्थमा बालककालको लागि बालग्रह मानी आयु विचार गरेको छैन । कसैले ५ वर्ष कसैले १० वर्ष १२ वर्षसम्म पनि बालग्रह मान्दछन् । जैमिनिको मतमा बालग्रह मानेको देखिँदैन ।

मानिसको अकाल मृत्यु भनेको काट्टिएर मर्नु, झुण्डिएर मर्नु, खसेर मर्नु, डुबेर मर्नु, विष खाएर मर्नु आदि हो । यसरी मर्नेहरूको लक्षणको विषयमा ठूला ठूला ज्योतिषका फलित ग्रन्थ बनेका छन् । इत्यादि धेरै गहन विषयहरू छन् । सायद दोस्रो अध्यायमा बताएको दशाको प्रभावबाट पनि त्यस्तो घटना घट्दो होला । त्यस कारण विचार गर्न सजिलोको लागि मरेका प्रसिद्ध मानिसहरूको संक्षिप्त परिचय सहित तिनका जन्म कुण्डलीमा आयु तथा दशा गनेर दिएको छु । उदाहरण फेरि तुलनात्मक अध्ययन गरे थाहा होला ।

इति तृतीय अध्याय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चौथो अध्याय

कुण्डलीपरीक्षा

महिना र पक्षज्ञान –

वैशाखमा सूर्य मेष राशिमा हुन्छन् । त्यस पछि प्रत्येक महिनामा सूर्य राशिमा सर्दै जान्छन् । सूर्य १२ महिनामा १२ राशिमा सर्छन् । त्यसकारण जुन राशिमा सूर्य हुन्छ त्यही महिना हुन्छ ।[१] औंशीमा चन्द्रमा सूर्यसँग बसेका हुन्छन् । चन्द्रमा सूर्यको अगाडिको राशिमा छँदा शुक्लपक्ष र पछाडिको राशिमा छँदा कृष्णपक्ष हुन्छ ।[२]

तिथिज्ञान –

चन्द्रमा र सूर्य एक राशिको फरक हुँदा मोटामोटी अढाई तिथि बित्तछ । किन भने सूर्य भन्दा चन्द्र छिटो हिँड्दछन् । त्यस कारण सूर्य बसेको राशिबाट चन्द्र बसेको राशिसम्म तिथि गनेर हेर्दा जति हुन्छ त्यति नै तिथि हुन्छ ।[३]

इष्टकालज्ञान –

६० घडीको एक अहोरात्र हुन्छ । एक अहोरात्रमा १२ राशि उदाइसक्छन् । एक राशि उदाउन मोटामोटी ५ घडी बित्तछ । त्यस कारण सूर्य बसेको राशिबाट लग्नसम्म घडी गनेर हेर्दा जति हुन्छ त्यति नै इष्टघडी हुन्छ ।[४]

दिनरातज्ञान –

उदयलग्नमा सूर्य आइपुग्दा उज्यालो हुने हुनाले दिन हुन्छ । अस्तलग्नमा सूर्य आइपुग्दा अँध्यारो हुने हुनाले रात हुन्छ । त्यस कारण लग्नबाट गन्दै जाँदा ७ राशि भित्र सूर्य भए रात हुन्छ । ७ राशि नाघेमा दिन भन्ने थाहा हुन्छ ।[५]

---

(१) यो महिना संक्रान्तिको हिसाबले हुन्छ । यसलाई सौरमहिना भन्दछन् ।

(२) वैशाखे स्थाप्यते मेषो यावद्भानुश्च गण्यते ।
तावन्मासे भवेजन्म गर्गस्य वचनं यथा ॥
यत्र राशौ भवेत्सूर्यस्तस्मात्सप्तगृहान्तरे ।
चन्द्रः शुक्लो भवेत्पक्षः अन्यथा कृष्णपक्षकः ॥

(३) यत्र भानु कुहुन्तत्र सार्द्धद्वे गण्ते तिथि ।
चन्द्रो यावत्समाख्यातं तिथिज्ञानं मनीषिभिः ॥

(४) सूर्याक्रान्तस्य भवनात् पञ्च पञ्च हि गण्यते ।
लग्ने यावत्समाख्यातं घटीज्ञानं मनीषिभिः ।

(५) सूर्याक्रान्तस्य भावानां लग्नं सप्तगृहान्तरे ।
दिने जन्म वदेत्प्राज्ञः अन्यथा निशिजं भवेत् ॥

(सामुद्रिककुञ्चिका ५७-५८ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रहपरीक्षारोति –

शाकेमा तेह्रसौ तीस घटाई ध्रुबले अनि
भाग गर्दा बचेको जो शेष त्यो कोष्ठ हुन्छ है
महीना* कोष्ठको सोभै रहेको जति अङ्क हो
नक्षत्राङ्क त्यही हुन्छ भनी जान्नू यहाँ तिमी

शाकेमा १३३० घटाएर ग्रहका ध्रुवाङ्कले भाग लियी आएको शेष ग्रहचक्रकको[1] कोष्ठाङ्क हुन्छ । कोष्ठाङ्कको तल आफ्नो महिनाको सोभै जुन अङ्क हुन्छ त्यो नक्षत्राङ्क हुन्छ ।[2]

नक्षत्रबाट राशिज्ञान –

नक्षत्रको अङ्कलाई चारदोब्बर्गरी अनि
नवमांश गरी हेर्नु ग्रहका राशि हुन्छ है

अश्विनीदेखि गनेर २७ नक्षत्रका २७ अङ्क हुन्छन् । नक्षत्रको अङ्कलाई ४ ले गुनी ९ ले भाग लिनू आएको लब्धि गतराशि हुन्छ । ३, ५, ७, १२, १४, १६, २१, २३, २५ यति नक्षत्रका दुइटा राशि हुन सक्छन् । यस्तोमा राशि जता मिल्छ उतै लिनुपर्छ । सजिलोका लागि राशिविभाजन चक्रतल दिइन्छ ।

---

* यो चान्द्रमहिना हो । यो महिनालाई यहाँ अमान्तमानबाट लिनुपर्छ । अमान्तमानको महिना शुक्लपक्षको प्रतिपदादेखि आरम्भ गरी आमावास्यामा समाप्त हुन्छ । त्यस कारण अमान्तमानको महिनालाई शुक्लादिमानको महिना पनि भन्दछन् । नेवारी महिना अमान्तमानको हुन्छ । पात्रोमा नेवारी महिनाको नाम पनि दिइएको हुन्छ । नेपाली संवत्को प्रयोग गर्नेहरू अमान्तमानको महिना लेख्छन् । विक्रमसंवत्को प्रयोग गर्नेहरू प्रायः पूर्णान्तमानको महिना लेख्छन् । पूर्णान्तमानको महिना चाहिँ कृष्णपक्षको प्रतिपदादेखि आरम्भ गरी पूर्णिमामा समाप्त हुन्छ । त्यस कारण अमान्तमानको महिना र पूर्णान्तमानको महिना शुक्लपक्षमा एउटै हुन्छ । पूर्णान्तमानको महिना कृष्णपक्षमा चाहिँ अमान्तमानबाट अघिल्लो महिना हुन्छ ।

(१) ग्रहचक्रहरू सारणीप्रकरणमा हेर्नुहोस् ।

(२) विक्रमसम्बत् मे १३५ घटा देने से शालिवाहन होता है । शाकोमे १३३० घटाने से जो अङ्क शेष रहे, उसमें ग्रहोंकी ध्रुवासे भाग लेने पर जो शेष वचे उन ग्रहों के उन चक्रों में उस शेषाङ्कके सामने जिस मासमें देखना हो उस कोष्ठके अङ्कसे अश्विन्यादि नक्षत्रोंका ज्ञान होता है । उससे राशि बना लेना चाहिये । बक्री ग्रहके कोठमें प्रायः 'व' लिखा है ।
(कालिकाप्रसादको सामुद्रिककुञ्चिका २ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राशिविभाजन चक्र

नक्षत्र	१ अश्विनी	२ भरणी	३ कृत्तिका	राशि	नक्षत्र	१४ चित्रा	१५ स्वाती	१६ विशाखा	राशि
पाउ	४	४	१	१ मेष	पाउ	२	४	३	७ तुला
नक्षत्र	३ कृत्तिका	४ रोहिणी	५ मृगशिरा		नक्षत्र	१६ विशाखा	१७ अनुराधा	१८ ज्येष्ठा	
पाउ	३	४	२	२ वृष	पाउ	१	४	४	८ वृश्चिक
नक्षत्र	५ मृगशिरा	६ आर्द्रा	७ पुनर्वसु		नक्षत्र	१९ मूल	२० पू.षा.	२१ उ.षा.	
पाउ	२	४	३	३ मिथुन	पाउ	४	४	१	९ धनु
नक्षत्र	७ पुनर्वसु	८ तिष्य	९ अश्लेषा		नक्षत्र	२१ उ.षा	२२ श्रवण	२३ धनिष्ठा	
पाउ	१	४	४	४ कर्कट	पाउ	३	४	२	१० मकर
नक्षत्र	१० मघा	११ पू. फा	१२ उ. फा		नक्षत्र	२३ धनिष्ठा	२४ शतभिषा	२५ पू.भा	
पाउ	४	४	१	५ सिंह	पाउ	२	४	३	११ कुम्भ
नक्षत्र	१२ उ.फा	१३ हस्त	१४ चित्रा		नक्षत्र	२५ पू.भा.	२६ उ.भा.	२७ रेवती	
पाउ	३	४	२	६ कन्या	पाउ	१	४	४	१२ मीन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रहका ध्रुवाङ्क –

उनासी भौमको जान्नू छयालीस बुधै अनि
त्रियासी गुरूको जान्नू शुक्रको आठ नै पनि
शनिको ता उनान्साठी ध्रुव जान्नू यही भनी
राहुको त त्रियानब्बे ध्रुब[1] जान्नू यहाँ तिमी

राहु बसेको राशि पला फत्ता लागेपछि त्यसको ६ राशिपर केतुको राशि हुन्छ। किन भने राहु र केतु सधैं ६ राशिको फरकमा हुन्छन्।

ग्रहचक्रपरिचय –

मंगल आदि ग्रहका चक्र सारणीप्रकरणमा भिन्ना भिन्नै दिइएका छन्। चक्रकोष्ठमा कतै ५, ६ खानासम्म पनि अङ्क दिइएका छन्। तिनमा पहिलो खानाको अङ्क नक्षत्राङ्क हो। अरू खानाका अङ्क गतेका अङ्क हुन्। तत् तत् गतेमा ग्रह एक नक्षत्रबाट अर्को नक्षत्रमा सर्दै जाने देखाइएको हो।

जस्तै – बुधचक्रको कोष्ठाङ्क १ को तल आषाढ महिनामा अङ्क ६।६।१४।२१।२९ यति खाना छन्। यसमा पहिलो खानाको अङ्क ६ चाहिँ नक्षत्राङ्क हो। अरू गतेका अङ्क हुन्। तब बुध ६ नक्षत्रमा आषाढ ६ गते तक रहन्छ भनेको हो। त्यस्तै आषाढ १४ गते तक ७ नक्षत्रमा आषाढ २१ गते तक ८ नक्षत्रमा, आषाढ २९ गते तक ९ नक्षत्रमा रहन्छ भनेको हो। पात्रोमा हेर्न तत् तत् गतेको वरपर ग्रह नक्षत्रमा सरेको हुन्छ। बुध र शुक्रको शीघ्रगति हुनाले नक्षत्र सरेको ठीक ठीक गतेमा पर्न आउँदैन। त्यस कारण बुध र शुक्रको चाहिँ अडकल गर्नुपर्छ। प्रायः नक्षत्र वरपर हुन सक्छ। अरूको चाहिँ कतै कतै मात्र हुन्छ।

विक्रमबाट शकसंवत् ज्ञान –

विक्रमसंवत् र शकसंवत्को अन्तर १३५ वर्ष छ। त्यस कारण विक्रमसंवत्बाट शकसंवत् ल्याउँदा विक्रमसंवत्मा १३५ घटाउनुपर्छ। विक्रमसंवत्को आरम्भ वैशाख संक्रान्तिदेखि हुन्छ। शकसंवत्को आरम्भ चैत्रशुक्ल प्रतिपदादेखि हुन्छ। यस ग्रहचक्रबाट ग्रह ल्याउँदा चैत्रशुक्ल प्रतिप्रदादेखि वैशाखसंक्रान्तिभित्रै परेमा वि.सं. मा १३४ घटाएर शकसंवत् ल्याउनुपर्छ। अन्यत्र १३५ घटाउनुपर्छ। व्यवहारमा पनि १३५ नै घटाउने चलन छ। केवल उक्त ग्रहचक्रमा मात्र यो ख्याल गर्नुपर्छ।

---

(१) मं ७९। बु ४६। बृ ८३। शु ८। शनि ५९। राहु ९३। केतु राहुके ६ राशि आगे रहता है। (सामुद्रिककुञ्चिका २ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उदाहरण –

वि.सं. १६६३ आषाढ कृष्णअष्टमीउप्रान्त नवमी भरणी नक्षत्र बृहस्पतिवार मीनलग्नमा सिद्धिनरसिंह मल्लको जन्म भयो ।[1] यसको कुण्डलीपरीक्षा गर्दा–

यहाँ वि.सं. १६६३ मा १३५ घटाउँदा १५२८ शकसंवत् भयो । १५२८ मा १३३० घटाउँदा १९८ भयो । १९८ लाई मंगलको ध्रुवाङ्क ७९ ले भाग गर्दा शेष ४० भयो । यो ४० भौमचक्रको कोष्ठाङ्क भयो । तब सारणीप्रकरणमा दिइएको भौमचक्रको ४० कोष्ठाङ्कको तल आषाढ महिनाको सोझैको नक्षत्राङ्क १८ दिइएको छ ।[2] १८ लाई ४ ले गुन्दा ७२ भयो । ७२ लाई ९ ले भाग गर्दा ८ लब्धि भयो । तब मंगल ८ मा अर्थात् वृश्चिक राशिमा हुने भयो । १८ नक्षत्र भनेको ज्येष्ठा हो । ज्येष्ठाको राशिविभाजनचक्रानुसार वृश्चिक राशि हुन्छ ।

यस्तै १९८ लाई बुधको ध्रुवाङ्क ४६ ले भाग गर्दा १४ शेष हुन्छ । बुधचक्रको १४ कोष्ठाङ्कको तल आषाढको सोझैको नक्षत्राङ्क ६ दिइएको छ । ६ नक्षत्र भनेको आर्द्रा हो । राशिविभाजन-चक्रानुसार आर्द्राको मिथुन राशि हुन्छ । तब बुध ३ मा हुनुपर्छ ।

यस्तै १९८ लाई बृहस्पतिको ध्रुवाङ्क ८३ ले भाग गर्दा ३२ शेष हुन्छ । बृहस्पतिचक्रको ३२ कोष्ठाङ्कको तल आषाढको सोझैको नक्षत्राङ्क २४ दिइएको छ । २४ नक्षत्र भनेको शतभिषा हो । शतभिषाको कुम्भ राशि हुन्छ । तब बृहस्पति ११ मा हुनुपर्छ ।

यस्तै १९८ लाई शुक्रको ध्रुवाङ्क ८ ले भाग गर्दा ६ शेष हुन्छ । शुक्रचक्रको ६ कोष्ठाङ्कको तल आषाढको सोझैको नक्षत्राङ्क ५ दिइएको छ । ५ नक्षत्र भनेको मृगशिरा हो । मृगशिराको वृषराशि पनि हुन्छ, मिथुन राशि पनि हुन्छ । यहाँ वृषराशिमा मिल्ने हुनाले शुक्र २ मा हुने भयो ।

यस्तै १९८ लाई शनिको ध्रुवाङ्क ५९ ले भाग गर्दा २१ शेष हुन्छ । शनिचक्रको २१ कोष्ठाङ्कको तल आषाढको सोझैको नक्षत्राङ्क २० दिइएको छ । २० नक्षत्र भनेको पूर्वाषाढा हो । पूर्वाषाढाको धनुराशि हुन्छ । तब शनि ९ मा हुनुपर्छ ।

यस्तै १९८ लाई राहुको ध्रुवाङ्क ९३ ले भाग गर्दा १२ शेष हुन्छ । राहुचक्रको १२ कोष्ठाङ्कको तल आषाढको सोझैको नक्षत्राङ्क १२ दिइएको छ । १२ नक्षत्र भनेको उत्तरफाल्गुनी हो । उत्तरफाल्गुनीको सिंहराशि पनि हुन्छ कन्याराशि पनि हुन्छ । यहाँ कन्या राशिमा मिल्ने हुनाले राहु ६ मा हुने भयो ।

राहुको ६ राशिपर केतु रहने हुनाले केतु १२ मा हुने भयो ।

सिद्धिनरसिंह मल्लको जन्मदिनको नक्षत्र भरणी छ । भरणीको मेषराशि हुन्छ । तब चन्द्रमा १ मा हुने भयो ।

---

(१) ऐतिहासिक कुण्डलीप्रकरणमा हेर्नुहोस् ।

(२) सारणीप्रकरणमा दिइएको भौमचक्र हेर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी कुण्डलीपरीक्षा गर्दा मिल्न आएकोले यो कुण्डली ठीक रहेछ भन्नुपर्छ । यस्तै गरी अरू कुण्डलीहरूको पनि परीक्षा गर्नू । ग्रहपरीक्षाका निमित्त ग्रहचक्रहरू सारणीप्रकरणमा दिइएका छन् । ती चक्रमा जहाँ जहाँ ग्रह चक्र भएको छ । त्यहाँ त्यहाँ व अक्षरले संकेत गरिरहेको छ ।

लग्नचक्रबाट लग्नज्ञान –

सूर्यको राशि औ अंश मध्येमा अंशको मुनि ।
सूर्यको राशिको तेर्सो कोष्ठको अंकमा अनि ॥
आफ्नो इष्टघडी जोड्नू हुन्छ योगफलै त्यहाँ ।
योगफलै तुल्य अङ्क खोज्नू कोष्ठहरू महाँ ॥
जहाँ मिल्छ त्यसैको नै तेर्सोमा राशि हुन्छ है ।
ठाडोमा अंश नै जान्नू यही नै लग्न[1] हुन्छ ॥

गतेबाट सूर्यको अंशज्ञान –

सूर्यको अंश जान्नका लागि गतेमा एक घटाउनू जति हुन्छ त्यति सूर्यको अंश हुन्छ । किन भने सूर्य १ महिनामा १ राशि सर्छन् । १ राशिमा ३० अंश हुन्छन् । ३० अंश सरे पछि अर्को संक्रान्ति आरम्भ हुन्छ ।

उदाहरण –

विसं. १९०४ मार्गकृष्ण ८ उप्रान्त ९ तिथि पूर्वफाल्गुनी नक्षत्र मार्ग १६ गते मंगलबार इष्टघडी ३५।३२ मा श्री ५ युवराजधिराज शैलोक्यवीरविक्रम शाहको जन्म भयो । यसको लग्न ल्याउँदा ।

---

(१) यत्सूर्यराश्यंशमानकोष्ठे घट्यादिकं स्वेष्टघटीयुतं तत् ।
तत्तुल्यघट्यादि भवेद्धि यत्र तत्तिर्यगूर्ध्वाङ्कमितं हि लग्नम् ॥

(दीननाथ झाको पञ्चाङ्गविज्ञान १७ पृष्ठ)

सूर्यको राशिअंशबाट प्राप्त घडी+इष्टघडी= लग्नको राश्यंशबाट प्राप्त घडी हुन्छ ।

इष्टघडी=लग्नको राश्यंशबाट प्राप्त घडी– सूर्यको राश्यंशबाट प्राप्त घडी हुन्छ ।

सूर्यको राश्यंशबाट प्राप्त घडी= लग्नको राश्यंशबाट प्राप्त घडी– इष्टघडी हुन्छ ।

यसरी उक्त लग्नचक्रबाट २ कुरा थाहा भएमा तेस्रो कुरा ल्याउन सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ मार्ग महिना हुनाले सूर्य वृश्चिक राशिमा हुने भयो । गते १६ मा १ घटाउँदा सूर्यको अंश १५ हुने भयो । सारणीप्रकरणमा दिइएको लग्नचक्र ६ मा वृश्चिक राशिको तेर्सो १५ अंशको तल कोष्ठको अङ्क ४२।४९ दिइएको छ । त्यसमा इष्टघडी ३५।३२ जोड्दा ७८।२१ भयो । ६० घडी भन्दा बढी हुनाले ६० घडी झिक्दा १८।२१ भयो । अब १८।२१ तुल्य अंक त्यस लग्नचक्रमा खोज्दा नजिकको अंक १८।१९ पाइयो । तब १८।१९ को तेर्सोमा कर्कट राशि र ठाडोमा ७ अंश पाइयो । त्यस कारण लग्न कर्कट भयो ।

इष्टघडी र सूर्यको अंशबाट लग्नपरीक्षा गर्ने अर्को रीति –

इष्टघडीपलालाई ६ ले गुनी आएको घडीमा सूर्यको अंश जोड्नु र त्यसलाई ३० ले भाग गर्नु आएको लब्धिमा १ जोड्नू जति हुन्छ त्यहाँसम्म सूर्य बसेको राशिबाट गन्नू लग्न[1] हुन्छ ।

१ उदाहरण -- सूर्य ४।१°, इष्टघडी १६।५५ लग्न ८ हुँदा जन्मेकाले लग्नपरीक्षा गर्दा–

$$\frac{(१६।५५)\times६+\text{सूर्यांश}\ (१)}{३०} = \frac{(१०१।३०)+१}{३०} = \frac{१०२।३०}{३०} = \text{लब्धि}\ ३$$

३+१=४ अब सूर्य बसेको राशि सिंहबाट आरम्भ गरी ४ सम्म गन्दा वृश्चिक हुन्छ । तब लग्न ८ भयो ।

२ उदाहरण – सूर्य १०।११°, इष्टघडी ३९।१८ लग्न ७ हुँदा जन्मेको मानिसको लग्नपरीक्षा गर्दा–

$$\frac{(३९।१८)\times६+\text{सूर्यांश}\ (११)}{३०} = \frac{(२३५।४८)+११}{३०} = \frac{२४६।४८}{३०} = \text{लब्धि}\ ८$$

८+१=९ अब सूर्य बसेका राशि कुम्भबाट आरम्भ गरी ९ सम्म गन्दा तुला हुन्छ । तब लग्न ७ भयो ।

३ उदाहरण – सूर्य ८।२७°, इष्टघडी ३६।१५ लग्न ५ हुँदा श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको जन्म भएको थियो । त्यसको लग्नपरीक्षा हेर्दा–

$$\frac{(३६।१५)\times६+\text{सूर्यांश}\ (२७)}{३०} = \frac{(२१७।३०+२७}{३०} = \frac{२४४।३०}{३०} = \text{लब्धि}\ ८$$

८+१=९ अब सूर्य बसेको राशि धनुबाट आरम्भ गरी ९ सम्म गन्दा सिंह हुन्छ । तब लग्न ५ भयो ।

---

(१) इष्टकालो हतः षड्भिः सूर्यांशेन समन्वितः ।
त्रिंशद्भक्तः सैकलब्धितुल्यं लग्नं रवेः परम् ॥
(प्राचीनसंग्रह)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इष्टघडी सूर्यको नक्षत्रबाट लग्नपरीक्षा गर्ने अर्को रीति –

इष्टघडीपलालाई आधा गर्नू । यदि पला ३० भन्दा बढी भए घडी १ लिनू, कम भए पला छोड्नू, आएको घडीमा सूर्य बसेको नक्षत्रसंख्या जोड्नू र २७ ले भाग गर्नू जति शेष रहन्छ त्यति नक्षत्रसंख्या हुन्छ । त्यो नक्षत्रको राशि हुन्छ त्यही लग्न[1] हुन्छ ।

१ उदाहरण – सूर्य मघा नक्षत्रमा छ र इष्टघडी १६।५५, लग्न ८ हुँदाको लग्नपरीक्षा गर्दा–

$$\frac{(१६।५५)}{२} = ८।२८,\ \frac{८+मघा\ (१०)}{२७} = \frac{१८}{२७}$$ शेष १८ को ज्येष्ठा हुन्छ ।

ज्येष्ठा नक्षत्रको वृश्चिकराशि हुन्छ । तब लग्न ८ भयो ।

२ उदाहरण – सूर्य शतभिषा नक्षत्रमा छ र इष्टघडी ३९।१८, लग्न ७ हुँदाको लग्नपरीक्षा गर्दा–

$$\frac{(३९।१८)}{२} = १९।३९ = \frac{२०+शतभिषा(२४)}{२७} = \frac{४४}{२७}$$ शेष १७ को अनुराधा हुन्छ ।

अनुराधा नक्षत्रको वृश्चिकराशि हुन्छ तब लग्न ७ भयो ।

३ उदाहरण – सूर्य उत्तराषाढा नक्षत्रमा छ इष्टघडी र ३६।१५, लग्न ५ हुँदाको लग्नपरीक्षा गर्दा–

$$\frac{(३९।१५)}{२} = १८।७,\ \frac{१८+उत्तराषाढा(२१)}{२७} = \frac{३९}{२७}$$ शेष १२ को उत्तरफाल्गुनी हुन्छ ।

उत्तरफाल्गुनीको १ पाउसम्म सिंहराशि हुन्छ । तब लग्न ५ भयो ।

तिथिबाट जन्मनक्षत्र जाँच्ने रीति –

इष्टतिथिमा १ घटाउनू जति हुन्छ, यदि वैशाखपूर्णिमा[2] पछिको तिथि भए विशाखा नक्षत्रबाट त्यति तिथिसम्म गन्नू यस्तै ज्येष्ठपूर्णिमापछिको भए ज्येष्ठाबाट, आषाढ पूर्णमापछिको भए पूर्वाषाढाबाट, श्रावणपूर्णिमापछिको भए श्रवणबाट, भाद्रपूर्णिमापछिको भए पूर्वभाद्रबाट, आश्विनपूर्णिमापछिको भए अश्विनीबाट, कार्तिकपूर्णिमापछिको भए कृत्तिकाबाट, मार्गपूर्णिमापछिको भए मृगशिराबाट, पौषपूर्णिमापछिको भए पुष्यबाट, माघपूर्णिमापछिको भए मघाबाट, फाल्गुनपूर्णिमापछिको भए पूर्वफाल्गुनीबाट, चैत्रपूर्णिमापछिको भए चित्राबाट त्यति तिथिसम्म गन्नू जन्मनक्षत्र हुन्छ ।

---

(१) इष्टस्यार्द्धं सूर्यनक्षत्रयुक्तं भाप्तं यः स्याच्छेषसंख्यामितस्य ।
यी रणजित मल्ल भक्तपुरका राजा हुन् । बाबु भूपतिन्द्र मल्लले यिनलाई वि.सं. १७७८ देखि राजकाजको काममा लगाएका थिए । बाबुको मृत्युपछि वि.सं. १७७९ मा यिनी राजा भए । यी राजा शान्त तथा दयालु धर्मात्मा थिए । भरसक लडाइँ भिडाइँ गर्न यिनी चाहँदैनथे । वि.सं. १७८८ मा गोरखा कान्तिपुर ललितपुर मिली भक्तपुरको इलाकामा पर्ने वाभु कब्जा गर्न हमला गर्दा यी रणजित मल्लले सोमलिङ्गमा तीनै राज्यलाई हराई धपाइदिएका थिए । यी राजाले प्राचीन वस्तु र पुस्तकको संग्रह गरेका थिए । यिनले कृष्णचरित्र नाटक र रामायणनाटक पनि बनाएका थिए । यिनले धेरै देवमन्दिरहरू पनि जीर्णोद्धार गरेका थिए । भक्तपुर दरबार अगाडिको ठूलो घण्टा वि.सं. १७९३ मा यिनैले इष्टदेवीलाई चढाएका हुन् । १८१० मा यिनले रानी जयलक्ष्मी सहित भैरी कोटिहोम गरेका थिए । यिनका अरू उपरानीहरू पनि थिए । रानी जयलक्ष्मीतर्फबाट छोरा वीरनरसिंह मल्ल पैदा भए । त्यस्तै अरू उपरानीहरूतर्फबाट ७ छोरा भए । यी राजा रणजित मल्लको गोरखाका राजा नरभूपालसँग मित्रताको सम्बन्ध थियो । यिनले आफ्नो छोरा वीरनरसिंहको नरभूपालका छोरा पृथ्वीनारायणसँग मीत लगाएका थिए । यी रणजित मल्ल एक पटक ललितपुरको पनि राजा भएका थिए । यी राजा नीतिचतुर थिएनन् । यिन्का ठ्याहा

---

*भएको– वि.सं. १७६९, हुनुपर्ने– १७५९ (राजा रणजित मल्लको जन्म वि.सं.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छोरा र मठ्याहा छोराहरूको गृहकलहमा मठ्याहा छोराहरूद्वारा ठ्याहा छोरा वीरनरसिंहको मृत्यु भयो । यस घटनाले रणजित मल्ललाई ठूलो चोट पर्‍यो । पृथ्वीनारायणले कान्तिपुर र ललितपुर विजय गरेपछि कान्तिपुरका राजा जयप्रकाश र ललितपुरका राजा तेजनरसिंह भक्तपुरमा शरण लिन आउँदा यी रणजित मल्लले शरण लिएका थिए । वि.सं. १८२६ कार्तिशुक्ल द्वाद्वशिका दिन पृथ्वीनारायणले भक्तपुरमा पनि आक्रमण गरे । २ दिन लडाइँ भएपछि पृथ्वीनारायणले भक्तपुर पनि विजय गरे । त्यसपछि रणजित मल्ल काशीवास गर्न वि.सं. १८२६ माघ १ गते गए । पछि वि.सं. १८२८ ज्येष्ठ १३ गते यिनको मर्णिकर्णिकामा देहावसान भयो ।

आयुविचार–

लग्नेश शुक्र स्थिरराशिमा, अष्टमेश बृहस्पति द्विस्वभावराशिमा हुनाले दीर्घायुयोग पहिलो । शनि द्विस्वभावराशिमा, चन्द्र द्विस्वभावाराशिमा हुनाले मध्यायुयोग दोस्रो । लग्न स्थिराशिमा, होरालग्न (११।२) द्विवभावराशिमा हुनाले दीर्घायुयोग तेस्रो । ग्राह्त्य २ प्रकारको दीर्घायुयोगबाट प्राप्त आयुपिण्ड १०८ वर्ष । यहाँ आयुकारक शनि स्वर्क्षतुङ्ग छैन । तब शनिबाट कक्षाह्रास पायो । वृहस्पतिमा शुभ पाप दुवै युक्त हुनाले बृहस्पतिबाट केही भएन । तब कक्षाह्रास १०८ बाट ७२ भयो ।

दशाविचार–

जन्मनक्षत्र उत्तरभाद्रको दशारम्भ शनिबाट हुन्छ । १ पाउ भुक्त भएको छ । भुक्तवर्ष ४।९ वि.सं. १७७८ मा बुधको दशामा शुक्रको अन्तरमा राहुको प्रत्यन्तर अर्थात् पञ्चमस्थानको मालिकको दशामा लग्नको मालिकको अन्तरमा पराक्रमस्थानस्थित राहुको प्रत्यन्तर (वर्षादि १९।१ करीब) परेको छ । वि.सं. १७७९ मा बुधको दशामा शुक्रको अन्तरमा शनिको प्रत्यन्तर अर्थात् पञ्चमस्थानको मालिकको दशामा लग्नको मालिकको अन्तरमा राजस्थानको मालिकको प्रत्यन्तर (वर्षादि १९।११ करीब) परेको छ । वि.सं. १७८८ बुधको दशामा शनिको अन्तरमा शनिकै प्रत्यन्तर अर्थात् पञ्चम स्थानको मालिकको दशामा धर्मस्थानको मालिकको अन्तरमा राज्यस्थानको मालिकको प्रत्यन्तर (वर्षादि २८।११ करीब) परेको छ । वि.सं. १७९३ मा केतुको दशामा चन्द्रको अन्तरमा शनिको प्रन्यन्तर अर्थात् धर्मस्थान स्थित केतुको दशामा पराक्रमस्थानको मालिकको अन्तरमा धर्मस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ३३।६ करीब) परेको छ । वि.सं. १८१० मा शुक्रको दशामा बृहस्पतिको अन्तर अर्थात् लग्नको मालिकको दशामा आयस्थानको मालिकको अन्तर (वर्षादि ५१।१ करीब) परेको छ । वि.सं. १८२६ मा चन्द्रको दशामा राहुको अन्तरमा चन्द्रकै प्रत्यन्तर अर्थात् पराक्रमस्थानको मालिकको दशामा राहुको अन्तरमा चन्द्रकै प्रत्यन्तर (वर्षादि ६७।० करीब) परेको छ । राहु मृतअवस्थाको छ । चन्द्र वृद्ध अवस्थाको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजा हेमकर्णसेन –

जन्म वि.सं. १७६२ मृत्यु वि.सं. – १८१६



वि.सं. १७६२ शाके १६२७) चैत्र १४ गते चैत्रशुक्ल नवमी घडी १।५९ पुनर्वसु घ. १२।५५ तिष्य भुक्त घ. ४३ अतिगंड, घ. २८।८ मंगलबार रात्रि गतघडी २७।१ मा हेमकर्णसेनको जन्म भयो ।

यी हेमकर्णसेन मकवानपुरका राजा माणिकसेनका छोरा हुन् । पिताको मृत्युपछि यिनी राजा भए । यिनका छोरा दिग्बन्धनसेन र छोरी इन्द्रकुमारी थिए । छोरीको विवाह श्री ५ बडामहाराजधिराज पृथ्वीनारायणसँग गरिदिए । वि.सं. १८१६ मा यिनको मृत्यु भयो ।

आयुविचार–

लग्नेश लग्नेश शनि चरराशिमा, अष्टमेश बुध द्विस्वभावराशिमा हुनाले अल्पायुयोग पहिलो । शनि चरराशिमा, चन्द्र चरराशिमा हुनाले दीर्घायुयोग दोस्रो । लग्न स्थिरराशिमा, होरालग्न (९।३) चरराशिमा हुनाले मध्यायुयोग तेस्रो । ग्राह्य १ प्रकारको मध्यायुयोगबाट प्राप्त आयुपिण्ड ६४ वर्ष । शनि आयुको योगकारक छैन । बृहस्पतिमा पापग्रहको दृष्टि र शुभग्रहको योग परेको छ । धर्मस्थानमा पापग्रह बसेको छ । त्यस कारण आंशिक ह्रास भएको छ ।

दशाविचार–

जन्मनक्षत्र तिष्यको दशारम्भ शनिबाट हुन्छ । ३ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष १४।३ वि.सं. १८१६ मा सूर्यदशामा बुधको अन्तरमा शनिको प्रत्यन्तर अर्थात् मारकस्थानको मालिकको दशामा मृत्युस्थानको मालिकको अन्तरमा व्यवस्थाको मालिकको प्रत्यन्तर (वर्षादि ५३।५ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शाहराजाका
जन्मकुण्डलीहरू

बडामहाराजधिराज–

श्री ५ पृथ्वीनारायण शाहदेव

जन्म वि.सं. १७७९ मृत्यु वि.सं. – १८३१



वि.सं. १७७९ पौषकृष्ण अमावास्या घडी ४।२ उप्रान्त प्रतिपदा पूर्वाषाढा घडी २।५८ उप्रान्त उत्तराषाढा नक्षत्र व्याघातघडी २।२ उप्रान्त हर्षणयोग बवकरण पौष २७ गते बृहस्पतिवार सूर्योदयगत घडी ३६।१५ मा बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको जन्म ।

बडामहाराजधिराज श्री ५ पृथ्वीनारायण शाह गोरखाका राजा नरभूपाल शाहका माहिला रानी कौशल्यावतीतर्फका छोरा हुन् । वि.सं. १७९९ मा नरभूपाल शाहको स्वर्गारोहण भएपछि बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको राज्यरोहण भयो । मौसूफको पहिलो विवाह मकवानपुरको राजा हेमकर्णसेनकी छोरी इन्द्रकुमारीसँग भएको थियो । जेठान दिग्बन्धनसेनसँग खटपट परेकोले काशीका वैस रजपूत दयारामसिंह (अहिमानसिंह) कि छोरी नरेन्द्रलक्ष्मीसँग मौसूफको दोस्रो विवाह भयो । मौसूफका प्रतापसिंह तथा बहादुर शाह छोरा भए । बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहबाट विद्वान्को आदर हुन्थ्यो । शैव तथा बौद्ध धर्ममा मौसूफको भेदभाव थिएन । मौसूफमा उत्साह तथा प्रतिभा एवं राजनीतिज्ञता थियो । तिनताका नेपालराज्य धेरै भागमा विभाजित थियो । बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको प्रयत्नबाट नेपाल एकीकरण भयो । नेपालको पूर्व साँध कनकाइसम्म पुग्यो । पश्चिमतिर एकीकरण गर्न नपाउँदै वि.सं. १८३१ माघ १ गते बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको देहावसान भयो । मौसूफको दाहसंस्कार त्रिशूलीगण्डकी देवीघाटमा भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयुविचार–

लग्नेश सूर्य द्विस्वभावराशिमा, अष्टमेश बृहस्पति द्विस्वभावराशिमा हुनाले मध्यायुयोग पहिलो । शनि द्विस्वभावराशिमा, चन्द्र चरराशिमा हुनाले अल्पायुयोग दोस्रो । लग्न स्थिरराशिमा, होरालग्न (११।१२) द्विस्वभावराशिमा हुनाले दीर्घायुयोग तेस्रो । यहाँ ग्राह्य एक प्रकारको तेस्रो योगबाट दीर्घायुपिण्ड ९६ भयो । शनि आयुकारक छैन । वृहस्पति पापयुक्त हुनाले बृहस्पतिबाट कक्ष्याह्रास हुँदा आयुपिण्ड ६४ भयो ।

दशाविचार–

जन्मनक्षत्र उत्तराषाढाको दशारम्भ सूर्यबाट हुन्छ । २ पाउ भुक्त भएको छ । भुक्तवर्ष ३।० भयो । वि.सं. १७९९ मा भौमदशामा चन्द्रको अन्तरमा भौमको प्रत्यन्तर अर्थात् धर्मस्थानको मालिकको दशामा व्यवस्थापनको मालिकको अन्तरमा सुखस्थानको मालिकको प्रत्यन्तर (वर्षादि १९।६ करीब) परेको छ । वि.सं. १८१९ मा मकवानपुर विजयमा बृहस्पतिको दशामा बृहस्पतिकै अन्तरमा भौमको प्रत्यन्तर अर्थात् पञ्चमस्थानको मालिकको दशामा पञ्चमस्थानको मालिक अन्तरमा धर्मस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ३९।९ करीब) परेको छ । वि.सं. १८२५ मा कान्तिपुर विजयमा बृहस्पतिको दशामा केतुको अन्तरमा बृहस्पतिको प्रत्यन्तर अर्थात् पञ्चमस्थानको मालिकको दशामा पञ्चम स्थानस्थित केतुको अन्तरमा पञ्चमस्थानस्थित बृहस्पतिको प्रत्यन्तर (वर्षादि ४५।७ करीब) परेको छ । वि.सं. १८२६ मा भक्तपुर विजयमा बृहस्पतिको दशामा शुक्रको अन्तरमा राहुको प्रत्यन्तर अर्थात् पञ्चमस्थानको मालिकको अन्तरमा आयस्थानस्थित राहुको प्रत्यन्तर (वर्षादि ४७।२ करीब) परेको छ । वि.सं. १८३१ मा बृहस्पतिको दशामा राहुको अन्तरमा बृहस्पतिकै प्रत्यन्तर अर्थात् मृत्युस्थानको मालिकको दशामा पापग्रहको अन्तरमा मृत्युस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ५२।३ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ प्रतापसिंह शाहदेव

जन्म वि.सं. १८०८ मृत्यु वि.सं. – १८३४



शाके १६७३ वि.सं. १८०८ ज्येष्ठ महिना शुक्लपक्ष नवमी तिथि घडी १७।४५ मा श्री ५ पृथ्वीनारायणका द्वितीया भार्याबाट पुत्र जन्म

वि.सं. १८३१ मा बडामहाराजधिराज श्री ५ पृथ्वीनारायण शाहको देहावसानपछि श्री ५ प्रतापसिंह शाह महाराजा भए । यी शान्त स्वभावका थिए । यिनको विशेष रूचि तन्त्र मन्त्र अनुष्ठान गर्नुमा थियो । यिनको पुरश्चर्यार्णव भन्ने तन्त्र पुस्तक प्रख्यात छ । श्री ५ पृथ्वीनारायणका पालादेखि सुखिमसँग गडबडी भइरहेको थियो, त्यसलाई श्री ५ प्रतापसिंहले थामपुर पारे । भोटसँगको कटसम्बन्धी गडबडी पनि शान्त पारे । तनहुँको तराइतिर अँग्रेज पस्ने संभावना हुँदा चितौन सुमेश्वर आफ्नो अधिकारमा राख्नु आवश्यक पऱ्यो र वि.सं. १८३४ भाद्रमा श्री ५ प्रतापसिंहले आफ्नो अधिकारमा पारे । यिनले नेपालखाल्डोको जग्गामा अवल द्वयम सियम चाहार छुट्याई पोता लिने चलन चलाए । काठमार्डौमा इन्द्रजात्रामा लिङ्गो गाड्ने चलन पनि चलाए । धेरै राज्य गर्न तपाउँदै वि.सं. १८३४ मार्ग ६ गते श्री ५ प्रतापसिंहको आर्याघाटमा देहावासान भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयुविचार–

लग्नेश सूर्य स्थिरराशिमा, अष्टमेश बृहस्पति स्थिरराशिमा हुनाले अल्पायुयोग पहिलो। शनि स्थिरराशिमा, चन्द्र द्विस्वभावराशिमा हुनाले दीर्घायुयोग दोस्रो। लग्न स्थिर राशिमा, होरालग्न (८।२५) द्विस्वभावराशिमा हुनाले दीर्घायुयोग तेस्रो। यहाँ ग्राह्य २ प्रकारको दीर्घायु योगबाट आयुपिण्ड १०८। आयुकारक शनि स्वर्क्षतुङ्ग छैन। शनिबाट कक्ष्याह्रास हुँदा १०८ बाट ७२ भयो। बृहस्पति पापयुक्त दृष्ट छ बृहस्पतिबाट पनि कक्ष्याह्रास हुँदा ७२ बाट ३६ भयो।

दशाविचार–

जन्मनक्षत्र उत्तरफाल्गुनीको दशारम्भ सूर्यबाट हुन्छ। २ पाउ करीब भुक्त भएको छ। भुक्तवर्ष ३।० वि.सं. १८३१ मा राहुको दशामा बृहस्पतिको अन्तरमा बुधको प्रत्यन्तर अर्थात् सुखस्थानस्थित राहुको दशामा पञ्चमस्थानको मालिकको अन्तरमा आयस्थानस्थित आयस्थानको मालिकको प्रत्यन्तर (वर्षादि २३।८ करीब) परेको छ। वि.सं. १८३४ भाद्रमा राहुको दशामा शनिको अन्तरमा शुक्रको प्रत्यन्तर अर्थात् सुखस्थानस्थित राहुको दशामा शत्रुस्थानको मालिकको अन्तरमा राज्यस्थानको मालिकको प्रत्यन्तर (वर्षादि २६।७ करीब) परेको छ। वि.सं. १८३४ मार्गमा राहुको दशामा शनिको अन्तरमा शुक्रको प्रत्यन्तर अर्थात् पापग्रहको दशामा मारकस्थानको मालिकको अन्तरमा केन्द्राधिपत्यदोषयुक्त शुक्रको प्रत्यन्तर (वर्षादि २६।७ करीब) परेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ रणबहादुर शाहदेव

जन्म वि.सं. १८३२ मृत्यु वि.सं. – १८६३



वि.सं. १८३२ आषाढकृष्ण १० अश्विनीनक्षत्र बृहस्पतिवार सूर्योदय गत घडी ४२।१७ मा श्री ५ रणबहादुर शाहको जन्म भयो । लग्न १०।१।४९ ५४ सूर्य २।१०।२६।१७

श्री ५ प्रतापसिंह शाहको देहावसानपछि वि.सं. १८३४ मा श्री ५ रणबहादुर शाह महाराजा भए । श्री ५ रणबहादुरका राजराजेश्वरी सुवर्णप्रभा *कान्तवती त्रिपुरासुन्दरीहरू रानी थिए । सुवर्णप्रभाबाट रणद्योत र समरशेर २ पुत्र भए । कान्तवतीबाट गीर्वाणुद्धविक्रम पुत्र पैदा भए । श्री ५ रणबहादुरको आफ्ना रानीहरूमध्ये कान्तवती विशेष मन परेका थिए । कान्तवीलाई रोगले ग्रस्त गर्दा सान्त्वना दिनानिमित्त श्री ५ रणबहादुर शाहले वि.सं. १८५५ मा छोरा गीर्वाणयुद्धविक्रमलाई राज्य दिई आफू स्वामी महाराज बने । कान्तवतीको देहावसान भएपछि श्री ५ स्वामी रणबहादुर शाह वि.सं. १८५७ मा काशी गएका थिए । वि.सं. १८६० मा काशीबाट फर्केपछि श्री ५ स्वामी रणबहादुर शाह उपर षड्यन्त्र हुन लागेको थियो । षड्यन्त्रकारीहरूको तहकिकात हुन लाग्दा चौतारिया सेरबहादुर शाहबाट स्वामी श्री ५ रणबहादुर शाहको हत्या भयो र वि.सं. १८६३ वैशाख १४ गते रणमुक्तेश्वरमा देहावसान भयो । श्री ५ रणबहादुर शाह प्रचण्ड तथा तेजस्वी थिए । उनका कीर्ति टुँडिखेलको जगन्नाथमन्दिर हनुमानढोकाको ठूलो घण्टा प्रसिद्ध छन् ।

*भएको– कान्तवी, हुनुपर्ने– कान्तवती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयुविचार–

लग्नेश शनि द्विस्वभावराशिमा, अष्टमेश बुध चरराशिमा हुनाले अल्पायुयोग पहिलो । शनि द्विस्वभावराशिमा चन्द्र चरराशिमा हुनाले अल्पायुयोग दोस्रो । लग्न स्थिरराशिमा होरालग्न (५।८) द्विस्वभावराशिमा हुनाले दीर्घायुयोग तेस्रो । ग्राह्य २ प्रकारको अल्पायुयोगबाट आयुपिण्ड ३६। आयुकारक शनि स्वर्क्षतुङ्ग छैन तापनि आयुस्थानमा संरक्षक भई बसेको छ । बृहस्पति सुखस्थानमा छ । त्यस कारण आयुको कक्ष्याह्रास निरोध हुँदा आयुपिण्ड ३६ नै हुने भयो ।

दशाविचार–

जन्मनक्षत्र अश्विनीको दशारम्भ केतुबाट हुन्छ । भुक्तवर्ष ०। वि.सं. १८३४ मा केतुको दशामा चन्द्रको अन्तरमा बुधको प्रत्यन्तर अर्थात् लग्नस्थित केतुको दशामा शत्रुस्थानको मालिकको अन्तरमा पञ्चमस्थानको मालिको प्रत्यन्तर (वर्षादि २।४ करीब) परेको छ । वि.सं. १८५७ मा शुक्रको दशामा बुधको अन्तरमा राहुको प्रत्यन्तर अर्थात् धर्मस्थानको मालिशको दशामा पञ्चमस्थानको मालिकको अन्तरमा सप्तमस्थानस्थित राहुको प्रत्यन्तर (वर्षादि २५।० करीब) परेको छ । वि.सं. १८६० मा सूर्यको दशामा भौमको अन्तरमा शनिको प्रत्यन्तर अर्थात् सप्तमस्थानको मालिकको दशामा राज्यस्थानको मालिकको अन्तरमा लग्नको मालिकको प्रत्यन्तर (वर्षादि २७।११ करीब) परेको छ । वि.सं. १८६३ मा सूर्यको दशामा शुक्रको अन्तरमा बुधको प्रत्यन्तर अर्थात् मारकस्थानको मालिकको दशामा केन्द्राधिपत्यदोषयुक्त शुक्रको अन्तरमा शुक्रसँग संबन्ध भएको मृत्युस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ३२।११) करीब परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ गीर्वाणयुद्धवीरविक्रमशाहदेव

जन्म वि.सं. १८५४ मृत्यु वि.सं. – १८७३



वि.सं. १८५४ आश्विनशुक्ल ११ उप्रान्त १२ आदित्य बार आश्विन १९ गते धनिष्ठा नक्षत्र इष्टघडी ४५।२६ मा श्री ५ गीर्वाणयुद्ध विक्रमको जन्म ।

श्री ५ गीर्वाणयुद्धवीरविक्रम शाहदेव वि.सं. १८५५ फाल्गुन २८ गते राजगद्दीमा बसेका थिए । बालक राजा हुनाले श्री ५ रणबहादुर शाहले एउटा मंत्रिपरिषद बनाएका थिए । वि.सं. १८६३ मा श्री ५ गीर्वाणयुद्ध पितृवियोग हुनुपर्‍यो । श्री ५ रणबहादुर शाहले आफ्नो अन्तिम समयमा राज्यको सारा अधिकार भीमसेन थापालाई दिएका थिए । त्यसैले श्री ५ गीर्वाणयुद्धवीर विक्रमको शिक्षा दीक्षा भीमसेन थापाबाट भएको थियो । वि.सं. १८७० मा श्री ५ गीर्वाणयुद्ध विक्रमको पुत्र पैदा भयो । वि.सं. १८७१ मा अँग्रेजसँग नेपालको लडाइँ पर्‍यो । वि.सं. १८७३ मार्ग ८ गते चढ्दो उमेरमै विफरको रोगले श्री ५ गीर्वाणयुद्धवीरविक्रम शाहदेवको देहावसान भयो । श्री ५ गीर्वाणयुद्ध विक्रमको कीर्ति गीर्वाणरत्नावली भन्ने धर्मग्रन्थ प्रसिद्ध छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयुविचार–

लग्नेश चन्द्र स्थिरराशिमा, अष्टमेश शनि द्विस्वभावराशिमा हुनाले दीर्घायुयोग पहिलो । शनि द्विस्वभावराशिमा, चन्द्र स्थिरराशिमा हुनाले दीर्घायुयोग दोस्रो । लग्न चरराशिमा होरालग्न (९।७) चरराशिमा हुनलो दीर्घायुयोग तेस्रो । ३ प्रकारको दीर्घायुयोगबाट आयुपिण्ड १२०। आयुकारक शनि स्वर्क्षतुङ्ग छैन ।* लग्नेश मृत्युस्थानमा छ । त्यस कारण शनिबाट आयुको कक्षाह्रास हुँदा १२० बाट ८० भयो । बृहस्पति पापदृष्ट छ, शुभदृष्ट छैन । तब बृहस्पतिबाट पनि कक्षा ह्रास हुँदा ८० बाट ४० भयो । लग्नको मालिक चन्द्र मृत्युस्थानमा, आयुरक्षक शनि व्ययस्थानमा, बृहस्पति बाल अवस्था हुनाले उक्त आयुपिण्ड निर्बल हुन गएको छ ।

दशाविचार–

जन्मनक्षत्र धनिष्ठाको दशारम्भ भौमबाट हुन्छ । ३ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष ५।३ वि.सं. १८५५ मा भौमदशामा चन्द्रको अन्तरमा बृहस्पतिको प्रत्यन्तर अर्थात् राज्य स्थानको मालिकको दशामा लाग्नको मालिकको अन्तरमा धर्मस्थानको मालिकको प्रत्यन्तर (वर्षादि १।५ करीब) परेको छ । वि.सं. १८६३ मा राहुको दशामा शनिको अन्तरमा राहुकै प्रत्यन्तर अर्थात् आयस्थानस्थित राहुको दशामा सप्तमस्थानको मालिकको अन्तरमा राहुकै प्रत्यन्तर (वर्षादि ९।४ करीब) परेको छ । वि.सं. १८७१ मा राहुदशामा सूर्यको अन्तरमा राहुको प्रत्यन्तर अर्थात् आयस्थानस्थित राहुको दशामा धनस्थानको मालिकको अन्तरमा राहुकै प्रत्यन्तर (वर्षादि १६।७ करीब) परेको छ । वि.सं. १८७३ मा राहुको दशामा भौमको अन्तरमा शनिको प्रत्यन्तर अर्थात् पापको दशामा राज्यस्थानको मालिकको अन्तरमा मारक तथा मृत्युस्थानको मालिकको प्रत्यन्तर (वर्षादि १९।२ करीब परेको छ ।)

---

*भएको– छुट, हुनुपर्ने– लग्नेश मृत्यु स्थानमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ राजेन्द्रविक्रम शाहदेव

जन्म वि.सं. १८७० मृत्यु वि.सं. – १९३८



वि.सं. १८७० मार्गशुक्ल १५ रोहिणी नक्षत्र मार्ग २४ गते मंगलबार इष्टघडी ९।५ मा लग्न ९।१७ मा श्री ५ राजेन्द्रविक्रम शाहको जन्म भयो ।

वि.सं. १८७३ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहको देहावसान भएपछि उनका पुत्र श्री ५ राजेन्द्रविक्रम शाह राजसिंहासनमा बसे । श्री ५ राजेन्द्रविक्रमका २ रानीमध्ये जेठा श्री ५ बडामहारानी साम्राज्यलक्ष्मीदेवी तर्फबाट २ पुत्र पैदा भए । श्री ५ कान्छा बडामहारानी राज्यलक्ष्मीदेवी तर्फबाट २ पुत्र पैदा भए । राजदरबारमा दुई रानीको आपसी स्पर्धा भइरहन्थ्यो । श्री ५ राजेन्द्रविक्रम आफ्ना रानीप्रति मायामोह हुनाले कुनै बाधा अड्चन गर्दैनथे । त्यस कारण रानीलाई हात लिई पाँडे खलकले चालबाजी खेल्ने मौका पाए । यसरी चालबाजी खेलेको कुरा श्री ५ राजेन्द्रसिछ शाहले बुझ्न सकेका थिएनन् । तब पाँडेको चालबाजीले भीमसेन थापा अन्याय पूर्वक नजरबन्दी गरिए । आखिर भीमसेन थापाले आत्महत्या गरे । वि.सं. १८९८ मा श्री ५ मा बडामहारानीको देहावसान भएपछि श्री ५ कान्छा बडामहारानीको प्रभाव बढ्यो । रानीप्रति अति प्रेम हुनाले श्री ५ राजेन्द्रविक्रमले आफ्ना कान्छा बडामहारानीलाई सारा राज्यको अधिकार सुम्पिदिए । श्री ५ कान्छा बडामहारानीको अभिप्राय श्री ५ जेठ बडामहारानी तर्फका श्री ५ सुरेन्द्रविक्रम शाहलाई हटायी आफ्नो गर्भबाट पैदा भएका छोरालाई राजगद्दी दिलाउनु थियो । यही नीतिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिणाम वि.सं. १९०३ मा कोतमा ठूलो हत्याकाण्ड भयो । त्यसपछि भण्डारखालमा पनि अर्को हत्याकाण्ड भयो । तर रानीको अभीष्ट सिद्ध हुन नसकेकोले रानी काशीतर्फ लागे । रानीको मायाले राजा पनि राजपाट छोडी रानीको पछि लागे । केही कालपछि रानीका पक्षका दलहरूको सल्लाह बमोजिम श्री ५ राजेन्द्रविक्रमले फेरि आफ्नो राजपाटको अधिकार फिर्ता लिना निमित्त अलौमा मुकाम गरी कान्तिपुर दखल गर्न फौज सञ्चालन गर्न लागेका थिए । तर श्री ५ राजेन्द्रविक्रम पक्राउ भई दरबारमा नजरबन्दी गरिए । वि.सं. १९३८ श्रावणमा श्री ५ राजेन्द्रविक्रमको देहावसान भयो ।

आयुविचार–

लग्नेश शनि द्विस्वभावराशिमा, अष्टमेश सूर्य स्थिरराशिमा हुनाले दीर्घायुयोग पहिलो । शनि द्विस्वभावराशिमा चन्द्र स्थिरराशिमा हुनाले दीर्घायुयोग दोस्रो । लग्न चरराशिमा, होरालग्न (१।६) स्थिरराशिमा हुनाले मध्यायुयोग तेस्रो । दुइप्रकारको दीर्घायुयोगबाट प्राप्त आयुपिण्ड १०८ वर्ष । शनि स्वर्क्षतुङ्ग छैन । शनिबाट कक्षाह्रास हुँदा १०८ बाट ७२ भयो । बृहस्पतिमा शुभ र पाप दुवैको दृष्टि छ । बृहस्पति मृत्युस्थानमा छ । त्यसकारण बृहस्पतिबाट आयुवृद्धि भएन ।

दशाविचार–

जन्मनक्षत्र रोहिणीको दशारम्भ चन्द्रबाट हुन्छ । १ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष २।६ वि.सं. १८७३ मा चन्द्रको दशामा शनिको अन्तरान्तरमा राहुको प्रत्यन्तर अर्थात् जायाभावको मालिकको दशामा लग्नको मालिकको अन्तरमा जायाभावस्थित राहुको प्रत्यन्तर (वर्षादि ३।१ करीब) परेको छ । वि.सं. १८९८ मा राहुको दशामा शुक्रको अन्तरमा राहुकै प्रत्यन्तर अर्थात् जायाभावस्थित राहुको दशामा राज्यस्थानको मालिकको अन्तरमा राहुकै प्रत्यन्तर (वर्षादि २७।६ करीब) परेको छ । वि.सं. १९०३ मा गुरूको दशामा गुरूकै अन्तरमा गुरूकै प्रत्यन्तर अर्थात् पराक्रमस्थानको मालिकको दशामा व्ययस्थानको मालिकको अन्तरमा मृत्यृस्थानस्थित बृहस्पतिको प्रत्यन्तर (वर्षादि ३२।९ करीब) परेको छ । वि.सं. १९३८ मा शनिको दशामा गुरूको अन्तरमा गुरूकै प्रत्यन्तर अर्थात्* मकरस्थानको मालिक तथा लग्नको मालिकको दशामा व्ययस्थानको मालिकको अन्तरमा मृत्युस्थानस्थित बृहस्पतिको प्रत्यन्तर (वर्षादि ६७।६ करीब) परेको छ ।

---

*भएको– मकर स्थानको, हुनुपर्ने– मारकस्थानको (२३ औं पङ्क्ति)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ सुरेन्द्रविक्रम शाहदेव

जन्म वि.सं. १८८६ मृत्यु वि.सं. – १९३८



वि.सं. १८८६ आश्विन शुक्ल षष्ठी उप्रान्त सप्तमी ज्येष्ठा उप्रान्त मूल नक्षत्र द्वितीय पाउमा आश्विन २० गते आइतबार इष्टघडी २८।३९ मा श्री ५ सुरेन्द्रविक्रम शाहको जन्म भयो । सूर्य ५।१९।२१।३५, लग्न ११।१३।७।८

यी श्री ५ सुरेन्द्रविक्रम शाह आफ्ना पिता श्री ५ राजेन्द्र विक्रम शाहको पदच्युत भएपछि वि.सं. १९०४ मा राजगद्दीमा बसेका हुन् । यही वर्ष यिनका छोरा राजकुमार त्रैलोक्य विक्रमको जन्म भयो । यी राजाले जंगबहादुरमा राजभार बिसाई आफू ऐस आराममा रहेका थिए । श्री ५ सुरेन्द्रविक्रम शाह बालककालदेखि उटपट्याङ्ग तथा कडा स्वभावका थिए । यिनमा राजकाज चलाउने गुण राम्रो थिएन । राजकाज सम्बन्धी काममा रेखदेख शाहजादा उपेन्द्रविक्रम शाहबाट हुन्थ्यो । उपेन्द्रविक्राम शाह भए सम्म जङ्गबहादुरले आफ्नो मनोमानी गर्न नपाएकोले जङ्गबहादुरले श्री ५ सुरेन्द्रविक्रमको कानमा शाहजादा उपेन्द्रविक्रम शाह राजगद्दीको अभिलाषी छन् भनी कुरा लाइदिँदा श्री ५ सुरेन्द्रविक्रमले उपेन्द्रविक्रमलाई देशनिकाला गरी इलाहवादमा कैद गरिदिए । यिनका पालमा वि.सं. १९११ मा तिब्बतसँग लडाइँ भयो । वि.सं. यिनैका पालामा वि.सं. १९२० मा चीनको कालगडी भिकाई स्वयम्भूको जीर्णोद्धार भयो । वि.सं. १९३२ मा बृटिस युवराज सप्तम एडवर्ड नेपालमा शिकार खेल्न आएका थिए । वि.सं. १९३३ मा धीरशमसेरले श्री ५ सुरेन्द्रविक्रमलाई घेरामा पारी सदाका लागि रणापरिवारमा राज्यको अधिकार सुरक्षित रहने कागज गराए । वि.सं. १९३८ ज्येष्ठमा श्री ५ सुरेन्द्रविक्रम शाहको स्वर्गारोहण भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयुविचार–

लग्नेश बृहस्पति स्थिरराशिमा, अष्टमेश शुक्र स्थिरराशिमा हुनाले अल्पायुयोग पहिलो भयो । शनि चरराशिमा, चन्द्र द्विस्वभावराशिमा हुनाले अल्पायुयोग दोस्रो भयो । लग्न द्विस्वभावराशि, होरालग्न स्थिरराशि हुनाले दीर्घायुयोग तेस्रो भयो । यहाँ २ प्रकारको अल्पायुयोगबाट प्राप्त आयुपिण्ड ३६ वर्ष भयो । आयुकारक शनि स्वर्क्षतुङ्ग छैन । तब शनिबाट कक्षाह्रास हुँदा ३६ बाट ३२ भयो । लग्नको मालिक धर्मस्थानमा बसेको छ । तब धर्म बलबान् हुनाले बृहस्पतिबाट पुनः* कक्षावृद्धि हुँदा ६४ भयो । बृहस्पतिमा शुभदृष्टि परेको छैन र केवल पापदृष्टि परेकोले निर्बल हुँदा केही ह्रास हुन गएको छ ।

दशाविचार–

मूलनक्षत्रको दशारम्भ केतुबाट हुन्छ । १ पाउ करीब भुक्त भइसकेको छ । भुक्त वर्ष १।९ करीब छ । वि.सं. १९०४ मा शुक्रदशामा बृहस्पतिको अन्तर परेको छ । त्यस बेलाको वर्षादि १८।१ करीब हुन्छ । पराक्रमस्थानको मालिकको दशामा राज्यस्थानको मालिकको अन्तरमा राज्य प्राप्त भयो । वि.सं. १९११ मा शुक्रदशामा केतुको अन्तरमा शनिको प्रत्यन्तर परेको छ । त्यस बेलाको वर्षादि २५।१ करीब हुन्छ । पराक्रमस्थानको मालिकको दशामा आयस्थान स्थित केतुको अन्तरमा आयस्थानको मालिकको प्रत्यन्तरमा तिब्बतसँग लडाइँ भयो । वि.सं. १९२० मा चन्द्रदशामा राहुको अन्तरमा चन्द्रको प्रत्यन्तर परेको छ । त्यस बेलाको वर्षादि ३४।०।२८ करीब हुन्छ । पञ्चमस्थानको मालिकको दशामा पञ्चमस्थानस्थित राहुको अन्तरमा पञ्चमस्थानको मालिकको प्रत्यन्तरमा स्वयम्भूजीर्णोद्धार भयो । वि.सं. १९३३ मा भौमदशामा शुक्रको अन्तरमा शनिको प्रत्यन्तर परेको छ । त्यस बेलाको वर्षादि ४७।१ करीब हुन्छ । दुःखित अवस्थामा रहेको धनस्थानको मालिकको दशामा पराक्रमस्थानको मालिकको अन्तरमा व्यवस्थापनको मालिकको प्रत्यन्तरमा राज्याधिकार हरण भयो । वि.सं. १९३८ मा राहुदशामा बृहस्पतिको अन्तरमा शनिको प्रत्यन्तर परेको छ । त्यस बेलाको वर्षादि ५१।७।२४ करीब हुन्छ । पापग्रहको दशामा लग्नको मालिकको अन्तरमा व्यवस्थानको मालिकको प्रत्यन्तरमा बृहस्पति केन्द्राधिपत्यदोषयुक्त हुँदा मृत्यु भयो ।

---

*भएको– कल्पवृद्धि, हुनुपर्ने– कक्षावृद्धि हुँदा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ युवराज त्रैलोक्यवीरविक्रम शाहदेव

जन्म वि.सं. १९०४ मृत्यु वि.सं. – १९३४



वि.सं. १९०४ मार्गकृष्ण ८ उप्रान्त नवमी पूर्वफाल्गुनी नक्षत्र मार्ग १६ गते मंगलबार इष्टघडी ३५।३२ मा जन्म । लग्न ३।८।२१।३५

श्री ५ युवराज त्रैलोक्यवीरविक्रम शाह योग्य पुरूष थिए । युवराज त्रैलोक्य वीरविक्रम शाहले जङ्गबहादुरकी २ छोरीसँग विवाह गरेका थिए । विस्तार विस्तार जङ्गबहादुरको अप्रत्यक्ष अनुशासन तथा नियन्त्रण श्री ५ युवराज त्रैलोक्यवीरविक्रम शाहले बुझ्नुको साथै शोषित प्रजाको कष्ट देखेर युवराजको हृदय चिरियो । तब यस शोषणबाट प्रजाको उद्धार गर्न नसकेसम्म श्रीपेच पहिरने छैन भनी श्री ५ युवराज त्रैलोक्यवीरविक्रम शाहले प्रतिज्ञा गरेका थिए । श्री ५ युवराज त्रैलोक्यवीरविक्रमले वहलेट महाराज भन्ने पदवी पाएका थिए । वि.सं. १९३२ मा बहलेट महाराजका माहिला महारानी ललित कुमारी तर्फबाट पुत्र पृथ्वीवीरविक्रम शाहको जन्म भयो । वहलेट महाराजले आफ्ना पिता श्री ५ सुरेन्द्रविक्रमले जङ्गबहादुरलाई दिएको राज्याधिकार महामात्यवहालीको पंजापत्रको अवधि प्रतीक्षा गरिरहेका थिए । त्यस पंजापत्रमा अवधि सिद्धिए पछि महाराजाधिराजबाट आफ्नो इच्छाअनुसार प्राइमिनिष्टर वहाल गर्न पाउने अधिकार थियो । वि.सं. १९२३ मा शिकारमा गएका जंगबहादुरको मृत्यु हुनासाथ मृत्युको समाचार दवायी धीरशमशेरले वहलेट महाराजलाई जंगबहादुर भएठाउँ पथर घट्टामा सवारी चलाएर यता आफ्नो मतलब सिद्ध गरे । बाटोमा जंगबहादुरको मृत्यु खबर सुनेर वहलेट महाराज आधा बाटोबाटै फर्के । नेपाल राजधानी पुग्दा धीरशमशेरले स्वार्थ पट्\u200cाइसकेको देखि वहलेट महाराजको क्रोधको सीमा

*भएको– मार्ग २६, हुनुपर्ने– मार्ग १६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रहेन । त्यसपछि वहलेट महाराजले पुराना भारदारहरूको संगठन गरे । रणोद्दीपसिंह प्रधान मन्त्री भएको एघार महिना जति भएपछि वि.सं. १९३४ मा बहलेट महाराज रूघाखोकीको बिमारी भए । औषधिको उपचार हुँदाहुँदै बहलेट महाराजको देहावसान भयो ।

आयुविचार–

लग्नेश चन्द्र स्थिरराशिमा, अष्टमेश शनि स्थिरराशिमा हुनाले अल्पायुयोग पहिलो । शनि स्थिरराशिमा, चन्द्र स्थिरराशिमा हुनाले अल्पायुयोग दोस्रो । लग्न चरराशिमा होरालग्न (५।१५) द्विस्वभावराशिमा हुनाले अल्पायुयोग तेस्रो । ३ प्रकारको अल्पायुयोगबाट प्राप्त आयुपिण्ड ३२ वर्ष । आयुकारक शनि स्वगृह भएर आयुस्थान छ । बृहस्पतिमा शुभपाप दुवैको दृष्टि छ । त्यसकारण बृहस्पतिबाट वृद्धि पनि भएन शनिबाट ह्रास पनि भएन ।

दशाविचार–

जन्मनक्षत्र पूर्वफाल्गुनीको दशारम्भ शुक्र हुन्छ । २ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष १०।० वि.सं. १९३२ मा भौमको दशामा बृहस्पतिको अन्तरमा शनिको प्रत्यन्तर अर्थात् पञ्चम स्थानको मालिकको दशामा धर्मस्थानको मालिकको अन्तरमा जायभावको मालिकको प्रत्यन्तर (वर्षादि २७।८ करीब) परेको छ । वि.सं. १९३३ मा भौमदशामा शनिको अन्तरमा बुधको प्रत्यन्तर अर्थात् राज्यस्थानको मालिकको दशामा मृत्युभावको मालिकको अन्तरमा व्यवस्थानको मालिकको प्रत्यन्तर (वर्षादि २८।८ करीब) परेको छ । वि.सं. १९३४ मा भौम दशामा बुधको अन्तरमा बुधकै प्रत्यन्तर अर्थात् राज्यस्थानको मालिकको दशामा व्ययस्थानको मालिकको अन्तरमा पराक्रमस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ३९।७ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ पृथ्वीवीरविक्रम शाहदेव

जन्म वि.सं. १९३२ मृत्यु वि.सं. – १९६८



विसं १९३२ श्रावणशुक्ल ७ श्रावण २५ गते रविवार इष्टघडी १८।४ मा श्री ५ पृथ्वीवीरविक्रम शाहको जन्म भयो । सूर्य ३।२२।५६।५४ लग्न ६।२७।३७।९

पिता त्रैलोक्यवीरविक्रम शाहदेवको देहावसाना भएपछि पृथ्वीवीरविक्रम शाह युवराजधिराज घोषित भए । वि.सं. १९३८ ज्येष्ठमा श्री ५ सुरेन्द्रविक्रम शाहको देहावसान भएपछि श्री ५ पृथ्वीवीरविक्रम शाह राजसिंहासनमा बसे । श्री ५ पृथ्वीवीरविक्रम शाह त्यस बेला बालक हुनाले राज्यको संचालन राणा प्रधानमन्त्रीबाट भएको थियो । श्री ५ पृथ्वीवीरविक्रम शाहको विवाह २ जना पञ्जावी रजपूतकन्यासँग भएको थियो । पछि प्राइममिनिष्टर वीरशमशेरले श्री ५ पृथ्वीवीरविक्रम शाहसँग आफ्नी २ छोरीको विवाह गरिदिए । वीरशमसेरको इच्छा आफ्नी छोरीतर्फबाट छोरा जन्माउनु थियो । तर महिला बडामहारानी पञ्जावी रजपूतकन्याबाट छोरा त्रिभुवनवीरविक्रम शाहको जन्म भयो । राज्यलोलुपले गर्दा राणाहरूको आफ्नै परिवारमा षड्यन्त्र दाउपेच चलिरहेको थियो । यसको फलस्वरूप कोत पर्व घटे झैं ३८ साल पर्व र ४२ साल पर्व घटेको थियो । श्री ५ पृथ्वीवीरविक्रम शाहले पनि राणापरिवारमा भएको आफ्नो राज्यको अधिकार फिर्ता लिन निमित्त संगठन गरी प्रयत्न गरेका थिए । तर सफल हुन सकेन । विसं १९६८ मा इङ्गलैण्डका सम्राट पञ्चमजार्ज ठोरीमा शिकार खेल्न आएका थिए । त्यही वर्ष मार्ग २५ गते श्री ५ पृथ्वीवीरविक्रम शाह केही विरामी भई औषधि गर्दा गर्दै मौसुफको अकस्मात् स्वर्गारोहण भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयुविचार–

लग्नेश शुक्र चरराशिमा अष्टमेश शुक्र चरराशिमा हुनाले दीर्घायुयोग पहिलो । लग्न चरराशिमा चन्द्र चरराशिमा हुनाले दीर्घायुयोग दोस्रो । लग्न चरराशिमा, होरालग्न (१०।२९) स्थिरराशिमा हुनाले मध्यायुयोग तेस्रो । २ प्रकारको दीर्घायुयोगबाट प्राप्त आयुपिण्ड १०८ वर्ष । यहाँ शनि आयुको योगकारक छैन । बृहस्पति लग्नमा हुनाले आंशिक वृद्धि भएको छ ।

दशाविचार–

जन्मनक्षत्र स्वातीको दशारम्भ राहु हुन्छ । २ पाउ करीब भुक्त भएको छ । भुक्त वर्ष ९।० वि.सं. १९३८ मा राहुको दशामा सूर्यको अन्तरमा राहुकै प्रत्यन्तर अर्थात् शत्रुभावस्थित राहुको दशामा आयस्थानको मालिकको अन्तरमा राहुको प्रत्यन्तर (वर्षादि ५।१० करीब) परेको छ । वि.सं. १९४२ मा गुरूदशामा गुरूकै अन्तरमा बुधको प्रत्यन्तर अर्थात् पराक्रम स्थानको मालिकको दशामा शत्रुस्थानको मालिकको अन्तरमा व्ययस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ९।११ करीब) परेको छ । वि.सं. १९६८ मा शनिको दशामा सूर्यको अन्तरमा केतुको प्रत्यन्तर अर्थात् सुखस्थानको मालिकको दशामा आयस्थानको मालिकको अन्तरमा व्ययस्थानस्थित केतुको प्रत्यन्तर (वर्षादि ३५।९ करीब) परेको छ । यहाँ आयुको धेरै अवशेष छँदै मृत्यु भएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ त्रिभुवनवीरविक्रम शाहदेव

जन्म वि.सं. १९६३ मृत्यु वि.सं. – २०११



वि.सं. १९६३ आषाढ शुक्ल नवमी आषाढ १७ गते शनिबार चित्रानक्षत्र इष्टघडी ९।३ मा श्री ५ त्रिभुवनवीर विक्रम शाहदेवको जन्म भयो । लग्न ४।१।४०।१७ सूर्य २।१४।४५।४५

श्री ५ पृथ्वीवीरविक्रम शाहको स्वर्गारोहण भएपछि श्री ५ त्रिभुवनवीरविक्रम शाह महाराजधिराज भए । प्राइममिनिष्टर चन्द्रशमशेरले श्री ५ त्रिभुवनवीरविक्रम शाहको विवाह पञ्जावका २ रजपूतकन्यासँग वि.सं. १९७५ मा गरिदिए । वि.सं. १९७७ आषाढमा पुत्र महेन्द्रवीरविक्रम शाहको जन्म भयो । त्यसपछि २ पुत्र पुत्री पैदा भए । श्री ५ त्रिभुवनमा बुद्धिपरिपक्क भएपछि राणाको नीति बोध भयो । वि.सं. २००१ मा श्री ५ त्रिभुवन तीर्थयात्रा गरी फर्केपछि श्री ५ त्रिभुवनलाई गतिविधिको राम्रै बोध भयो । यसै शिलशिलामा नेपाल प्रजापरिषदको संगठन भयो । प्रजापरिषदले श्री ५ त्रिभुवनबाट गुप्त रूपले आर्थिक सहायता पाएको थियो । यो कुरा थाहा पाएर राणा प्राइममिनिष्टरले प्रजापरिषदका मानिसहरूलाई कैद गरे । तिनमा ४ जना मारिए । यस पछि श्री ५ त्रिभुवन उपर पनि कडा दृष्टि राणाहरूले दिन थाले । श्री ५ त्रिभुवनमा सहनशील र उदारता थियो । जनतामा पनि राष्ट्रिय भावना फैलँदै गइरहेको थियो । राणाहरूले जनताउपर दमन गर्दै थिए । आखीर काँग्रेसले हिंसात्मक नीति अपनायो । तब श्री ५ त्रिभुवनलाई काँग्रेससँग सम्बन्ध गरेको निहुँ गरी कडा कारबाही गर्न लागे । अब चूप लागेमा परिणाम खतडा हुने देखि श्री ५ त्रिभुवनले वि.सं. २००७ कार्तिक कृष्ण द्वादशीका दिन कार्तिक २१ गते राजदरबार छोडी भारतदूतावासमा सपरिवार शरण लिन गए । प्राइममिनिष्टरले श्री ५ त्रिभुवनलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फर्काउन निकै कोशिश गरे । तर भारत सरकारले शरणको मरण गरेन । त्यसपछि विमानद्वारा श्री ५ त्रिभुवनको डिल्ली सवारी भयो । अनि काँग्रेसले नेपालमा क्रान्ति छेड्यो । मोहनशमसेरले काँग्रेसलाई दबाउन निकै प्रयत्न गरे तर सकेन । भारतका प्रधानमन्त्री नेहरूले श्री ५ त्रिभुवन र नेपाली काँग्रेसमा सम्झौता गराए । त्यस सम्झौता अनुसार वि.सं. २००७ फाल्गुन ४ गते श्री ५ त्रिभुवनको काठमाडौंमा सवारी फिऱ्यो । फाल्गनु ७ गते मन्त्रिमण्डल गठन भएको शाही घोषणा भयो । त्यस अनुसार नेपालमा प्रजातन्त्र शासन चल्यो । तर राजनीति पार्टीहरूमा स्वार्थी भावना घुसेकोले प्रशासन गडबढ हुँदै गयो । यस अवस्थाले श्री ५ त्रिभुवनको मनमा ज्यादै चोट पाऱ्यो । त्यस असरले* गर्दा श्री ५ त्रिभुवनको स्वास्थ्य खराब हुँदै गयो । वि.सं. २०१० श्रावणमा औषधि गर्न श्री ५ को यूरोप सवारी भयो । स्वास्थ्य ठीक भएपछि पेरीस रोम आदि शहर घुम्दै श्री ५ त्रिभुवनको सवारी काठमाडौं फिऱ्यो । यसपछि राजनीतिक पार्टीहरूमा स्वार्थी भावले गर्दा झगडा भइ फुट भयो । यस घटनाले गर्दा श्री ५ त्रिभुवनको रोग उल्ट्यो । वि.सं. २०११ आश्विनमा औषधि गर्ना निमित्त श्री ५ को फेरि यूरोप सवारी भयो । आखिर फाल्गुन ३० गते जुरीचको केन्टीन हस्पिटलमा श्री ५ त्रिभुवनको देहावसान भयो । दाहसंस्कार पशुपति आर्यघाटमा भयो ।

आयुविचार–

लग्नेश सूर्य द्विस्वभाव राशिमा, अष्टमेश बृहस्पति द्विस्वभाव राशिमा हुनाले मध्यायुयोग पहिलो । शनि स्थिरराशिमा, चन्द्र चरराशिमा हुनाले मध्यायुयोग दोस्रो । लग्न स्थिर राशिमा, हेरा लग्न (६।३) चरराशिमा हुनाले मध्यायुयोग तेस्रो । ३ प्रकारको मध्यायुयोगबाट प्राप्त आयुपिण्ड ८० वर्ष । आयुकारक शनि स्वगृह छ । तब शनिबाट कक्षाह्रास भएन । बृहस्पतिमा पाप तथा शुभ दुवैको दृष्टि छ । तर बृहस्पति दुःखित अवस्थाको भएर निर्बल छ । त्यस कारण आयुको अनुपातबाट आंशिक ह्रास भएको छ ।

दशाविचार–

जन्मनक्षत्र चित्राको दशारम्भ भौम हुन्छ । २ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष ३।६ वि.सं. १९६८ मा राहुको दशामा राहुकै अन्तरमा शुक्रको प्रत्यन्तर अर्थात् व्ययस्थानस्थित राहुको दशामा राहुकै अन्तरमा राज्यस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ५।८ करीब) परेको छ । वि.सं. १९७५ मा राहुको दशामा बुधको अन्तरमा चन्द्रको प्रत्यन्तर अर्थात व्ययस्थानस्थित राहुको दशामा आयस्थानको मालिकको अन्तरमा व्ययस्थानको मालिकको प्रत्यन्तर (वर्षादि १२।८ करीब) परेको छ । वि.सं. १९७७ मा राहुको दशामा बुधको अन्तरमा शनिको प्रत्यन्तर अर्थात् पापग्रहको दशामा आयस्थानको मालिकको अन्तरमा जाया

*भएको– अवसर, हुनुपर्ने– असर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावको मालिकको प्रत्यन्तर (वर्ष १४ करीब) परेको छ । वि.सं. २००१ मा शनिको दशामा शनिकै अन्तरमा बुधको प्रत्यन्तर अर्थात् जायाभावको मालिकको दशामा शत्रुभावको मालिकको अन्तरमा धनस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ३८।५ करीब) परेको छ । वि.सं. २००७ मा शनिको दशामा केतुको अन्तरमा बुधको प्रत्यन्तर अर्थात् शत्रुभावको मालिकको दशामा शत्रुभावस्थित केतुको अन्तरमा आयभावको मालिकको प्रत्यन्तर (वर्षादि ४४।३ करीब) परेको छ । वि.सं. २०११ मा शनिको दशामा सूर्यको अन्तरमा केतुको प्रत्यन्तर अर्थात् मारकस्थानको मालिकको दशामा लग्नको मालिकको अन्तरमा पापग्रहको प्रत्यन्तर (वर्षादि ४८।३ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वर्गीय राष्ट्रनेता श्री ५ महेन्द्रवीरविक्रम शाहदेव–

जन्म वि.सं. १९७७ मृत्यु वि.सं. – २०२८



विसं संवत् १९७७ सौरमानेन ज्येष्ठमास दिन गतेषु ३०॥ शुक्रवासरे ॥ आषाढमासे कृष्णपक्षे ॥ नवम्युपरि दशम्यान्तिथौ ॥ उत्तरभाद्रपदोपरि रेवती नक्षत्र ॥ सूर्योदयाद गतघटीषु १४।२२ तदा सिंहलग्ने सिंहनवांशे ॥ श्री ५ महेन्द्रवीरविक्रम शाहदेववर्मणां जन्म ॥

श्री ५ महेन्द्रवीरविक्रम शाहको बाल्यकालमा राणाहरूको जहानिया शासन थियो । श्री ५ महेन्द्रवीरविक्रम शाहलाई राजनीति शिक्षा दिनमा राणाले निगरानी राखेका थिए । तापनि श्री ५ महेन्द्रवीरविक्रम सरकारले आफ्नो बुद्धिबलद्वारा शिक्षा स्वयं हासिल गरिबक्स्यो । मौसूफ सरकारलाई नेपाली हिन्दी संस्कृत उर्दू अँग्रेजी नेवारी भाषाहरूमा दख्खल थियो । त्यस्तै साहित्य तथा कवितामा पनि मौसूफको उत्तिकै दख्खल थियो । वि.सं. १९९७ वैशाख २७ गते मौसूफको इन्द्रराज्यलक्ष्मीदेवीसँग विवाह भयो । इन्द्रराज्यलक्ष्मीदेवीबाट ३ पुत्र ३ पुत्री पैदा भए । वि.सं. २००७ भाद्र १८ गते इन्द्रराज्यलक्ष्मीदेवीको स्वर्गारोहण भयो । यसपछि वि.सं. २००९ मार्ग २५ गते इन्द्रराज्यलक्ष्मीदेवी बहिनी रत्नराज्यलक्ष्मीदेवीसँग श्री ५ महेन्द्रको दोस्रो विवाह भयो । श्री ५ महेन्द्रले ७ सालको क्रान्तिमा आफ्नो पितालाई ठूलो सहयोग गरिबक्सेको थियो । वि.सं. २०११ फाल्गुन ३० गते श्री ५ त्रिभुवनको स्वर्गारोहण भएपछि श्री ५ महेन्द्रको राज्यरोहण भयो । वि.सं. २०१५ मा श्री ५ महेन्द्रबाट चुनाव गराइबक्स्यो र प्रजातान्त्रिक संविधान बक्स्यो । तर प्रजातान्त्रिक सरकारको मनोमानीले गर्दा देशमा खतडा पर्न आँटेको देखी वि.सं. २०१७ पौष १ गते श्री ५ महेन्द्रले उक्त भ्रष्ट सरकारलाई विघटन गरिबक्स्यो र पञ्चायती प्रजातन्त्र ल्याइबक्स्यो । अनि रजौटाको राज्य उन्मूलन गर्नुको साथै भ्रष्टाचार निर्मूल गर्ने कानून व्यवस्था पनि मौसूफबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिइबक्स्यो । आफ्ना प्यारा प्रजाहरूसँग भेट गर्ने र उनीहरूको अवस्थाको अध्ययन पनि गर्ने भावनाले प्रेरित भई आफ्नो अधिराज्य भर धेरै जसो भागमा घोडामा सवारी र दुर्गम मार्गमा पैदल सवारी भई स्वदेश भ्रमण गरिबक्सने शाहराजामा सर्वप्रथम श्री ५ महेन्द्र नै होइबक्सिन्छ । श्री ५ महेन्द्र सरकारले विश्वभ्रमण पनि गरिबक्स्यो । वि.सं. २०१८ माघ ९ गते जनकपुर सवारी हुँदा अराष्ट्रिय तत्वद्वारा प्रहार गरिएको हाते बमबाट जोगिबक्स्यो । वि.सं. २०२६ चैत्रमा शिकारमा सवारी हुँदा बिरामी भैबक्स्यो । वि.सं. २०२८ माघ १७ गते बिहान ३।४५ बजे भरपुर दियालो बंगलामा अकष्मात् हृदयगति बन्द भई श्री ५ महेन्द्रवीर बिक्रम शाहदेवको देहावसान भयो । पशुपति आर्यघाटमा मौसुफ सरकारको दाहसंस्कार भयो ।

आयुविचार–

लग्नेश सूर्य स्थिरराशिमा अष्टमेश बृहस्पति चरराशिमा हुनाले मध्यायुयोग पहिलो । शनि स्थिरराशिमा चन्द्र द्विस्वभावराशिमा हुनाले दीर्घायुयोग दोस्रो । लग्न स्थिरराशिमा होरालग्न द्विस्वभावराशिमा हुनाले दीर्घायुयोग तेस्रो । यहाँ दुई प्रकारको दीर्घायुयोगबाट प्राप्त आयुपिण्ड १०८ वर्ष । शनि आयुकारक भई शत्रुको घरमा छन् । त्यस कारण शनिले आयुको कक्षाह्रास गर्दा ७२ वर्ष भयो । आयुकारक चन्द्रमा अष्टमस्थानमा हुनाले बलको अनुपातले त्यसबाट पनि केही ह्रास भयो ।

दशाविचार–

जन्मनक्षत्र रेवतीको दशारम्भ बुधबाट हुन्छ । प्रथम पाउको जन्म छ । वि.सं. १९९७ मा धर्मस्थानस्थित केतुको दशामा धर्मस्थान र सुखस्थानको मालिक भौमको अन्तर (वर्षादि १९।११ करीब) परेको छ । वि.सं. २००७ मा शुक्रको दशामा भौमको अन्तर अर्थात् राज्य तथा पराक्रमस्थानको मालिकको दशामा धर्म तथा सुखस्थानको मालिकको अन्तर परेको छ । वि.सं. २००९ मा शुक्रको दशामा राहुको अन्तर परेको छ । वि.सं. २०११ मा शुक्रको दशामा बृहस्पतिको अन्तर परेको छ । वि.सं. २०१७-१८ मा शुक्रको दशामा बुधको अन्तर अर्थात राज्य तथा पराक्रम स्थानको मालिकको दशामा आयस्थान तथा धनस्थानको मालिकको अन्तर परेको छ । वि.सं. २०२६ मा सूर्यको दशामा शुक्रको अन्तरमा शनिको प्रत्यन्तर अर्थात् लग्नको मालिकको दशामा पराक्रमस्थानको मालिकको अन्तरमा रोग स्थानको मालिकको प्रत्यन्तर परेको छ । वि.सं. २०२८ मा चन्द्रको दशामा राहुको अन्तरमा बृहस्पतिको प्रत्यन्तर अर्थात् व्ययस्थानको मालिकको दशामा पापग्रहको अन्तरमा मृत्यु स्थानको मालिकको प्रत्यन्तर (वर्षादि ५१।१० करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्त्री भारदार तथा प्रसिद्ध व्यक्तिहरूका ऐतिहासिक जन्मकुण्डलीहरू

अभिमानसिंह बस्नेत

जन्म वि.सं. १८०१ मृत्यु वि.सं.-१८५७



वि.सं. संवत् १८०१ फाल्गुन १४ गते अभिमानसिंह बस्नेतको जन्म भयो ।

यी काजी (देवान) अभिमान सिंह बस्नेत प्रधान सेनापति शिवरामसिंह बस्नेतको साहिला छोरा हुन् । साँगाचोकको लडाइँमा शिवरामसिंह बस्नेतको मृत्यु भएपछि श्री ५ पृथ्वीनारयाण शाहले उनका छोराहरूको पालन पोषण गरेका थिए । यी अभिमान सिंहले पूर्व चौदण्डी तथा विजयपुर विजयमा विशेष काम गरेका थिए । वि.सं. १८३४ मा समेश्वर विजय गरे । वि.सं. १८५७ मा यिनको मृत्यु भयो ।

आयुविचार–

लग्नेश बुध चरराशिमा, अष्टमेश शनि द्विस्वभावराशिमा हुनाले अल्पायुयोग पहिलो । शनि द्विस्वभावराशिमा, चन्द्र चरराशिमा हुनाले अल्पायुयोग दोस्रो । लग्न द्विस्वभाव राशिमा, होरालग्न (५।१९) द्विस्वभावराशिमा हुनाले मध्यायुयोग तेस्रो । २ प्रकारको अल्पायुयोगबाट प्राप्त आयुपिण्ड ३६ वर्ष । आयुको योगकारक शनि स्वर्क्षतुङ्ग छैन । शनिबाट कक्ष्याह्रास पायो । बृहस्पतिमा शुभको दृष्टि बढी छ । तब बृहस्पतिले ह्रास निरोध गरी अनुपातबाट आंशिक वृद्धि गरेको छ । बृहस्पति र शनिमा बृहस्पति बलवान छ ।

दशाविचार–

जन्मनक्षत्र अश्लेषाको दशारम्भ बुध हुन्छ । भुक्त ० । वि.सं. १८५७ मा चन्द्रदशामा शनिको अन्तर अर्थात् मारकस्थानको मालिकको दशामा मृत्युस्थानको मालिकको अन्तर (वर्षादि ५५।१० करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दामोदर पाँडे

जन्म वि.सं. १८०८ मृत्यु वि.सं.-१८६०



वि.सं. संवत् १८०८ वैशाखमा जन्म । लग्न ७।१५ सूर्य ०।१४ वि.सं. १८६० चैत्रमा मृत्यु ।

यी दामोदर पाँडे श्री ५ बडामहाराजधिराज पृथ्वीनारायणका मुख्य मन्त्री कालुपाँडेका छोरा हुन् । वि.सं. १८५७ मा श्री ५ रणबहादुर काशी गएपछि श्री ५ गीर्वाणयुद्ध बालकै हुनाले रणबहादुरकी माहिली महारानी सुवर्णप्रभा नायवी भए । राजकाज चलाउन सुवर्णप्रभाले प्रधानमन्त्री दामोदर पाँडेलाई बनाए । रणबहादुरलाई काशीमै राख्न यी दामोदर पाँडेले वि.सं. १८५८ मा अँग्रेजसँग सन्धीपत्र गरे । यसै सन्धी अनुसार अँग्रेजराजदूत नक्स नेपाल आए । सुवर्णप्रभा पछि दामोदर पाँडेदेखि उत्तिको प्रसन्न भएनन् । षड्यन्त्रको आरोप लागी यिनका दुई छोरा केही दिन कैद पनि भए । रणबहादुरकी जेठा महारानी राजराजेश्वरी रणबहादुरसँगै काशी गएका थिए । राजराजेश्वरी काठमाडौं फर्केपछि तिनको वल पाएर दामोदर पाँडेको प्रतिष्ठा बढ्यो । तर राजराजेश्वरीले रणबहादुरलाई काठमाडौं झिकाउन चाहन्थे । दामोदर पाँडे यस कुरामा संम्मिलित नहुनाले राजराजेश्वरीले थापालाई हात लिई अँग्रेजको सन्धि तोडे । त्यस पछि एक्कासी रणबहादुर काशीबाट नेपाल आइपुग्दा बीचैमा रोक्न यी दामोदर पाँडे गएका थिए । तर दामोदर पाँडेले लगेका सेना सबै रणबहादुरपट्टि पल्टिदिनाले दामोदर पाँडे र उनका छोरालाई उत्लिखेरै पक्रेर लुमडीथानमा ल्याई मारिदिए । यी दामोदर पाँडेमा अद्‌भूत शारीरिक बल थियो । चीनसँगको लडाइँमा टक्कर लिन यिनको ठूलो देन छ । पश्चिमको लडाइँको विजयमा पनि अमरसिंह थापा जस्तै यिनको पनि देन छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयुविचार–

लग्नेश भौम चरराशिमा, अष्टमेश बुध चरराशिमा हुनाले दीर्घायुयोग पहिलो । शनि स्थिरराशिमा चन्द्र द्विस्वभावराशिमा हुनाले दीर्घायुयोग दोस्रो । लग्नपस्थिरराशिमा होरालग्न (१०।२६) स्थिरराशिमा हुनाले अल्पायुयोग तेस्रो । २ प्रकारको दीर्घायुयोगबाट प्राप्त आयुपिण्ड १०८ वर्ष । आयुको योगकारक शनि स्वर्क्षतुङ्ग छैन । केवल पापयुक्त छ । बृहस्पतिमा पापदृष्टि छ शुभदृष्टि छैन । त्यस कारण बृहस्पतिबाट आयुको कक्षाह्रास भएको छ । तब १०८ बाट ७२ भयो ।

दशाविचार–

जन्मनक्षत्र उत्तरभाद्रको दशारम्भ शनि हुन्छ । २ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष ९।६ वि.सं. १८५८ मा शुक्रको दशामा बुधको अन्तरमा बृहस्पतिको प्रत्यन्तर अर्थात् जायाभावको मालिकको दशामा आयभावको मालिकको अन्तरमा पञ्चमस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ५०।१० करीब) परेको छ । वि.सं. १८६० मा शुक्रको दशामा केतुको अन्तरमा राहुको प्रत्यन्तर अर्थात् व्ययस्थान र मारकस्थानको मालिक मारकस्थानमै बसेको शुक्रको दशामा मारकस्थानस्थित केतुको अन्तरमा राहुको प्रत्यन्तर (वर्षादि ५२।११ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजकुमार बहादुर शाह

जन्म वि.सं. १८१४ मृत्यु वि.सं.-१८५४



विसं संवत् १८१४ आषाढकृष्ण दशमीमा जन्म । लग्न ४।५।१३।५८ सूर्य २।४।५३।२१

यी बहादुर शाह श्री ५ बडामहाराजधिराज पृथ्वीनारायणका माहिला छोरा हुन् । दाजु प्रतापसिंह राजा भए पछि षड्यन्त्रको अभियोगमा यी बहादुरशाह निकाला भयी वेतीयामा गयी बसेका थिए । प्रतापसिंहको मृत्यु पछि बहादुर शाह काठमाडौंमा आई रणबहादुरलाई गद्दीमा राखी आफू नायवी बनी बहादुरशाहले राजकाज चलाए । पछि देवर भाउज्यूमा वैमनस्य भयी फेरि बहादुर शाह विदेश लागे । वि.सं. १८४२ श्रावण २ गते भाउज्यू राजेन्द्रलक्ष्मीको देहान्त भएपछि फेरि आई बहादुरशाहले राजकाज चलाए । राजेन्द्रलक्ष्मीले थालेको पश्चिमविजयको काममा विशेष ध्यान दियी बहादुरशाहले नेपालराज्य पश्चिम शतलजसम्म पुऱ्याए । यी बहादुर शाहले पाल्पाली राजा महादत्तसेनकी छोरीसँग विवाह गरे । श्री ५ रणबहादुर उमेरदार भएपछि विसं १८५१ मा बहादुर शाहले श्री ५ रणबहादुरलाई राज्य सुम्पिदिए । उमेरदार भएपछि वि.सं. १८५१ मा बहादुर शाहले श्री ५ रणबहादुरलाई राज्य सुम्पिदिए । केही काल पछि नायवीकालदेखिको सम्पूर्ण हिसाब बुझाउनू भन्ने निहूँ थापी श्री ५ रणबहादुरले बहादुर शाहलाई कैद गरे । ४ महिनापछि वि.सं. १८५४ आषाढमा बहादुर शाहले कैदमै आत्महत्या गरी प्राण छोडे । यी बहादुर शाह बाबु जस्तै राजनीतिज्ञ थिए । यिनको शीलस्वभाव राम्रो थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयुविचार–

लग्नेश सूर्य द्विस्वभावराशिमा, अष्टमेश गुरू चरराशिमा हुनाले अल्पायुयोग पहिलो । शनि स्थिरराशिमा, चन्द्र चरराशिमा हुनाले मध्यायुयोग दोस्रो । लग्न स्थिरराशिमा, होरालग्न (६।२२) चरराशिमा हुनाले मध्यायुयोग तेस्रो । २ प्रकारको मध्यायुयोगबाट प्राप्त आयुपिण्ड ७२ वर्ष । आयुको योगकारक शनि स्वगृह छ । शनिबाट कक्ष्याह्रास भएन । बृहस्पतिमा शुभको भन्दा पापको दृष्टि बढी छ । बृहस्पति दुःखित अवस्थाको छ । गुरूबाट अनुपातबाट आंशिक ह्रास भएको छ ।

दशाविचार–

जन्मनक्षत्र अश्विनीको दशारम्भ केतु हुन्छ । १ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष १।९ करीब हुन्छ । वि.सं. १८४२ मा सूर्यको दशमामा बृहस्पतिको अन्तर अर्थात् लग्नको मालिकको दशामा पञ्चमस्थानको मालिकको अन्तर (वर्षादि २८।१ करीब) परेको छ । वि.सं. १८५१ मा चन्द्रको दशामा शनिको अन्तर अर्थात् व्ययस्थानको मालिकको दशामा शत्रुस्थानको मालिकको अन्तर (वर्षादि ३७।१ करीब) परेको छ । वि.सं. १८५४ मा चन्द्रको दशामा शुक्रको अन्तरमा गुरूको प्रत्यन्तर अर्थात् व्ययस्थानको मालिकको दशामा पराक्रमस्थानको मालिकको अन्तरमा मृत्युस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ४०।१ करीब) परेको छ ।

--

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे

जन्म वि.सं. १८१५ मृत्यु वि.सं.-१८८८



विसं संवत् १८१५ वैशाखकृष्ण चतुर्दशी घडी २७।२५ भरणी घडी ३३।२९ वैशाख २७ गते शनिबार रात्रिगत घडी २०।४५ मा लक्ष्मीपतिको जन्म भयो ।

यी लक्ष्मीपति पाँडे ज्योतिषी कृष्णानन्दका माहिला छोरा हुन् । यिनका पुर्खा गोरखादरबारका ज्योतिषी थिए । कृष्णानन्द बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायणका समकालका हुन् । कृष्णानन्द काशीवास जाँदा छोरा लक्ष्मीपति दरबारमै थिए । यिनलाई दरबारबाट राम्रो प्रबन्ध भएको थियो । यिनले जीवनभर पुस्तक सार्ने काम गरे । बहादुर शाहले पश्चिम विजय गर्दा यी लक्ष्मीपति पाँडेले परराष्ट्र विभागको तालुकवाला भयी काम गरेका थिए । ६० वर्षको उमेर पुगेपछि यिनी काशीवास गए । वि.सं. १८८८ ज्येष्ठ १२ गते यिनको मृत्यु भयो ।

आयुविचार–

लग्नेश द्विस्वभावराशिमा, अष्टमेश शुक्र द्विस्वभावराशिमा हुनाले मध्यायुयोग पहिलो । शनि स्थिरराशिमा, चन्द्र चरराशिमा हुनाले मध्यायुयोग दोस्रो । लग्न द्विस्वभाव राशिमा, होरालग्न (८।२६) द्विस्वभावराशिमा हुनाले मध्यायुयोग तेस्रो । ३ प्रकारको मध्यायुयोगबाट प्राप्त आयुपिण्ड ८० वर्ष । आयुको योगकारक शनि स्वगृह छ । तब शनिबाट कक्ष्याह्रास भएन । बृहस्पतिमा शुभपाप दुवैको दृष्टि छ । त्यसकारण अनुपातबाट आंशिक ह्रास भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दशाविचार–

जन्मनक्षत्र भरणीको दशारम्भ शुक्र हुन्छ । भुक्त ० । वि.सं. १८२५ मा शुक्रदशामा राहुको अन्तर अर्थात् पराक्रमस्थानको मालिकको दशामा पञ्चमस्थानसित राहुको अन्तर (वर्षादि १०।२ करीब) परेको छ । वि.सं. १८७५ मा राहुदशामा भौमको अन्तरमा गुरूको अत्यन्तर अर्थात् पञ्चमस्थानस्थित राहुदशामा धर्मस्थानको मालिकको अन्तरमा लग्नको मालिकको प्रत्यन्तर (वर्षादि ६०।४ करीब) परेको छ । वि.सं. १८८८ मा गुरूदशामा चन्द्रको अन्तरमा शुक्रको प्रत्यन्तर अर्थात् लग्नको मालिकको दशामा पञ्चमस्थानको मालिकको अन्तरमा मृत्युस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ७३।७ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रणजित कुँवर

जन्म वि.सं. १८१९ मृत्यु वि.सं.-१८७१



विसं संवत् १८१९ माघशुक्ल अष्टमीमा रणजित कुँवरको जन्म भयो ।

यी रणजित कुँवर महाराजाधिराज श्री ५ पृथ्वीनारायणका सेनापति रामकृष्ण कुँवरका छोरा हुन् । पिताको मृत्यु पछि यिनी जुम्लाप्रदेशको हाकिम भर गएका थिए । यिनले त्यहाँ शान्तिस्थापना गरेका थिए । त्यसपछि यिनी काजी भए तनहुँ कास्की लमजुङ विषयमा पनि यिनले विशेष काम गरेका थिए । चीनसँगको लडाइँमा यिनले बहादुरी गरेका थिए । यिनका ३ छोरा भएका थिए । वि.सं. १८७१ मा कुमाउको लडाइँमा यिनी वीरगति प्राप्त भए ।

आयुविचार–

लग्नेश भौम स्थिरराशिमा, अष्टमेश बुध चरराशिमा हुनाले मध्यायुयोग पहिलो । शनि चरराशिमा, चन्द्र चरराशिमा हुनाले दीर्घायुयोग दोस्रो । लग्न स्थिरराशिमा, होरालग्न (३।२१ चरराशिमा हुनाले मध्यायुयोग तेस्रो । २ प्रकारको मध्यायुयोगबाट प्राप्त आयुपिण्ड ७२ वर्ष । आयुको योगकारक शनि छैन । शनिबाट कक्ष्याह्रास भएन । बृहस्पतिमा शुभ पाप योग भएको र पापदृष्टि परेकोले आंशिक अनुपातबाट ह्रास भएको छ ।

दशाविचार–

जन्मनक्षत्र भरणीको दशारम्भ शुक्र हुन्छ । ३ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष १०।०। वि.सं. मा गुरूदशामा गुरूकै अन्तरमा केतुको प्रत्यन्तर अर्थात् मारकस्थानको मालिकको दशामा पञ्चमस्थानको मालिकको अन्तरमा व्ययस्थानस्थित केतुको प्रत्यन्तर (वर्षादि ५२।० करिब परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कीर्तिमानसिंह

जन्म वि.सं. १८२४ मृत्यु वि.सं.-१८५८



विसं संवत् १८२४ ज्येष्ठमा प्रधानसेनापति केहरसिंहका द्वितीय पुत्र श्री कीर्तिमानसिंहको जन्म ।

यी कीर्तिमानसिंह बस्नेत दामोदर पाँडेका भानिज हुन् । वि.सं. १८५५ मा श्री ५ रणबहादुर शाहले आफ्नो छोरा गीर्वाणयुद्ध वीरविक्रमलाई राजगद्दी दिँदा राजकाज चलाउन एक मंत्रिपरिषद् खडा गरेका थिए । त्यस मन्त्रीपरिषद्मा यी कीर्तिमानसिंह बस्नेत पनि थिए । वि.सं. १८५७ मा श्री ५ रणबहादुर शाह काशी गएपछि बालक महाराजधिराज श्री ५ गीर्वाणयुद्ध वीरविक्रम शाहलाई काखमा लिई रानी सुवर्णप्रभाले राजकाज चलाइन् । त्यस बखत रानीले केही भारदारहरूको एक सल्लाहकार गठन गरेकी थिइन् । तिनमा एकजना सल्लाहकार यी कीर्तिमानसिंह बस्नेत पनि थिए । महारानीबाट यिनले क्रमशः विशेष अधिकार प्राप्त गरेका थिए । यिनको अधिकार जतातत्तै बढ्न लागेको देखेर डाहा भई वि.सं. १८५८ मा कुनै मानिसद्वारा उनको गुप्तहत्या भयो ।

टिप्पणी–

यी कीर्तिमानसिंहको जन्ममिति वि.सं. १८२४ ज्येष्ठशुक्ल ३ हुनुपर्ने कुरा कुण्डलीबाट देखिन्छ । चन्द्र मिथुनराशिमा छ । मृगशिराको तेस्रो पाउ र चौथो पाउ, आर्द्राको ४ पाउ पुनर्वसुको ३ पाउ मिथुन राशि हुन्छ । कीर्तिमानसिंहको नामाक्षरको आदि अक्षर की हुनाले मृगशिराको चौथो पाउमा जन्मेको भन्ने बुझिन्छ । सूर्यबाट लग्नसम्म घडी गन्दा इष्टघडी १०,१५ मित्र हुनुपर्ने देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयुविचार–

लग्नेश सूर्य स्थिरराशिमा, अष्टमेश बृहस्पति स्थिरराशिमा हुनाले अल्पायुयोग पहिलो । शनि द्विस्वभावराशिमा चन्द्र द्विस्वभावराशिमा हुनाले मध्यायुयोग दोस्रो । लग्न स्थिरराशिमा *होरालग्न द्विस्वभाव राशिमा हुनाले दीर्घायुयोग तेस्रो । यहाँ एकप्रकारको दीर्घायुयोगबाट प्राप्त आयु पिण्ड ९६ वर्ष । बृहस्पति लग्नमा छ । तर शुभग्रहभन्दा पापग्रहको बढीदृष्टि बृहस्पतिमा परेको हुनाले प्राप्त आयुपिण्डबाट कक्षावृद्धि नहुने भयो ।

दशाविचार–

जन्मनक्षत्र मृगशिराको दशारम्भ भौम हुन्छ । ३ पाउ भुक्त भएको हुँदा भुक्त वर्ष ५।३ वि.सं. १८५५ मा बृहस्पतिको दशामा सूर्यको अन्तर परेको छ । अर्थात् त्रिकोणेशको दशामा लग्नेशको अन्तर (वर्षादि ३।१।१) परेको छ । वि.सं. १८५७ मा बृहस्पतिको दशामा भौमको अन्तर अर्थात् त्रिकोणेशको दशामा त्रिकोणेशकै अन्तर (३३।४।६ वर्षादि) परेको छ । वि.सं. १८५८ बृहस्पतिको दशामा राहुको अन्तरमा शनिको प्रत्यन्तर (वर्षादि ३४।४।२७) परेको छ ।

*भएको– द्विस्वभाव होरालग्न, हुनुपर्ने– होरालग्न द्विस्वभाव

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भीमसेन थापा

जन्म वि.सं. १८३२ मृत्यु वि.सं.-१८९६



वि.सं. संवत् १८३२ श्रावणकृष्ण ९ भरणीनक्षत्र श्रावण ९ गते शुक्रबार जन्मा लग्न ५।६।३२ सूर्य ३।७।२८।१६

यी भीमसेन थापा कास्कीमा बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायणको राजदूत भयी बस्ने वीरभद्रका नाति हुन् । वि.सं. १८६० मा रणबहादुर काशीबाट फर्केपछि श्री ५ रणबहादुर शाहले दामोदर पाँडेको मृत्युपछि आफ्ना अनुयायी भीमसेन थापालाई काजी बनाए । वि.सं. १८६३ मा श्री ५ रणबहादुरको मृत्यु भएपछि भीमसेन थापाले सेनाशक्तिद्वारा विरोधीहरूलाई सखाप पारे । श्री ५ रणबहादुर शाहका कान्छा बडामहारानी ललितत्रिपुरसुन्दरीलाई नायवी बनाई राज्यको शान प्रबन्ध चलाए । अँग्रेज इष्ट इण्डियाकंपनीले नेपाल खान दाउ हेरिरहेका थि । साँधसीमानाको कचिङ्गलमा निहुँ थापी अँग्रेजले नेपालसँग युद्ध गर्न चाहे । नेपालमा भारादारी हुँदा कतिपय अनुभवी भारदारहरू युद्ध नगरी थापपुर पार्ने पक्षमा थिए । तर नयाँ उमेरदार भीमसेन थापाले युद्ध गर्ने नै निर्णय गरे । आखीर वि.सं. १८७१-७२ युद्धमा अँग्रेजसँग हार भई नेपाल राज्यको तृतीयांश जति नेपालले गुमाउनुपऱ्यो । भीमसेन थापा यसको बदला लिने प्रयत्नमा थिए । यिनले आधुनिक ढंगबाट सैनिक तालिम गरे । आयात निर्यातबाट र विर्ताबाट राष्ट्रको आमदानी बढाइयो । हात हतियार तोप आदि बने । धरहरा सुन्धारा यिनैका पालाा बनेका हुन् । वि.सं. १८८८ चैत्रमा महारानी ललितपुरसुन्दरीको मृत्यु भयो । यस पछि भीमसेन थापाको शक्ति घट्दै गयो । पाँडेहरूले भीमसेन थापा उपर षड्यन्त्र रच्न थाले । श्री ५ राजेन्द्रविक्रमका बालक राजकुमारको मृत्यु हुँदा विष प्रयोग गऱ्यो भन्ने आरोप लगायी भीमसेन थापा नजरबन्दी भए । आखीर भीमसेन थापाले अपमान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सहन नसकी वि.सं. १८९६ श्रावणमा जेलमा आत्महत्या गरी प्राण त्याग गरे । यी भीमसेन थापाका ३ मुखनीपट्टिका ३ छोरी थिए । ती छोरीहरूको विवाह पाँडेहरूसँग गरिदिएका थिए । यिनले मन्दिरहरूको जीर्णोद्धार गरेका थिए ।

आयुविचार–

लग्नेश बुध चरराशिमा, अष्टमेश भौम द्विस्वभावराशिमा हुनाले अल्पायुयोग पहिलो । शनि द्विस्वभावराशिमा, चन्द्र चरराशिमा हुनाले अल्पायुयोग दोस्रो । लग्न द्विस्वभावराशिमा होरालग्न (९।२२) चरराशिमा हुनाले अल्पायुयोग तेस्रो । ३ प्रकारको अल्पायुयोगबाट प्राप्त आयुपिण्ड ३२ वर्ष । आयुको योगकारक शनि स्वक्षतुङ्ग छैन । शनिमा केवल पापयुक्त छ । शनिबाट कक्ष्याह्रास भएन । बृहस्पति धर्मस्थानमा हुँदा धर्म बलवान् भएर कक्ष्यावृद्धि हुन गएको छ । तब ३२ बाट ६४ भयो ।

दशाविचार–

जन्मनक्षत्र भरणीको दशारम्भ शुक्र हुन्छ । ३ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष १०।०। वि.सं. १८६० मा भौमदशामा बृहस्पतिको अन्तर अर्थात पराक्रमस्थानको मालिकको दशामा मुखस्थानको मालिकको अन्तर (वर्षादि २८।४ करीब) परेको छ । वि.सं. १८९६ मा बृहस्पतिको दशामा बुधको अन्तरमा राहुको प्रत्यन्तर अर्थात् मारकस्थानको मालिकको दशामा लग्नको मालिकको अन्तरमा व्ययस्थानस्थित राहुको प्रत्यन्तर (वर्षादि ६।४।३ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बालनरसिंह कुँवर

जन्म वि.सं. १८४०



वि.सं. संवत् १८४० पौषशुक्ल द्वादशी पौष २४ गते आइतबारमा बालनर्सिंहको जन्म भयो । लग्न १०।२१।१३।२० सूर्य ८।२३।१६

यी बालनरसिंह कुमाउका वीर रणजित कुँवरका जेठा छोरा हुन् । यिनी आफ्नो योग्यताले २२ वर्षको उमेरमा काजी भए । श्री ५ रणबहादुरको हत्या हुँदा घटनास्थलमै हत्यारा शेरबहादुरलाई यी बालनरसिंहले कत्तल गरेका थिए । यस पछि श्री ५ गीर्वाणयुद्धविक्रमले यिनलाई काजी बनाए । यी बालनरसिंह धर्मात्मा थिए । यिनले आफ्नो पाठपूजा नित्यकर्म कहिल्यै खण्डित गर्दैनथे । यी बालनरसिंहका २ स्त्री थिए । कान्छी स्त्री भीमसेनथापाका भाइ नयनसिंह थापाकी छोरी हुन् । जेठी पत्नीबाट १ पुत्र पैदा भयो । कान्छी पत्नीबाट जङ्गबहादुर आदि ७ पुत्र २ पुत्री पैदा भए ।

आयुविचार–

लग्नेश शनि द्विस्वभावराशिमा अष्टमेश बुध चरराशिमा हुनाले अल्पायुयोग पहिलो । लग्न स्थिरराशिमा शनि द्विस्वभावराशिमा, चन्द्र स्थिरराशिमा हुनाले दीर्घायुयोग दोस्रो । लग्न स्थिरराशिमा होरालग्न (०।२) चरराशिमा हुनाले मध्यायुयोग तेस्रो । ग्राह्य १ प्रकारको मध्यायुयोगबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राप्त आयुपिण्ड ६४ वर्ष । शनि आयुको योगकारक छैन । बृहस्पतिमा शुभदृष्टि र शुभ ग्रहको योग परेको तथा पापदृष्टि अलिकता मात्र परेकोले बृहस्पतिले आयुवृद्धि गरेको छ ।

दशाविचार–

जन्मनक्षत्र जन्मनक्षत्र रोहिणीको दशारम्भ चन्द्र हुन्छ । १ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष २।६। वि.सं. १८६२ मा राहुदशामा शनिको अन्तरमा भौमको प्रत्यन्तर अर्थात् लग्नस्थित राहुको दशामा लग्नको मालिकको अन्तरमा राज्यस्थानको मालिकको प्रत्यन्तर (वर्षादि २।८ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उजीरसिंह थापा

जन्म वि.सं. १८५२



वि.सं. १८५२ चैत्रकृष्णप्रतिपदा चित्रा नक्षत्र बृहस्पतिवारमा उजीर सिंहको जन्म भयो ।

यी उजीरसिंह थापा भीमसेन थापाका माहिला भाइ नयनसिंह थापाका छोरा हुन् । यिनका बाजे जनरल अमरसिंह थापा पालपाका साशक थिए । वि.सं. १८७१ कार्तिकमा अमरसिंह थापाको मृत्यु भएपछि यी उजीरसिंह थापा पालपामा खटिए । यिनले बाजेको काम राम्ररी समालेका थि । यिनले युद्धा तूलो वीरताको प्रदर्शन गरेका थिए । पाल्पामा उजीरेश्वर भगवती प्रख्यात छ ।

आयुविचार–

लग्नेश भौम स्थिरराशिमा, अष्टमेश बुध स्थिरराशिमा हुनाले अल्पायुयोग पहिलो । शनि स्थिरराशिमा, चन्द्र द्विस्वभावराशिमा हुनाले दीर्घायुयोग दोस्रो । लग्न स्थिरराशिमा, होरालग्न (११।४) द्विस्वभावराशिमा हुनाले दीर्घायुयोग तेस्रो । २ प्रकारको दीर्घायुयोगबाट प्राप्त आयुपिण्ड १०८ वर्ष । आयुकारक शनि स्वर्क्षतुङ्ग छैन । शनिबाट कक्षाह्रास हुँदा १०८ बाट ७२ भयो । बृहस्पतिमा पापदृष्टि र शुभयोग छ । बृहस्पति सुखस्थानमा छ । त्यसकारण आंशिक ह्रास भएको छ ।

दशाविचार–

जन्मनक्षत्र चित्राको दशारम्भ भौम हुन्छ । भुक्त ०। वि.सं. १८७१ मा राहुदशामा शुक्रको अन्तरमा शुक्रकै प्रत्यन्तर (वर्षादि १९।० करीब परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माथवरसिंह थापा

जन्म वि.सं. १८५५-मृत्यु वि.सं. १९०२



वि.सं. १८५५ आश्विनकृष्ण ७ आर्द्रानक्षत्र आश्विन १८ गते मंगलबार इष्टघडी ५।२५ मा जन्म । लग्न ६।१६।०।५५ सूर्य ५।१८।०।५८ ।

यी माथवरसिंह थापा भीमसेन थापाका भाइ नयनसिंह थापाका छोरा हुन् । भीमसेन थापाको मृत्यु भएपछि थापाहरूमा आपत्तिले घेरेको थियो । त्यसैमा माथवरसिंह थापा हिन्दुस्थान पसेका थिए । श्री ५ राजेन्द्रविक्रमका कान्छा बडामहारानी राज्यलक्ष्मीदेवी थापाहरूको पक्षपाती थिइन् । रानी राज्यलक्ष्मीदेवीले माथवरलाई वि.सं. १९०० वैशाखमा काठमाडौं झिकाए । भीमसेन थापाको मुद्दा विषयमा फेरि छलफल हुँदा थापाहरूले सफाइ पाए । वि.सं. १९०० पौषमा माथवरसिंह थापा महामात्यपदमा नियुक्त भए । महारानी राज्यलक्ष्मीदेवीको पौषमा अभिप्राय आफ्ना छोरा रणेन्द्रविक्रमलाई राजगद्दी दिलाउनु थियो । सो माथवरसिंहबाट काम पट्टिएन । किन भने उत्तराधिकारी श्री ५ सुरेन्द्रविक्रम छँदाछँदै रोल मिचेर अन्याय गर्न माथवरसिंह चाहँदैनथे । यस कामबाट रानी माथवरसिंहदेखि चिढिए । माथवरसिंह प्रबन्ध मिलाउन सिपालु, घमण्डी पुरूष थिए । त्यस कारण उनको हित चाहने केही मित्र पनि उनीदेखि विरोधी बनेका थिए । वि.सं. १९०२ ज्येष्ठ ६ गते यिनको विरूद्धमा षड्यन्त्र रची एक्कासी शूल भयो भन्ने बहाना गरी राति माथवरसिंहलाई बोलाउन पठाए । माथवरसिंह महारानीको खबर सुनेर तुरून्त राजदरबारमा हाजिर भयी रानी भए ठाउँमा जान कोठाको संघार नाघ्न लाग्दा जङ्गबहादुरको हातबाट छुटेको गोलीले उनको मृत्यु भयो । थापा परिवारमा फेरि यसरी विपत् आइपरेकोले उनका छोरा रणोज्ज्वलसिंह ज्यान बचायी हिन्दुस्थान भागे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयुविचार–

लग्नेश शुक्र स्थिरराशिमा, अष्टमेश शुक्र स्थिरराशिमा हुनाले अल्पायुयोग पहिलो । शनि चरराशिमा, चन्द्र द्विस्वभावराशिमा हुनाले अल्पायुयोग दोस्रो । लग्न चरराशिमा, होरालग्न (७।२३) स्थिरराशिमा हुनाले मध्यायुयोग तेस्रो । २ प्रकारको अल्पायुयोगबाट प्राप्त आयुपिण्ड ३६ वर्ष । आयुको योगकारक शनि स्वक्षतुङ्ग छैन । शनिबाट कक्ष्याह्रास पायो । बृहस्पति सप्तममा हुनाले कक्ष्यावृद्धि पायो । शनि र बृहस्पतिमा बृहस्पति हर्षित अवस्थाको छ । शनि दु:खित अवस्थाको हुँदा बृहस्पतिबाट आंशिक वृद्धि भएको छ ।

दशाविचार–

जन्मनक्षत्र आर्द्रा दशारम्भ राहु हुन्छ । १ पाउ करीब भुक्त भएको छ । भुक्त वर्ष ४।६ वि.सं. १९०० मा शनिदशामा राहुको अन्तरमा बुधको प्रत्यन्तर अर्थात् पञ्चमस्थानको मालिकको दशामा राहुको अन्तरमा धर्मस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ४५।११ करीब) परेको छ । वि.सं. १९०३ मा शनिदशामा मारकस्थानस्थित बृहस्पतिको अन्तरमा शनिको प्रत्यन्तर अर्थात् सुखस्थानको मालिकको दशामा शत्रुस्थानको मालिकको अन्तरमा राज्यस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ४६।८ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चौतरिया फत्यजङ्ग शाह

जन्म वि.सं. १८६२-मृत्यु वि.सं. १९०३



विसं १८६२ आश्विनशुक्ल ८ आश्विन १८ गते मंगलबार जन्म । लग्न ७।२५।१०।१ सूर्य ५।१६।२१।१

यी चौतरिया फत्यजङ्ग शाह प्राणशाहका छोरा हुन् । यिनी राजदरबारको कुचक्रले गर्दा भागेर हिन्दुस्थान गयी बसेका थिए। माथवरसिंहको हत्या भएपछि श्री ५ राजेन्द्रविक्रमले यिनलाई झिकाए ।

वि.सं. १९०२ आश्विनमा यिनी प्रधानमन्त्री पदमा नियुक्त भए । त्यस बखत राज्यको सारा अधिकार श्री ५ राजेन्द्रविक्रमले कान्छा बडामहारानी राज्यलक्ष्मीदेवीलाई दिइसकेको हुनाले उनको हातमा कुनै ठूलो अधिकार थिएन । रानी राज्यलक्ष्मीदेवीको मन परेको जनरल गगनसिंह खवास थिए । उनले जे चाहेको महारानी पुऱ्याउँथिन् । श्री ५ राजेन्द्रविक्रमले रानीको मतलब बुझेर गगनसिंहको बारेमा षड्यन्त्र रचे । वि.सं. १९०३ भाद्र ३१ गते राती षड्यन्त्र बमोजिम गगनसिंहको हत्या भयो । त्यो हत्याको खबर सुनेर महारानीको क्रोध सीमा रहेन र रानीले तुरुन्त हत्यारा पत्ता लगाउन सोही राति कोतमा भारदारहरूलाई सामेल गरे । कुराकुरैमा चर्कँदै गएर काटमार चल्यो । उपस्थित भएका धेरै भारदारहरू सखाप भए । त्यसै पर्वमा छोरा खड्गविक्रमसहित यी फत्यजङ्गको मृत्यु भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयुविचार–

लग्नेश भौम चरराशिमा, अष्टमेश बुध द्विस्वभाव राशिमा हुनाले अल्पायुयोग पहिलो । शनि द्विस्वभावराशिमा, चन्द्र द्विस्वभावराशिमा हुनाले मध्यायुयोग दोस्रो । लग्न स्थिर राशिमा, होरालग्न (१।४) स्थिरराशिमा हुनाले अल्पायुयोग तेस्रो । २ प्रकारको अल्पायु योगबाट प्राप्त आयुपिण्ड ३६ वर्ष । योगकारक शनि छैन । बृहस्पति लग्नमा हुनाले कक्ष्यावृद्धि भयो । तब ३६ बाट ७२ भयो ।

दशाविचार–

जन्मनक्षत्र पूर्वाषाढाको दशारम्भ शुक्र हुन्छ । २ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष १०।० वि.सं. १९०२ मा राहुदशामा शनिको अन्तरमा भौमको प्रत्यन्तर अर्थात धर्मस्थानको मालिकको युक्त धनस्थास्थित राहुको दशामा सुखस्थानको मालिकको अन्तरमा लग्नको मालिकको प्रत्यन्तर (वर्षादि ४०।१ करीब) परेको छ । वि.सं. १९०३ मा राहुदशामा शनिको अन्तरा गुरूको प्रत्यन्तर अर्थात् पापग्रहको दशामा पराक्रमस्थानको मालिकको अन्तरमा मारकस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ४०।११ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कवि भानुभक्त

जन्म वि.सं. १८७१–मृत्यु वि.सं. १९२५



वि.सं. १८७१ शाके १७३६ आषाढ २९ गते आषाढ कृष्ण अष्टमी आइतबार इष्ट घडी ३१।३२ धनुलग्न सिंह नवांशमा भानुभक्त आचार्यको जन्म भयो ।

यी भानुभक्त श्रीकृष्ण आचार्यका नाति धनञ्जयका छोरा हुन् । यिनको जन्म तनहुँको चुँदी वेसीको रंघा गाउँमा भएको हो । यिनको कच्चा उमेरमै मानुङ गाउँका खनालको छोरीसँग विवाह भयो । यिनले आफ्ना बाजे श्री कृष्णका साथमा रही रूद्री र मध्यकौमुदी चुरादिसम्म पढेका थिए । यिनका बाबु धनञ्जय पाल्पा मालअड्डामा खरिदार थिए । धनञ्जयको मृत्युपछि कुमारीचोकले सरकारी बाँकी लागे बापत धनञ्जयका हकदार छोरा यी भानुभक्तलाई पक्रे । त्यस पक्राउमा परी यिनी काठमाडौं आए । बालकालदेखि यिनको रामायण श्रद्धा थियो । यी भानुभक्तले थुनुवामा रहेरै ४ काण्ड रामायण भाषाश्लोकमा तयार गरे । यिनका मीत तारापति थिए । एक दिन भानुभक्त आफ्ना मीत तारापतिकहाँ भेट्न जाँदा उनका घरमा सासू बुहारीको परस्परमा भएको झगडा यिनको मनमा गढेको थियो । त्यसपछि यिनले बधुशिक्षा पनि लेखे । यिनका छोरा रमानाथ थिए । आफूले लेख्न नसकेको यिनले छोरालाई पनि लेखाउँथे । यिनले रचेका भाषाश्लोक सरल थियो । त्यस कारण यिनका भाषाश्लोक साधारण जनमानसमा समेत भिज्न सक्यो । यसबाट नेपाली साहित्यको जराले राम्ररी जग हाल्न सक्यो । वि.सं. १९२५ मा यी भानुभक्तको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देहावसान भयो । यी भानुभक्तले आजीवन भाषा कविता लेख्ने काम गरे । त्यसैमा यिनले सुखको अनुभव गरे । व्यवहारिक सुख यिनलाई थिएन । यिनको गार्हस्थ्य जीवन प्रायः दुःखैमा व्यतीत भयो ।

आयुविचार—

लग्नेश बृहस्पति स्थिरराशिमा अष्टमेश चन्द्र द्विस्वभावराशिमा हुनाले दीर्घायुयोग पहिलो । शनि चरराशिमा, चन्द्र द्विस्वभावराशिमा हुनाले अल्पायुयोग दोस्रो । लग्न द्विस्वभावराशिमा, होरालग्न (३।१६) चरराशिमा हुनाले अल्पायुयोग तेस्रो । २ प्रकारको अल्पायुयोगबाट प्राप्त आयुपिण्ड ३६ वर्ष । आयुको योगकारक शनि स्वगृह छ । शनिबाट कक्ष्याह्रास भएन । बृहस्पति धर्मस्थानमा छ । बृहस्पतिमा शुभपाप दुवैको दृष्टि छ । तब बृहस्पतिबाट आंशि वृद्धि भएको ।

दशाविचार—

जन्मनक्षत्र रेवतीको दशारम्भ बुध हुन्छ । ३ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष ८।६ वि.सं. १९२५ मा भौमदशामा शनिको अन्तरमा केतुको प्रत्यन्तर (वर्षादि ५४।३ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जङ्गबहादुर

जन्म वि.सं. १८७४-मृत्यु वि.सं. १९३३



वि.सं. १८७४ आषाढ शुक्ल चतुर्थी ५४।२९ तिष्य घडी २१।२१ उप्रान्त अश्लेषानक्षत्र भुक्तघडी १६।३ भोग्यघडी ४३।३९ नक्षत्रभोग ५९।४२ आषाढ ७ गते बुधबार इष्टघड ३७।२४ मा जन्म । सूर्य २।५।४६।३४ चं. ३।२०।१४।५३ ल.

यी जङ्गबहादुर काजी बालनरसिंहका कान्छीपत्नी तर्फका जेठा छोरा हुन् । ११ वर्षमा यिनको थापा सरदारकी छोरीसँग विवाह भयो । जङ्गबहादुर अति शूरा थिए । उनी जस्तोसुकै खतडाको काममा पनि हात हाल्न डराउँदैनथे । यिनी पहलमानीकाम र सैनिक काममा निपुण थिए । १६ वर्षमा यिनी सैनिक काममा भर्ना भए । श्री ५ राजेन्द्रविक्रमका पालमा पाँडेको षड्यन्त्रद्वारा भीमसेन थापा नजरबन्द हुँदा त्यसैको शिलशिलामा नातादार हुनाले यी जङ्गबहादुर पदच्युत भए । त्यसपछि जुवा खेल्ने आदि दुर्व्यसनले यिनी टाठ भ । यिनकी पत्नीको मृत्यु भएपछि सनकसिंहको बहिनीसँग जङ्गबहादुरको दोस्रो विवाह भयो । अनि स्वास्नीको दाइजोले यिनको आर्थिक अवस्था सुध्रियो । श्री ५ राजेन्द्रविक्रम शिकार खेल्न गएको बेलामा जङ्गबहादुर अपूर्व साहसिलो काम गरी राजालाई रिझाकोले राजाले यिनलाई तोपखानाको कप्तान दिए । त्यसपछि वि.सं. १८९७ मा राजकुमार सुरेन्द्र विक्रमको हेरचाह गर्ने काममा यिनी नियुक्त भए । राजकुमारको केटाकेटीस्वभाव हुनाले राजकुमारद्वारा धरहराबाट हाम्फाल्नु त्रिशूलीमा हाम्फाल्नु आदि ज्यान खतडाको काम जङ्गबहादुरले गर्नु परेको थियो । पछि श्री ५ राजेन्द्रविक्रमको अङ्गरक्षकमा यिनी नियुक्त भए । महारानी राज्यलक्ष्मीदेवीको आज्ञा पायी जङ्गबहादुरले मौको छोपी कोतपर्व र भण्डारखाल पर्वमा आफ्ना विपक्षीदललाई सखाप पारे । महारानी राज्यलक्ष्मीदेवी राज्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छोडी काशी गएपछि युवराज सुरेन्द्रविक्रमलाई गद्दीमा राखी शाहजादा उपेन्द्रविक्रमलाई हात लियी जङ्गबहादुर राज्यको सर्वे सर्वा भए । विदेशमा भागी बसेका केही विरोधीदललाई पनि अलौ पर्वमा जङ्गबहादुरले निर्मुल पारे । यसपछि चौ. गुरुप्रसाद शाहकी बहिनी हिरण्यगर्भकुमारीसँग जङ्गबहादुरले विवाह गरे । एवं रीतले यिनले अनेकन स्वास्नी संग्रह गरे । वि.सं. १९०६-७ मा यिनले यूरोपयात्रा गरे । वि.सं. १९११-१२ को भोटको लडाइँमा यी जङ्गबहादुर आफै पनि गए । वि.सं. १९१४ को लखनौको लडाइँमा अँग्रेजलाई सहायता गर्न आफै गएका थिए । धार्मिक काम पनि जङ्गबहादुरले गरेका थिए । पशुपतिका विश्वरूप, कालमोचनका नारायण यिनैले स्थापना गरेका हुन् । यिनले बौद्धतीर्थस्थलको पनि जीर्णोद्धार गरेका छन् । वि.सं. १९३३ मा आफ्नो प्यारो छोरा ववरजङ्गको मृत्यु हुँदा यनको मनमा ठूलो चोट पर्‍यो । यही साल शिकार खेल्न तराइमा जाँदा फाल्गुण शुल्क द्वादशी आइतबारको दिन सिम्रौनगढ पथरघट्टामा जङ्गबहादुरको मृत्यु भयो । हिरण्यगर्भकुमारी सती गयिन् ।

आयुविचार–

लग्नेश लग्नेश गुरू स्थिरराशिमा, अष्टमेश चन्द्र चरराशिमा हुनाले मध्यायुयोग पहिलो । शनि स्थिरराशिमा, चन्द्र चरराशिमा हुनाले मध्यायुयोग दोस्रो । लग्न द्विस्वभावराशिमा, होरालग्न (५।५) द्विस्वभावराशिमा हुनाले मध्यायुयोग तेस्रो । ३ प्रकारको मध्यायुयोगबाट प्राप्त आयुपिण्ड ८० वर्ष । आयुको योगकारक शनि स्वगृह छ । शनिबाट कस्याह्रास भएन । बृहस्पतिमा पाप शुभ दुवैको दृष्टि छ । बृहस्पति पापयुक्त भएर व्ययस्थानमा छ । तब बृहस्पतिबाट आंशिक ह्रास भएको छ ।

दशाविचार–

जन्मनक्षत्र अश्लेषाको दशारम्भ बुध हुन्छ । १ पाउकरीब भुक्त भएको छ । भुक्त वर्ष ४।३ वि.सं. १८९७ मा शुक्रदशामा शुक्र अन्तर अर्थात् शत्रुस्थानको मालिकको दशामा आयस्थानको मालिकको अन्तर (वर्षादि २३।१ करीब) परेको छ । वि.सं. १९०३ मा शुक्रदशामा राहुको अन्तरमा शुक्रको प्रत्यन्त अर्थात् शत्रुस्थानको मालिकको दशामा शत्रुस्थानस्थित राहुको अन्तरमा आयस्थानको मालिकको प्रत्यन्तर (वर्षादि २९।४) करीब परेको छ । वि.सं. १९०७ मा शुक्रदशामा शनिको अन्तरमा केतुको प्रत्यन्तर अर्थात् आयस्थानको मालिकको दशामा पराक्रमस्थानको मालिकको अन्तरमा व्ययस्थानस्थित केतुको प्रत्यन्तर (वर्षादि ३३।८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

करीब) परेको छ । वि.सं. १९११ मा शुक्रदशामा बुधको अन्तरमा भौमप्रत्यतर अर्थात् शुक्रस्थानको मालिकको दशामा राज्यस्थानको मालिकको अन्तरमा पञ्चमस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ३७।४ करीब) परेको छ । वि.सं. १९१४ मा सूर्यदशामा चन्द्रको अन्तर अर्थात् धर्मस्थानको मालिकको दशामा मृत्युस्थानको मालिकको अन्तर (वर्षादि ४०।६ करीब) परेको छ । वि.सं. १९६६ मा भौदशामा बुधको अन्तरमा चन्द्रप्रत्यन्तर अर्थात् व्ययस्थानको मालिकको दशामा मारकस्थानको मालिकको अन्तरमा मृत्युस्थानस्थित मृत्युस्थानको मालिको प्रत्यन्तर (वर्षादि ५९।८ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रणउद्दीपसिंह

जन्म वि.सं. १८८२-मृत्यु वि.सं. १९४२



वि.सं. १८८२ वैशाख २ गते वैशाख शुक्ल पूर्णिमा स्वातीनक्षत्र भुक्त ४६।३२ सोमबारका दिन इष्टघडी २२।५७ मा रणउद्दीपसिंहको जन्म । सूर्य ०।१०।३१।३५

यी रणउद्दीपसिंह जङ्गबहादुरका ठाहिला भाइ हुन् । जङ्गबहादुरको मृत्य भए पछि यिनी प्रधानमन्त्री भए । यी रणउद्दीपसिंह सोझा तथा धर्मात्मा थिए । यिनलाई प्रधानमन्त्रीको काम चलाउन उनका भाइ धीरशमसेरले पूरापूर मद्दत गरेका थिए । वि.सं. १९३७ मा रणउद्दीपसिंह तीर्थ गर्न हिन्दुस्थान गएका थिए । यस मौकामा नरेन्द्रविक्रम शाहले रणउद्दीपसिंह तथा धीरशमसेरहरूलाई खतम पारी राज्यको सर्वेसर्वा हुने षडयन्त्र रचेका थिए । जङ्गबहादुरका छोरा जगतजंगले चाहिँ नरेन्द्रविक्रम शाहलाई राज्यको अधिकार लिनासाथ उसलाई खतम गरी आफू राज्यको सर्वेसर्वा हुने षड्यन्त्र रचेका थिए । वि.सं. १९३८ मा षड्यन्त्रको रहस्य खुल्न जाँदा धीरशमसेरले षड्यन्त्रकारीहरूलाई कैद गरे । दशजना ब्राह्मण मुढि । एकचालीस जना काटिए । नरेन्द्रविक्रम चुनारमा कैद गरिए । जगतजङ्ग हिन्दुस्थान गएको उहीँ रोकिए । अँग्रेजको बलको आडमा जङ्गबहादुरका सन्तानलाई दवायी धीरशमसेर आफू सर्वेसर्वा हुने दाउमा थिए । वि.सं. १९४१ आश्विन ३० गते मंगलबार धीरशमशेरको मृत्यु भयो । यस पछि रणउद्दीपले जगतजङ्गलाई झिकाए । तर धीरशमसेरका छोरा वीरशमशेर चाहिँ राज्यको अधिकार आफूले लिने दाउमा थिए । वि.सं. १९४२ मा रावलपिण्डीमा सैनिक प्रदर्शनी हुने भएको थियो । त्यस प्रदर्शनीमा नेपालतर्फबाट ४ पल्टन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लिएर वीरशमशेर जाने भएका थिए । पल्टन आफ्नो अधिकारमा आएको यही मौका छोपी वीरशमशेरले भारत जाने अघिल्लो दिन कार्तिक शुल्क १५ राजे १ मा ८ घडी रात जाँदा आफ्ना भाइहरूलाई साथमा लिई दरबारमा गएर बृटिशराजदूतबाट जरूरी चिठी आएकोले हाजिर भएका छौं भनी रणउद्दीपसिंहकहाँ खबर पठाए । रणउद्दीपसिंह त्यस बखत ओछ्यानमा पल्टेर रामनाम लेखिएकार थिए । रानीले चाहिँ राजको गोडामा तेल घसिरहेका थिए । वीरशमसेरहरू त्यस कोठाा पुग्नासाथ खड्गशम्शेरले रणउद्दीपसिंहलाई गोली ठोके । गोली लागी तत्काल रणउद्दीपसिंहको प्राण मुक्त भयो । त्यसपछि वीरशमशेरले आफ्ना १७ भाइ खलक बोहक अरू राज्यको उत्तराधिकारी जङ्गबहादुरका छोरा जगतजङ्ग र उनका अरू खलकहरूलाई उही राति मारिदिए । पद्मजङ्ग रणवीरजङ्गहरू बृटिशराजदूतावासमा शरण लिन गए ।

आयुविचार–

लग्नेश सूर्य चरराशिमा अष्टमेश गुरू चरराशिमा हुनाले दीर्घायुयोग पहिलो । शनि स्थिरराशिमा चन्द्र चरराशिमा हुनाले मध्यायुयोग दोस्रो । लग्न स्थिरराशिमा, होरा लग्न (९।२६) चरराशिमा हुनाले मध्यायुयोग तेस्रो । २ प्रकारको मध्यायुयोगबाट प्राप्त आयुपिण्ड ७२ वर्ष । आयुको योगकारक शनि स्वर्क्षतुङ्ग छैन । शनिले कक्ष्याह्रास पायो । तर बृहस्पति उच्चमा छ, धर्मस्थानको मालिक धर्मस्थानमा छ । त्यस कारण ह्रासनिरोध भएको छ ।

दशाविचार–

जन्मनक्षत्र स्वातीको दशारम्भ राहु हुन्छ । ३ पाउकरीब भुक्त भएको छ । भुक्तवर्ष १३।६ वि.सं. १९३३ मा बुधदशामा गुरूको अन्तरमा गुरूकै प्रत्यन्तर अर्थात् आयस्थानको मालिकको दशामा पञ्चमस्थानको मालिकको अन्तरमा त्यसैको प्रत्यन्तर (वर्षादि ५१।१० करीब) परेको छ । वि.सं. १९३७ मा बुधदशामा शनिको अन्तरमा सूर्यको प्रत्यन्तर अर्थात् आयस्थानको मालिकको दशामा जायाभावको मालिकको अन्तरमा लग्नको मालिकको प्रत्यन्तर (वर्षादि ५५।५ करीब परेको छ । वि.सं. १९३८ मा बुधदशामा शनिको अन्तरमा राहुको प्रत्यन्तर अर्थात् धनस्थानको मालिकको दशामा शत्रुस्थानको मालिकको अन्तरमा पञ्चमस्थानस्थित राहुको प्रत्यन्तर (वर्षादि ५६।१ करीब परेको छ । वि.सं. १९४२ मा केतुदशामा राहुको अन्तरमा भौमप्रत्यन्तर अर्थात् आयस्थानस्थित केतु दशामा पञ्चमस्थानस्थित राहुको अन्तरमा धर्मस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ६०।५ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संग्रामसुर बिष्ट

जन्म वि.सं. १९०५–मृत्यु वि.सं. १९३८



वि.सं. १९०५ माघ १४ गते माघशुक्लप्रतिपदा उप्रान्त द्वितीया श्रवण घडी ११।३१ उप्रान्त धनिष्ठा नक्षत्र इष्टघडी ३९।४१ मा संग्रामसुरको जन्म भयो । लग्न ५।२१।३८

बहलेट महाराज त्रैलोक्यविक्रम शाहले धीरशमशेरलाई खतम पार्न संगठन गरेका थिए । त्यस संगठनमा यी संग्रामसुरविष्ट पनि सम्मिलित भएका थिए । श्री ५ पृथ्वीवीरविक्रम शाहका पालामा शाहजादा नरेन्द्रविक्रम शाहले पनि धीरशमशेरलाई खतम पार्न संगठन गरेका थिए । त्यसं संगठनमा पनि यिनी सम्मिलित भएका थिए । धीरशमशेरले चाल पाएर पत्री कैद गरे । गाथगादी ताक्ने अभियोगमा ४१ जना शासनापूर्वक काटिए । त्यसमा यिनी पनि काटिए । यस पर्वलाई ३८ सालको पर्व भन्दछन् ।

आयुविचार–

लग्नेश बुध स्थिरराशिमा, अष्टमेश भौम द्विवभावराशिमा हुनाले दीर्घायुयोग पहिलो । शनि स्थिरराशिमा, चन्द्र स्थिरराशिमा हुनाले अल्पायुयोग दोस्रो । लग्न द्विस्वभावराशिमा होरालग्न (९।१८) चरराशिमा हुनाले अल्पायुयोग तेस्रो । २ प्रकारको अल्पायुयोगबाट प्राप्त आयुपिण्ड ३६ वर्ष । आयुको योगकारक शनि स्वगृहमा छ । शनिबाट कक्ष्याह्रास भएन । बृहस्पति शुभपाप दुवैको दृष्टि छ । बृहस्पति उच्चमा छ । बृहस्पतिबाट आंशिक बृद्धि भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दशाविचार–

जन्मनक्षत्र धनिष्ठाको दशारम्भ भौम हुन्छ । २ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष ३।६ विसं. १९३८ मा बृहस्पतिको दशामा सूर्यको अन्तर अर्थात् मारकस्थानको मालिकको दशामा व्ययस्थानको मालिकको अन्तर (वर्षादि ३२।१० करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वीरशम्शेर

जन्म वि.सं. १९०९–मृत्यु वि.सं. १९५७



वि.सं. १९०९ मार्गकृष्ण अमावास्या ज्येष्ठा भुक्त ३८ मार्ग २७ गते शुक्रबार दिन घडी ५६।४९ बृश्चिकलग्नमा धीरशमशेरको पुत्र जन्म

यी वीरशमशेर जङ्गबहादुरका कान्छा भाइका जेठा छोरा हुन् । रणउद्दीपसिंहको हत्या भएपछि श्री ५ माहिला वडा महारानीको बल लिएर यी वीरशमशेर प्रधानमन्त्री भए । जङ्गबहादुरले जसरी कोतको हत्याकाण्ड गरी आफ्ना ७ भाइ परिवारमा राजसत्ता सीमित पारेका थिए त्यसरी नै ४२ सालको हत्याकाण्ड गरी यी वीरशमशेरले आफ्ना १७ भाइ खलकमा राजसत्त सीमित पारे । वीरशमसेरले आफू प्रधानमन्त्री भएपछि भाइहरूको रोलक्रम घोषणा गरे । यसरी रोल अनुसार खड्‌गशमशेर प्रधानसेनापति भए । तर खड्‌गशमशेरलाई प्रधानमन्त्री हुने लोभ भयो । तिनले दाजु वीरशमशेरलाई सिद्ध्याउने षड्यन्त्र गरे । आखिर षड्यन्त्रको रहस्य खुल्न जाँदा खड्गशम्शेर पाल्पा धपाइए । रणवीरजङ्गले पनि वीरशमशेरको विरूद्ध षड्यन्त्र रचेका थिए । तर सफल हुन सकेन । वीरशमशेरले आफ्नी २ छोरीलाई श्री ५ पृथ्वीवीरविक्रमसँग विवाह गरिदिए । वीरशमशेरले भारतसरकाराबाट के.सी. एस. आइ. को उपाधि र चीनसरकारबाट थोङ लिङ्पिम्मा को काङ् वाङ् स्याङ्को उपाधि पाएका थिए । यिनले कलधारा राखी पानीको व्यवस्था गरे । नारायणहिटीको दरबार यिनैले बनाएका हुन् । वीरअस्पताल, घण्टाघर, यिनैले बनाएका हुन् । विदेशी बैंकमा देशको आमदानीको कुनै हिस्सा पनि राख्न हुन्न भन्ने जङ्गबहादुरको पालामा बनेको ऐनलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तोडेर तिनले विदेशी वैंकमा रूपिया जम्मा गर्ने गरे । आफ्ना छोरा छोरीहरूलाई बिर्ता र राजढुकुटीका पैसा बकस दिने रीत पनि चलाए । यिनका ठ्याहा र मठ्याहा पट्टिका गरी ५ जना छोरा थिए । वि.सं. १९५७ फाल्गुन २३ गते फाल्गुन शुक्ल पूर्णिमा मंगलबारको दिन यिनको मृत्यु भयो ।

आयुविचार–

लग्नेश भौम द्विस्वभावराशिमा, अष्टमेश बुध द्विस्वभावराशिमा हुनाले मध्यायुयोग पहिलो । लग्न स्थिरराशिमा, चन्द्र स्थिरराशिमा हुनाले अल्पायुयोग दोस्रो । लग्न स्थिरराशिमा, होरालग्न (६।३) चरराशिमा हुनाले मध्यायुयोग तेस्रो । २ प्रकारको मध्यायुयोगबाट प्राप्त आयुपिण्ड ७२ वर्ष । शनि आयुको योगकारक छैन । बृहस्पति लग्नगत छ । तर पापयुक्त भएको र पापदृष्टि परेको छ । त्यस कारण कक्ष्यावृद्धि भएको छैन ।

दशाविचार–

जन्मनक्षत्र ज्येष्ठाको दशारम्भ बुध हुन्छ । २ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष ८।६ वि.सं. १९४२ मा शुक्रदशामा बुधको अन्तरमा चन्द्रको प्रत्यन्तर अर्थात् व्ययस्थानको मालिकको दशामा आयस्थानको मालिकको अन्तरमा धर्मस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ३२।११ करीब) परेको छ । वि.सं. १९५७ मा चन्द्रको दशामा बुधको अन्तरमा राहुको प्रत्यन्तर अर्थात् धर्मस्थानको मालिकको दशामा मारकस्थानस्थित मृत्युस्थानको मालिकको अन्तरमा मृत्युस्थानस्थित राहुको प्रत्यन्तर (वर्षादि ४८।४ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवशम्शेर

जन्म वि.सं. १९१९–मृत्यु वि.सं. १९७१



वि.सं. १९१९ श्रावणकृष्ण षष्ठी पर सप्तमी उत्तर भाद्रपर रेवती नक्षत्र भुक्त ५।४९ श्रावण ४ गते बृहस्पति श्रीसूर्योदयात गतघडी ३४।२६ मकरलग्नमा धीरशमशेरको पुत्र जन्म । सूर्य ३।२।४ लग्न ९।६।३

यी देवशमशेर दाजु वीरशमशेरको मृत्यु भएपछि रोल अनुसार प्रधानमन्त्रीपदमा नियुक्त भए । यिनी सिधा धर्मात्मा प्रजाप्रेमी थिए । यिनले भतिजा गेहेन्द्रशमशेरको सल्लाह बमोजिम श्री ५ को नायकत्वमा पार्लियामेन्ट खडा गर्ने विचार गरेका थिए । अड्डाखानाका कर्मचारीहरूलाई प्रत्येक एकादशीका दिन बिदा दिने रीत चलाए । गोखारपत्र अखबार यिनैले चलाएका हुन् । दिउँसो १२ बजे तोप पड्काउने चलन पनि यिनैले चलाएका हुन् । यिनले ठाउँ ठाउँमा पाठशाला खोल्ने बन्दोबस्त पनि गरेका थिए । यिनले भिक्षाखोरीमा आफ्नी रानीको नाउँमा धारा पोखरीहरू बनाए । यिनले कमारा कमारीलाई मुक्त गर्ने विचार पनि गरेका थिए । यसरी प्रधानमन्त्री भएको २, ३ महिनाभित्र देशको धेरै सुधार गरे । यो देखेर अरू राणा परिवारहरूको पेट पोल्न लागेको थियो । चन्द्रशमशेरले यिनको विरूद्ध षड्यन्त्र रचे । सो षडयन्त्रबमोजिक यी देवशमशेरलाई चन्द्रशमशेरले नजरबन्दी गरे । बन्दूकको त्रास देखायी श्री ५ पृथ्वी वीरविक्रम शाहलाई यी देवशमशेर शासक हुन अयोग्य हुनाले तिनलाई पदच्युत गरी तिनको ठाउँमा चन्द्रशमशेर नियुक्त गरिएको छ भनी घोषणा गराउन चन्द्रशमशेरले बाध्य गराए । त्यसपछि देवशमशेर वि.सं. १९५८ आषाढशुक्ल दशमी बुधबारको दिन धनकुटामा लखेटिए । त्यसपछि हिन्दूस्थानको मसुरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

झरीपानी भन्ने ठाउँमा गयी बस्न गए । यिनले देशनिकाला भैसकेपछि पनि काशीमा पाठशालाको निमित्त ५ लाख रूपैयाँ गुठी पनि राखिदिएका थिए । वि.सं. १९७१ मा उहीं मसुरीमा उनको मृत्यु भयो ।

आयुविचार—

लग्नेश शनि स्थिरराशिमा, अष्टमेश सूर्य चरराशिमा हुनाले मध्यायुयोग पहिलो । शनि स्थिरराशिमा, चन्द्र द्विस्वभावराशिमा हुनाले दीर्घायुयोग दोस्रो । लग्न चरराशिमा, होरालग्न (१।२३) स्थिरराशिमामा हुनाले मध्यायुयोग तेस्रो । २ प्रकारको मध्यायुयोगबाट प्राप्त आयुपिण्ड ७२ वर्ष । आयुकारक शनि स्वर्क्षतुङ्ग छैन । शनिबाट कक्ष्याह्रास पायो । बृहस्पति धर्मस्थानमा छ । बृहस्पतिमा पापदृष्टि छ । त्यस कारण बृहस्पतिले आंशिक ह्रासनिरोध गरेको छ ।

दशाविचार—

जन्मनक्षत्र रेवतीको दशारम्भ बुध हुन्छ । भुक्त ० । वि.सं. १९५७ मा शुक्रदशामा शनिको अन्तरमा सूर्यका प्रत्यन्तर अर्थात् राज्यस्थानको मालिकको दशामा लग्नको मालिकको अन्तरमा मृत्युस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ३८।७ करीब) परेको छ । वि.सं. १९५८ मा शुक्रदशामा शनिको अन्तरमा चन्द्रको प्रत्यन्तर अर्थात् पञ्चमस्थानको मालिकको दशामा मारकस्थानको मालिकको अन्तरमा जायास्थानको मालिकको प्रत्यन्तर (वर्षादि ३८।११ करीब) परेको छ । वि.सं. १९७१ मा चन्द्रको दशामा राहुको अन्तरमा केतुको प्रत्यन्तर अर्थात् मारकस्थानको मालिकको दशामा व्ययस्थानस्थित राहुको अन्तरमा शत्रुस्थानस्थित केतुको प्रत्यन्तर (वर्षादि ५२।४ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चन्द्रशम्शेर

जन्म वि.सं. १९२०–मृत्यु वि.सं. १९८६



वि.सं. १९२० श्रावणकृष्ण अष्टमी रेवतीनक्षत्र भुक्त ५२।९ आषाढ २६ गते बुधबार श्रीसूर्योदयाद्गत घडी ३१।२९ धनुलग्नमा श्री धीरशमशेरको पुत्र जन्म

सूर्य २।२३।४५ लग्न ८।८।१०

यी चन्द्रशमशेर आफ्ना दाजु देवशमशेरलाई पदच्युत गरी वि.सं. १९५८ आषाढ १३ गते प्रधानमन्त्री भए । राणा प्रधानमन्त्रीहरूमध्ये यी चन्द्रशमशेर शङ्कालु तथा कूटनीतिज्ञ थिए । यिनले अँग्रेजी पढेका थिए । यिनी अँग्रेजका परम भक्त थिए । भतिजा गेहेन्द्र शमशेरले हवाइजहाज मोटर मेशिनगन तोप आदि बनायी नमूना तयार पारेका थिए । यो देखेर चन्द्रशमशेरले आफूलाई सिध्याउला भन्ने शंकाले मनाही गरिदिए । वि.सं. १९६३ मा भारतका प्रधान सेनापति लर्ड किचनर नेपालको सेना निरीक्षण गर्न आउँदा यिनीदेखि प्रभावित भएर यिनलाई वृटिश फौजको चतुर्थ गोरखा रेजिमेन्टको अवैतनिक कर्णेलको मान दि । वि.सं. १९६५ मा यिनी बेलायत जाँदा यूरोपदेश घुमेर आए । त्यहाँ यिनले डाक्टर आफ सिविल ला र ग्रैण्ड क्रास आफ आर्डर आफ दि वाथ को पदवी पाएका थिए । वि.सं. १९६८ मा विलायतका सम्राट पञ्चमजार्ज नेपाल तराइको ठोरीमा शिकार खेल्न आउँदा यिनले तिनबाट ग्रैण्ड कमाण्डर अफ दि रॉयल विक्टोरियन आर्डरको तक्मा पाए । वि.सं. १९७१ मा यूरोपको प्रथम महायुद्धमा यिनले अँग्रेजलाई सैनिक तथा आर्थिक सहायता गरेका थिए । वि.सं. १९७५ मा अफगानिस्थानका अमीरको विरुद्ध अँग्रेजलाई सहायता गरे । यसबापत चन्द्रशमशेरले वृटिशफौजको जनरल पद्वी पाए । नेपालले प्रतिवर्ष भारतबाट १० लाख पाउने भयो । यिनले श्री ५ त्रिभुवनका तीन जना दिदीहरूसँग आफ्ना तीन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जना छोराहरूको विवाह गरिदिए । त्रिचन्द्रकलेज यिनैले स्थापना गरेका हुन् । गोरखाभाषामा प्रकाशिनी समिति पनि यिनैले स्थापना गरेका हुन् । यिनैको पालामा बिजुलीको चलन भयो । यिनले रोपको बन्दोबस्त गरे । अमलखगञ्जदेखि रक्सौलसम्म रेल यिनैको पालामा चल्यो । यिनले सिपाहीको लागि मिलिटरी अस्पताल खडा गरे, सतीप्रथा रोके, दासत्वमोचन गरे । यिनले असल असल विर्ता जमीन सरकारी गरी आफ्ना परिवारलाई बाँडे, सिंहदरबार बनाए । वि.सं. १९८६ मार्गकृष्ण दशमी मार्ग १० गते सोमबारको दिन घडी ३।७ जाँदा यिनको मृत्यु भयो ।

आयुविचार–

लग्नेश बृहस्पति द्विस्वभावाराशिमा, अष्टमेश चन्द्र द्विस्वभावराशिमा हुनाले मध्यायुयोग पहलो । शनि द्विस्वभावराशिमा, चन्द्र द्विस्वभावराशिमा हुनाले मध्यायुयोग दोस्रो । लग्न द्विस्वभावराशिमा, होरालग्न, (३।११) चरराशिमा हुनाले अल्पायुयोग तेस्रो । २ प्रकारको मध्यायुयोगबाट प्राप्त आयुपिण्ड ७२ वर्ष । आयुकारक शनि स्वर्क्षतुङ्ग छैन । शनिले कक्ष्याह्रास भयो । बृहस्पति राज्यस्थापना छ र पापयुक्तदृष्ट छ धर्मस्थानमा शुभ ग्रह छ । त्यसकारण आंशिक निरोध भएको छ ।

दशाविचार–

जन्मनक्षत्र रेवतीको दशारम्भ बुध हुन्छ । ३ पाउ करीब भुक्त भएको छ । भुक्त वर्ष १२।६ वि.सं. १९५८ मा चन्द्रदशामा चन्द्रकै अन्तरमा शुक्रको प्रत्यन्तर अर्थात् मृत्युस्थानको मालिकको दशामा त्यसैको अन्तरमा आयस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ३८।० करीब) परेको छ । वि.सं. १९६५ मा चन्द्रदशामा केतुको अन्तर अर्थात् मृत्युस्थानको मालिकको दशामा शत्रुस्थानस्थित केतुको अन्तर (वर्षादि ४५।१ करीब) परेको छ । वि.सं. १९७५ मा राहुदशामा राहुकै अन्तरमा गुरूको प्रत्यन्तर अर्थात् व्ययस्थानस्थित राहुको दशामा त्यसैको अन्तरमा सुखस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ५५।० करीब) परेको छ । वि.सं. १९८६ मा राहुदशामा शुक्रको अन्तरमा चन्द्रको प्रत्यन्तर अर्थात् व्ययस्थानस्थित राहुको दशमा शत्रुस्थानको मालिकको अन्तरमा मृत्युस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ६६।८ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भीमशम्शेर

जन्म वि.सं. १९२२–मृत्यु वि.सं. १९८९



वि.सं. १९२२ वैशाखकृष्ण षष्ठी मूल भुक्त ३९।३० वैशाख ६ गते आदित्यबार श्रीसूर्योदयात् गतघडी ३९।७ वृश्चिकलग्नमा धीरशमशेरको पुत्र जन्म । लग्न ७।१३।६ सूर्य ०।४।५६

आफ्ना दाजु चन्द्रशमशेरको मृत्यु भएपछि यी भीमशमशेर रोल अनुसार प्रधानमन्त्री भए । चन्द्रशमशेर गर्नु केही अघि भोटले नेपालको सन्धी तोडेकोले नेपाल भोटको युद्ध हुन आँटेको थियो । तर अँग्रेजको सहायताले सो कुरा सामसुम भयो । यी भीमशमशेरको पालामा भारतमा गान्धीको चर्खाआन्दोलन चलेको थियो । त्यसैको अनुकरण नेपालमा तुलसी मेहरले चर्खा प्रचार गरे । भीमशमशेरले राजद्रोहको अभियोग लगायी तुलसीमेहरलाई कैद गरे । उमेशविक्रम शाहले शासनमा परिवर्तन ल्याउन संगठन गरेका थिए । त्यसको रहस्य खुल्न जाँदा उमेशविक्रम धपिए । अरू कैद भए । यिनले कलधाराको बन्दोबस्त गरे । अड्डाखानाको कर्मचारीहरूलाई शनिबारमा दिन बिदा दिने रीत चलाए । यिनले गाई बस्तुबाट लिइने रकम र नून कपासको भन्सार माफी गरे । ग्रिनले आफ्ना मठ्याहा छोरा हिरण्यशमशेर र महावीरशमशेरलाई पनि प्रधानमन्त्री हुने रोल बाँधे । वि.सं. १९८९ भाद्र १७ गते यिनको मृत्यु भयो ।

आयुविचार–

लग्नेश भौम द्विस्वभाराशिमा, अष्टमेश बुध चरराशिमा हुनाले अल्पायुयोग पहिलो । शनि चरराशिमा, चन्द्र द्विस्वभावराशिमा हुनाले अल्पायुयोग दोस्रो । लग्न स्थिरराशिमा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

होरालग्न (११।२) द्विस्वभावराशिमा हुनाले दीर्घायुयोग तेस्रो । २ प्रकारको अल्पायुयोगबाट प्राप्त आयुपिण्ड ३६ वर्ष । आयुकारक शनि उच्चमा छ । शनिबाट कक्ष्याह्रास भएन । बृहस्पतिमा शुभ पाप दुवैको दृष्टि छ । तर बृहस्पति स्वगृहमा भएर धर्मस्थानको मालिकसँग बसेको छ । त्यसकारण कक्ष्यावृद्धि भएको छ ।

दशाविचार–

जन्मनक्षत्र मूलको दशारम्भ केतु हुन्छ । ३ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष ५।०। वि.सं. १९८६ मा गुरुको दशामा गुरुकै अन्तरमा भौमप्रत्यन्तर अर्थात् पञ्चमस्थानको मालिकको दशामा धनस्थानको मालिकको अन्तरमा लग्नको मालिकको प्रत्यन्तर (वर्षादि ६४।९ करीब) परेको छ । वि.सं. १९८९ मा गुरुको दशामा शनिको अन्तरमा राहुको प्रत्यन्तर अर्थात् मारकस्थानस्थित मारकस्थानको मालिकको दशामा व्ययस्थानस्थित पराक्रमस्थानको मालिकको अन्तरमा व्ययस्थानस्थित राहुको प्रत्यन्तर (वर्षादि ६७।३ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुद्धशमशेर

जन्म वि.सं. १९३२ - मृत्यु वि.सं. २००९



वि.सं. १९३२ वैशाखकृष्ण चौथी घडी ५७।५८ ज्येष्ठा घडी ५९।३९ वैशाख १३ गते शनिबार इष्टघडी १८।१४ मा कर्कटलग्नमा धीरशमशेरको पुत्र जन्म । सूर्य ०।११।४८ लग्न ३।२८।२५

आफ्ना दाजु भीमशमशेरको मृत्यु भएपछि यी जुद्धशमशेर आफ्नो रोल अनुसार प्रधानमन्त्री भए । यिनले गौडा गोस्वाराका विभिन्न बाँकी बक्यौता माफी गरिदिए । वि.सं. १९९० को भूकम्पपीडित जनताहरूले लिएको ऋण पनि यिनले माफी गरिदिए । यिनले कृषिसुधार गरी बाँध पैन कुलोको व्यवस्था गरे । कृषिस्कूल खुलाए । यिनले घरेलु उद्योग बढायी स्वदेशी लुगाको चलन चलाए, ठाउँ ठाउँमा फ्याक्टरी मील खुलाए । विद्युतयोजना बढायी सर्वसाधारण जनताले समेत बिजुली राख्न पाउने बनाए, म्युनिसिपल्टि खडा गरी ढल सडक बनाए । जुद्धसडक यिनैले बनाएका हुन् । त्रिचन्द्रकलेजमा बिज्ञान पढ्ने विभाग खुलाए । यिनकै पालामा नेपालमा एस.एल.सी परीक्षा लिइने भयो । यिनकै पालामा दमकलको प्रबन्ध भयो । ठाउँ ठाउँमा अस्पताल खुल्यो । हुलाकको राम्रो बन्दोबस्त भयो, ठाउँ ठाउँमा टेलिफोन खुल्यो । जनकपुर-जयनगररेलवे पनि यिनकै पालामा खुलेको हो । यिनले सैनिकहरूको निमित्त द्रव्यकोष खडा गे । निजामति कर्मचारीलाई पेन्शन दिने चलन चलाए । नेपालमा नोटको चलनं यिनकै पालामा चल्यो । यिनले ठाउँ ठाउँमा पाटी पैवाको जीर्णोद्धार गरे, जङ्गलको राम्रो व्यवस्था गर्ने काठमहल अड्डा खडा गरे, आमा बाबुको क्रिया १३ दिन भन्दा बढ्ता बस्न पर्दैन भन्ने इस्तिहार जाहेर गरे । यिनले भीमशमशेरले बाँधेको रोललाई मठ्याहा राणालाई निकाले । यिनले बृटेनसँग दौत्यसम्बन्ध गरे । वि.सं. १९९५ मा द्वितीय विश्वमहायुद्धमा ब्रिटेनलाई यिनले सैनिक सहायता गरे । नेपालमा त्यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बखत जनचेतना फैलदै गइरहेको थियो । त्यसलाई दबाउन यिनले निकै प्रयत्न गरे । जनचेतना फैलाउन गठन भएको प्रजापरिषदको मानिसहरूलाई यिनले पक्रेर कैद गरे । यसै सिलसिलामा अरू अरू पनि पक्रिए । तिनमध्ये ४ जनालाई यिनले मारिदिए । चन्द्रशमशेरका परिवारतर्फबाट यिनी अचेटिएका थिए । आखिर यिनले वि.सं. २००२ मार्ग १४ गते आफ्नो ७० वर्षको उमेरमा प्रधानमन्त्री पद त्याग गरी राजर्षिको भेषभूषामा पाल्पा रिडीमा गयी बसे । आफ्ना छोराहरूलाई ठूला ठूला घर क्याम्पा बनाइदिएका थिए । यिनका धेरै रानीहरू थिए । आफू जाने बेलामा नोकर चाकरलाई पनि बकस दिएर गएका थिए । आफूले पनि प्रशस्त पैसा लिएर गएका थिए । राजर्षि भएर जाँदा पनि मन परेकी भरखरकी केटी साथै लिएर गएका थिए । पछिबाट त्यहाँ नवसी यिनी देहरादूनमा गयी बसे । वि.सं. २००९ मार्गमा यिनको त्यहीं मृत्यु भयो ।

आयुविचार–

लग्नेश चन्द्र स्थिरराशिमा, अष्टमेश शनि स्थिरराशिमा हुनाले अल्पायुयोग पहिलो । शनि स्थिरराशिमा, चन्द्र स्थिरराशिमा हुनाले अल्पायुयोग दोस्रो । लग्न चरराशिमा, होरालग्न (११।७) द्विस्वभावराशिमा हुनाले अल्पायुयोग तेस्रो । ३ प्रकारको अल्पायुयोगबाट प्राप्त आयुपिण्ड ३२ वर्ष । आयुको योगकारक शनि स्वगृहमा भएर आयुस्थानको रखबार गरेको छ । बृहस्पति सुखस्थानमा छ, सुखस्थानको मालिक शुक्र धर्मस्थानमा छ । धर्मप्रावल्य हुँदा ३२ बाट ६४ मा कक्ष्यावृद्धि भयो । शनिले पनि स्वगृहमा भएर आयुस्थानमा बस्न पाएकोले आंशिक वृद्धि गरेको छ ।

दशाविचार–

जन्मनक्षत्र ज्येष्ठाको दशारम्भ बुध हुन्छ । १ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष ४।३ वि.सं. १९८९ मा भौमदशामा गुरुको अन्तरमा शनिको प्रत्यन्तर अर्थात् राज्यस्थानको मालिकको दशामा धर्मस्थानको मालिकको अन्तरमा जायाभावको मालिकको प्रत्यन्तर (वर्षादि ५।७।५ करीब) परेको छ । वि.सं. २००२ मा राहुदशामा शनिको अन्तरमा गुरुको प्रत्यन्तर अर्थात् धर्मस्थानस्थित राहुको दशामा मृत्युस्थानको मालिकको अन्तरमा शत्रुस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ७।०।८ करीब) परेको छ । वि.सं. २००९ मा राहुदशामा सूर्यको अन्तरमा राहुको प्रत्यन्तर अर्थात् धर्मस्थानस्थित राहुको दशामा मारकस्थानको मालिकको अन्तरमा राहुकै प्रत्यन्तर (वर्षादि ७।७।७ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पद्मशमशेर

जन्म वि.सं. १९३९ - मृत्यु वि.सं. २०१७



वि.सं. १९३९ पौषकृष्ण सप्तमी उप्रान्त अष्टमी उत्तरफाल्गुनी नक्षत्र पौष १८ गते आदित्यबारको दिन इष्टघडी २५।१३ जाँदा मिथुनलग्नमा पद्मशमशेरको जन्म ।

यी पद्मशमशेर भीमशमशेरका छोरा हुन् । वि.सं. २००२ मा जुद्धशमशेरले पदत्याग गरेपछि यिनी आफ्नो रोलक्रम अनुसार नेपालको प्रधानमन्त्री पदमा बहाली भए । यिनी सुधारवादी थिए । साथै यिनको मन कमजोर तथा कातर थियो । यिनलाई मोहनशमशेर बबरशमशेरले दवायी राखेका थिए । यसैको पालामा अँग्रेजको हातबाट भारत स्वतन्त्र भयो । यसै बेला बेलायत भारत अमेरिका फ्रान्समा नेपाली दूताबासको स्थापना भयो । विराटनगरमा काँग्रेसको सहायताले मजदूर हडताल हुँदा काँग्रेसहरू पक्रिए । यस पछि विस्तार जन आन्दोलन सुरू भयो । वि.सं. २००४ मा यिनले नयाँ विधानको घोषणा गरे । तर यिनले लागु गराउन सकेनन् । यिनले आधारशिक्षाको व्यवस्था गरे । देशोन्नतिका निमित्त यिनले सक्दो प्रयत्न गरे । आखिर यिनी वि.सं. २००४ फाल्गुन ८ गते रक्तचापको औषधि गर्ने निहुँले काठमाडौंबाट बिदा भए । यी पद्मशमशेरले राँची पुगेपछि राजिनामाको पत्र पठाइदिए । वि.सं. २०२७ चैत्र २९ गते मंगलबार राति ९-२० बजे कलकत्ता अलिपुरमा आफ्नो निवासस्थानमा यिनको देहावसान भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयुविचार–

लग्नेश बुध चरराशिमा, अष्टमेश शनि चरराशिमा हुनाले दीर्घायुयोग पहिलो । शनि चरराशिमा, चन्द्र द्विस्वभावराशिमा हुनाले अल्पायुयोग दोस्रो । लग्न द्विस्वभावराशिमा, होरालग्न (६।१९) चरराशिमा हुनाले अल्पायुयोग तेस्रो । २ प्रकारको अल्पायुयोगबाट प्राप्त आयुपिण्ड ३६ वर्ष आयुकारक शनि स्वर्क्षतुङ्ग छैन । शनिले कक्षा ह्रास पायो । बृहस्पति लग्नमा छ । बृहस्पतिले कक्षावृद्धि पायो । शनि र बृहस्पतिमा बृहस्पति बलवान् हुनाले कक्ष्या वृद्धि भएर ३६ बाट ७२ भयो । पुण्यद्वारा अझ आंशिक वृद्धि भएको देखिन्छ ।

दशाविचार–

जन्मनक्षत्र उत्तरफाल्गुनीको दशारम्भ सूर्य हुन्छ । ३ पाउ करीब भुक्त भएको छ । भुक्त वर्ष ३।० वि.सं. २०२ मा शनिदशामा शुक्रको अन्तरमा शनिकै प्रत्यन्त अर्थात् धर्मस्थानको मालिकको दशामा पञ्चमस्थानको मालिकको अन्तरमा शनिकै प्रत्यन्तर (वर्षादि ६३।४ करीब) परेको छ । वि.सं. २००४ मा शनिदशामा चन्द्रको अन्तरमा राहुको प्रत्यन्तर अर्थात् धर्मस्थानको मालिकको दशामा मारकस्थानको मालिकको अन्तरमा राहुको प्रत्यन्तर (वर्षादि ६५।४) परेको छ । वि.सं. १०१७ मा बुधको दशामा शुक्रको अन्तरमा शनिको प्रत्यन्तर अर्थात् लग्नको मालिकको दशामा व्यवस्थापनको मालिकको अन्तरमा मृत्युस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ७८।८ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मोहनशमशेर

जन्म वि.सं. १९४२ - मृत्यु वि.सं. २०२३



वि.सं. १९४२ कृष्णादि पौषकृष्णषष्ठी पूर्णफाल्गुनी नक्षत्र भुक्तघडी १५।४६ आुष्मानयोग पौष १३ गते शनिबारको दिन इष्टघडी ४०।३२ रात्रि १४।५० कन्या लग्नमा श्री क. ज. चन्द्र शमशेरको पुत्र जन्म । सूर्य ८।१२।५५।२४

यी मोहनशमशेर पद्मशमशेरको राजिनामा आएपछि नेपालको प्रधानमन्त्री भए । तिनका पालामा मोहनशमशेरले नेपाललाई अन्य ठूला राष्ट्रसरह राष्ट्रसंघको सदस्य गराउन खोजेका थिए । यिनले पद्मशमशेरको विधानमा परिवर्तन ल्यायी दुनियाँलाई केही हक दिए । त्यस बमोजिम दुनियाँले नेपाल प्रजा पञ्चायत भन्ने संस्था खोले । तर त्यस संस्थाका सदस्यहरूलाई मोहनशमशेरले कैद गरे । त्यस पछि नेपाली काँग्रेसले जनआन्दोलनलाई मच्चाउन लागे । मोहनशमशेरले भारतलाई हात लियी काँग्रेसलाई दबाउने विचार गरेका थिए । श्री ५ त्रिभुवन काँग्रेसका पक्षपाती छन् भन्ने निहुँले श्री ५ त्रिभुवनलाई पनि कडा कारबायही गर्न लागे । यस्तो अवस्था देखेर श्री ५ त्रिभुवन भारत दुताबासमा शरण लिन गए । मोहनशमशेरले त्रिभुवनलाई फर्कन आग्रह गरे । श्री ५ त्रिभुवनबाट सो कुरा स्वीकार भएन । त्यसपछि मोहनशमशेरले त्रिभुवनको ठाउँमा इनका माहिला नाति बालक ज्ञानेन्द्रविक्रमलाई राजा स्थापना गरे । अनि त्रिभुवन डिल्ली गए । त्यसपछि काँग्रेसले सशस्त्र क्रान्ति छेड्यो । यसलाई ७ सालको क्रान्ति भन्दछन् । काँग्रेस र राणाहरूको परस्परमा ठूलो संघर्ष भयो । आखिर केही नलागी नेपालबाट मोहनशमशेरले भारतसँग कुरा मिलाउन प्रतिनिधि पठाए । डिल्लीमा सम्झौता भयो । यो सम्झौता अनुसार श्री ५ त्रिभुवन काठमाडौं फर्के । ७ साल फाल्गुन ७ गते नयाँ मन्त्रीमण्डलको घोषणा भयो । त्यस मन्त्रीमण्डलमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रधानमन्त्री मोहनशमशेर नै गरिएको थियो । त्यस मन्त्रीमण्डलमा ५ जा काँग्रेस राखिएको थियो । त्यस पछि भरतशमशेरले गोरखादल खडा गरी दुनियाँ भड्काउन लागे । यस दलले खुखुरीदलको रूप लियी उपद्रो पनि मचाए । यसको परिणाम मन्त्रीमण्डल विघटन भयो । मोहनशमशेरले राजिनामा दिन कर लाग्यो । सो राजिनामा वि.सं. २००८ मार्ग १ गते स्वीकृत भयो । यस पछि राणा शासन समाप्त भयो । अनि मोहनशमशेर भारत बङ्गलोरमा गयी बसे । वि.सं. २०२३ पौष २३ गते शनिबारको दिन १८-२५ बजे वंगलोरमा उनको देहावसान भयो ।

आयुविचार–

लग्नेश बुध स्थिरराशिमा, अष्टमेश भौम स्थिरराशिमा हुनाले अल्पायुयोग पहिलो । शनि द्विस्वभावराशिमा, चन्द्र स्थिरराशिमा हुनाले दीर्घायुयोग दोस्रो । लग्न द्विस्वाभावराशिमा, होरालग्न (९।७) चरराशिमा हुनाले अल्पायुयोग तेस्रो । २ प्रकारको अल्पायुयोगबाट प्राप्त आयुपिण्ड ३६ वर्ष । शनि आयुको योगकारक छैन । बृहस्पति लग्नमा छ । बृहस्पतिमा धर्मस्थानको मालिक शुक्रको दृष्टि परेको छ । तब कक्ष्यावृद्धि पनि भएको छ ।

दशाविचार–

जन्मनक्षत्र पूर्वफाल्गुनीको दशारम्भ शुक्र हुन्छ । १ पाउ करीब भुक्त भएको छ । भुक्तवर्ष ५।०। वि.सं. २००४ मा गुरूको दशामा बुधको अन्तरमा राहुको प्रत्यन्तर अर्थात् सुखस्थानको मालिकको दशाका राजस्थानको मालिकको अन्तरमा व्ययस्थानिस्थित राहुको प्रत्यन्तर (वर्षादि ६२।३ करीब) परेको छ । वि.सं. २००८ मा गुरूको दशामा शुक्रको अन्तरमा शनिको प्रत्यन्तर अर्थात् सुखस्थानको मालिकको दशामा मारकस्थानको मालिकको अन्तरमा शत्रुस्थानको मालिकको प्रत्यन्तर (वर्षादि ६६।० करीब) परेको छ । वि.सं. २०२३ मा शनि दशामा शुक्रअन्तरमा शनिकै प्रत्यन्तर अर्थात् शत्रुस्थानको मालिकको दशामा मारक स्थानको मालिकको अन्तरमा त्यसैको प्रत्यन्तर (वर्षादि ८१।४ करीब) परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाकवि लक्ष्मीप्रसाद देवकोटा

जन्म वि.सं. १९६६ - मृत्यु वि.सं. २०१६



वि.सं. १९६६ कार्तिक २७ गते शुक्रबार । कार्तिक कृष्ण अमावास्या सौभाग्ययोग । इष्टघडी ३८।२० कर्कट लग्न सिंहनवांशमा तिलमाधव देवकोटाका पुत्र लक्ष्मीप्रसाद देवकोटाको जन्म ।

यी लक्ष्मीप्रसाद देवकोटाको चीनाको नाउँ तीर्थमाधव थियो । लक्ष्मीपूजाको दिन जन्मेको हुनाले लक्ष्मीप्रसाद भनी बोलाउने नाम राखिएको हो । उहाँलाई लक्ष्मीप्रसाद भनी नाम राखेता पनि यिनमा लक्ष्मीप्रसाद भने परेको थिएन । उहाँमा सरस्वतीको प्रसाद भने राम्रो परेको थियो । खण्डकाव्य महाकाव्य गीतिकाव्य गद्य पद्य कविता निबन्ध कहानि नाटक उपन्यास आदि लक्ष्मीप्रसादका कृतिहरू छन् । वि.सं. १९८१ मा लक्ष्मीप्रसादको विवाह भयो । त्यसपछि वी.ए वि.एल. सम्म पास गरी वि.सं. २००० भाद्रमा नेपाली भाषानुवाद परिषद्मा कविज्यूले नोकरी गरे । त्यसपछि त्रिचन्द्रकलेजमा प्रोफेसर भए । वि.सं. २०१२ मा त्रिभुवन विश्वविद्यालय कमिसनको सदस्य भए । वि.सं. २०१४ श्रावणदेखि कार्तिक सम्म शिक्षा स्वायत्तशासन मन्त्री पनि भए । त्यसपछि नेपाल एकेडेमीको सदस्य भए । वि.सं. २०१६ भाद्र २९ गते पशुपति आर्यघाटमा उहाँको देहावसान भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुण्डली प्राप्ति परिचय

कुण्डली	प्राप्ति
राजा सिद्धिनरसिंह मल्लको	पूर्णिमा ९ अंक १७ पृष्ठ
राजा प्रताप मल्लको	ऐतिहासिक पत्रसंग्रह दोस्रो भाग २७ पृष्ठ
राजा श्रीनिवास मल्लको	पूर्णिमा ९ अंक १९ पृष्ठ
राजा जगत्प्रकाश मल्लको	पूर्णिमा ६ अंक ३० पृष्ठ
राजा योगनरेन्द्र मल्लको	पूर्णिमा ६ अंक ३८ पृष्ठ
राजा भूपतीन्द्र मल्लको	पूर्णिमा १२ अंक २४ पृष्ठ
राजा भूपालेन्द्र मल्लको	पूर्णिमा १२ अंक २७ पृष्ठ
राजमाता योगमती देवीको	पूर्णिमा ६ अंक ४१ पृष्ठ
राजा रणजित मल्लको	पूर्णिमा ९ अंक २८ पृष्ठ
राजा हेमकर्ण सेनको	श्री ५ पृथ्वीनारायण शाहको दिव्यउपदेशको व्याख्याबाट
श्री ५ पृथ्वीनारायण शाहको	संस्कृतसन्देश १ वर्ष ६ अंक ११ पृष्ठ
श्री ५ प्रतापसिंह शाहको	श्री मोहनप्रसाद खनालको अभिलेखसंकलन ७१पृष्ठ
श्री ५ रणबहादुर शाहको	श्री लक्ष्मीपति संग्रहको पात्रोबाट
श्री ५ गीर्वाणयुद्धविक्रम शाहको	श्री बखतमान सिंह बस्नेको संग्रहबाट
श्री ५ राजेन्द्रविक्रम शाहको	वीरपुस्ताकालय (राष्ट्रिय अभिलेखालय) चनं २२१७बाट
श्री ५ सुरेन्द्रविक्रम शाहको	वी.पु. (राष्ट्रिय अभिलेखालय) च.नं. २२१७बाट
श्री ५ वहलेट त्रैलोक्यविक्रम शाहको	,, ,,
श्री ५ पृथ्वीवीरविक्रम शाहको	श्री लक्ष्मीपतिसंग्रहको पात्रोबाट
श्री ५ त्रिभुवनवीरविक्रम शाहको	,, ,,
श्री ५ महेन्द्रवीरविक्रम शाहको	महेन्द्रस्मृतिग्रन्थबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुण्डली	प्राप्ति
काजी दामोदर पाँडेको	श्री लक्ष्मीपतिसंग्रहको पात्रोबाट
राजकुमार बहादर शाह	" "
जनरल भीमसेन थापा	"' "
प्राइममिनिष्टर माथवरसिंह थापाको	" "
चौतारिया फत्यजङ्ग शाहको	पूर्णिमा १६ अंक ४०८ पृष्ठ
श्री ३ जङ्गबहादुरको	लक्ष्मीपतिसंग्रहको पात्रोबाट
श्री ३ रणोद्दीपसिंहको	वी.पु.चौ.नं. २२१७ बाट
श्री ३ वीरशमशेरको	"' "'
श्री ३ देवशमशेरको	"' "
श्री ३ चन्द्रशमशेरको	"' "
श्री ३ भीमशमशेरको	"' "
श्री ३ जुद्धशमशेरको	श्री लक्ष्मीपतिसंग्रहको पात्रोबाट
श्री ३ पद्मशमशेको	" "
श्री ३ मोहनशमशेरको	वी.पु.चौ.नं. २२१७ बाट
काजी अभिमानसिंहको	पूर्णिमा १८ अंक १२३ पृष्ठ
दैवज्ञ शिरोमणि लक्ष्मीपति पाँडेको	पूर्णिमा ७ अंक ६६ पृष्ठ
रणजित कुँवरको	पूर्णिमा १६ अंक
काजी बालनरसिंह कुँवरको	पूर्णिमा १६ अंक ४०६ पृष्ठ
उजीरसिंह थापाको	लक्ष्मीपतिसंग्रहको पात्रोबाट
संग्रामसुर थापाको	" "
कवि भानुभक्तको	कविसम्राट भानुभक्त आचार्यको सच्चा जीवन चरित्र ५१ पृष्ठ
कीर्तिमानसिंहको	श्री बखतमानसिंह बस्नेतको सौजन्यबाट
महाकवि लक्ष्मीप्रसाद देवकोटाको	श्री नित्यराज पाँडेको सौजन्यबाट

जीवनीका वर्णनका लागि लिइएका अतिरिक्त आधार ग्रन्थहरू:

इतिहास संशोधनको प्रमाणप्रमेय, अभिलेख संग्रह, प्रो, तोत्रराज पाँडे, पं. नयराज पन्तको नेपालको संक्षिप्त इतिहास, बालचन्द्र शर्माको ऐतिहासिक रूपरेखा, रामजीको नेपालको इतिहास, मु नकर्मीको नेपालको इतिहास, सूर्यविक्रम ज्ञवालीको मध्यकालीन इतिहास, नरहरिनाथको इतिहास प्रकाश ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखकका प्रकाशित मध्येका कृति

(१) पुरातत्त्वपत्रसंग्रह पहिलो भाग

(२) ,, दोस्रो भाग

(३) ,, तेस्रो भाग

(४) प्राचीन लिपि विकास

(५) प्राचीन लिपि वर्णमाला

(६) लिच्छवि लिपि संग्रह

(७) ऐतिहासिक चिठ्ठीपत्र संग्रह पहिलो भाग

(८) ,, ,, दोस्रो भाग

(९) ऐतिहासिक घटनावली

(१०) भक्तपुर शिलालेख सूची

(११) कान्तिपुर शिलालेख सूची

(१२) सिद्धान्तसारणी

(१३) नेपाली लिपि विकास

(१४) लिच्छवि संवत्को निष्कर्ष

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग

राष्ट्रिय अभिलेखालय

रामशाहपथ, काठमाडौं, नेपाल

फोन : ४२६४३५३, ४२२७५९७, ४२३९११०, फ्याक्स : ४२२४५१४

वेभसाइट : www.narchives.gov.np, ईमेल : mail@narchives.gov.np

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection